# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS- NEPALI
## SEMESTER-III

# समकालीन समालोचनाका सिद्धान्त र पद्धति
## NEP(DE)-PG-C-305-OE-(OPEN-ELECTIVE)

# BLOCK-2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U., Dist-Darjeeling,
West Bengal, Pin-734013,
India.
Phone: (O) +91 0353-2776331/2699008
Fax: (0353) 2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

## FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavors.

**BLOCK-1**

एकाइ – 1, आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति

एकाइ – 2, उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्तिहरू

एकाइ – 3, आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्ति

एकाइ – 4, नारीवादको स्वरूप अनि प्रवृत्ति

एकाइ – 5, लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्ति

एकाइ – 6, नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध

एकाइ – 7, नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति

**BLOCK-2**

एकाइ **– 8,** परिवेश विमर्श – स्वरूप एवम् प्रकार.......................................**7**

एकाइ **– 9,** साहित्यमा परिवेश विमर्शको स्थान एवम् प्राप्ति....................**42**

एकाइ **– 10,** ग्रहण सिद्धान्त – स्वरूप एवम् प्रकार, साहित्यमा ग्रहण सिद्धान्तको स्थान एवम् प्राप्ति..................................................................**80**

एकाइ **– 11,** उपनिवेश र उपनिवेशवादका मान्यता एवम् स्वरूप ........**114**

एकाइ **– 12,** उत्तर - उपनिवेशवादका मान्यता एवम् स्वरूप................**142**

एकाइ **– 13,** उपनिवेशवाद र उत्तर - उपनिवेशवादमाझभिन्नत.............**179**

एकाइ **– 14,** साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति.**222**

# BLOCK-2 समकालीन समालोचनाका सिद्धान्त र पद्धति

यस **समकालीन समालोचनाका सिद्धान्त र पद्धति** अन्तर्गत रहेको यस प्रभाग - 2 लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – 8, परिवेश विमर्श – स्वरूप एवम् प्रकार ।**

यस एकाइमा परिवेश विमर्शबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ परिवेश विमर्शको अर्थ र परिभाषालाई अध्ययन गर्दै परिवेश विमर्शको स्वरूपलाई यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ । यसका साथै परिवेश विमर्शका विभिन्न प्रकारबारे पनि विषद् रूपमा अध्ययन – अवलोकन गरिएको छ ।

**एकाइ – 9, साहित्यमा परिवेश विमर्शको स्थान एवम् प्राप्ति ।**

यस एकाइमा परिवेश विमर्शबारे नै विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ परिवेश विमर्शको सामान्य परिचय दिँदै साहित्यमा परिवेश विमर्शको स्थान के कस्तो रूपमा रहेको छ भन्ने कुराको पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै साहित्यमा परिवेश विमर्शको प्राप्ति कसरी र के कारणले भएको छ भन्ने कुराको खोजी गर्दै यसको विस्तृत अध्ययन गरिएको छ ।

**एकाइ – 10, ग्रहण सिद्धान्त – स्वरूप एवम् प्रकार, साहित्यमा ग्रहण सिद्धान्तको स्थान एवम् प्राप्ति ।**

यस एकाइमा ग्रहण सिद्धान्तबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययनमा विशेष ग्रहण सिद्धान्तको अर्थ र परिभाषा दिँदै ग्रहण सिद्धान्तको स्वरूपबारे यस एकाइमा गरिने छ । यसका अतिरिक्त ग्रहण सिद्धान्तको प्रकारबारे पनि अध्ययन गर्दै साहित्यमा ग्रहण सिद्धान्तको स्थान एवम् प्राप्तिलाई विस्तृत रूपमा अध्ययन – चिन्तन गरिएको छ ।

**एकाइ – 11, उपनिवेश र उपनिवेशवादका मान्यता एवम् स्वरूप ।**

यस एकाइमा उपनिवेश र उपनिवेशवादलाई विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ उपनिवेश र उपनिवेशवादको अर्थ र परिभाषा दिँदै उपनिवेश र उपनिवेशवादका मान्यताहरूबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै उपनिवेश र उपनिवेशवादका स्वरूप के कस्तो छ भन्ने विषयमा गवोषण गर्दै उपनिवेश र उपनिवेशवादबारे विस्तृत रूपमा अध्ययन गरिएको छ ।

**एकाइ – 12, उत्तर - उपनिवेशवादका मान्यता एवम् स्वरूप ।**

यस एकाइमा उत्तर - उपनिवेशवादबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ उत्तर - उपनिवेशवादको अर्थ र परिभाषा दिएर उत्तर

- उपनिवेशवादका मान्यताहरूको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त उत्तर - उपनिवेशवादका स्वरूपहरूबारे पनि यस एकाइमा अध्ययन गरिने छ ।

**एकाइ – 13, उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ भिन्नता ।**

यस एकाइमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ उपनिवेशवाद र उत्तर - उपनिवेशवादको सामान्य परिचयलाई केलाउँदै उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ भिन्नतालाई यस एकाइमा अध्ययन – विश्लेषण गरिने छ । यसका अतिरिक्त उपनिवेशवाद र उत्तर - उपनिवेशवादको मूल्य र महत्वबारे पनि यस एकाइमा विस्तृत रूपमा अध्ययन – मनन गरिएको छ ।

**एकाइ – 14, साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति ।**

यस एकाइमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादबारे नै विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ उपनिवेशवाद र उत्तर - उपनिवेशवादको अवधारणालाई केलाउँदै साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्तिबारे पनि यस एकाइमा अध्ययन – विश्लेषण गरिने छ । यसका अतिरिक्त काव्य वा साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादको महत्व के – कस्तो रहेको छ भन्ने विषयमा अध्ययन गरेर नेपाली साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्रयोगबारे पनि यस एकाइमा विस्तृत रूपमा अध्ययन – मनन गरिएको छ ।

# एकाइ – 8, परिवेश विमर्श – स्वरूप एवम् प्रकार

### संरचना

8.0 उद्देश्य

8.1 परिचय

8.2 परिवेश विमर्शको अर्थ र परिभाषा

8.3 परिवेश विमर्शको स्वरूप

8.4 परिवेश विमर्शका प्रकार

8.5 उपसंहार

8.6 सार

8.7 अनुशीलनी

8.8 अतिरिक्त अध्ययन

8.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- परिवेश विमर्शको सामान्य परिचय
- परिवेश विमर्शको अर्थ र परिभाषा
- परिवेश विमर्शको स्वरूप

- परिवेश विमर्शका प्रकार

## 8.1 परिचय

परिवेश विमर्शलाई अङ्ग्रजीमा इको – क्रिटिसिज्म (Eco – Criticism) भनिन्छ । नेपालीमा यसलाई कसैले पर्यावरण साहित्य, परिवेश साहित्य, हरित साहित्य, परिवेश अध्यय, प्रकृति साहित्य भनेको पाइन्छ । तथापि सुहाउँदो नाम भने परिवेश विमर्श नै हो । यसलाई यथार्थवादकै एउटा पक्ष मानिने गरिन्छ । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ ।

आधुनिकतावादी साहित्यमा परिवेश विमर्ण प्रवृति लेखन विशेष रूपमा भएको पाइन्छ । आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् । यस्ता प्रवृति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा ध्रुवचन्द्रको **जेलिएको**, **उपसंहार अर्थात् चौथो अन्त्य,** कृष्ण धारावासीको **टुँडाल**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, सरुभक्तको **समय त्रासदी**, सीता पाण्डेको **अन्तद्र्वन्द्व**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, राजेन्द्र थापाका **खेलौना, द्रौपदी**, अनुपम रोशीका **कुमारी आमा, नाङ्गो मान्छे** आदि पर्दछन् ।

परिवेश विमर्शलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ । वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ । औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो । मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना भएका हुन्छन् । यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन् ।

## 8.2 परिवेश विमर्शको अर्थ र परिभाषा

प्रकृति र मानिसको सम्बन्धलाई लिएर अध्ययन गरिने साहित्यको नयाँ अवधारणालाई परिवेश विमर्श भनिन्छ । मूलरूपमा प्रकृति र यसका वरिपरिका विषय सम्बन्धी चिन्तनलाई अघि सार्दै मानिससितको अन्तस सम्बन्धलाई अध्ययन गर्नु नै परिवेश विमर्श हो । यस्ता साहित्य अधिकांश समालोचना प्रकृतिको केन्द्रीयतामा लेखिने गरिन्छ ।

नेपाली समालोचना क्षेत्रमा अहिले विभिन्न दृष्टिकोण र प्रवत्तिहरू देखा परेका छन् । तर सिर्जना जसरी र जुन प्रवृत्ति वा विषयवस्तुलाई लिएर गरिन्छ , त्यसैको कुलो समाएर पनि समालोचना भइरहेको देखिन्छ। भारतीय नेपाली साहित्यमा अहिले परिचय सङ्कट, राजनीतिक परिप्रेक्ष्य, मिथक, दर्शन आदिमा आधारित सिर्जनाहरू भइरहेका छन् । समालोचना

**Notes**

पनि यसै कुलो समाएर अघि बढिरहेको देखिन्छ। तर यी सबैदेखि अलग भइरहेको छन्। वैज्ञानिक प्रवृत्ति, भाषा, वैज्ञानिक सन्दर्भ र पाठकेन्द्रित समालोचनाहरू पनि भइरहेका छन् । नयाँ पुस्ताका समालोचकहरू भौतिक विज्ञान, लोक, अर्थशास्त्र, रसायन विज्ञान, संज्ञानात्मक सिद्धान्त, 'अकल्ट'का अवधारणा र सिद्धान्ततिर आग्रही देखिन्छन् भने हस्तक्षेपी र समावेशी अवधारणा लिएर पनि युवा समालोचकहरू अघि सरेका छन् ।

परिवेश विमर्श (इकोक्रटिसिज्म) - लाई आधार बनाएर साहित्य लेख्दा मूलतः पूर्वीय दर्शनमा प्रकृतिलाई कसरी हेरिएको छ, त्यसलाई विशेष आधार बनाइएको हुन्छ । परिवेश विमर्शका सैद्धान्तिक मान्यताहरूलाई आधार बनाएर मूलतः परिवेश दर्शन, परिवेश धर्मविद्या, हरित आध्यात्मिकता, सांस्कृतिक पारिस्थितिकी, गाया अनुकल्पना, डिप इकोलोजी आदिबारे कार्य गर्नु नै यस प्रभृत्तिका साहित्यको मूल ध्येय हो । मानिसलाई म मर्छु भनेर थाहा हुँदाहुँदै पनि ऊ बाँच्न खोज्छ । यो एउटा ठूलो विडम्बना हो । यसरी नै मानिसलाई म स्वयम् प्रकृतिको अंश हो भन्ने ज्ञात हुँदाहुँदै पनि प्रकृतिलाई जित्न खोज्छन् अथवा प्रकृतिमाथि अतिक्रमण गर्छन् , यो अर्को विडम्बना हो । हामी मानव रात - दिन प्रकृतिसँग हुन्छौं । प्रकृतिविना हाम्रो कल्पना हुनै सक्दैन, तर पनि हामी कसरी यसलाई ध्यान दिइरहेका छैनौं ? हामी आफ्ना व्यावहारिक, पारिवारिक साथै विविध कार्यप्रति सचेत हुन्छौं तर प्रकृतिप्रति पनि यत्तिकै सचेत हुनुपर्छ भन्ने सोचलाई हामी कसरी किनारीकृत गरिरहेका हुन्छौं ? हामी कति स्वार्थी भइसकेका छौं ? त्यो यहीबाट थाहा लाग्छ । यो परिवेश विमर्शको अध्ययन मानवको निम्ति धेरै रहस्यमय, व्यावहारिक साथै ज्ञानवर्द्धक विषय हुन् ।

## 8.3 परिवेश विमर्शको स्वरूप

प्रकृतिको वर्तमान स्वरूपसँग आजका साहित्य सिर्जना विशेष भएखो पाइन्छ । परिवेश भन्ने बित्तिकै पर्यावरण भन्ने कुरो स्वत आइहाल्छ । **पर्यावरण** शब्द संस्कृत भाषाको 'परि' उपसर्गमा 'आवरण' प्रत्यय मिलेर बनिएको हो । 'परि' - को अर्थ चारैतिर, चारैतर्फ अनि 'आवरण' - को अर्थ कुनै वस्तुलाई ढाक्नु, छोप्नु, घेर्नु, बाँध्नु आदि बुझिन्छ । यसअनुरूप पर्यावरण भन्नाले यस्तो तथ्यहरूको समुच्चय रूप हो, जो कुनै व्यक्ति या जीवधारीमा चारैरितबाट आवृत्त हुने गर्दछ ।

पारिस्थितिकी विज्ञान र भूगोलले **पर्यावरण** शब्दलाई अङ्ग्रेजी भाषामा **इन्भाइरोमेन्ट** (Eenvironment) -को पर्यायका रूपमा प्रयोग गरेको पाइन्छ । अङ्ग्रेजी शब्द **इन्भाइरोमेन्ट** (Eenvironment) स्वयं उपरोक्त पारिस्थितिकी विज्ञान र भूगोलको अर्थमा धेरै पछि प्रयुक्त भएको मानिन्छ । प्रारम्भमा **पर्यावरण**को अर्थ छेउ – छाउको सामान्य दशाका निम्ति प्रयुक्त हुने गरेको विद्वानहरूले बताएका छन् । यस शब्दको उद्भव फ्रान्सीसी भाषाबाट भएको हो । फ्रान्सीसी भाषामा पर्यावरणलाई **स्टेट अफ् बियङ इन्भाइरोन्** (State of being environed ) भनिन्छ । विशेषगरी **पर्यावरण** शब्दको पहिलो ज्ञाता फ्रान्सीसी विद्वान् कार्लाइललाई मानिन्छ । उनले जर्मन शब्द उमजेबुङ (Umgebung ) - को अर्थमा फ्रान्सीसी भाषामा **इन्भाइरोमेन्ट** बनी अर्थाएको मान्न सकिन्छ । पारिस्थितिकी र पर्यावरण भूगोलमा प्राकृतिक पर्यावरण शब्दको प्रयोग पर्यावास (Hhabitat) – को अर्थमा पनि भएको पाइन्छ ।

पर्यावरण ती सब भौतिक, रासायनिक एवम् जैविक कारकहरूका समष्टिगत इकाई हो ,जो कुनै जीवधारी अथवा पारितन्त्रीय आबादीलाई प्रभावित

Notes

गर्दछ । यसले तिनीहरूका रूप, जीवन र जीविताको तय पनि गर्दछ । सामान्यतः पर्यावरणलाई मनुष्यको सन्दर्भमा परिभाषित गरिने गरिन्छ । हुन त यसमा मानिस लगायत विभिन्न पशु – पंक्षी, जनावर, किट – पहङ्ग, उद्भिद् आदि रहने गर्दछ । तर विवेकशील प्राणी मानिसद्वारा नै पर्यावरणको सञ्चालन, सञ्चय र जगेरा हुने हुनाले मनुष्यको एक अलग इकाई तथा उनीहरूकै चारैतिर केवल व्याप्त रहने अन्य समस्त चीजलाई उसको पर्यावरण घोषित गर्नु सकिन्छ वा भनिन्छ । तथापि यहाँ यस कुराको ध्यातव्य छन् की आज पनि यस धर्तीमा अधिक मानव सभ्यतहरू छन् ,जसले आफैलाई पर्यावरणदेखि अलग रहेको ठान्दैनन् अनि यस्ता मानिस र सभ्याताको नजरमा समस्त प्रकृति एक ही इकाईद्वारा निर्मित छ भन्ने ठहर्दछ । यसमा मनुष्यलाई पनि एउटा हिस्सा मान्न सकिन्छ । वस्तुतः मनुष्यलाई पर्यावरणदेखि अलग माननेहरूमा त्यस कुरोलाई मान्न सकिन्छ ,जो तकनीकी रूपमा विकसित छ साथै विज्ञान र तकनीतिको व्यापक प्रयोगबाट अफ्नो प्राकृतिक दशाहरूमा ज्यादै परिवर्तन ल्याउन समर्थ छन् ।

मानव हस्तक्षेपको आधारमा आज विश्वमा पर्यावरण दुई प्रखण्डमा विभाजित भएका छन् । ती हुन् - प्राकृतिक वा नैसर्गिक पर्यावरण अनि मानव निर्मित पर्यावरण । तर संसारमा पूर्ण रूपले प्राकृतिक पर्यावरण ( जहाँ मानव हस्तक्षेप बिल्कुल हुँदैनन् ) अनि पूर्ण रूपेण मानव निर्मित पर्यावरण ( जहाँ सब कुरो मनुष्य निर्मित हुन्छ ) कतै पनि पाइन्दैन । वास्तवमा यो विभाजन प्राकृतिक प्रक्रिया र दशाहरूमा मानव हस्तक्षेपको मात्रालाई अधिकता तथा न्यूनताका द्योतक मात्र मानिन्छ ।

पर्यावरणलाई सामान्य अर्थमा हामी मानवको जीवनलाई प्रभावित गर्ने सबै जैविक तथा अजैविक तत्व, तथ्य, प्रक्रिया साथै घटनाहरूको समुच्चयद्वारा निर्मित इकाई मानिन्छ । यो हीम्रो चारैतिर व्याप्त छन् , हाम्रो जीवनको प्रत्येक घटना यसैभित्र समाहित पनि हुने गर्दछ । हामी मानवको आफ्ना समस्त क्रियाकलापले पर्यावरणलाई प्रभावित पनि गर्दछ । यसर्थ एक जीवधारी र उसको पर्यावरण बीच अन्योन्याश्रय सम्बन्ध पनि रहेको हुन्छ । यस पर्यावरणभित्र जैविक संघटकहरूमा सूक्ष्म जीवाणुदेखि लिएर किरा – फटेङ्ग्रा, सबै जीव – जन्तु अनि रूख – पात आदि पर्दछ भने यससित सम्बन्धित वा जडित सबै सजैव क्रियाहरू र प्रक्रियाहरू पनि पर्दछ । अजैविक संघटकहरूमा जीवनरहित तत्व अनि त्यससित जोडिएको प्रक्रियाहरू पर्दछन् । जस्तै - चट्टान, पर्वत, नदी, हावा, जलवायु इत्यादि । यही पर्यावरणका यावत कुराहरूलाई मानिससित जोडेर अध्ययन गर्ने साहित्य नै परिवेश विमर्श हो ।

वर्तमानमा कवि, लेखक वा समालोचकहरूलाई बजारले छोपेको छ । कवि समालोचकहरू साहित्यको गम्भीर अध्ययनभन्दा धेर लोकप्रियतातिर आग्रही छन्। त्यसैले हिजोआज कविता बजारको माग हेरेर लेखिँदैछ। अहिले बजारमा राजनीति, धर्म, दलित, नारी, दलित, डाइसपोरा आदि आदि विषयहरूको माग छ अनि कविहरू त्यसका आपूर्ति गरिरहेका छन्। यसमा छोडिएको विषय हो प्रकृति । प्रकृतिको विश्वास के छ भने स्वच्छन्दतावादीहरूले प्रकृतिलाई जति बुझे त्यो बुझाइ प्रकृतिको ज्ञान र रहस्यको तुलनामा शून्य प्रतिशत पनि थिएन । कविहरूलाई कविता लेख्नका लागि नयाँ र जल्दोबल्दो विषय चाहिन्छ तर त्यो द्रष्टा आँखाले प्रकृतिको जलन देख्न सकिरहेको छैन।

परिवेश विमर्श कता – कता मिथकसित पनि साम्य राख्दछ । मिथक प्रयोग नगरी पनि कविता कविता हुन्छ। मिथक प्रयोग समालोचकका लागि कविहरूले खडा गर्ने चुनौती हो । कविताको आन्तरिक सौन्दर्य निर्माण भने गर्न सकिन्छ। कविताको आन्तरिक तहमा कवि भावको चेतन तरलता बगेको छ भने पाठकले त्यसलाई प्रत्यक्ष अुनभव गर्न सक्छ। जस्तै - **तरुण तपसी** पढ्दा अझै पनि हामीलाई त्यो अनुभव हुन्छ। त्यसैले कविताको आन्तरिक र बाह्य सौन्दर्य हुन्छ भन्ने धारणा नै गलत हो। किनभने कविता आफै सौन्दर्य हो। यसको निरुपण गरिरहनु पर्दैन, यो स्वतः प्रकट हुन्छ। नेपाली साहित्यमा मुख्य चारवटा मार्गबाट मिथक आएका छन्, उपन्यासमा पनि त्यसकै प्रभाव पाइन्छ। यथार्थवादी उपन्यासका कुरा छोड्ने हो भने नेपाली उपन्यासका कथा र पात्र संस्कृत महाआख्यान, नेपाली लोकगाथा र लोकसंस्कृति, अरबीफारसी लोककथाहरु र नेपाली इतिहासबाट नै आएका छन्। त्यसैले नेपाली उपन्यासमा मिथकको उपस्थितिलाई हेर्ने हो भने यी चार मार्गबाट आएका मिथक भएका आख्यानलाई छुट्टा - छुट्टै अध्ययन गर्नु उपयुक्त हुन्छ।

### वैदिक - पौराणीक मिथक

पूर्वीय सभ्यताका वेद र पुराण साहित्य सिर्जनाका असिमीत स्रोत हुन्। यहाँ भएका कथाहरुलाई जतिपटक पनि पुनर्लेखन गरिरहन सकिन्छ। भारतीय उपमहाद्विपको आर्य संस्कृतिमा यसको असिमित प्रभाव छ। हिन्दी, बंगाली आदि साहित्यमा पनि यसको व्यापक प्रभाव छ। अतः स्वाभाविक रुपमा नेपाली साहित्यमा पनि यसको प्रभाव छ। सबैभन्दा बढी प्रभाव त उपन्यासमा नै छ। उत्कृष्ट नेपाली उपन्यासको सूची तय गर्दा पौराणीक उपन्यास नै अगाडि आउँछन्। **वीरचरित्र** आफैंपनि यसको उदाहरण हो। यसपछि रुपमती प्रकाशन नुहुन्जेलसम्मका थुप्रै आख्यान

यसै प्रकारका छन् तर संरचनागत दृष्टिमा कतिपय उपन्यास भएनन्। पछि रुपमतीमार्फत् रुद्रराज पाण्डेले सामाजिक यथार्थवादी उपन्यास लेख्न आव्हान गरे।

नेपाली उपन्यासको आधुनिक यात्रा शुरु भयो। यसपछि पौराणीक तथा लोकगाथामा आधारित आख्यान लेख्ने क्रममा कमी आयो। समाजकै पात्र र कथा उपन्यासमा आउन थाले भने संरचना, प्रस्तुति र शैलीमा उपन्यास परिष्कृत हुन पायो। त्यसैले वि. सं. 1991 पछि लेखिएका पौराणीक र वैदिक कथाका उपन्यासहरु यसअघि लेखिएका यस्ता आख्यान सामग्रीको तुलनामा निकै माथि आइपुगे। यसचरणमा लेखिएकामध्ये विष्णुचरण श्रेष्ठको भिष्मप्रतिज्ञामा महाभारतीय मिथकको प्रयोग छ। अर्को पौराणीक उपन्यास रामप्रसाद सत्यालको महासती अनुसुया पनि हो। वि.सं. 1991 मा आधुनिक क्षितिज स्पर्श गरेको नेपाली उपन्यासले वि.सं. 2004 सालमा आएर अझ फराकिलो मार्ग प्राप्त गर्‍यो, जब लैनसिंह बाङ्देलको उपन्यास मुलुकबाहिर प्रकाशीत भयो। यसपछि नेपाली उपन्यासले एकपछि अर्को गर्दै उचाइ चुम्न थाल्यो। बाङ्देलसँगै विजय मल्ल, गोविन्द मल्ल गोठाले, पारिजात जस्ता स्रष्टाको कलमले एकपछि अर्को उत्कृष्ट उपन्यास प्रस्तुत गरिरहे। तर मिथकको प्रयोग भएको आधुनिक उपन्यासका लागि बिपी कोइरालाकै प्रतिक्षा गर्नुपर्‍यो।

बी. पी. कोइरालाको **सुम्निमा** उपन्यासमा सोमदत्तमार्फत पौराणीक चरित्र प्रस्तुत गरिएको छ। मोदीआइन सम्पूर्ण रुपमा गीतामा आधारित छ। यो गीताको आदर्शको विनिर्माण हो। बीपीका यी उपन्यासले मिथकप्रयुक्त उपन्यासको सम्भावनाको ढोका खोलेका छन्। तीनको स्तरको सङ्केत गरेका छन्। पौराणीक उपन्यासकै जगमा सुरु भएको नेपाली उपन्यासमा झन्डै चालिस वर्ष यसको प्रयोग नै हुन नपाउनु निराशाजनक थियो।

सुम्निमा र मोदीआइन मार्फत् कोइरालाले आशा जगाएका हुन्। त्यसो त बीपीको सुम्निमाभन्दा अघि नै प्रकाशित ओकिउयामा ग्वाइनको **सुनाखरी** (वि. सं. 2025) पनि महत्वपूर्ण पौराणीक उपन्यास हो। अमुर्त पात्र र कथामा बुनिएको काव्यात्मक शैलीको यो उपन्यास नेपाली उपन्यास क्षेत्रमा मिथक प्रयोगका कारणले मात्र होइन प्रयोगको विचित्रताका कारणले पनि उल्लेखनीय छ। तर, उनको लेखन उपन्यासको मूलधारको रुपमा समेटिन सम्भव थिएन। उनको मौलिक प्रयोगको रुपमा भने यो सम्झनै पर्ने उपन्यास हो।

मदनमणी दिक्षित लिखित **माधवी** (2039) मिथक प्रयोगको नमुना उपन्यास हो। वैदिककालीन मिथकको जगमा उभिएको यो उपन्यास समग्र नेपाली उपन्यासहरुमध्ये अग्लो स्थानमा उभिन सफल छ। महाभारतको उद्योग पर्वका 106 देखि 120 सम्मका 15 अध्यायको कथा यहाँ छ। यो उपन्यासले अत्यन्तै ठूलो 'सेटिङ्ग'को राजनीतिक, आर्थिक र सामाजिक चरित्र जीवन्त रुपमा प्रस्तुत गर्छ। वैदिककालमा दासप्रथा अन्त्यका लागि भएका विभिन्न प्रयासहरु प्रस्तुत गर्न गालव र माधवीको प्रेमकथाको सहारा लिइएको छ। यसले वेद र पुराणहरुमा सिर्जना भएका थुप्रै मिथकिय पात्रहरुलाई समेत प्रस्तुत गरेका छ। उनको अर्को उपन्यास **भूमिसुक्तर त्रीदेवी** (2051) पनि यसैको निरन्तरता हो।

पौराणीक मिथक प्रयोग गर्ने बाटोमा देखा पर्ने अर्का सशक्त उपन्यासकार हुन्, दौलतविक्रम विष्ट। विष्टको ज्योती ज्योती महाज्योती उदाहरणीय मिथकयुक्त आख्यान हो। यो उपन्यासको केन्द्रमा शंकरलाई प्रस्तुत गरिएको छ। पशुपतिनाथ मन्दिरको वरपरको क्षेत्रलाई उपन्यासमा सचेततापूर्वक नै प्रयोग गरिएको हो। यहाँ विभिन्न समस्याबाट प्रताडित

तीन भिन्दाभिन्दै शंकरलाई प्रयोेग गरिएको छ। यी पात्रहरुको महत्व पशुपतिनाथ शंकरसँगको तुलनामा नै स्थापना हुन्छ। यस्तै यहाँको अर्को पात्र परशु शिवभक्त परशुरामको प्रतिक हो। ध्रुवचन्द्र गौतमको **अलिखित** (2040) पौराणीक मिथकको आंशिक प्रयोग भएको उपन्यास हो। यहाँ प्रयुक्त पोखरीको सान्दर्भिकता महाभारतकै कारण पुष्टि भएको छ। उनले अरु केही उपन्यासमा जनश्रुतिमा आधारित मिथकहरुको पनि प्रयोग गरेका छन्। धच गोतामेका **घामका पाइलाहरु**मा पनि मिथकको उपस्थिति भेटिन्छ। यस्तै पौराणिक उपन्यासको कुरा गर्दा बिर्सन नसकिने नाम हो बिनोदप्रसाद धिताल । उनले उपन्यास **योजनगन्धा** (2052) मार्फत् महाभारतलाई नयाँ दृष्टिविन्दुबाट हेर्ने प्रयास गरेका छन्।

महाभारतका रचयिता व्यासकी माता मत्स्यगन्धामार्फत् यो कथालाई उनले अभिव्यक्त गरेका छन्। यही किसिकको अर्को प्रस्तुति कृष्ण धरावासीको **राधा** (2062) हो। धरावासीले यो उपन्यासमा राधाको नजरबाट महाभारतका केही कथा र पात्र, विशेष कृष्णको वर्णन गरेका छन्। जगदिश घिमिरेले सकस उपन्यासमा केही पौराणिक मिथकहरु प्रयोग गरेका छन्। यी केही उदाहरणहरण मात्र हुन्, थुप्रै छुटेका छन्। जसरी हिमालय पर्वत गंगाको अन्नत स्रोत हो,पूर्वीय सभ्यतामा पौराणीक महाख्यानहरु साहित्यका त्यस्तै अनन्त स्रोत हुन् । त्यहाँका मिथकीय पात्र र कथाहरुलाई परिवर्तित समय, चेतना र दृष्टिकोणसँगै अनेकौंपटक भन्न सकिन्छ। मिथकमाथि आख्यान लेख्नु अथवा आख्यानमा मिथक प्रयोग गर्नु मिथकको पुनर्लेखन मात्रै होइन, सामयिक चेतनाको बलियो अभिव्यक्ति पनि हो। पश्चिमले सिर्जना गरेको उपन्यास विधाका लागि पूर्वीय सभ्यतामा यस्तो उर्वर स्रोत भेटिनु अत्यन्तै सुखद संयोग हो। अब समालोचकीय ढंगमा समेत यसको विश्लेषण हुनु जरुरी छ।

**जनजातिय मिथक**

जसरी नेपाल सयभन्दा धेरै जातिहरुको सुन्दर संयोजनमा मात्रै पूर्ण हुन्छ त्यसरी नै नेपाली साहित्य सबै भाषासंस्कृतिको प्रतिविम्बनमा मात्रै पूर्ण देखिन्छ। संस्कृतका महाआख्यानहरुले स्थापना गरेका झैं अनेकौं मिथकहरु यहाँका जनजातिका संस्कृति, धर्म र परम्पराले पनि स्थापना गरेका छन्। तर नेपाली साहित्यको पहिलो कालखण्डमा लामो समय यस्ता मिथकहरु प्रवेश गर्न सकेनन्। यिनीहरुलाई हार्दिकतापूर्वक स्वागत गर्नुभन्दा निषेध नै गरियो भन्ने आरोप लाग्ने गरेको छ। यता जनजातिय समूदायमा पनि यस्ता मिथकको प्रभावकारी प्रयोगमार्फत् सशक्त आख्यान लेख्ने आख्यानकार देखिएनन्। कवितामा बैरागी काइँलाहरुले जे गरे त्यो आख्यानमा हुन सकेन। तेस्रो आयमेली आख्यानकार इन्द्र बहादुर राईले पनि मिथकतिर त्यति ध्यान दिन भ्याएनन्।

पछिल्लो समय यस्ता मिथक प्रयुक्त सिर्जनाहरुले नेपाली साहित्यमा आफ्नो बलियो उपस्थिति दाबी गर्न थालेका छन्। यसले नेपाली साहित्यको दायरालाई अझ फराकिलो बनाउँदै गएको छ। यो बाटो निर्माणको जस कवि बैरागी काँइलालाई नै जान्छ। उनले आफ्ना कविताहरुमा मुन्धुमी लय र त्यसका मिथकहरुको व्यापक प्रयोग गरे। त्यतिमात्र नभएर अन्य जनजातीका मिथकहरु पनि उनले सचेततापूर्वक आफ्ना कवितामा प्रयोग गरे। पछि यही बाटो अझ फराकिलो भयो। अझै धेरै स्रष्टाहरु यो बाटोमा आइपुगे। आज त वैचारिक रुपमा यही बाटो नेपाली कविताको मुलबाटो भएको छ। जनजातिय मिथक प्रयोग उपन्यास भन्दा कवितामा समृद्ध छ। पूर्वी नेपालका राई र लिम्बु समुदायका कविहरुले आफ्ना मिथकहरुलाई विद्रोही चेतनाका कविता

मार्फत् सचेत रुपमा प्रयोग गर्दै आएका छन्। अरु समूदायहरुबाट पनि आइरहेका छन्। उपन्यासमा पनि केही उल्लेखनीय उदाहरण छन्।

विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास **सुम्निमा**मा किराँत मिथकको प्रयोग छ। यो उपन्यास विवादित पनि भयो/छ। उनी पूर्वाग्रही भएको र किराँत दर्शनलाई बुझ्न नसकेको वा होच्याएको आरोप समेत छ। तर, मानवीय मुल्यको खोजीमा लेखिएको यो उपन्यासले आर्यकिरात सहअस्थित्वको मुल मुद्दा बोकेको छ। पौराणीक मिथकसँगै किराँत मिथकहरुपनि प्रयोग भएको छ। राजन मुकारुङको **हेत्छाकुप्पा** यसको अर्को उदाहरण हो। यहाँ जातिय विभेद र समाजको असमान संरचनाबाट पटकपटक पराजित भएको एक युवाको कथा छ। तर किराँत समुदायको पुर्खा हेत्छाकुप्पाको पुराकथामा नै यो उपन्यासको शक्ति छ। मिथकलाई बिर्सिएर कथानकमात्रै लिने हो भने उपन्यास खल्लो हुन्छ। देश सुब्बाको आदिवासी र अपमानमा पनि केही आदिवासी जनजातिका मिथकहरुको प्रयोग भेटिन्छ।

युग पाठकको **उर्गेनको घोडा** उपन्यास तामाङ जातिमा प्रचलित पुराकथामा आधारित छ। वर्तमान समाजमा संघीयता र जातिय पहिचान स्वीकारको आवश्यकता बोध गराउन यहाँ उर्गेनको मिथक प्रयोग गरिएको छ। ब्राम्हण समुदायका कोइरालाले सुम्निमामा जनजातिय मिथक चलाउँदा अन्याय भएको उनीहरुले महशुस गरे। त्यसको क्षतिपूर्ति उर्गेनको घोडामार्फत् पाठकले गरेका छन्। यी उपन्यासहरुले नेपाली साहित्यको फरक क्षेत्रको सम्भावना देखाएका छन्। आफैंमा बलिया यी उपन्यासहरुले नेपालमा विद्यमान बहुसंस्कृतिमा रहेका मिथकबाट अनेकौं बलिया र शक्तिशाली आख्यान सिर्जना गर्न सकिने संकेत गरेका हुन्। जति उदार भएर यी मिथक र संस्कृतिलाई नेपाली भाषा–साहित्यले स्वागत गर्छ

यसको उचाइ त्यति नै बढ्दै जान्छ। तराईका मिथिलाका केही मिथकहरु नेपाली साहित्यमा आए पनि थारु, अवधी, राजवंशी जस्ता भाषाका मिथक, लोक कथाहरु नेपाली साहित्यमा आइपुगेका छैनन्।

पहाडमै पनि गुरुङ, सुनुवार, थकालीजस्ता भाषाबाट मिथकहरु आउन सकेका छैनन्। नेवारी मिथक नै पनि उपन्यासमा छैनन्। अरु लेप्चा, थामी, सन्थाल आदि स–सानो संख्यामा मानिसहरुले प्रयोग गर्ने भाषामा पनि अनेकौं पुराकथाहरु लुकिरहेका छन्। चेपाङ, राउटे, कुसुन्डा आदि जातिका मिथक खोज्न कसै न कसैले मेहेनत गर्नैपर्छ। कर्णाली र सुदुरपश्चिम क्षेत्रमा खस आर्य संस्कृति र इतिहाससँग जोडिएका यस्तै अनेकौं लोककथा र मिथकहरु छन्।तीनीहरु नेपाली उपन्यासमा प्रयोग हुन सकेका छैनन्। ती सभ्यता र संस्कृतिलाई नेपाली पाठकहरु माझ प्रस्तुत गर्न ढिला भइसकेको छ। उपन्यास यसको राम्रो माध्यम हुनसक्छ।

**अरबी - फारसी मिथक**

नेपाली भाषाले आफ्नो समद्धी यात्रामा अरबीफारसी भाषाबाट थुप्रै शब्द र शैली अङ्गिकार गरेको छ। त्यसैले स्वभाविक रुपमा नेपाली जनजीवनमा थुप्रै अरबीफारसी लोककथाहरुले लोकप्रियता पाए। नेपाली उपन्यासले आफ्नो यात्रा शुरु गरेपछि ती आख्यानका सामग्री भए। माध्यमिक कालमा मधुमालतीको कथा, गुलाबकावलीको कथा, लालहीराको कथा, सुनकेशरा रानीको कथा आदि थुप्रै उदाहरणहरु हुन्। तर आधुनिक नेपाली उपन्यासमा यी पुराकथाहरुमा आधारित उपन्यास पाइदैन्। यो काम अग्रज लेखकहरुले आउने समयका लागि थाँती राख्दै गए। नेपाली उपन्यासमा तिलस्मी तथा रहस्यका कथाहरु, राक्षस र परीका कथाहरु प्रयोग हुन्जेल अरबी मिथकहरुको प्रशस्त प्रयोग भयो। वि.सं. 1950 मा प्रकाशित

लालहीराको कथा तथा वि.सं. 1951 सालमा प्रकाशित मधुमालतीको कथाको लेखक थाहा हुन सकेको छैन्। त्यसपछि यी कथाहरुलाई गौरीप्रसाद उपाध्याय, होमनाथ केदारनाथ, भवानीशंकर खतिवडा, गौरीशङ्कर भट्टराई लगायतले पुनर्लेखन गरेका छन्।

वि. सं. 1991 पछि सामाजिक यथार्थ उपन्यासको मुलधार भएपछि रोमान्टिक लेखन छायामा पऱ्यो। रहस्य र चमत्कारका कथा भएका अरबीफारसी पुराकथाको प्रयोग पनि हुन छोड्यो। पछिका रोमान्टिक उपन्यासमा पनि विशुद्ध प्रेमकथाहरु आउन थाले। त्यसैले, आधुनिक उपन्यासमा यी मिथक प्रयोग गर्नसक्ने सम्भावना हाम्रो सामुन्ने छ।

**इतिहासका मिथकः**

नेपालको इतिहास नै मिथकमा बाँचेको छ। धेरै पछि मात्रै वैज्ञानिक लेखन आरम्भ भएको हुँदा व्यवस्थिक इतिहास लेखनको प्रारम्भिक कालखण्डमै हामी बाँचिरहेका छौं। हाम्रो जे जति इतिहास छ, किंवदन्तीमा छ। यस्ता किंवदन्तीहरु नै नेपाली इतिहासबाट आएका मिथकहरु हुन्। ऐतिहासिक उपन्यासमा यस्ता मिथकहरु प्रयोग गरिएका छन्। नेपालमा ऐतिहासिक उपन्यास लेखनका शीर्ष पुरुष डायमण्ड शम्सेर राणाले बसन्ती, सेतो बाघ जस्ता उपन्यासमा राणा शासकहरु सम्बन्धि मिथकहरुको चर्चा गरेका छन्।

अरु पनि केही ऐतिहासिक उपन्यासमा मिथक समाविष्ट छन्, कति मिथकमा आधारित उपन्यास छन्। जस्तै नारायण ढकालको ऐतिहासिक उपन्यास 'प्रेतकल्प'मा यस्ता मिथकहरु छन्। उनले राणा शासकहरुका नाममा बनेका मिथक त प्रयोग गरेका छन नै जनजीवनमा आफैं सिर्जना हुने मिथकहरु पनि प्रयोग गरेका छन्। यसमा उनले मिथकहरु कसरी बन्छन् र त्यस्ता मिथक किन बनाइन्छ भन्ने विश्लेषण समेत गरेका

छन्। उनी आफ्नो वैचारिक दायरामा रहेर मिथकको राजनीतिक साइनोको प्रष्ट व्याख्या यही उपन्यासमा गर्छन्। यस्तै उर्गेनको घोडामा उपन्यासकार पाठकले ऐतिहासिक मिथकको केही प्रयोग गरेका छन्। तामाङ जातिसँग जोडिएका केही ऐतिहासिक मिथकसँगै नेपाली इतिहासका मिथकका रुपमा रहेका रुपचन्द्र विष्टलाई प्रस्तुत गरेका छन्।

थाहा आन्दोलनका प्रणेता रुप्चन आफ्नो क्षेत्रका जनमनमा मिथककै रुपमा बाँचिरहेका छन्। युगले त्यसैलाई टपक्कै टिपेर आफ्नो उपन्यासमा प्रयोग गरेका छन्। यी चार मार्ग बाहेक अंग्रेजी साहित्यको माध्यमबाट समेत हामीकहाँ मिथक आइपुगेका छन्। चिनियाँ मिथकहरु पनि हामीकहाँ नआइपुगेका होइनन्। तर, आख्यानमा तीनको उल्लेखनीय प्रयोग भने भएको छैन। अझ अंग्रेजी भाषा मार्फत् विश्वका कुनाकुनाका साहित्य, संस्कृति र इतिहास हामीकहाँ आउँदा त्यहाँका मिथकहरु पनि आइरहेका छन्। गोविन्दराज भट्टराईले सुकरातका पाइला र सुकरातको डायरीमा ग्रीसेली मिथकको प्रशंसनीय प्रयोग गरेका छन्। यद्यपी, उपन्यासकारको तीक्ष्ण दृष्टि यस्ता अनेकौं मिथकहरुमा पर्न बाँकी नै छ।

पश्चिमी समालोचना जगत्मा मिथकमा आधारित रहेर समालोचना गर्ने विधि प्रचलनमा आएको धेरै भइसक्यो। यसलाई उनीहरु मिथ क्रिटिसिजम भन्छन्। हामी मिथकमाथि लेखिरहेका मात्रै छैनौं मिथकमाथि बाँचिरहेका छौं। यहाँ इतिहासलाई पनि मिथक बनाइन्छ र जनतामाथि शासन गरिन्छ। तर मिथकीय समालोचना पद्धतिको भने प्रयोग गरिँदैन। क्यानडाका समालोचक नर्थप फ्राइले यो समालोचना पद्धतिको आविष्कार गरेको आधा शताब्दी बितिसकेको छ। तैपनि हामीले यो पद्धति अपनाएका छैनौं। उनले भनेझैं हाम्रा समालोचना/साहित्य विश्वभरीको साहित्यसँग मिल्छ कि मिल्दैन, दाँजेका छैनौं। हाम्रो साहित्यमा मिथकको प्रभाव कति

छ? उनको सिद्धान्तमा नापेका छैनौं। पश्चिमा जगतले प्रयोग गरेको यति लामो समय भइसक्दा पनि हामीसम्म यो समालोचना पद्धति किन आइपुगेन?सर्वमान्य समालोचकहरुमाथि प्रश्न गर्नु आवश्यक भएको छ।नेपाली साहित्यले पश्चिमी समालोचना सिद्धान्तका ठूल्ठूला ज्ञाता पाएको छ। उता आविष्कार भएका पद्धतिहरु कतिपय त सँगसँगै जस्तो नेपाल आइपुग्छन्। तिनीहरुको तत्कालै नेपाली भाषासाहित्यमा प्रयोग हुन्छ।तर समालोचकहरुले मिथक समालोचना किन प्रयोगमा ल्याएनन् त?जो बितेर गए उनीहरुलाई माफि दिउँ। जो आफ्नो योगदान दाबी गरिरहेका छन्, उनीहरुलाई प्रश्न भयो।

मिथक समालोचना पद्धतिमा गएको भए यति धेरै जनजाति समूदायमा विद्यमान मिथकहरुलाई प्रयोग गर्न उत्प्रेरणा हुन्थ्यो। सिमित जातिमा रहेका मिथकहरु आज नेपाली भाषाका मिथक हुन्थे। त्यसका आधारमा अरु हेत्छाकुप्पा अथवा उर्गेनको घोडा लेखिन सक्थे। यता पौराणीक उपन्यास लेखनको पनि समालोचना हुन्थ्यो। अहिले लेखिएका उपन्यासमा भएका कमीकमजोरी वस्तुगत रुपमा केलाउन सकिन्थ्यो। अब केकस्ता उपन्यासहरु संस्कृत महाख्यानको सागरबाट झिक्न सकिन्छ भन्ने चेतना लेखकहरुमा जाग्थ्यो। अरु माधवी र योजनगन्धा लेखिन सक्थ्यो। किन यता समालोचकहरुको ध्यान जान नसकेको हो ?

पश्चिमबाट आएका सबै साहित्य सिद्धान्त वा वादले पूर्वीय साहित्यको मापन गर्न सक्छ भन्न सकिन्न । अहिले उफ्रिरहेको उत्तर - आधुनिकतावादले पनि साहित्यलाई ठूलो प्रभाव पुऱ्याएको छ। तर के हाम्रो समाज उत्तरआधुनिक छ ? यो विचार गर्नुपर्ने कुरो हो। हामी कति उत्तरआधुनिक छौं ? हाम्रो विचारधारा कति उत्तर छ? हामी यस साहित्यमा यो वाद र त्यस साहित्यमा त्यो वाद आइसक्यो भन्ने हतारमा फड्को त मारिरहेका छैनौं ? किनभने, विचारधारा पहिले समाजमा आउनु पऱ्यो अनि

त्यसको प्रतिछायाँ साहित्यमा देखिन्छ। समाजमा कुनै परिवर्तन वा नयाँ विचारधाराले गढ बनाएकै छैन तर अन्यका प्रभावमा साहित्यमा त्यस्ता परिवर्तन र विचारधाराको पक्ष लिनु कस्तो हुन्छ? पहिले समाज त्यसपछि साहित्य सिर्जना अनि मात्रै साहित्य सिद्धान्त आउँछ। तर हाम्रातिर उल्टो भइराखेको छ। त्यसको तात्पर्य पश्चिमबाट आएका सबै साहित्य सिद्धान्त अनि वादहरू गलत र स्वीकार गर्नै नहुनेहरू हुने भन्ने पनि होइन।

कतिपय सिद्धान्तहरू निसन्देह स्वीकारयोग्य, मनन अनि चिन्तनयोग्य छन्। साहित्य अध्ययन अहिले संस्कृति, संस्कार, परिवेश र हाम्रो उत्पत्तिका मूलभूत विशेषताहरू पश्चिमासँग पटक्कै मिल्दैन। त्यसैले त्यहाँका सामाजिक संरचना र विचारधाराबाट विकास भएका साहित्य सिद्धान्तहरूले हाम्रो भूमिको वास्तविक नक्सा देखाउन सक्छ भन्ने मलाई लाग्दैन। अहिलेको जल्दोबल्दो नारीवादलाई नै लिएर कुरा गर्‍यौ भने नारीवादी विचारधाराका मूलभूत मान्यताहरूमध्ये कति प्रतिशत हाम्रा समाजका लागि उपयोगि हुन्छ? के नारीवादका सबै मान्यता हाम्रा समाजमा उपयोगी छन्? विचार गरौँ– हामीले हाम्रै कुरा बिर्सेका छौँ, लोकसाहित्य, लोकधर्म, लोकविश्वास र समग्र लोकवार्ताकै विषयहरू छोडेका छौँ। यी सबैलाई आधार गरेर के साहित्यको नयाँ सङ्कथन वा अध्ययन गर्न सकिन्न होला ?

नेपाली साहित्यमा सबैभन्दा धेरै लेखिने र प्रकाशित हुने भनेकै कविता हो। भारतीय नेपाली कविताका अहिले विविध आयाम अनि स्वरहरू छन्। तर परिचय सङ्कट, माटो प्रेम, राजनीतिक परिप्रेक्ष्यका स्वर भने तिखो पाइन्छ। भारतीय नेपाली साहित्यमा किनारीकरणपछि देखा परेका हस्तक्षेपी र समावेशी अवधारणाले पनि केही सीमासम्म कविता लेखनमा प्रभाव पारेको अनुभव हुन्छ। हस्तक्षेपीहरूले परम्परा र पुरातन

मान्यताहरूमा हस्तक्षेपको कुरा उठाएर कविता लेखे तर यो अहिले सेलाएको छ। यता समावेशीहरूले इन्क्लुसिसनेस अथवा सर्वसमावेशीको कुरा उठाउँदै परम्परालाई उस्तै रूपमा स्वीकार गर्दै तर नयाँ अभिव्यक्तिका साथ साहित्यले बिर्सेका अन्य विषयहरूलाई पनि साहित्यमा समावेश गर्दै कविता लेखिनुपर्छ भन्छन्। भारतीय नेपाली कवितामा पर्यावरणकेन्द्रित कविताहरू, दार्जिलिङ अनि सिक्किमका विविध कविताहरू पनि लेखिँदै छन्। त्यसका साथै धमारी, अभिसङ्गीजस्ता नयाँ रूप भारतीय नेपाली साहित्यमा देखिँदैछ। प्रवृत्तिगत रूपले भन्ने हो भने अहिले भारतीय नेपाली कवितामा 'अभिव्यक्ति' धेर पाइन्छ।

पृथ्वीमा धेरै प्राणीहरूले बसोबास गर्छन् । ती प्राणीहरू मध्ये मानिस एक हो । यही मानिसलाई संसारका अन्य प्राणीहरूमा विवेकशील प्राणीको रूपमा गनिन्छ । तर मान्छेले आफ्नो स्वार्थको निम्ति दिन – दिनै बन – जङ्गलको बिनाश गर्दैछन् , जलको सरक्षणमा ध्यान दिएका छैनन् , कलकारखानाको मैला धुँवाले वायुमण्डल प्रदुषित बन्दैछ, पानी दुषित र फोहोर बन्दैछ । दिन प्रतिदिन बड्दै गइरहेको मानिसका जनसङ्ख्याका कारण अन्धा – धुन्ध बन – जङ्गल फाडिन्दैछ, बडदो अध्योगीक र सहर योजनाले पृथ्वी नै विकलार रूपमा पुगिसकेको देखिन्छ।

बन – जङ्गल, जल, वायु भनेको राष्ट्रको धन मात्र नभएर मानवको जीवनपयोगी वस्तु हुन् । जङ्गल मास्नाले, रूखको कटाइले प्रथम पर्यावरणलाई नराम्रो असर पर्दछ । यसको परिणाम स्वरूप माटो, पानी, हावा सबै दुषित हुन्छ । माटोको मलिलोपन हराउँछ, जसको कारण खेतीपानी र सागसब्जीको उब्जनी घटेर जादछ । पानीको मुहान र स्रोत सबै सुकेर जान्छ, खडेरी देखापर्छ । असमयमा खडेरी, पैहो र बाढ जस्ता प्राकृतिक प्रकोपलाई मानिसले मात्र होइन जनवार, चरा – चुरूङ्गी, किरा – फट्याङ्ग्र सबैले सामना गर्नुपर्दछ । यी सवै पशु – प्राणीहरूले

अकालमा मृत्युलाई अङ्गालो हाल्न बाध्य बन्दछ । पर्यावरण प्रदुषणका कारण विषालु तत्त्वले मानव शरीरमा आक्रमण गर्दछ अनि मानिस मुटु, फोक्सो र पेटसम्बन्धि बिभिन्न रोगका शिकार बन्नपुग्छन् ।

आज पर्यावरण एक जरूरी विषय मात्र नभएर ज्वलन्त मुद्दा पनि बनेको छ । तर आज मानिहरूमा यसलाई लिएर कुनै जागरूकता आएको देखिन्न । मुखले भने पनि हातले गर्न वा कार्यको रूपमा पर्यावरणको सुरक्षा र जगेरा भने जस्तो मानिसहरूले गरिरहेका छैनन् । कता – कता ग्रामीण समाजमा यसबारे चेतना देखिए पनि  महानगरी, शहरी आदि जीवनमा यसप्रति खासै उत्सुकता आएको पाइन्न । परिणामस्वरूप वर्तमानमा पर्यावरण सुरक्षा महज एउटा सरकारी एजेण्डा मात्र बनेको देखिन्छ ।  तर पर्यावरणप्रतिको चेतना सरकारी रूपमा मात्र नआएर जबकि सम्पूर्ण विश्वका मानिस, समाज आदिमा आउनप जरूरी छ । कारण यसले सबैसित घनिष्ठ सम्बन्ध बनाएर राखेको हुन्छ । मानिसले पर्यावरको चेतना भन्ने कुरोलाई केवल एउटा स्वाभाविक, हलुको कुरो सोचे, पर्यावरण संरक्षण एउटा टाढाको सपना मात्र भएर जादछ ।

माथि उल्लेखित विषयहरूलाई ध्यानमा राखेर पर्यावरणप्रति संरक्षण, सुरक्षा, जगेरा आदिलाई लिएर भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा चेतना जगाएका पाउँछौं । यस्ता भारतेली नेपाली कविहरूमा गोपीनारायण प्रधान, कर्ण थामी, लक्ष्मण श्रीमल, अबीर खालिङ, उदय थुलुङ, कालुसिंह रनपहेंली, खडकराज गिरी, बिचन्द्र, टेकध्वज जिम्बा 'आशा', माधव बुढाथोकी, आदि प्रमुख छन् ।

पर्यावरणको सीधा सम्बन्ध प्रकृतिसित रहेको हुन्छ । आफ्नो परिवेशमा हामी विभिन्न प्रकारका जीव - जन्तु, रूख - पौधा तथा अन्य सजीव - निर्जीव वस्तु पाउँदछौं । यी सबै मिलेर पर्यावरणको रचना हुँदछ ।

विज्ञानका विभिन्न शाखाहरू जस्तै - भौतिक विज्ञान, रसायन विज्ञान तथा जीव विज्ञान आदि विषयको मौलिक सिद्धान्तहरू तथा त्यससित सम्बन्धि प्रायोगिक विषयहरूका अध्ययन गरिने गरिन्छ । तर आजको आवश्यकता अर्कै देखिन्छ । पर्यावरणको  विस्तृत अध्ययनका साथ - साथै यससित सम्बन्धित व्यावहारिक ज्ञानप्रति पनि बल दिनु जरूरी छ । आधुनिक समाजमा विशेष पर्यावरणसित सम्बन्धित समस्याहरूबारे युवा तथा विद्यार्थीहरूलाई शिक्षा व्यापक स्तरमा प्रदान गर्नु आवश्यक देखिन्छ । शिक्षा मात्र दिएर हुँदैन , यससित निपटने बचावकारी उपायहरूको जानकारी पनि दिनु आवश्यक छ । आजको डिजिटल र  मशीनी युगमा हामी यस्तो स्थितिसित बाँचिरहेका छौं, जहाँ प्रदूषण एक अभिशापको रूपमा सम्पूर्ण पर्यावरणलाई नै नष्ट गर्नका निम्ति हाम्रो सम्मुख खड़ा छ । यो हाम्रो मात्र नभएर  सम्पूर्ण विश्वको निम्ति एउटा गम्भीर चुनौती नै बनेको छ ।

वास्तवमा आज पर्यावरणसित सम्बद्ध उपलब्ध ज्ञानलाई पढ्नु र जान्नु मात्र होइन व्यावहारिक बनाउनु अति आवश्यकता देखिन्छ । यस्तो विषम परिस्थितिलाई लिएर समाजका प्रत्येक सदस्य, व्यक्तिलाई उलको पर्यावरणप्रतिको कर्त्तव्य तथा दायित्वको चेतना हुनु आवश्यक छ । यसरी विश्वको प्रत्येक व्यक्ति र समाजमा पर्यावरणको चेतनाप्रति जागरूकता उत्पन्न गर्न सकिन्छ । मूलत: प्रकृतिको निर्माण सजीव तथा निर्जीव दुई संघटक मिलकर बनिएको छ । वायु, जल तथा भूमि निर्जीव घटकमा पर्दछ भने हामी मानव, सम्पूर्ण प्राणी - जगत तथा उद्भिद् - जगत सजीव संघटकमा पर्दछ । यस मध्ये प्राणी - जगतमा अन्य प्राणीहरूमा मानवलाई सबै भन्दा अधिक सचेतन, विवेकशील, चेतनशील एवं संवेदनशील प्राणी मानिन्छ । तर यही अधिक सचेतन, विवेकशील,

चेतनशील एवं संवेदनशील प्राणी मानवले मात्र पर्यावरणको विनाश गरिरहेका छन् । यसर्थ यस्ता यथार्थ तथ्यहरूको समुदघाटन नेपाली साहित्यकारहरूले आ - आफ्ना कृतिहरूमा यत्र - तत्र गरेका छन् ।

## 8.4 परिवेश विमर्शका प्रकार

परिवेश विमर्श सोझै यति प्रकारका हुन्छन् भन्न सकिन्न । विभिन्न विद्वान् र आलोचकहरूका आ – आफ्नै धारणा – मान्यता रहेको हुनाले हालसम्म प्राप्त जानकारीको आधारमा परिवेश विमर्शका निम्न प्रकारहरू पाइएका छन् । ती हुन् –

### 8.4.1 नारीवादी परिवेश विमर्श –

नारीवादी परिवेश विमर्शलाई अङ्ग्रेजीमा **इकोफेमिनिस्ट** भनिने गरिन्छ । यस प्रकारको परिवेश विमर्शले निःसन्देह पुरुष केन्द्रित (एन्ड्रोसेन्ट्रिक) साहित्यको भत्सर्ना गर्दछ । नारीवादी परिवेश विमर्शअनुसार पितृसत्तात्मक मानव समाजमा प्रकृतिलाई सधैं नारीको पर्याय मानिने गरिन्छ । नारी जसलाई पुरूषहरू अबला, भावुक, भोग्य वस्तु ठान्छन् भने आफूलाई सामर्थवान् , विवेकी, अवस्तु र संस्कृत मान्छन् ।

नारीवादी परिवेश विमर्शअनुसार नारी नै प्रकृति हो । यसले प्रकृतिलाई भोग्य वस्तु ठानी यस्तो दुरवस्थामा पुर्‍याउने पुरुष विरुद्धको कजा रूपमा निन्दा गर्दछ । नारीवादी पर्यावालोचकहरूले ती पुरुष जसलाई आफ्नो 'तलवार जस्तो दह्रो लिङग' - को दम्भ गर्छन् , त्यसलाई पुरूषको साहस र वीरत्वको प्रतीक ठान्छन् , त्यस प्रकारका सोचको सोझै प्रतिकार गर्दछ । उनीहरू वा नारीहरूले तलवार जस्तो धारे लिङ्गको होइन , कलम

जस्तो कठोर लिङ्गको चाहना राख्छन् भन्ने कुरा नारीवादी परिवेश विमर्शमा पाइन्छ । भनौं भने मानवीय सृजना र बौद्धिकताको प्रतीक **कलम**लाई यहाँ 'कठोर लिङ्ग' - को उपमामा उभ्याइएको छ । पुरुष दृष्टिमा यो अस्वाभाविक लाग्दैन तर नारीवादी नजरमा यस किसिमको अभिव्यक्ति अहंपूर्ण पुरुष पूर्वाग्रहकै रूपमा देखिनु पनि अस्वाभाविक होइन । यस किसिमका काव्यिक प्रयोग कवि अविनाश श्रेष्ठका कवितामा भएको पाइन्छ । यसलाई अन्तर्निहीत पुलिंगी प्रवृत्तिको प्रकटीकरण पनि हुन् भन्न सकिन्छ ।

कवि अविनाश श्रेष्ठको **गणेशः वसन्तपुर दरबार स्क्वायर** कवितामा नारीवादी परिवेश विमर्शको विशेष प्रयोग भएको पाइन्छ । यस कविताले पाठकको ध्यान विशेष किसिमले समात्छ । हिन्दु देवालय तथा पूजाथानमा पुजिने गणेश, शिव, पार्वती, कालीहरूको विनिर्मित रूपभन्दा पनि बढी विकृत र स्खलित रूप देख्छौं यो कवितामा । मन्दिरहरूको सहर काठमान्डौमा जतातत्तै देखिइने यी देवी देवताहरू आ - आफ्ना मिथकबाट बाहिर निक्ली नेपाली समाजको तल्लो तप्काका यथार्थ पात्रहरूको जीवन चर्यामा सल्बलाइरहेका देखिन्छन् यस कवितामा । गणेश अब देवत्वबाट गिरेर गनेस भएको छ, जो वेदव्यासको महाभारतका लिपिक होइन, दुईचार रूप्पे पारि श्रमिक थाप्ने फुच्चे खाते भएको छ । कहिले काहीँ युरोपेली पर्यटकलाई मन्दिरको टुँडालमा कुँदिएको कामक्रीडातिर संकेत गरेर बक्सिस थाप्छ । 'गनेसको बाउ शिवे/बिहान उठेदेखि नै टन्न जाँड धोक्छ र/गनेसकी आमा पावर्तीलाई लात्तैलात्ताले भकुर्न थाल्छ ।' सुरुदेखि अन्त्यसम्मै व्यंग्य बेजोड बजेको छ कवितामा ।

कवि अविनाश श्रेष्ठको **प्रवेश** शीर्षक कवितामा पनि नारीवादी परिवेश विमर्शको गन्ध पाइन्छ । यो कविता कवि र कविताबारे एक विनम्र समालोचना हो । अनि हो आफ्ना कविताहरूबारे एक भूमिका पनि । अविनाश भन्छन् - 'कवि हुनसक्ने प्रमाणपत्रको हकदार' ऊ मात्र हुनसक्छ 'जसले/गन्धलाई गाउँछ/रूपलाई सुन्दछ .../सुँघ्दछ रंगहरूलाई सुगन्धलाई झैँ'। यी शब्दहरूले देवकोटाको **पागल** कविताका प्रारम्भिक पंक्तिहरू 'म शब्दलाई देख्दछु !/दृश्यलाई सुन्दछु !/बास्नालाई स्वाद लिँदछु !' पनि सम्झना गराउँछन् । कविताको मध्यतिर अत्यन्त विनम्रतापूर्वक उनी '...कतै शब्दको अभावमा भावझैँ मरिरहेको/एक जना सिकारु कवि हुँ' भन्दै कतिपय कवितामा देखिने तडकभडकप्रति मीठो व्यंग्य गर्छन् ।

मूलत: जुन बेला नेपाली साहित्यमा पर्यावरण विमर्शको सौन्दर्यचेत आज जस्तो टड्कारो भइसकेको थिएन, त्यही समयदेखि नै नारीवादी परिवेश विमर्शका प्रवृत्तिमा नेपाली साहित्यमा रचनाहरू रचिएको पाइन्छ । हामी केवल त्यसको खोजी मात्र गरेका छैनौ । कविको निजी काव्यशिल्पले कति विम्बहरूलाई वाग्धाराकै ज्यान दिएको छ । पारिस्थितिकी विमर्शलाई आत्मसात् गरी अनि यसै चेतनाले भिजी लेखिएका यति प्रभावी कविताको पुस्तक नेपालीमा सन् 2003 मा अविनाश श्रेष्ठको **करोडौं सूर्यको प्रतिक्षामा** कविता कृति प्रकाशित भइसकेको पाइन्छ ।

### 8.4.2 गहन पारिस्थितिकी -

प्रकृति अनि पर्यावरण मानवीय समाजको अभिन्न अङ्ग हो । यसको सुरक्षाको उत्तरदायित्व मानव समाजले लिनुपर्छ ।साथै प्रकृति मानव समाजदेखि पृथक् छैन भन्ने धारणालाई प्रस्तुत गर्दै सन्

1973 मा नर्वेली दार्शनिक आर्ने नासेले आफ्नो **द सेलो एन्डदि डिप : लङ रेन्ज इकोलजी मुभमेन्ट** भन्ने लेखमा डिप इकोलजी शब्दको प्रयोग गरेका छन् । यसलाई **गहन पारिस्थितिकी** भनिएको छ । मूलतः प्रकृति मानव अनि मानवेतर सबै वस्तुका लागि महत्त्वपूर्ण तत्त्व हो । तर यो आधुनिक नागरिक सभ्यताको उच्च जीवन शैलीले यस सत्यलाई धमिल्याइ रहेको छ भने अर्कातिर प्रकृतिलाई आफ्नो घर र सभ्यता ठान्ने अफ्रिका अनि अन्य देशहरूका जनजातिले यस सत्यलाई जोगाएर राखेका छन् ।

मानिसहरू बाँच्नका लागि मूलरूपमा प्रकृतिमै आश्रित हुनुपर्दछ । प्राकृतिक वन – जङ्गगललाई छोडेर सहरको परिवेश वा सभ्यतामा समन्वित हुनु उनीहरूलाई कठिनका साथै प्रायः असम्भव नै हुँदछ । त्यसैले मानवीय समाजका लागि प्रकृति कति अनिवार्य छ, सो यस तथ्यबाट अनुमान गर्न सकिन्छ । गहन पारिस्थितिकी, नृकेन्द्री धारणा भन्दा विपरीत र वृहतर चिन्तन हो । यसले प्रकृतिलाई जैव केन्द्री दृष्टिकोणबाट अवलोकन गर्दछ । मानिस प्रकृतिको अंश हो र प्रकृतिदेखि कदाचित् अलग छैन भन्ने गहन पारिस्थितिकीको केन्द्रीय दर्शन हो । मानिस हरेक कार्य आफैले पूर्ण गरेको ठान्दछ । ऊ सृष्टिका सारा थोकहरू मान्छेको उपभोगकै निम्ति बनेका हुन् भन्ने ठान्दै आफैलाई सर्वस्व अनि महानिरीक्षक मान्दछ । त्यसैले आफैलाई केन्द्रमा राखेर प्रकृति अनि मानवेतर वस्तुलाई किनारीकरण गर्ने नृकेन्द्री प्रवृत्ति र व्यष्टिवाद, उसको वंसानुगत संस्कार बनेको छ । तर प्रकृतिको सहभागिता विना कुनै पनि कार्य सुगठित ढङ्गमा सञ्चालन हुन सक्तैन भन्ने सत्यसँग अवगत हुँदा - हुँदै पनि मानवले प्रकृतिलाई नियन्त्रण गर्ने असफल प्रयास गरिरहेको छ ।

Notes

प्रकृतिमा अनेकौं विपद अनि सङ्कटले महाविनाशकारी रूप लिइरहेका छन् । त्यसैले अब प्रकृतिको संरक्षण साथै पर्यावरणलाई सन्तुलित बनाउनका लागि मानवीय सम्वेदना साथै भावनामा परिवर्तन आउनु आवश्यक छ, जसका लागि मान्छेले “म” -बाट निस्किएर “हामी”- मा आउने प्रयास गर्नुपर्दछ भन्ने गहन पारिस्थितिकीको मान्यता छ । **गहन पारिस्थितिकी**का प्रवक्ताहरूले मान्छे प्रकृतिको अंश हो भन्ने तथ्यलाई निरीक्षण गर्ने दुईवटा दृष्टिकोण अघि राखेका छन् । एक व्यवस्था सिद्धान्त (सिस्टम् थियोरी) दोस्रो, गेअ अनुकल्पना (गेअ हाइपोथेसिस) । व्यवस्था सिद्धान्तअन्तर्गत पृथ्वीलाई निकायको रूपमा हेरिन्छ। यसभित्र पनि अरू थुप्रै व्यवस्थाहरू पूर्ण र स्वतन्त्र रूपले सङ्गठित भएका हुन्छन् । पृथ्वीभित्र अरू निकायहरू स्वतन्त्र रूपले सङ्गठित भए तापनि पृथ्वी स्वयम् भने अर्को वृहत् निकायको अंश मात्रै हो । एउटा कोशिकाभित्र अनेकौं सूक्ष्म कोशिकाहरू हुन्छन् तर कोशिका पनि अर्को वृहत्तर व्यवस्थाभित्रको नाभिक बिन्दु वा केन्द्रकको सानो अंश मात्र हो। अर्थात एउटा सुन्तलाभित्र भएका केस्राहरू आफैमा पूर्ण हुँदा - हुँदै पनि एउटा सिङ्गो सुन्तलाको बृहत्तर एकाइको अंशका रूपमा रहेको हुन्छ ।

त्यसरी नै मान्छले पनि विभिन्न व्यवस्थाहरू, जस्तै - समाज, साहित्य, संस्कृति आदिलाई लिएर बसेको हुन्छ, तर मान्छे स्वयम् भने प्राकृतिक व्यवस्थाको सानो अंश मात्रै हो । गेअ अनुकल्पना अन्तर्गत व्यवस्था सिद्धान्तलाई नै अघि बढाएर यस सिद्धन्तलाई ब्रम्हाण्डकै सन्दर्भमा प्रयोग गरिन्छ । यस अन्तर्गत प्रकृतिमा भएका सम्पूर्ण अस्तित्व वा सत्ता अर्को वृहत्तम् अलौकिक महानिकायका अंश हुन् । प्राचीन ग्रिसेली परम्परामा गेअ भन्नाले प्रकृति

सञ्चालित पृथ्वीका देवी - देवता भन्ने बुझिन्थ्यो । जैव व्यवस्थामा आफैलाई प्रकृतिसँग सन्तुलित बनाई राख्ने प्रवृत्ति हुँदछ । त्यसका साथै कालअनुरूप आफ्नो संरचनालाई स्वाभाविक विकास गर्दछ । वैज्ञानिकहरूले अनुसन्धानबाट प्रकृतिमा पनि यसप्रकारको प्रवृत्ति हुन्छ भन्ने निष्कर्ष निकालेका छन् । यसअनुसार प्रकृतिले आफैलाई सन्तुलन बनाई राख्नमा अक्सिजनको मात्रा, तापमान, ऋतु परिवर्तन आदिलाई व्यवस्थित प्रकारले सञ्चालन गर्छ । फलस्वरूप मानव शरीरले पनि शारीरिक तापमान, प्राणवायु आदिलाई धमनीद्वारा सन्तुलित बनाइराख्छ । यो मानवद्वारा नैसर्गिक रूपमा गरिने प्रकृतिको अनुकृति हो ।

प्रदूषित पर्यावरण, प्राकृतिक सम्पदाको विनाश जस्ता गम्भीर समस्याप्रति चिन्ता व्यक्त गर्ने गहन पारिस्थितिकी मूलतः आध्यात्मिक दृष्टिकोणमा आधारित छ । त्यसैले यसलाई डिप इकोलजीसँगै **होलिस्टिक इकोलजी** पनि भनिन्छ । यस सिद्धान्तले भावना, अभौतिकता अनि कर्मद्वारा प्रकृतिको समस्यालाई समाधान गर्ने प्रयत्न गरिन्छ साथै व्यष्टिवाददेखि समष्टिवाद तर्फको विस्तारतालाई प्रोत्साहान पनि दिन्छ ।

## 8.5 उपसंहार

परिवेश विमर्शलाई अङ्ग्रजीमा इको – क्रिटिसिज्म (Eco – Criticism) भनिन्छ । नेपालीमा यसलाई कसैले पर्यावरण साहित्य, परिवेश साहित्य, हरित साहित्य, परिवेश अध्यय, प्रकृति साहित्य भनेको पाइन्छ । तथापि सुहाउँदो नाम भने परिवेश विमर्श नै हो । यसलाई यथार्थवादकै एउटा पक्ष

मानिने गरिन्छ । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ ।

आधुनिकतावादी साहित्यमा परिवेश विमर्ण प्रवृति लेखन विशेष रूपमा भएको पाइन्छ । आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् । यस्ता प्रवृति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा ध्रुवचन्द्रको **जेलिएको**, **उपसंहार अर्थात् चौथो अन्त्य,** कृष्ण धारावासीको **ढुँडाल**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, सरुभक्तको **समय त्रासदी**, सीता पाण्डेको **अन्तद्र्वन्द्व**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, राजेन्द्र थापाका **खेलौना, द्रौपदी**, अनुपम रोशीका **कुमारी आमा, नाङ्गो मान्छे** आदि पर्दछन् ।

परिवेश विमर्शलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ । वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ । औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो । मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना

भएका हुन्छन् । यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन् ।

प्रकृति र मानिसको सम्बन्धलाई लिएर अध्ययन गरिने साहित्यको नयाँ अवधारणालाई परिवेश विमर्श भनिन्छ । मूलरूपमा प्रकृति र यसका वरिपरिका विषय सम्बन्धी चिन्तनलाई अघि सार्दै मानिससितको अन्तस सम्बन्धलाई अध्ययन गर्नु नै परिवेश विमर्श हो । यस्ता साहित्य अधिकांश समालोचना प्रकृतिको केन्द्रीयतामा लेखिने गरिन्छ ।

## 8.6 सार

यस प्रखण्डमा **परिवेश विमर्श – स्वरूप एवम् प्रकार**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ -

- परिवेश विमर्शलाई अङ्ग्रजीमा इको – क्रिटिसिज्म (Eco – Criticism) भनिन्छ ।
- नेपालीमा यसलाई कसैले पर्यावरण साहित्य, परिवेश साहित्य, हरित साहित्य, परिवेश अध्यय, प्रकृति साहित्य भनेको पाइन्छ । तथापि सुहाउँदो नाम भने परिवेश विमर्श नै हो ।
- यसलाई यथार्थवादकै एउटा पक्ष मानिने गरिन्छ । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ ।
- आधुनिकतावादी साहित्यमा परिवेश विमर्ण प्रवृति लेखन विशेष रूपमा भएको पाइन्छ ।

- आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् ।
- परिवेश विमर्शलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ ।
- वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ ।
- औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो ।
- मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना भएका हुन्छन् ।
- यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन् ।

- प्रकृति र मानिसको सम्बन्धलाई लिएर अध्ययन गरिने साहित्यको नयाँ अवधारणालाई परिवेश विमर्श भनिन्छ ।
- मूलरूपमा प्रकृति र यसका वरिपरिका विषय सम्बन्धी चिन्तनलाई अघि सार्दै मानिससितको अन्तस सम्बन्धलाई अध्ययन गर्नु नै परिवेश विमर्श हो । यस्ता साहित्य अधिकांश समालोचना प्रकृतिको केन्द्रीयतामा लेखिने गरिन्छ ।

यस प्रखण्डको अध्ययनले **परिवेश विमर्श – स्वरूप एवम् प्रकार**बारे बुनियाँदी जानकारी प्राप्त भयो । परिवेश विमर्शको परिचय र यसको स्वरूप साथै प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 8.7 अनुशीलनी

1. परिवेश विमर्शको अवधारणाबारे चर्चा गर्दै यस प्रवृत्तिमा लेखिएको साहित्यलाई सविस्तार चर्चा गर्नु होस् ।
2. परिवेशको अर्थ सम्बन्धि उल्लेख गर्दै परिवेश विमर्शबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।
3. साहित्यमा परिवेश विमर्शको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।
4. परिवेश विमर्शको प्रमुख तत्त्वहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।
5. परिवेश विमर्शबारे दिएका नेपाली विद्वानहरूका मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।
6. परिवेश विमर्शलाई आधार गरी नेपाली साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।
7. परिवेश विमर्शलाई उत्तर – आधुनिकतावाद लेखनको किन प्रमुख अङ्ग मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

8. परिवेश विमर्श लेखनले नेपाली साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

9. परिवेश विमर्शको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

10. नेपाली साहित्यमा परिवेश विमर्शलाई मुल आधार गरी लेखिएको कृतिहरूबारे एउटा लेख लयार पार्नुहोस् ।

12. परिवेश विमर्शमूलक साहित्यको अध्ययनलाई किन मानव जातिको निम्कि हितार्थ साहित्य मानिन्छ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 8.8 अतिरिक्त अध्ययन


1. हिमांशु, राजु प्रधान - **साहित्य परिचय** ।
2. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।
3. सिंह, अमरकुमार – **नयी कविता की रचना प्रक्रिया** ।
4. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।
5. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।
6. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।
7. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं, नवीन प्रकाशन ।
8. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग – 4 ।
9. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।
10. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।
11. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

12. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** ।
13. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।
14. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान** ( अप्रकाशित शोध प्रबन्ध ) ।
15. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।
16. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।
17. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा** ।
18. जैसी, श्यामराज – **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि** ।
19. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।


यस अतिरिक्त **परिवेश विमर्श – स्वरूप एवम् प्रकार**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 8.9 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. परिवेश विमर्शको सामान्य परिचय ।

..............................................................................................

........

..............................................................................................

........

……………………………………………………………………………

……..

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. परिवेश विमर्शको अर्थ र परिभाषा ।

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. परिवेश विमर्शको स्वरूप ।

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

४. परिवेश विमर्शको प्रकार ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. परिवेश विमर्श र नेपाली साहित्य ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.5 अन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 9, साहित्यमा परिवेश विमर्शको स्थान एवम् प्राप्ति

## संरचना

9.0 उद्देश्य

9.1 परिचय

9.2 परिवेश विमर्शको सामान्य परिचय

9.3 साहित्यमा परिवेश विमर्शको स्थान

9.4 साहित्यमा परिवेश विमर्शको प्राप्ति

9.5 उपसंहार

9.6 सार

9.7 अनुशीलनी

9.8 अतिरिक्त अध्ययन

9.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- परिवेश विमर्शको सामान्य परिचय
- साहित्यमा परिवेश विमर्शको स्थान
- साहित्यमा परिवेश विमर्शको प्राप्ति

## 9.1 परिचय

पिटर बेरीले **परिवेश विमर्श**लाई ग्रीन स्टडिज (Green Studius)भनेकाछन्  यसको सैद्धान्तिक रूपमा घोषणा चेरिल ग्लटफेल्टी र हार्ओड फोर्मद्वारा सन् 1996 मा सम्पादित **दि इकोक्रिटिसिजम् रिडर : ल्यान्डमार्क इन लिट्रेरी इकोलजी**बाट भएको हो । तर **इकोक्रिटिसिज्म्** (Eco – Criticism) शब्दकै प्रयोग चाहिँ अमेरिकेली समालोचक विलियम रुएक्रेटले सन् 1978 मा गरेका थिए भन्ने रिचर्ड् कार्डिजको विचार रहेको छ । परिवेश विमर्श उत्तर - आधुनिक चेतनाले खोलेको एउटा नवीतम् पथ हो । यसमा प्रकृति - पर्यावरणको संरक्षण विषयमा प्रकारान्तर रूपले विचार - विमर्श गरिन्छ ।

समाज, संस्कृति, साहित्य, धर्म, नारी , राजनीति आदिको पर्यावरणसँगको सम्बन्धलाई सूक्ष्मतापूर्वक अवलोकन गरिनाका साथै यी विषयहरूले प्रकृतिलाई कसरी प्रभावित तुल्याइ रहेका हुन्छन् अनि प्रतिक्षण पर्यावरणमा भइरहेको परिवर्तनलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर खोज्नु परिवेश विमर्शको लक्ष्य हो । मूलतः साहित्यमा प्राकृतिक जलवायु वा पर्यावरणको समस्याको प्रतिपादन के कस्तो रूपमा भएको छ भन्ने विषयबारे परिवेश विमर्शले चर्चा गर्दछ । प्रकृति र मानिसको सम्बन्धलाई लिएर अध्ययन गरिने साहित्यको नयाँ अवधारणालाई **परिवेश विमर्श** भनिन्छ । मूलरूपमा प्रकृति र यसका वरिपरिका विषय सम्बन्धी चिन्तनलाई अघि सार्दै मानिससितको अन्तस सम्बन्धलाई अध्ययन गर्नु नै परिवेश विमर्श हो । यस्ता साहित्य अधिकांश समालोचना प्रकृतिको केन्द्रीयतामा लेखिने गरिन्छ ।

परिवेश विमर्श (इकोक्रिटिसिज्म) - लाई आधार बनाएर साहित्य लेख्दा मूलतः पूर्वीय दर्शनमा प्रकृतिलाई कसरी हेरिएको छ, त्यसलाई विशेष आधार बनाइएको हुन्छ । परिवेश विमर्शका सैद्धान्तिक मान्यताहरूलाई आधार बनाएर मूलतः परिवेश दर्शन, परिवेश धर्मविद्या, हरित आध्यात्मिकता, सांस्कृतिक पारिस्थितिकी, गाया अनुकल्पना, डिप इकोलोजी आदिबारे कार्य गर्नु नै यस प्रभृत्तिका साहित्यको मूल ध्येय हो । मानिसलाई म मर्छु भनेर थाहा हुँदाहुँदै पनि ऊ बाँच्न खोज्छ । यो एउटा ठूलो विडम्बना हो । यसरी नै मानिसलाई म स्वयम् प्रकृतिको अंश हो भन्ने ज्ञात हुँदाहुँदै पनि प्रकृतिलाई जित्न खोज्छन् अथवा प्रकृतिमाथि अतिक्रमण गर्छन् , यो अर्को विडम्बना हो । हामी मानव रात - दिन प्रकृतिसँग हुन्छौं । प्रकृतिविना हाम्रो कल्पना हुनै सक्दैन, तर पनि हामी कसरी यसलाई ध्यान दिइरहेका छैनौं ? हामी आफ्ना व्यावहारिक, पारिवारिक साथै विविध कार्यप्रति सचेत हुन्छौं तर प्रकृतिप्रति पनि यत्तिकै सचेत हुनुपर्छ भन्ने सोचलाई हामी कसरी किनारीकृत गरिरहेका हुन्छौं ? हामी कति स्वार्थी भइसकेका छौं ? त्यो यहीबाट थाहा लाग्छ । यो परिवेश विमर्शको अध्ययन मानवको निम्ति धेरै रहस्यमय, व्यावहारिक साथै ज्ञानवर्द्धक विषय हुन् ।

## 9.2 परिवेश विमर्शको सामान्य परिचय

परिवेश विमर्शलाई अङ्ग्रजीमा इको – क्रिटिसिज्म (Eco – Criticism) भनिन्छ । नेपालीमा यसलाई कसैले पर्यावरण साहित्य, परिवेश साहित्य, हरित साहित्य, परिवेश अध्यय, प्रकृति साहित्य, पारिस्थितिकीय भनेको पाइन्छ । तथापि सुहाउँदो नाम भने परिवेश विमर्श नै हो । यसलाई

यथार्थवादकै एउटा पक्ष मानिने गरिन्छ । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ ।

आधुनिकतावादी साहित्यमा परिवेश विमर्ण प्रवृति लेखन विशेष रूपमा भएको पाइन्छ । आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् । यस्ता प्रवृति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा ध्रुवचन्द्रको **जेलिएको**, **उपसंहार अर्थात् चौथो अन्त्य,** कृष्ण धारावासीको **टुँडाल**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, सरुभक्तको **समय त्रासदी**, सीता पाण्डेको **अन्तद्र्वन्द्व**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, राजेन्द्र थापाका **खेलौना, द्रौपदी**, अनुपम रोशीका **कुमारी आमा, नाङ्गो मान्छे** आदि पर्दछन् ।

परिवेश विमर्शलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ । वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ । औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो । मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना भएका हुन्छन् । पर्यावरणीय चिन्ता र चिन्तनले साहित्य सिर्जनामा

साठीको दशकदेखि नै सचेततापूर्वक भूमिका खेल्न थालेको भए पनि एक विशिष्ट विमर्शकै रूपमा पारिस्थितिकीय सौन्दर्यचेत उपस्थित भएको भने ढाईतीन दशकभन्दा बढी भएको छैन । समकालीन साहित्यमा / पर्यावालोचना विविध क्षेत्र समेटेको विमर्श हो । यसले संस्कृति, विज्ञान, राजनीति, भूगोल, इतिहास, समाजशास्त्र, अर्थशास्त्र, धर्मशास्त्र, नैतिकता, मनोविज्ञानजस्ता विविध विषयलाई अक्टोपसीय अँगालोले समेटेको हुन्छ । यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन्।

पिटर बेरीले परिवेश विमर्शलाई ग्रीन स्टडिज भनेका छन् । यसको सैद्धान्तिक रूपमा घोषणा चेरिल ग्लटफेल्टी र हाओंड फोर्मद्वारा सन् 1996 मा सम्पादित **दि इकोक्रिटिसिजम् रिडर : ल्यान्डमार्क इन लिट्रेरी इकोलजी**बाट भएको हो । तर इकोक्रिटिसिज्म् शब्दकै प्रयोग चाहिँ अमेरिकेली समालोचक विलियम रुएक्रेटले सन् 1978 मा गरेका थिए भन्ने रिचर्ड् कार्डिजको विचार रहेको छ । परिवेश विमर्श उत्तर - आधुनिक चेतनाले खोलेको एउटा नवीतम् पथ हो । यसमा प्रकृति - पर्यावरणको संरक्षण विषयमा प्रकारान्तर रूपले विचार - विमर्श गरिन्छ । समाज, संस्कृति, साहित्य, धर्म, नारी , राजनीति आदिको पर्यावरणसँगको सम्बन्धलाई सूक्ष्मतापूर्वक अवलोकन गरिनाका साथै यी विषयहरूले प्रकृतिलाई कसरी प्रभावित तुल्याइ रहेका हुन्छन् अनि प्रतिक्षण पर्यावरणमा भइरहेको परिवर्तनलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर खोज्नु परिवेश विमर्शको लक्ष्य हो । मूलतः साहित्यमा प्राकृतिक जलवायु वा पर्यावरणको समस्याको

प्रतिपादन के कस्तो रूपमा भएको छ भन्ने विषयबारे परिवेश विमर्शले चर्चा गर्दछ ।

## 9.3 साहित्यमा परिवेश विमर्शको स्थान

परिवेश विमर्शको अन्य ठाउँमा भन्दा साहित्यमा विशेष स्थान, महत्व र मूल्य रहेको देखिन्छ । मूलरूपमा यस प्रकारका साहित्यको अध्ययन मानवको निम्ति धेरै रहस्यमय, व्यावहारिक साथै ज्ञानवर्द्धक हुनेहुनाले परिवेश विमर्शको स्थान साहित्यमा संधै उच्च रहेको पाइन्छ । अन्य साहित्यमा जस्तै नेपाली साहित्यमा पनि परिवेश विमर्शलाई लिएर प्राथमिक कालदेखि नै धेरै साहित्यहरू रचिएको पाइन्छ । उदाहरणका निम्ति अविनाश श्रेष्ठको कविता सङ्ग्रह **करोडौं सूर्यहरूको अन्धकार** कृतिलाई लिन सकिन्छ ।

प्रस्तुत कविता कृतिको शीर्षकबाटै यो काव्यकृतिको स्वर तथा सौन्दर्यानुभूति उनका अघिल्ला तीन संग्रह **परेवा सेता काला, संवेदना ओ संवेदना** र **अनुभूति यात्रामा** भन्दा निकै भिन्दै भएको संकेत मिल्छ । ती अघिल्ला तीन काव्यकृतिहरूले छुट्टै अध्ययनको माग गर्छन् । कवि अविनाशको समग्र काव्यकृतिमा पाइने विशिष्ट शैली - शिल्प र बिम्ब - विधान यौटा यस्तो आकर्षक फाँट हो जसले पहिलेदेखि नै सिर्जनात्मक समालोचनाको नांगो दृष्टि पर्खिराखेको छ । आधुनिकतावादी प्रभाव - अवधि पार गरिसकेपछि समकालीनताको विस्तृतिमा तीक्ष्ण संवेदनाको मसीले सूक्ष्म सृजनमय स्वरांकन गर्न थालेका कवि श्रेष्ठको यो कविता संग्रहमा अधिकतर कविता पर्यावालोचनात्मक अर्थात् परिवेश विमर्श (इकोक्रिटिकल) सौन्दर्यचेतले बढी प्रेरित भएको पाइन्छ ।

पर्यावरणीय चिन्ता र चिन्तनले साहित्य सिर्जनामा साठीको दशकदेखि नै सचेततापूर्वक भूमिका खेल्न थालेको भए पनि एक विशिष्ट विमर्शकै रूपमा पारिस्थितिकीय सौन्दर्यचेत उपस्थित भएको भने ढाई/तीन दशकभन्दा बढी भएको छैन । समकालीन साहित्यमा पर्यावालोचना विविध क्षेत्र समेटेको विमर्श हो । यसले संस्कृति, विज्ञान, राजनीति, भूगोल, इतिहास, समाजशास्त्र, अर्थशास्त्र, धर्मशास्त्र, नैतिकता, मनोविज्ञानजस्ता विविध विषयलाई अक्टोपसीय अँगालोले समेटेको हुन्छ । यस्ता बहुविध ज्ञानानुशासनको अन्तर्सम्बन्धबाट उठ्ने विमर्शकै दृष्टिले नियाल्दा 'करोडौं सूर्यहरूको अन्धकार'ले सिर्जेको आख्यान तथा वाक्वैधिग्ध्य बढी स्पष्टतासित दृष्ट हुनसक्छ अनि आस्वाद्य पनि । सन् 1962 मा प्रकाशित अमेरिकी आख्यानकार रेचेल कार्सनको पुस्तक 'साइलेन्ट स्प्रिङ' (मौन वसन्त) - ले पहिलोपल्ट भावी पर्यावरण तथा पारिस्थितिक प्रणालीको भयावह चित्रण गरेर मानिसहरूको चेतनालाई बेस्सरी झक्झकायो । अविनाशको कविता 'भोलिको गीत' कार्सनको त्यही आख्यानात्मक परिकल्पनासँग तुलनीय छ । हुन त साहित्यमा पर्यावरणिक चेतले अघि सारेको चिन्ता र चिन्तनलाई एक विशेष वर्गको सोचबाट बुनिएको एक निर्मिति (कन्स्ट्रक्सन) मात्र हो भन्ने आलोचक तथा अध्येताहरू पनि छन् ।

प्रकृति पनि एक सांस्कृतिक रचना (कल्चरल कन्स्ट्रक्सन) मात्र हो भन्छन् उनीहरू । (निर्मिति भन्नेबित्तिकै त्यसले परोक्षतः ध्वंशपनि निम्त्याइरहेको हुन्छ) र यो रचना देखाउन सर्जकले अलंकारको माध्यम अपनाउँछ । महाप्रालयिक अलंकार (अपोक्यालिप्टिक रेटोरिक) - को कुनै विशेष राजनीतिक उद्देश्यले निर्देशित भएर होस् वा वैज्ञानिक तथ्यका आधारमा उभेर होस्, रचना सिद्धान्तका प्रवक्तालाई त्यसै पन्छाउन भने

मिल्दैन । पर्यावालोचकहरूले यो चुनौती स्वीकार्दै अवधारणा साथै प्रकृति साँच्चै अस्तित्ववान् हुनुको वास्तविकतालाई समानान्तर दृष्टिमा राख्नुपर्ने हुन्छ । अलंकार पनि एक रचना नै हो । यसलाई माक्र्सवादी समालोचक टेरी इगल्टनले 'संसारमा साहित्यिक समालोचनाको प्राचीनतम रूप' मान्छन् । कवितामा कविले जीवन - जगतबारे यस्ता अलंकारहरू कल्पेका अर्थात् सिर्जेका हुन्छन् । म्याथ्यु आर्नोल्डले पनि कवितालाई 'जीवनको समालोचना' भनी परिभाषित गरेका छन् । कवि अविनाश श्रेष्ठले उक्त कवितामा तथा पछिल्ला पृष्ठका अन्य कवितामा सिर्जेका अपोक्यालिप्टिक रेटोरिक (महाप्रालयिक अलंकार) पनि वास्तवमा समकालीन पर्यावरणिक स्थितिको तीव्र काव्यिक समालोचना नै हो ।

मान्छे जिउने प्रकृति र पृथ्वीको वर्तमान स्थिति एवं अवस्थाप्रति अतीव संवनशील भई तीक्ष्ण पर्यावालोचकीय दृष्टिले हेर्दा कविले मान्छेको भयावह भविष्य भेट्टाउँछन् । मान्छेले आफ्नै असंवेदनशील हातले द्रुत गतिमा लेख्दै गइरहेको भावी जगत्को विद्रूप चित्र ती आँखाले मात्र देख्न सक्छ जसले मान्छे र प्रकृतिलाई अद्वैत अस्तित्वको रूपमा देख्छ । पर्यावरणवादी सिद्धान्तका केही उग्र रूपमध्ये गहन पारिस्थितिकी (डिप इकोलजी) बढी प्रभावकारी रहेको देखिएको छ । साधारणतः पर्यावरणवादी अवधारणाहरू मानवकेन्द्रित रहेका देखिन्छन् भने गहन पारिस्थितिकी प्रकृतिकेन्द्रित हुन्छ जसभित्र अभेद्य छ मानव अस्तित्व । अघिल्लोले यावत् प्रकृतिलाई मानिसको रचना मानेर वस्तुवादी दृष्टि राख्छ भने पछिल्लोले जीव-अजीव समग्रप्रति समतावादी दृष्टि राखी सबै नै एकापसमा अन्योन्याश्रित रहेको देख्छ । पारम्परिक पाश्चात्य सांस्कृतिक तथा धार्मिक मूल्यले मानव र प्रकृतिको द्वैत अर्थात् पृथकपृथक सत्ता देख्छ अनि प्रकृतिलाई मानिसहरूको निमित्त भोग्या ठान्छ जसको सोझो

Notes

प्रतिपक्षमा उभिन्छ डिप इकोलजी । पूर्वीय सांस्कृतिक मूल्यले प्रकृतिलाई सदैव पूज्य ठान्छ ।

आधुनिक युगसँगै पाश्चात्य सभ्यताको विश्वव्यापी विस्तार भएपछि उतैको मूल्य-मान्यताको प्रभाव एसियाली-अफ्रिकेली परम्परा र संस्कृतिमा पनि पर्‍यो । तथापि पूर्वमा प्रकृति पुज्ने संस्कृति निमिट्यान्न भइहालेको छैन । कार्ल युङ्लाई अनुसरण गर्दै भन्दा- युगौं पुरानो पूर्वीय सांस्कृतिक मूल्य यहाँको सामूहिक अवचेतनमा सञ्चित छ अनि त्यही मूल्य कवि अविनाशको अवचेतनमा पनि । पञ्चमहाभूत, भोलिको गीत, जंगलः एउटा सलिलकी, निर्जल प्रलय, करोडौं सूर्यहरूको अन्धकार, चोभार जस्ता कविताहरू गहन पारिस्थितिकीको प्राणले ढुकढुकाइरहेको संवेदनाबाट मात्रै निःसृत हुन सम्भव छ । सारा परिवेशमण्डल (इकोस्फेयर) कै आफू एक अक्षुण्ण अंग रहेको अनुभूत गरेपछि नै यति सूक्ष्म संवेदना जागृत हुन्छ तर त्यसरी संवेनशील हुनु यौटा कुरो हो, त्योे संवेदनशील चैतन्यलाई सजीवतापूर्वक काव्यचित्रमा उभ्याउनसक्नु अर्कै कुरा । त्यसका लागि त्यही तहको कवित्वशक्ति आवश्यक हुन्छ जुन यी कविताहरूमा देखिन्छ । जंगल मासिएपछिको भावी परिवेश कविले यसरी चित्रण गर्छन् -

*'बिलखबन्दमा पर्नेछ बतास*

*पातहरूसित हातेमालो हराउँदा*

*विषादमा डुब्नेछ जून*

*खोला र जंगलसित लुकामारी बिलाउँदा*

*निसास्सिनेछ रात*

*रूखहरूसँग निर्धक्क निदाउन नपाउँदा*

*लहडी घामले सूर्यको प्रशंसामा*

*युगौंदेखि गाउँदै आएको न्यानो गीत*

*एक दिन अलप हुनेछ'*

***(जंगलः एउटा सलिलकी)***

यो सूक्ष्म र मर्मस्पर्शी शब्दचित्रले प्रकृतिका जम्मै तत्त्वहरूको महत्त्वबोध गराउँछ । उन्नाइसौं शताब्दीको थालनी हुँदानहुँदै अंग्रेजी साहित्यमा स्वच्छन्दतावादी युग लिएर आउने त्यस युगका शीर्ष कवि विलियम वर्ड्सवर्थको (साथै अन्य रोमान्टिकहरूको) प्रकृतिप्रतिको उत्साह आजको पारिवेशिक चिन्तासित मेल खाँदैन । साधारणतः पाश्चात्य रोमान्टिकहरूको प्रकृतिप्रतिको सरोकार मानवकेन्द्रित नै देखिन्छ । निजी अनूभूतिसहितको प्रकृति चित्रण नै उनीहरूको बढी सरोकार थियो । उनीहरू प्रकृतिलाई केवल भावनाको आँखाले हेर्थे । नदीका छाल हेरेर तरंगित हुने तिनका आँखाले छालहरूमा हराउँदै गइरहेको वेग देख्ने दृष्टिको निर्माण भइसक्ने बेला भइसकेको थिएन सायद त्यति बेला । तर आजका कवि अविनाशको कवितामा अत्यन्त संवेदनमय र अनुभूतिमय प्रकृति निजी सत्वको श्वास फेर्दै हामीसित आत्मीय संवाद गर्छ । हुन त हामी स्वयंले आफैंलाई 'सर्व श्रेष्ठ' प्राणी भन्न थालेका हौं, स्वघोषित 'सर्व श्रेष्ठ' !

त्यसो त रोमान्टिकहरू जुन प्रकृति हेरेर मक्ख पर्थे, आज पर्यावरणवादीहरूले जोगाउन खोजेको प्रकृति त्यो होइन । त्यस समयमा प्रकृतिमाथि आजजस्तो गम्भीर खतरा आइपरेको थिएन पनि ।

रोमान्टिकहरू प्रकृतिप्रति त्यसको बाह्य सौन्दर्यले मोहित हुन्थे । तर आज गहन परिवेश विमर्श गर्नेहरू प्रकृतिको हृदय-स्पन्दन सुनेर संवेदित हुने गर्छन् । र प्रकृतिको यै सूक्ष्म हृदय-स्पन्दन प्रतिध्वनित सुन्छौं अविनाशका यी कविताहरूमा । पुस्तककै नाम बन्न पाएको कविता 'करोडौं सूर्यहरूको अन्धकार' कथ्य र कथनले मात्र होइन आयतनकै हिसाबले पनि संग्रहको प्रमुख कविता हो भन्न मिल्छ । यस कवितामा देखिन्छ कविको सबभन्दा बृहत्, सबभन्दा त्रासद अलंकार । मानौं, गहन परिवेश - विमर्शको थानमा चिन्ता बसेको कवि - झाँक्रीले यो अन्तिम वाण मन्त्र फलाकेर हानिपठाएको हो ! पाँच भागमा विभक्त अनि पुग, नपुग नौ पृष्ठ ओगट्ने यो कविताले चर्को आवाजमा बकेको छ पृथ्वीको आयुबारे । अनि 'हाम्रो समयका ईश्वरको अवसान'बारे ।

विभिन्न धार्मिक ग्रन्थमा संसार र सृष्टिको प्रालयिक अन्त्य भएको वा भविष्यमा पुनः हुने मिथक छन् । तीमध्ये 'ओल्ड टेस्टामेन्ट' बाइबलको जिनेसिस र अध्याय 6, 7, 8 मा वर्णित जलप्रलय बढी प्रसिद्ध छ । त्यस्तै जलप्रलयको मिथ इमानसिंह चेम्जोङको 'किरात मुन्धुम'मा पनि पाइन्छ । हिन्दु धर्मशास्त्रहरूमा पनि सृष्टि, अन्त्य, पुनःसृष्टिबारे कथाहरू छन् । सत्य, त्रेता, द्वापर, कली- यी चार युगको समाप्तिपछि महाप्रलय हुने भन्ने हिन्दु विश्वास छ । श्रीमद्भागवत महापुराणको अष्टम् स्कन्धको चौबीसौं अध्यायमा मत्स्यावतार धारण गरेका भगवान् विष्णुले जलप्रलय गरी सृष्टि अन्त्य गरेको अनि फेरि दीर्घ निद्राबाट ब्रह्मा ब्यूँझेपछि नयाँ सृष्टि भएको कथा छ । चाखलाग्दो के हो भने यहाँ उल्लेखित तीनै धर्मग्रन्थमा जलप्रलयद्वारा नै प्रलय हुने र ती सबै प्रलय पृथ्वीमा पाप बढेर त्यसलाई विनष्ट गरी नयाँ सुरुआत गर्नुपर्ने आवश्यकताका कारण रहेको उल्लेख छ । समसामयिक वैज्ञानिक अध्ययनअनुसार पृथ्वीको

बढ्दो तापमान (ग्लोबल वार्मिङ) - का कारण उत्तरी र दक्षिणी ध्रुवको हिममहादेश पग्लँदै गइरहेको अनि समुद्रको सतह वर्षैपिच्छे बढिरहेको सन्दर्भले भविष्यमा जलप्रलय नहोला भन्न सकिन्न । पर्यावरण-सचेत कवि अविनाश श्रेष्ठ यस्तो 'निर्जल प्रलय' - को तीव्र सम्भावना व्यक्त गर्छन् -

**'सुदूर भविष्यको कुनै भष्मासुर प्रहरमा पृथिवीले झेल्नुपर्ने त हैन कतै निर्जल प्रलय !'**

पर्यावरणविद्हरू अहिले नै भन्न थालेका छन् संसारमा अब हुने युद्ध पानीको निमित्त हुनेछ । दृष्टान्तहरू ठाउँठाउँमा देखिन थालेका छन् । 'जंगलः एउटा सलिलकी'मा पनि उस्तै शुष्क प्रालयिक भविष्यवाणी छ । 'करोडौं सूर्यहरूको अन्धकार'मा कवि सृष्टिविनाशको प्रारम्भिक भूमिका यसरी लेख्छन्ः लुप्त हुँदैछ/बाघ जसरी नै- आस्था/घट्दै छ/माटोभित्र पानीको सतह जसरी नै- मित्रता/झर्दैछन्/एक-एक गरी/शिशिरमा रूखका पातसरि -शिष्टता/भद्रता/आचार/विचार/सदाचार...

दाशयी मानवीय गुणहरूको ह्रासलाई पर्यावरणिक क्षयीकरण तथा विलुप्तिसित सामञ्जस्यमा राखी अघि सारिएको यो काव्यिक कोलाजचित्र कविताका पछिल्ला भागहरूको प्रिल्युड हो । पृथ्वी र प्रकृतिमाथि जबरजस्ती गर्ने तथाकथित सभ्य मानिसहरूमाझ सदाशयता, सहृदयता अर्थात् संवेदना सुकेपछि नै 'पृथ्वीको मृत्यु अनिवार्य' देख्छन् कवि । तर 'फेरि पनि र अकाल मृत्युबाट जोगाउँदै धरतीलाई र बनाउनैपर्छ दीर्घजीवी ।' कविताको दोस्रो भागमा कवि प्रकृतिसितको तादात्म्यबाट उत्प्रेरित हुने सौन्दर्यबोध र जिजीविषा तरंगित गर्छन् । यो सौन्दर्यबोधको चाक्षुष र आनुभूतिक चित्र हाराहारी राखेर कविले बढो आकर्षक ढंगमा हाम्रा

आँखाअघि टाँगिदिएका छन् । यी सबै हराउनु मान्छे र प्रकृतिबीच तादात्म्य हराउनु हो । यसरी एकापसको आडभरोसा बिलाउनु भनेको पृथ्वीमा मृत्युको चिसो हिउँ निम्त्याउनु हो । अनि करोडौं सूर्यहरूको अन्धकार ! हो, यिनै कुरा बिलाएर गइरहेको देखेर असाध्य चिन्तित बनेका कविका आँखाअघि पृथ्वीको अन्धकारमय भविष्य उभिन्छ । यस कवितामा टड्कारो विपर्यास उभ्याइएको उक्त उद्धृतांशको स्वर सबैभन्दा सुन्दर र कोमल सुनिन्छ । यो विपर्यासको काव्यप्रविधिद्वारा कविताको रहल अंशमा देखाइएको मानिसहरूको असंवेदनशील कृत्य अनि त्यसको परिणाम सम्भावित प्रलयको अन्धकारमय विद्रुपता ज्यादै टड्कारो गरी खिँचिएको छ ।

कविताको तेस्रो खण्डमा देख्छौं वनविनाश र सिमसारहरूको लोप । यहाँनेर कवि श्रेष्ठ एक सामान्य पर्यावरणवादी सचेतक तथा उपदेशक जस्तो बोल्छन् । खण्ड चार अनि पाँचमा चित्रण छ पारमाणविक विभीषिकाको र त्यसपछिको सर्वग्रासी खग्रासको जसको त्रासद छायाँ मानिसको चेतनामा पर्न थालेको हो बीसौं शताब्दीको उत्तराद्र्धदेखि । पृथ्वी र प्रकृतिलाई असाध्यै माया गर्ने कवि, त्यो अग्घोर अँध्यारो अनिश्चित क्षणको सम्भाव्यता देखाउँछन् कविताका पंक्तिहरूमा । पाश्चात्य अवधारणाले कल्पेको पारमाणविक प्रलयपछिको अवस्थामा मानिस निमिट्यान्न मासिएको हुँदैन । एक - दुईजना कुनै प्रकारले बाँचेकै हुन्छन् जसरी बाइबलमा वर्णित जलप्रलयपछि नोहा र उनको परिवारद्वारा फेरि धरती आवाद हुन्छ । उसरी नै किराँत मुन्धुममा प्रलयमा परमात्माद्वारा बचाइएको लेप्मुहाङ अनि श्रीमद्भागवत महापुराणमा मत्स्यावतार विष्णु भगवान्ले बचाएका राजा सत्यव्रत छन् । साधारणतः यी प्रलयवादी (अपोक्यालिप्टिक) आख्यानहरू मानवकेन्द्रित छन् । तर, गहन

पारिस्थितिकीका अटल हिमायती अविनाश श्रेष्ठले देखेका भावी महाप्रलयपछिको अवस्था त्यस्तो छैन ।

'करोडौं सूर्यहरूको अन्धकार' को प्रलयकर्ता मानिस स्वयं छ । त्यस प्रलयमा बाँच्ने / बचाउने उपाय दिनसक्ने कोही छैन । कोही छ यदि भने कवि छन् जसले यो पैगम्बरी (प्रोफेटिक) भविष्यवाणी गरिरहेका छन् । तर कवितामा यो भविष्यवाणीभन्दा बढी वर्तमान युगलाई सावधानी हो, चेतावनी हो । परमाणु बमको विस्फोटन र विस्फोटनको तुरुन्तै पछि देखिने भयंकर रूप र विभत्स दृश्यको चित्रण प्रभावकारी ढंगमा उतारिएको देख्न पाइन्छः दोस्रो विश्वयुद्धको अन्त्यतिर हिरोशिमा (1945) मा पड्काइएको पहिलो परमाणु बमको परिणाम पढेका, चित्र देखेका कविले त्योभन्दा सयगुणा शक्तिशाली अनि हजारौंको संख्यामा थुपारिएका बमहरूको सम्भावित विस्फोटन कल्पेर यस्तो ताण्डव चित्रण गरेको अनुमान पाठकहरूले लाउनेछन् । यसबेला स्मरण हुन्छ एक पत्रकारले भावी तेस्रो विश्वयुद्धबारे प्रश्न गर्दा आइन्स्टाइनले दिएको जवाफ- 'तेस्रो विश्वयुद्ध त कुन्नि, तर चौथो विश्वयुद्धमा मानिसहरूले ढुंगा हानाहान गर्नेछन् ।' हाम्रा कवि भने फरक धारणा राख्छन् । भन्छन्, पारमाणविक विध्वंशपश्चात ढुंगा हानाहान गर्ने मान्छे नै कोही रहने छैन । कवितामा कवि निश्चयतः अतिशयोक्ति (हाइपरबोल) अलंकारमा बोलिरहेका छन् ।

सन् 1925 मा आधुनिकतावादी अंग्रेज कवि टीएस इलियटले संसारको अन्त्य तर त्यस्तो कुनै विस्फोटक ढंगले होइन, बरु झिनो रुन्चे आवाजसित हुने भविष्यवाणी गरेका थिए उनको कविता हलो मेनको अन्तिम चार पंक्तिमा । संसार त्यसरी अन्त्य हुनुको पछि इलियटले देखेका मूल कारण थियो मानिसहरूमा आध्यात्मिक आस्थाको अभाव ।

त्यै अभाव नै उनको निम्ति मानिसहरूको बाह्य रूपभित्रको खोक्रोपन थियो । अविनाश पनि 'करोडौं सूर्यहरूको अन्धकार'को प्रारम्भमै यसो भन्छन्- 'लुप्त हुँदैछ/बाघ जसरी नै- आस्था' । आस्था त्यो आध्यात्मिक तथा नैतिक मूल्यहरूको द्योतक जसको न्यूनता अर्थात् अभावमा बाक्लिँदै बढ्छ दुष्कृतिको अन्धकार । आस्थाको घट्दो अवस्था बिम्बित छ यहाँ विलुप्तिँदो बाघमा । वनविनाशसँगै विविध वन्यजन्तुको विलुप्तिँदो अवस्थाले उब्जाएको चिन्ता पनि परिवेश विमर्शमा एक चिन्तनीय अध्ययनको विषय बनेको छ । निकट भविष्यमै मासिने सम्भावनासित द्रुत गतिमा घटिरहेको बाघको संख्याजस्तै भइसक्यो आस्था, ठान्छन् कवि ।

अङ्ग्रेजी विद्वान् स्ट्यान्ले गार्डिनरको टिप्पणी यस्तो पाइन्छ - 'अवरोधहीन प्राकृतिक ऊर्जाद्वारा बल प्राप्त आध्यात्मिक विद्रोहको एक प्रतीक हो बाघ ।' नेपाली जनजीवनको मानसिकतामा बाघको विशेष व्यक्तित्ववान उपस्थिति रहेको नेपाली भाषामा प्रयुक्त केही शब्दबाट बुझिन्छः बाघचाल, बाघजुँगे, बाघवीर, बाघपाइले, बाघचुली, बाघमुखे थैली, बाघको जुँगा उखेल्नु इत्यादि । वामन शिवराम आप्टेको 'संस्कृत-हिन्दी कोश' अनुसार व्याघ्रः (बाघ) शब्दले (समासको अन्तमा बसेर) सर्वोत्तम, प्रमुख, मुख्य भन्ने पनि बुझाउँछ, जस्तो 'नरव्याघ्र' । पारिवेशिक तथा सांस्कृतिक तहमै यतिका प्रतीक र अर्थ बोक्ने बाघलाई आस्थाको प्रतीक तुल्याइनु उपयुक्तमात्र होइन यो त आफैंमा जीवन्त विम्ब पनि बनेको छ । संग्रहका अन्य पारिस्थितिकीय कवितामा पनि जीवजन्तुहरू पर्याप्त देख्न पाइन्छ । स्वार्थलोलुप सभ्यताले मास्न आँटेको 'चितुवा जस्ता जाँगरिला/फुर्तिला नदी', 'पुतलीहरूका हजारौं हजार बटालियन' 'रूखका साथी चरा' इत्यादि ।

स्टेफन ओलियरीको मतअनुसार महाप्रलयको नाट्याख्यान मानव-मिजासको स्वीकृतिको प्रकारान्तर अनुरूप बन्दछ- 'हास्यद' (कमिक) या त 'त्रासद' (ट्र्याजिक)। त्रासदीले दोषलाई दण्डनीय खराबबाहेक अरू क्यै देख्दैन अनि त्यसको कलंक अर्थात् पापको निमित्त उत्सर्ग गर्नुपर्ने, बलिदान नै हुनुपर्ने अर्थात् त्यसको त्रासद परिणति हुने दिशातर्फ यो अग्रसर हुन्छ । तर कमेडीले दोषलाई खराब नै ठान्नुपर्ने एकतर्फे निर्णयमा अडिग नबसेर त्यसलाई भूल (एरर) मात्र मान्छ अनि त्यो भूललाई अन्तिम परिणतितिर नधकेलेर बरु त्यसका मूर्खतापूर्ण तत्त्वहरू उद्घाटित गर्नपट्टि लाग्छ । महाप्रलयको अवधारणा त्रासद सोचको उपज हो जो टुंगिन्छ एक भीषण युगान्तक (इपोकल) घटनासित, जसको कुनै विकल्प हुँदैन । तर, हास्यद समय बहुविकल्पमा फैलिएको ओपन(एन्डेड) तथा बहुप्रकरणयुक्त हुन्छ । ईश्वरको अस्तित्व समेत नरहने करोडौं सूर्यहरूको अन्धकार त्यस्तै एक त्रासद अवधारणाको पराकाष्ठा हो । तर 'हाम्रो समयका ईश्वर' भनेका छन् अविनाशले । महाप्रलयपूर्वको समयका मानिसद्वारा अस्तित्वमा उभ्याइएको ईश्वर ! कविको आशय स्पष्ट छ- ईश्वरको अस्तित्व मानिसकै अस्तित्वमा निर्भर छ ।

अनादि - अनन्त ईश्वरको अवधारणा खारेज भएको छ कवितामा । ईश्वर सोच्ने र कल्पने चेतनशील मान्छे नै नरहेपछि ईश्वरको अस्तित्व रहने कुरै पनि आएन । हुन त आस्थाहीन नास्तिक जीवित रहँदै पनि उसको दृष्टिमा ईश्वरको अस्तित्व छैन ! तर नास्तिकताको अर्थ तबसम्म नै मात्र सम्भव छ जबसम्म त्यसको द्विचरविरोधी (बाइनरी अप्पोजिट) शब्द 'आस्तिकता' छ । अविनाश श्रेष्ठको पैगम्बर कवि, 'करोडौं सूर्यहरू'ले डढाएर छोडेको अन्धकारमा त्यस्ता कुनै द्विचरविरोधी तत्त्वहरू देख्दैनन् । बस्, अन्धकारको निरन्तर सत्ता मात्र । अनि अन्धकार पनि हो के त्यो जसको

सत्ता चिनाउने एकै छेस्का उज्यालो छैन  भने ? सायद सृष्टिपूर्वको अवस्था अर्थात् भौतिकशास्त्रीहरूको भनाइमा बिग व्यांग अघिको अवस्था । कविको यो प्रलयाख्यान सुनेर सामान्य स्रोताले सोध्लान्ः करोडौं परमाणु बम एकसाथ पड्के पनि खुप्पै भए यो यौटा ग्रह पृथ्वी नै त ध्वंश होला, ब्रह्माण्ड अर्थात् सृष्टिलाई के हुन्छ  र ? अनि कविले सायद यसरी उत्तर दिनेछन् - हाम्रो चेतनामा छ यो सृष्टिको अस्तित्वः मान्छे भनिने चेतनाधारीको अस्तित्वै नरहेपछि सृष्टिको अस्तित्व हुनु/नहुनुको के अर्थ ?

कवितामा यस किसिमको महाशून्यको अथवा पूर्ण अनस्तित्वको आख्यान प्रस्तुत गरेर कविले कलियुगको अन्त्यपछि सत्ययुग सुरु हुने पारम्परिक हिन्दु विश्वासप्रति साथै युटोपियन ख्रिस्टेली मिलेनियम (भावी सुवर्णयुग) प्रति रत्तिभर चासो नरहेको पनि संकेत गरिदिएका छन् । यसो हेर्दा निहिलिस्टजस्तो लागे पनि कवि अविनाश विनाशवादीचाहिँ पटक्कै होइनन् यसलाई कविताका अघिल्ला अंशहरूले पर्याप्त प्रमाणित गर्छन् । 'उदारता, सदाशयता, मानवता' जस्ता मानवीय सद्गुणहरूप्रतिको तीव्र चाहना निहिलिज्मको सीमारेखादेखि कोसौं टाढा पर्छ । वास्तवमा यो महाप्रलय अनि महाशून्यको काव्यिक अलंकार पृथ्वी तथा प्रकृतिमाथि 'सभ्य' मानिसहरूले गरिरहेको असंवेदनशील अविवेकी कृत्यविरुद्ध कविको मनमा उठेको विराट वैरोध्यको चरम रूप मानिन्छ ।

## 9.4 साहित्यमा परिवेश विमर्शको प्राप्ति

विधिको अकृत्रिम अनुपम सिर्जना, सम्वेदनशील अनि हरियालीयुक्त वन - जंगल, पशु - पक्षी, कीट - पतङ्ग, खोला - नाला, पहाड -

कन्दरा, समतल, मरुभूमि, ऋतुचक्र आदि तथा पृथ्विमा यिनको अस्तित्व, व्यवस्था र सञ्चालन प्रक्रियालाई हामीसाधरणतःप्रकृतिभन्दछौ प्रकृति आफैमा पूर्ण र परिवर्तनशील पनि छ । वास्तवमा दृष्टिगोचर वस्तुहरूलाई हामी प्रकृति भन्दछौं । मानव निर्मित वस्तु वा संरचनाबाहेक संसारमा जे -जति पनि हामी देख्छौँ वा चाल पाउँछौँ, त्यसको समग्रता नै प्रकृति हो।

प्रकृति आफैँमा पूर्ण र परिवर्तनशील छ । तर यसमा भइरहेका सूक्ष्म परिवर्तनका एकाइहरूलाई हामी उपेक्षा गरिरहेका हुन्छौँ तर यसको परिवर्तनशील संस्कृति नै वास्तविक प्रकृति हो । परिवर्तनशील संस्कृति भन्नाले पारिस्थितिक प्रणाली वा एकाइ बुझिन्छ । वास्तवमा सम्पूर्ण पृथ्वी नै एक बृहत् पारिस्थितिक प्रणाली हो र मानवमा पनि यस एकाइको एउटा आवश्यक अङ्ग हो । प्रकृति मानवद्वारा निर्मित कुनै कला वा वस्तु होइन । अतः मानवका लागि प्रकृति एउटा आदर्शको प्रतिरूप हो, जसको क्षेत्र अत्यन्तै व्यापक छ । मूलतः प्रकृतिका पाँच तत्वहरू आकाश, वायु, अग्नि, जल र पृथ्वीका उचित मात्राकै रासायनिक मिश्रणबाट शरीर अथवा ब्रम्हाण्डको रचना भएको कुरा उपनिषद्हरूलमा बताइएको छ । यसबाट प्रकृति अनि मानवको निकटतम सम्बन्ध प्रमाणित हुन्छ ।

प्रकृतिका विविधरूप छन् भने मानवले भिन्न - भिन्नै दृष्टिकोणले प्रकृतिको अवलोकन गर्दै आफ्नो जीवनलाई समृद्ध एवम् सम्पन्न बनाउँदै आइरहेको छ । प्रकृतिलाई अङ्ग्रेजीमा नेचर भनिन्छ । ल्याटिन भाषाबाट अङ्ग्रेजीमा हुँदै आएको यो नेचर शब्दको अर्थ एसेन्सियल क्वालिटिज अर्थात् आवश्यक तत्त्व वा गुण भन्ने हुन्छ । ल्याटिनमा पनि यो शब्द ग्रिसेली भाषाको फिसिस् शब्दको

Notes

अनुवाद हो । जसको अर्थ ग्रीसमा वनस्पति, पशु - पक्षी आदिसँगको सम्बन्ध भन्ने बुझिन्छ । प्रकृति भन्नाले त्यस्ता विषय - वस्तु आदिलाई बुझिन्छ, जसको निर्माणमा मानिसको कुनै हस्तक्षेप चल्दैन । त्यसैले कृत्रिमताका विपरित वास्ताविकता नै प्रकृति हो अनि प्रकृतिबाट हामीले प्राप्त गर्न सकिने स्वच्छ हावा, पानी, वातावरण आदि नै परिवेश वा पर्यावरण हो । प्राकृतिक अथवा पर्यावरणीय दृष्टिकोणले साहित्यलाई विश्लेषण गर्नु नै **परिवेश – विमर्श** हो । यसलाई अङ्ग्रेजीमा इकोक्रिटिसिज्म भनिन्छ ।

पिटर बेरीले परिवेश विमर्शलाई ग्रीन स्टडिज भनेका छन् । यसको सैद्धान्तिक रूपमा घोषणा चेरिल ग्लटफेल्टी र हाओंड फोर्मद्वारा सन् 1996 मा सम्पादित **दि इकोक्रिटिसिजम् रिडर : ल्यान्डमार्क इन लिट्रेरी इकोलजी**बाट भएको हो । तर इकोक्रिटिसिज्म् शब्दकै प्रयोग चाहिँ अमेरिकेली समालोचक विलियम रुएक्रेटले सन् 1978 मा गरेका थिए भन्ने रिचर्ड् कार्डिजको विचार रहेको छ । परिवेश विमर्श उत्तर - आधुनिक चेतनाले खोलेको एउटा नवीतम् पथ हो । यसमा प्रकृति - पर्यावरणको संरक्षण विषयमा प्रकारान्तर रूपले विचार - विमर्श गरिन्छ । समाज, संस्कृति, साहित्य, धर्म, नारी , राजनीति आदिको पर्यावरणसँगको सम्बन्धलाई सूक्ष्मतापूर्वक अवलोकन गरिनाका साथै यी विषयहरूले प्रकृतिलाई कसरी प्रभावित तुल्याइ रहेका हुन्छन् अनि प्रतिक्षण पर्यावरणमा भइरहेको परिवर्तनलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर खोज्नु परिवेश विमर्शको लक्ष्य हो । मूलतः साहित्यमा प्राकृतिक जलवायु वा पर्यावरणको समस्याको प्रतिपादन के कस्तो रूपमा भएको छ भन्ने विषयबारे परिवेश विमर्शले चर्चा गर्दछ ।

लेन् व्हाइटको मतअनुसार पश्चिमका इसाईहरूले मानव अनि प्रकृतिलाई अलग गराएर द्वैतवादसुरु गरेको देखिन्छ । पुराना धार्मिक विश्वासीहरू रुख, हावा, पानी, पशु आदिमा ईश्वरीय वास भएको देख्तथे । तर आधुनिक इसाई मतले यस विश्वासका प्रकृतिको प्रयोग निजी स्वार्थसिद्धि हेतु प्रयोग गर्न थालेको प्रतीत हुन्छ । फलस्वरूप दिन - दिनै प्रकृति चरम मानव उपभोगको साधन बन्दै गयो । प्रकृतिप्रतिको यस्तै शोषणका विरोधमा ग्रिनपिसजस्ता पर्यावरणवादी आन्दोलन सुरु भएको पाइन्छ । पर्यावरणीय संरक्षणका लागि यसप्रकारका आन्दोलनहरू विगत चार – पाँच दशकदेखि निरन्तर रूपमा चल्दै आइरहेका देखिन्छन् । यसलाई परिवेश विमर्शको मूल प्राप्ति मान्न सकिन्छ । दुई - चार दशकदेखि पर्यावरणप्रति चिन्तित हुने पाश्चात्य देशका विद्वानहरू भन्दा हजारौं वर्ष अघिका वैदिक ऋषिमुनिहरू प्रकृतिप्रति अधिक सचेत थिए । सामाजिक, सांस्कृति, धार्मिक, आर्थिक सबै प्रकारका विषयका लागि उनीहरू प्रकृतिमाथि आश्रित रहन्थे । तत्कालीन साहित्यमा प्रकृतिप्रति प्रेम, सम्मान, संरक्षणको भावका साथै पारिस्थितिक प्रणालीमाथि विशेष आस्था रहेको देखिन्छ । हजारौं वर्ष अघि लेखिएका वैदिक ग्रन्थहरूमा प्रकृति नै मुख्य विषय रहेको पाइन्छ ।

प्रकृतिबारे मानिसमा हुनुपर्ने सचेतता अनि यसको महत्त्वलाई वैदिक वाङ्मयमा यथेष्ट सूक्ष्म रूपमा अङ्कित गरिएको पाइन्छ । श्रीमद्भागवत गीतामा प्रकृति अनि मानवको पारिस्थितिक सम्बन्धलाई यस प्रकारले वर्णन गरिएको छ :

**अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः।**

**यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्म समुद्भवः ।। 3/14**

अर्थात् सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुँदछ अनि अन्नको उत्पति वर्षाबाट हुँदछ । त्यसैले यज्ञ गर्नाले वर्षा हुन्छ अनि यज्ञ विहित कार्यद्वारा हुँदछ । यसरी वैदिक वाङ्मयहरूमा प्रकृति अनि मानव पारिस्थितिक सम्बन्धलाई वर्णन गरिएको पाइन्छ । वैदिक परम्परा अथवा हिन्दु जीवन शैलीमा प्रकृतिलाई ठुलो महत्त्व दिइन्छ । हिन्दु विश्वासमा पर्यावरण वा प्रकृतिको संरक्षण गर्नुपर्ने धारणा आधुनिक मात्र होइन । आजको आधुनिक समाज निर्माण हुनुभन्दा धरै वर्षअघिको प्रागैतिहासिक कालदेखि नै ऋषि - महर्षिहरूले प्रकृतिलाई पूज्य र वन्दनीय मानेर त्यसको रक्षा गर्दै आइरहेका थिए । अतः वैदिक संस्कारमा प्रकृति पूजनलाई सर्वाधिक महत्त्व दिइएको छ । मानवले मानवेतर वस्तुहरू साथै खोला – नाला, वन - जंगल आदिसँग समन्वय राखेर नियमित रूपले सृष्टि सञ्चालनमा प्रकृतिलाई सहयोग गरिरहेको हुन्छन् । पृथ्वीलाई आमाको स्थानमा राखेर पुजा गरिने हुनाले घर, मन्दिर वा कुनै पनि मठ आदि निर्माण गर्न अघि धरतीको पूजा गरिन्छ, जसलाई भूमि पूजन भनिन्छ । घर, मन्दिर आदि बनाउँदा पृथ्वीलाई लाग्ने चोट वा ऊमाथि हुने हिंसात्मक कार्यको लागि क्षमा माग्नका लागि भूमि पूजन गरिएको हो । यसले प्रकृति अनि मानवको आन्तरिक भावनात्मक सम्बन्धमाथि प्रकाश पार्दछ । यसरी गहन पारिस्थितिक दृष्टिकोणबाट पर्यावरण, मानव अनि साहित्यको गहन अध्ययन गरिन्छ ।

परिवेश - विमर्शात्मक दृष्टिकोणले गरिने साहित्यावलोकनमा गहन पारिस्थितिकी प्रणाली पनि एउटा महत्त्वपूर्ण अंश हो । परिवेश एवम् पर्यावरण विमर्श सम्बन्धी उपर्युक्त कुराका आलोकमा नेपाली

साहित्यमा विशेष कवि लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्यमा मानव – प्रकृतिको सम्बन्ध अभिव्यक्ति भएको पाइन्छ । लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्य प्रकाशित हुनअघि **माधवी** पत्रिका (सन्1908) -मा उनको 48 पद्यको **वर्षाविचार** कृति छापिएको थियो । त्यसको आठ वर्षपछि सन्1916 मा वर्षाविचारसँगै अरू पाँचवटा ऋतु विषयक कविताहरूलाई पनि थपेर सिङ्गो खण्डकाव्य ऋतुविचार प्रकाशित भएको हो । त्यसपछि सन् 1935 मा परिमार्जित, संशोधित रूपमा यसको दोस्रो संस्करण छापिएको देखिन्छ । **ऋतुविचार** खण्डकाव्यमा लेखनाथ पौड्यालको प्रकृति चेतना र चिन्तन व्यञ्जित भएको छ । समालोचक बासुदेव त्रिपाठीले यस खण्डकाव्यलाई प्रकृति काव्य भनेका छन् साथै यस काव्यमा नैतिक – आध्यात्मिक प्रतिच्छविसहित लेखनाथको सूक्ष्म प्रकृति - पर्यवेक्षण प्रकट भएको छ भन्ने विचार पनि व्यक्त गरेका छन् ।

**ऋतुविचार** खण्डकाव्यमा कविले प्रकृतिका विविध रूपको काव्यात्मक वर्णन गरेका छन् । प्रकृतिको वर्णनसँगै प्रकृतिमा हुने परिवर्तन अनि त्यसका कारणहरूको पनि सूक्ष्मअवलोकन गरेका छन् । ऋतुहरूमाथि चिन्तन गरिएको यस खण्डकाव्यमा ऋतुचक्रसँगै मानवीय साथै मानवेतर जीवन पनि सञ्चालित भइरहेको हुन्छ र मान्छे जैवकेन्द्री परिवेश र परिस्थिति चक्रमा घुमिरहेको हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । कविले पर्यावरण प्रदूषित हुँदै गएको अनि ऋतुचक्रमा पनि प्रदूषणले प्रभाव पारेको देखाएका छन् । कवि भन्छन् :-

**दीपका बीचमा मैलो धुवाँ झैं गुप्त भैकन ।**
**अली अली चढेको छ दिनमा धमिलो – पन**
**।। वसन्तविचार 21**

उन्नाईसौं शताब्दीदेखि प्रायः सम्पूर्ण देशहरूले प्रगतिको मार्गमा पाइला राख्न थालेको देखिन्छ । औपनिवेशिक देशहरूमा पनि औद्योगीकीकरण सुरु भइसकेको हुनाले वायुमण्डल विस्तारै प्रदूषित हुन थालेको कविले निश्चय नै अनुमान गरिसकेका थिए । धुँवा - धुलोले अर्थात तुवाँलोले परिवेशमा ल्याएको धमिलोपन देखेर वसन्तको सौन्दर्य वर्णन गर्ने क्रममा कविले प्रकृति अनि मानवलाई एक अर्काका परिपूरक मानेका छन् । अतः दुवैको पारस्परिक सम्बन्धले नै सृष्टिचक्र आफ्नो गतिक्रममा चलिरहेको हुन्छ । मानवले गरेका प्रकृति प्रतिकूल कार्यहरूबाट पर्यावरणमा व्यापक प्रभाव परिरहेको छ । त्यसैले आफैलाई केन्द्री गरी सृष्टिलाई नियन्त्रण गर्नु खोज्ने मानिसको नृकेन्द्री विचार परिहार्य छ । प्रकृतिका प्रत्येक विषय - वस्तु आदिले मानवीय जीवनमा सहयोग पुर्याइरहेका हुन्छन् । वस्तुतः सन्तुलित गतिविधिपूर्वक मान्छेले पनि प्रकृतिलाई समानुपातिक सहयोग पुर्याउनु अपेक्षित छ अनि प्राकृतिक वस्तुहरूले पनि यसैतर्फ सङ्केत गरिरहेका हुन्छन् ।

ऋतुविचारमा कविले ऋतुचक्रलाई मानवीय संस्कृति अनि जीवनसँग तुलना गर्दै सर्वेक्षण गरेका छन् साथै जीवन अनि प्रकृतिका सारगर्भित रहस्यहरूको उद्घाटन पनि गरेका छन् । वैश्विक उष्मायणले पर्यावरणमा भइरहेको असन्तुलनका साथै ऋतुचक्रमा फेरबदल भइरहेको तथ्यतर्फ कविले सङ्केतीकरण गरेको पाइन्छ । ग्रीष्म, वर्षा, वसन्त वेग्ला – वेग्लै लाग्न थालेको छ । फुल फुल्ने ऋतुमा डढेलो लाग्दै गरेको हुन्छ अनि जाडाले कठ्याङ्ग्रिने समयमा ढकमक्क फुल फुलि रहेको देखिन्छ । यसरी अस्वाभाविक ऋतु परिवर्तनबाट हाम्रो समाज, संस्कृति आदिमा पनि प्रभाव परिरहेको छ

। प्रदूषित पर्यावरणले समाज, संस्कृति अनि जीवनलाई प्रभाव पारेका तथ्यहरू ऋतुविचारमा पाइन्छ । प्रकृतिमा हरेक कुरा अप्रत्यक्ष रूपमा विस्तारै परिवर्तन भइरहेको हुन्छ अनि त्यही परिवर्तनले अवश्यै भविष्यका लागि दुष्परिणामहरू बोकेर आउने सम्भावित लक्षणहरू ऋतुविचारमा व्यक्त छ । उदाहरण -

**जल शुक्तै गयो सारा पृथ्वीबाट घरी – घरी ।**

**कराल कलिले गर्दा धर्मको महिमा सरी ।। ग्री. वि. 16**

**पहिले वन गर्मीले उसिलेको समान छ ।**

**डढेलो उसमा फेरी दुःखको के बयान छ ? ।। ग्री. वि. 67**

मानवीय क्रियाकलापद्वारा नै प्राकृतिक वातावरणमा परिवर्तन भएको प्रत्यक्ष छ । यो महाविनाशको प्रत्यक्ष सङ्केत हो । अतः प्रकृतिको विनाश नै मानव सभ्यताको पनि विनाश हो । सहरीकरणले अब गाउँ - घरका प्राकृतिक स्रोतहरू सकिँदै गएको देखिन्छ । वन – जङ्गल विनाश हुँदै गयो, डढेलाले पलाउँदै गरेका विरुवाहरू पनि नाश हुन थाले । विज्ञानको प्रगति मानवका लागि लाभदायक भए तापनि प्रकृतिको लागि चिन्तादायक प्रतीत भएको छ ।

परिवेश विमर्शसित सम्बन्धित शब्द **इकोलजी** पनि हो । 'इकोलजी' ग्रिसेली भाषाको ओइकस (oikos) शब्दमा लजी (logy) प्रत्यय जोडिएर बनिएको शब्द हो । **ओइकस**को अर्थ घर - गृहस्थी, कुटुम्ब, परिवार भन्ने बुझिन्छ भने **लजी** शब्दले अध्ययन गर्नु भन्ने बुझिन्छ । यसैले 'इकोलजी' शब्दको व्युत्पतिगत अर्थ पृथ्वीमा भएका जीव, निर्जीव सम्पूर्ण वस्तु, प्राणीहरूको कुटुम्बगत वा पारिवारिक अध्ययन गर्नु भन्ने बुझिन्छ । यसैलाई नेपालीमा पारिस्थितिकी वा परिस्थिति विज्ञान भनिन्छ । आज वस्तुका बाहिरी गुण, रूप, रङ्ग आदि विभिन्न भए तापनि ती सबैभित्र निहित

Notes

जीवन - सौन्दर्यको ज्योति भने सबैमा समान रूपले रहोको छ । यो प्रकृतिको गहन रहस्य र अनुपम कला नै हो । प्रकृतिले मानवीय सम्वेदना अनि मानसिकतालाई पनि आफ्नो प्रभावमा राख्दछ । मान्छेले नै प्रकृतिको काखमा निर्धक्कसँग आनन्द उठाउँछ तर फेरि त्यही प्रकृतिको खती पनि गरिराखेको हुन्छ । विवेकशील प्राणी भनिए तापनि मानिस प्रकृतिद्वारा नै निर्मित भएको हुनाले यसैमा आश्रित हुनु उसको नैसर्गिक बाध्यता हो । ऊ प्रकृति भन्दामाथि र त्यसबाट मुक्त हुन सक्तैन । त्यसैले मानिस प्रकृतिको सूक्ष्म निकाय मात्रै हो । यसैले आफूलाई केन्द्रीय सत्ता मानी प्रकृतिलाई आफ्नो उपभोगका निम्ति बनेको साधन मात्र ठान्ने मानिसको नृकेन्द्री जीवन - दृष्टि र सिद्धान्तको विरोध गर्नु परिवेश विमर्शको मुल ध्येय पनि हो ।

प्रकृतिकाजीव,वनस्पतिहरूसँग हामी जीवनको अधिकांश समय बिताउँछौं।त्यसैले यो प्रकृति मानवका लागि मात्रै होइन, मानवेतर पशु - प्राणी, वनस्पति आदिको पनि यसमा उत्तिकै अधिकार छ । जन्मदेखि मृत्युसम्ममा पनि मानिसले प्रकृतिलाई कुनै यस्तो वस्तु बनाएर दिन सक्तैन, जसले प्राकृति कार्यहरूमा सहयोग पुग्दछ । तर प्रकृतिका हरेक विषय - वस्तुहरूको उपभोग मानिसहरूले गरिरहेका हुन्छन् । त्यसैले मानिस उपजीवी हो, उपभोक्ता हो । प्रकृतिबाट उपकृत भएर नै उसको अस्तित्व बाँचेको छ । वस्तुतः प्रकृतिमा केन्द्रित भई मान अनि मानवेतर वस्तुहरू जीवनचक्रमा परिक्रमा गरिरहेका हुन्छन् साथै एका - अर्काका परिपूरक बनी सृष्टि सञ्चालनमा सहायक भूमिका निर्वाह गरिरहेका हुन्छन् । मानिसका सुख - दुख प्रकृतिमा नै निर्भर रहेका हुन्छन् ।प्रकृतिले मानवको

मात्रै नभएर आफ्नो परिधिभित्र पर्ने सबै वस्तुहरूको मङ्गल गर्दछ । यसले मानिसबाट पनि आफ्नो अनुकूल व्यवहारको अपेक्षा राख्दछ । आफ्ना अनुकूल वातावरणमा पशु - प्राणी र वनस्पतिले प्राकृतिक कार्यहरूको संयोजनमा सहयोग गरिरहेका हुन्छन् । यसरी मानव, मानवेतर जीव अनि वनस्पति आदिको संयोजनात्मक कार्यको फलस्वरूप पारिस्थितिक प्रणाली सन्तुलित ढङ्गमा चलिरहेको हुन्छ भने वसन्तदेखि शिशिर ऋतुसम्म चल्ने प्राकृतिक परिवर्तनले मानवीय अनि मानवेतर दुवै थरी जीवनमा परिवर्तन ल्याइरहेको हुन्छ । यसरी हेर्दा प्रकृति एउटा विशाल पारिस्थितिक प्रणालीको रूपमा देखिन्छ ।

मानव प्रकृतिको सूक्ष्म निकाय हो अनि प्रकृतिको विशालता उसका निम्ति अगम्य छ । यसको आफ्नै आन्तरिक मूल्य छ । यसैले परिवेश विमर्शमा मानिसलाई स्थूल जगतका कृत्रिम कुराहरूलाई नलिएर प्राकृतिकता र हृदय ग्राहितातिर उन्मुख बन्ने साझा सन्देशहरू पनि अभिव्यक्ति भएको हुन्छ । गहन पारिस्थितिक आलोचकहरूको भनाई अनुसरा - मानवले प्रकृतिलाई छुने कुनै अधिकार छैन । न त प्रकृतिलाई माया गर्ने अधिकार छ, न त्यसको विनाश गर्ने नै अधिकार छ । प्रकृति एउटा छुट्टै विराट् र विशिष्ट सत्ताको निकाय हो अनि मानिस त्यस प्रकृतिभित्रको अझ सूक्ष्म निकाय हुन् । त्यसैले मानव प्रकृति केन्द्री रहेर नै कृतार्थ भएको हुन्छ । प्रकृतिको सम्बन्ध अनादि र अनन्त सत्तासँग रहेको हुन्छ । वैदिक महर्षिहरूलाई यसको विशेष ज्ञान थियो । उनीहरू प्रकृतिको महिमा अपारलाई जान्दथे, बुझ्दथे । प्रकृति र पारिस्थितिकी सापेक्ष ज्ञानलाई नै वास्तविक ज्ञान भनेर उनीहरू मान्दथे । यसैले प्रकृतिको काखमा नै काव्य सिर्जना भयो अनि

त्यसलाई पात, छाला, ढुङ्गा आदि प्रकृति प्रदत्त वस्तुमा नै लिपिबद्ध गरियो । महाज्ञानी पण्डित आदिले पनि मोक्षको ज्ञान प्रकृतिकै आश्रयमा पाए । उदाहरणको निम्ति हामी भगवान् बुद्धलाई लिन सक्छौं ।

प्रकृति जीवनको कारण, कारक र कार्य तत्त्व समेत हो भन्ने रहस्यलाई कवि, साहित्यकारहरूले पत्तो लगाएका छन् । उदाहरणको निम्त हामी लेखनाथ पौड्यालको **ऋतुबिचार** खण्डकाव्यलाई लिन सक्छौं । लेखनाथले यस काव्यमा यसै सत्यतर्फ यसरी सङ्केत गरेका छन् :-

**ऋषि झैं गरदै गुद्ध मञ्जरीमय भोजन ।**
**रातैमा कोइली लाग्यो स्वर्गीय सुर साधन ।। व. वि, 67 ।**
**अघीका वेद - विज्ञात ऋषिको झैं मनोहर ।**
**लाखौं चरा - चुरूङ्गीको सुनिन्छ मधुर स्वर ।। व. वि, 74 ।**

यस काव्यमा ग्रीष्मऋतुको जुन बिम्ब आँखा अघि आउँछ, त्यो अब आउने समयका सारा ऋतुहरूको साझा अनुहारको सङ्केतक स्वरूप छ । त्यसैले सम्पूर्ण वस्तु आदि नष्ट भएर हुने चकमन्नता, शून्यता पनि शान्ति नै हो तर त्यस शान्तिलाई मृत शान्ति भनिन्छ । हाम्रा भावी सन्ततिले यही मृत शान्तिको वातावरण पाउने छन् सजीव शान्ति वा प्रकृतिको स्मृतिसम्म पनि उनीहरूले पाउन गाह्रो छ । यसैकारणले गर्दा मानवले अब लोभ अनि लालचको भावनालाई त्यागेर प्रकृतिप्रतिको आफ्नो जिम्मेवारीलाई पुरा गर्ने ज्ञानमय भावनालाई उद्दीप्त गर्नु पर्दछ । पर्यावरणबारे हामी मानिसले आत्मालोचना गर्नु पर्दछ ।

गहन पारिस्थितिकी पूर्णरूपले जैवकेन्द्री सिद्धान्त हो, मानवको नृकेन्द्री भावना भ्रमित कल्पना मात्र हो । प्रकृतिमा मानव अनि मानवेतर जीवन कसरी सम्पन्न भइरहेको छ ? कुन रहस्यले

सम्पूर्ण विषयलाई समन्वित बनाएर राखेको छ ? भन्ने जस्ता गहन पारिस्थितिकीय प्रश्नहरूको उत्तर अबको मानिस र साहितय दुवैले प्रकट गर्नु पर्दछ । उचित प्राकृतिक पर्यावरण बिना मानवको अस्तित्व गहिरो सङ्कटमा पर्नेछ । त्यसबाट निस्तारका निम्ति परिवेश - विमर्श एउटा नयाँ चिन्तनको बाटो हो । यस अन्तर्गत गहन पारिस्थितिकी आज मानवीय क्रिया - कलापद्वारा क्षतिग्रस्त भएको देखिन्छ । प्रकृति अनि मानव – निर्मित विभीषिकाले गर्दा अस्तायमान देखिन्दै छ । यसैले मानव अस्तित्वलाई बचाउँनका लागि पर्यावरण केन्द्रित विचारलाई अग्रभूमिमा ल्याउने एउटा प्रमुख उपायका रूपमा **परिवेश विमर्श** प्रतिपादित छ ।

हुन त मानिसलाई अनेकौं रहस्यले परिपूर्ण प्रकृतिको गर्भमा उत्रनु गाह्रो कुरा हो । तथापि दूरदर्शिताले मानवद्वारा विध्वंस हुन लागेको प्रकृतिको पुनर्निर्माणका लागि उपयोगी दिग्दर्शन अबको साहित्यले प्रस्तुत गर्नु सक्नुपर्दछ । पारिस्थितिकीले प्रकृति, मानव अनि मानवेतर वस्तुहरूको चक्रलाई विश्लेषण गर्दछ । यसो गरेर यसले यिनीहरूको एक अर्कामाथिको निर्भरता र आवश्यकताहरूको जीव वैज्ञानिक अध्ययन पनि गर्दछ । यसै पारिस्थितिक चक्रलाई अझ गहिरोसँग अध्ययन गर्ने प्रणाली नै वास्तवमा गहन पारिस्थितिकी हो ।

ऋतुचक्रको परिवर्तन वस्तुतः पारिस्थितिक चेतनाको प्रस्तुति हो अनि यस ऋतुचक्रद्वारा हुने जीवनचक्रको परिवर्तन र समाज, संस्कृति अनि धर्म आदिमा परेको प्रभावबारे गरिने अध्ययन र लाक्षणिक प्रस्तुति गहन पारिस्थितिकीय प्रस्तुति हो । प्राकृतिक क्रियाअनुसार पानी पर्छ, खेत सिञ्चित हुन्छ, त्यसको खन - जौत हुन्छ, अन्न पाक्छ अनि त्यसले मानिसको जीवन चल्छ । यो स्थूल चक्र हो । यसभन्दा अलि गहिरो रूपमा हेर्दा वर्षाऋतुले खेत सिञ्चित हुन्छ,

खेतमा बिउ रोपिन्छ र अन्न पाक्छ तर त्यस खेतमा अन्नबाली खाने मुसा, भ्यागुता, किरा - फट्याङ्ग्रा, चरा, गाई सबै नै हुन्छन् ।मानव सँगसँगै त्यहाँ प्रकृतिले अरू मानवेतर प्राणीहरूलाई पनि पारिस्थितिक प्रणालीअनुरूप घुमाइरहेको हुन्छ । अब यसभन्दा अझै गहिराइमा चिन्तन गर्दा, वसन्तमा नै फुल किन फुल्दछ ? वर्षा त्रृतुमा मात्र जाडो किन हुन्छ ? कुन त्यस्तो निकायले यस्तो परिवृत्तीय सिर्जना गर्दछ ? भन्ने जस्ता प्रश्नहरू उठ्तछन् अनि गहन पारिस्थितिकीमा उत्तर भन्दा प्रश्नहरू अधिक गहिकिला भएर गहिरिँदै जान्छन् । यसैले मानवीय सत्तादेखि पर प्रकृति अनि प्रकृतिभन्दा वृहत्तर सत्ताले नै जगत् सञ्चालन गरेको देखिन्छ ।

मूलत: परिवेश विमर्शले मानवलाई मनोवैज्ञानिक तहमा प्रकृतिका नजिक ल्याउने प्रयास गर्दछ । प्रकृति, ऋतु , समय आदिमा हुँदै गरेको अस्वाभाविक परिवर्तनमा मानवलाई सचेत हुने र एकबद्ध हुने प्रेणात्मक कार्य पनि यसले गरेको प्रतीत हुन्छ । यसले प्रकृतिको हरियो विचारलाई खोज्ने सदैव प्रयास गरिरहन्छ । भनौं मानव र प्रकृतिको निकटस्थ सम्बन्धमाथि निरीक्षण गर्ने कार्य परिवेश विमर्शले गर्दछ । नारीवादले नारी उन्मुक्तिको आवाज लिएर अघि बढिरहेको देखिन्छ भने पारिस्थितिक नारीवाद (इकोफेमिनिज्म्) -ले नारी अनि प्रकृतिको भावनात्मक र निकटस्थ सम्बन्ध रहेको तथ्यलाई उद्घाटन गरेको देखिन्छ ।परिवेश - विमर्शमै मुख्य रूपले केन्द्रित साहित्यले वस्तुतः परिस्थिति वैज्ञानिक अध्ययनको अपेक्षा राख्तछ । मानिसको आफ्नो जीवनप्रतिको जुन मोह छ, आफ्नो अस्तित्वप्रति जुन आग्रह छ, त्यसलाई सदैव अखण्ड र अक्षुण्ण राख्ने हो भने प्रकृतिको संरक्षण, प्रकृति प्रेम र पर्यावरणप्रतिको जागरुकता अत्यन्तै महत्त्वपूर्ण

विषय हो । स्वच्छ प्रकृति र परिवेशमा नै उत्तम जीवन यापन हामी मानवले गर्न सकिन्छ ।

## 9.5 उपसंहार

परिवेश विमर्शलाई अङ्ग्रजीमा इको – क्रिटिसिज्म (Eco – Criticism) भनिन्छ । नेपालीमा यसलाई कसैले पर्यावरण साहित्य, परिवेश साहित्य, हरित साहित्य, परिवेश अध्यय, प्रकृति साहित्य भनेको पाइन्छ । तथापि सुहाउँदो नाम भने परिवेश विमर्श नै हो । यसलाई यथार्थवादकै एउटा पक्ष मानिने गरिन्छ । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ ।

पर्यावरणीय चिन्ता र चिन्तनले साहित्य सिर्जनामा साठीको दशकदेखि नै सचेततापूर्वक भूमिका खेल्न थालेको भए पनि एक विशिष्ट विमर्शकै रूपमा पारिस्थितिकीय सौन्दर्यचेत उपस्थित भएको भने ढाईतीन दशकभन्दा / बढी भएको छैन । समकालीन साहित्यमा पर्यावालोचना विविध क्षेत्र समेटेको विमर्श हो । प्रकृति भन्नाले त्यस्ता विषय - वस्तु आदिलाई बुझिन्छ, जसको निर्माणमा मानिसको कुनै हस्तक्षेप चल्दैन । त्यसैले कृत्रिमताका विपरित वास्ताविकता नै प्रकृति हो अनि प्रकृतिबाट हामीले प्राप्त गर्न सकिने स्वच्छ हावा, पानी, वातावरण आदि नै परिवेश वा पर्यावरण हो । प्राकृतिक अथवा पर्यावरणीय दृष्टिकोणले साहित्यलाई विश्लेषण गर्नु नै **परिवेश – विमर्श** हो । यसलाई अङ्ग्रेजीमा इकोक्रिटिसिज्म भनिन्छ ।

आधुनिकतावादी साहित्यमा परिवेश विमर्ण प्रवृति लेखन विशेष रूपमा भएको पाइन्छ । आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै

अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् । यस्ता प्रवृति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा ध्रुवचन्द्रको **जेलिएको**, **उपसंहार अर्थात् चौथो अन्त्य,** कृष्ण धारावासीको **टुँडाल**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, सरुभक्तको **समय त्रासदी**, सीता पाण्डेको **अन्तद्र्वन्द्व**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, राजेन्द्र थापाका **खेलौना, द्रौपदी**, अनुपम रोशीका **कुमारी आमा, नाङ्गो मान्छे** आदि पर्दछन् ।

परिवेश विमर्शलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ । वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ । औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो । मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना भएका हुन्छन् । यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन् ।

प्रकृति र मानिसको सम्बन्धलाई लिएर अध्ययन गरिने साहित्यको नयाँ अवधारणालाई परिवेश विमर्श भनिन्छ । मूलरूपमा प्रकृति र यसका वरिपरिका विषय सम्बन्धी चिन्तनलाई अघि सार्दै मानिससितको अन्तस सम्बन्धलाई अध्ययन गर्नु नै परिवेश विमर्श हो । यस्ता साहित्य अधिकांश समालोचना प्रकृतिको केन्द्रीयतामा लेखिने गरिन्छ ।

## 9.6 सार

यस प्रखण्डमा **साहित्यमा परिवेश विमर्शको स्थान एवम् प्राप्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ -

- ❖ परिवेश विमर्शलाई अङ्ग्रजीमा इको – क्रिटिसिज्म (Eco – Criticism) भनिन्छ ।
- ❖ नेपालीमा यसलाई कसैले पर्यावरण साहित्य, परिवेश साहित्य, हरित साहित्य, परिवेश अध्यय, प्रकृति साहित्य भनेको पाइन्छ । तथापि सुहाउँदो नाम भने परिवेश विमर्श नै हो ।
- ❖ यसलाई यथार्थवादकै एउटा पक्ष मानिने गरिन्छ । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ ।
- ❖ आधुनिकतावादी साहित्यमा परिवेश विमर्ण प्रवृति लेखन विशेष रूपमा भएको पाइन्छ ।
- ❖ आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान

हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् ।

- ❖ परिवेश विमर्शलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ।
- ❖ वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ ।
- ❖ औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो।
- ❖ मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना भएका हुन्छन् ।
- ❖ यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन् ।
- ❖ प्रकृति र मानिसको सम्बन्धलाई लिएर अध्ययन गरिने साहित्यको नयाँ अवधारणालाई परिवेश विमर्श भनिन्छ ।
- ❖ मूलरूपमा प्रकृति र यसका वरिपरिका विषय सम्बन्धी चिन्तनलाई अघि सार्दै मानिससितको अन्तस सम्बन्धलाई अध्ययन गर्नु नै परिवेश विमर्श हो । यस्ता साहित्य अधिकांश समालोचना प्रकृतिको केन्द्रीयतामा लेखिने गरिन्छ ।

- उचित प्राकृतिक पर्यावरण बिना मानवको अस्तित्व गहिरो सङ्कटमा पर्नेछ । त्यसबाट निस्तारका निम्ति परिवेश - विमर्श एउटा नयाँ चिन्तनको बाटो हो ।
- यस अन्तर्गत गहन पारिस्थितिकी आज मानवीय क्रिया - कलापद्वारा क्षतिग्रस्त भएको देखिन्छ । प्रकृति अनि मानव – निर्मित विभीषिकाले गर्दा अस्तायमान देखिन्दै छ । यसैले मानव अस्तित्वलाई बचाउँनका लागि पर्यावरण केन्द्रित विचारलाई अग्रभूमिमा ल्याउने एउटा प्रमुख उपायका रूपमा **परिवेश विमर्श** प्रतिपादित छ ।
- हुनतमानिसलाईअनेकौं रहस्यले परिपूर्ण प्रकृतिको गर्भमा उत्रनुगाह्रो कुरा हो ।तथापि दूरदर्शिताले मानवद्वारा विध्वंस हुन लागेकोप्रकृतिको पुनर्निर्माणका लागि उपयोगी दिग्दर्शन अबको साहित्यले प्रस्तुत गर्नु सक्नुपर्दछ ।
- पारिस्थितिकीलेप्रकृति,मानव अनि मानवेतर वस्तुहरूको चक्रलाईविश्लेषणगर्दछ।यसोगरेर यसले यिनीहरूको एक अर्कामाथिको निर्भरता र आवश्यकताहरूको जीव वैज्ञानिक अध्ययन पनि गर्दछ ।
- यसै पारिस्थितिक चक्रलाई अझ गहिरोसँग अध्ययन गर्ने प्रणाली नै वास्तवमा गहन पारिस्थितिकी हो ।

यस प्रखण्डको अध्ययनले **साहित्यमा परिवेश विमर्शको स्थान एवम् प्राप्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । परिवेश विमर्शको परिचय र यसको स्वरूप साथै प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 9.7 अनुशीलनी

1. परिवेश विमर्शको अवधारणाबारे चर्चा गर्दै यस प्रवृत्तिमा लेखिएको साहित्यलाई  सविस्तार चर्चा गर्नु होस् ।

2. परिवेशको अर्थ सम्बन्धि उल्लेख गर्दै परिवेश विमर्शबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3.  साहित्यमा परिवेश विमर्शको महत्त्व, मूल्य र उपयोगिता के कस्तो रहेको देखिन्छ ? बताउनुहोस् ।

4.  परिवेश विमर्शको प्रमुख घटकहरू के के हुन् ?  विश्लेषण गर्नुहोस्।

5. परिवेश विमर्शबारे दिएका पाश्चात्य र पूर्वीय विद्वानहरूका मत र विचारलाई सबिस्तार चर्चा  गर्नुहोस् ।

6. परिवेश विमर्शलाई आधार गरी नेपाली साहित्यमा कस – कस लेखकले आफ्ना कृतिहरू लेखेका छन् ?  विवेचना  गर्नुहोस् ।

7. परिवेश विमर्शलाई उत्तर – आधुनिकतावाद लेखनको किन प्रमुख अङ्ग मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

8. परिवेश विमर्श लेखनले नेपाली साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

9. परिवेश विमर्शको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

10. नेपाली साहित्यमा परिवेश विमर्शलाई मुल आधार गरी लेखिएको कृतिहरूबारे एउटा लेख लयार पार्नुहोस् ।

12. परिवेश विमर्शमूलक साहित्यको अध्ययनलाई किन मानव जातिको निम्कि हितार्थ साहित्य मानिन्छ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

13. परिवेश विमर्श, गहन परिस्थितिकी, इकोलोजी, इकोफेमिनिष्ट माझ के कस्तो साम्य र भिन्नता पाउन सकिन्छ ? तर्क दिनुहोस् ।

## 9.8 अतिरिक्त अध्ययन

1. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

2. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

3. सिंह, अमरकुमार – **नयी कविता की रचना प्रक्रिया** ।

4. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

5. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

6. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

7. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं, नवीन प्रकाशन ।

8. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग – 4 ।

9. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

10. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

11. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

12. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** ।

13. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

14. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान** ( अप्रकाशित शोध प्रबन्ध ) ।

15. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।

16. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

**इन्कार्टा वर्ल्ड इङ्ग्लीस डिक्सनरी** अनुसार 'उपनिवेश' भन्नाले कुनै एउटा देशलाई वा त्यसको क्षेत्रलाई अर्कै देशद्वारा गरिएको शासन हो । संसारमा उत्तर – उपनिवेशित बस्तीहरू 13 वटा रहेको विद्वनाहरूले बताएका ठन् । यस शब्दकोषले एउटै राष्ट्रियता वा एउटै जातियता भएखो समान मानछेहरूको झुण्ड, नजिक बाच्ने क्षेत्रलाई उपनिवेश भनि अर्थ्याइएको पाइन्छ । यसरी नै **ए डिक्स्नरी अफ सोसियोलजी**ले उपनिवेश भनेको विकाशशील देशहरूद्वारा एशिया ,अष्ट्रेलिया ,अफ्रिका ,लेटिन अमेरिका आदि क्षेत्रमा गरेका आफ्नो राजनैतिक आधिपात्यको स्थापना हो । **नेपाली वृहत शब्दकोश** अनुसार 'उपनिवेश' भन्नाले कुनै शक्तिशाली देशले आफ्नो साम्राज्यको विस्तार गर्न हेतु विदेशमा बसालेको खास अधिकारबाट वञ्चित वा आंशिक अधिकार मात्र प्राप्त प्रान्त हो भन्ने बुझिन्छ। **शब्दार्थ नेपाली शब्दसागर**ले एक ठाउँ ,राज्य वा देशबाट अर्को ठाउँ ,राज्य वा देश तथा महाप्रदेशमा गएर बस्ने कामसामुहिकरूपमा बसोबास गर्न , अन्यत्र ,बनेका घरहरू ठाउँबाट बसाई सरेर बस्न आइपुगेका उस्तै उस्तै गुण वा धर्म रहेकाहरूका बस्तीलाई 'उपनिवेश' भनेर अर्थाएको छ।

यसरी नै **प्रयोगात्मक नेपाली शब्दकोष**अनुसार 'जसरी भारत धेरै वर्षसम्म वेलायतको उपनिवेश रहेको थियो ठीक त्यसरी नै कुनै शक्तिशाली देशको

अधीनमा रहेको देशकुनै शक्तिशाली देशले अर्को , देशमा जमाउने प्रभुत्व तथा साम्राज्य नै उपनिवेश हो' भन्ने बुझिन्छ। **एकता कन्साइज इङ्गलिसनेपाली डिक्सनरी**-अनुसार अर्को देशको राजनैतिक नियन्त्रणमा रहेको देश ,भूमि वा ब्रिटिस साम्राज्यका समयमा त्यसका राजनीतिक शासनमा रहेका सबै विदेशी भूमि नै उपनिवेश हो भन्ने बुझिन्छ। अतः उपर्युक्त शब्दकोशहरूको आधारमा उपनिवेश भन्नाले विश्वका कुनै उन्नत र सम्पन्न मुलुक तथा क्षेत्रले आफ्नो सामरिक आर्थिक र राजनैतिक क्षमताको बलमा कुनै दुर्बल क्षेत्रमाथि गरेको शासन, प्रभुत्व र त्यस्ता अविकसित मुलुकलाई कब्जा गरी त्यहाँ बसालिएको व्यवस्था भन्ने बुझिन्छ।

## 11.3 उपनिवेशवादको अर्थ र परिभाषा

संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' -लाई अङ्ग्रेजीमा **कोलोनीयल** (Colonial) भनिन्छ । यस शब्दमा 'इज्म' लागेर **कोलोनियालिज्म** शब्दको पर्यायको रूपमा नेपाली भाषामा 'उपनिवेशवाद' भनिने गरिन्छ, जसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् । 'उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू , औपनिवेशिक राज्यवा प्रशासकीय संस्थाहरूऔपनिवेशिक संस्कृति व , औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्ययम शासन र ,समाज याशील रहने एक प्रक्रिया विशेषशोषणको दिशामा क्रिलाई बुझिन्छ। यसवाट 'उपनिवेशवाद' मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ ।

उपनिवेशवादबारेको अर्थ र परिभाषालाई अध्ययन गर्दा विभिन्न शब्दकोष र विद्वानहरूले आ – आफ्नै ढङ्गमा यसको अर्थ र परिभाषालाई प्रष्टाएको पाइन्छ। **इन्साइक्लोपिडिया अमेरिकाना**अनुसार उपनिवेशवाद भनेको उन्नाइसौँ शताब्दीको मध्यतिर युरोप अनि उत्तरी अमेरिकाका पुन्जीवादी शक्तिहरूका आर्थिक स्वार्थ हो । यसरी नै **कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल कल्चर**अनुसरा उपनिवेशवाद भन्नाले ब्रिटिशहरूले अठारौँ शताब्दिको मध्यसम्म भारतमा सञ्चालित व्यापारसित सम्बन्धित व्यवस्था विशेषलाई बुझिन्छ । **लोक भारती बृहत प्रामाणिक हिन्दी कोश**ले उपनिवेशलाई आफ्नो अधीनमा राख्ने सिद्धान्त भनी अर्थ्याइएको पाइन्छ। **नेपाली वृहत शब्दकोश**अनुसार उपनिवेशवाद भनेको उपनिवेश बनाउने वा कायम गर्ने सिद्धान्त हो । **प्रयोगात्मक नेपाली शब्दकोष**ले 'शक्तिशाली देशद्वारा अर्को देशलाई उपनिवेश बनाउने प्रवृति वा त्यस्तो सिद्धान्त , विस्तारवाद नै उपनिवेशवाद हो ' भनेर अर्थ्याइएको पाइन्छ। यसरी नै **शब्दार्थ नेपाली शब्दसागर**ले 'उपनिवेश तुल्याउने सिद्धान्त, साम्ज्यवादी विचार भनेर उपनिवेशवादको अर्थ लगाएको थाहा पाइन्छ ।

अतः उपर्युक्त शब्दकोशहरूको परिभाषाअनुसार शक्तिशाली मुलुकले कुनै निर्बल मुलुकमाथि आफ्नो उपनिवेश स्थापना गरेपछि वा प्रभुत्व जमाएपछि त्यहाँका वासिन्दाहरूमाथि राजनैतिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले शासन गर्न हेतु अपनाएका नीतिविचार तथा सिद्धान्त नै उपनिवेशवाद हो

भन्ने प्रतीत हुन्छ।**इन्टरन्यासनल इन्साइक्लोपिडिया अफ द सोसियल साइन्सेस**ले कुनै शक्तिशाली देशले सार्वभौम सत्ता -सम्पन्न अर्को देशमाथि आधिपत्य जमाउने प्रवृति नै उपनिवेशवाद हो भनि अर्थ्याएको पाइन्छ। **इन्साइक्लोपिडिया अफ सोसियोलजी**ले समाजशास्त्रीद्वय एडगर एफमोन्टगोमेरी .भी .बोरगट्टा अनि रोहोन्डा जे .को बिचारलाई अनुसरण

गर्दै उपनिवेशवाद एक यस्तो प्रक्रिया हो जहाँ साम्राज्यवादी राष्ट्रहरूले कुनै देशको अर्थतन्त्रमाथि आफ्नो नियन्त्रण कायम गरेपछि त्यस देशमाथि आर्थिक शोषण बढाउँदै लैजान्छ भनेको छ ।

**इनसाइक्लोपिडिया अफ सोसियल साइन्सेस**ले उपनिवेशवाद भन्नाले एउटा मुलुकले अर्को मुलुकमाथि आफ्नो प्रभुत्वको विस्तारआफ्ना उपनिवेशित , मुलुकहरूका मूख्आय - आर्जनका स्रोतहरू लगायत त्यहाँका श्रमिकहरू अनि व्यापारिक स्थलहरूलाई प्रयोग गर्नुउपनिवेशकहरूले , उपनिवेशितहरूका तुलनामा आफ्ना मूल्य र मान्यताहरू उच्च छन् भन्ने धारणा ग्रहण गर्नु भन्ने बुझिन्छ भनि बताएको पाइन्छ । उपनिवेशवादबारे चर्चा गर्दै **सोसियोलजी अफ इन्डियन सोसाइटी**मा समाजशास्त्री एमश्रीनिभा .एन .सले “इङ्ल्याण्डद्वारा सोझै नियन्त्रित भारतीय उपमहाद्वीपमा अङ्ग्रेजहरूले आफ्नो शासनावधि ल्याएका संस्कार र आचारणलाई अधिकाङ्श भारतीयहरूले अनुसरण गरे एवम् परिणाममा भारतीय समाजभित्र एउटा नयाँ समाजिक तथा सांस्कृतिक परिवर्तन देखापरेको अनि जसलाई ‘पाश्चात्यकरण’ भनी बुझिन्छ” भनि बताएका छन् । वस्तुतः उपर्युक्त धारणाअनुसार ‘उपनिवेशवाद’ भन्नाले शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमाथि शाषण र शोषण हेतु प्रयोग गर्ने सामाजिक, आर्थिक अनि सांस्कृतिक र वैचारिक नीति विशेष हो भन्ने बुझिन्छ। यस्ता नीतिहरूलाई उपनिवेशितहरूले उपनिवेशित क्षेत्रका श्रमिकवर्गमुख्य -व्यापारिक केन्द्र अनि आर्थिक लाभार्जनका मुख्य , स्रोतहरूमाथि प्रयोग गर्ने नीति मान्न सकिन्छ ।

राजनैतिक विद्वानहरू कार्ल मार्क्स ,बुखारिन ,हिल्डरफिंग ,ब्लु इ .लेनिन , रोजा लक्जमबर्कार्ल कार्टस्की आदिले मार्क्सवादी परिप्रेक्ष्यमा उपनिवेशवादलाई एक राजनैतिक एवम् आर्थिक व्यवस्थाको रूपमा हेरेका कुरा उल्लेख पाइन्छ । मार्क्सवादी दृष्टिकोणअनुसार उपनिवेशवादलाई

Notes

सामाज्यवादको रूपमा बढ़ी मात्रमा बुझ्न सकिने राजनैतिक विद्वानहरूले बताएका छन् । यस दृष्टिकोणअनुसार उपनिवेशवादको चारवटा स्वरूपहरू रहेको गोपाल शिवकोटी र रामकुमार दाहालले बताएका छन् । गोपाल शिवाकोटीले राजनैतिक सन्दर्भमा उपनिवेशवादलाई पुञ्जीवाद शब्दको पर्यायको रूपमा बुझिने कुरो भनि बताएका छन् । राजेश गौतमकको बिचारअनुसार प्राचीन कालदेखि नै साम्राज्यवादी मुलुकहरूले आफ्ना उपनिवेशहरूबाट सुनचाँदी जम्मा गर्नु नै मुख्य ध्येय रहेको हुन्थ्यो भने आधुनिक युगमा आएर पनि पुँजीवादी साम्राज्यको उद्देश्य पुँजी लगाउने , कच्चा माल ,मालसमान बेच्नेप्राप्त गर्ने र पिछाडिएको देशहरूमा बजार कायम गर्नु हो' भनि उपनिवेशवादको परिभाषा दिएका छन् । यसरा नै राजनीतिज्ञ प्राणगोविन्द दासले उपनिवेशवादको परिभाषा दिने क्रममा यसो भनेका छन् –" कुनै दुर्बल देश तथा मुलुकहरूमाथि अधिकार या दखल गरी त्यसमाथि आफ्नो राजनैतिक र आर्थिक वर्चस्व कायम गर्नु नै उपनिवेशवाद हो ।"

वस्तुतः उपनिवेशवादबारे गरिएको उक्त विभिन्न विद्वान् र राजनैतिज्ञहरूका राजनैतिक धारणाअनुसार उपनिवेशवाद भन्नाले एउटा शक्तिशाली मुलुकले अर्को एक निर्बल मुलुकमाथि आफ्नो राजनैतिक सामार्थ्यको आड़मा पुँजी लगानी गरी आफ्ना तयार मालहरू बेच्ने अनि कच्चा माल र श्रमशक्ति प्राप्त हुने स्रोतको नीति एवं व्यवस्था हो भन्ने बुझिन्छ । उपनिवेशवादको उदय हुनामा राजनैतिक र धर्मिक कारणहरू रहेको मानिन्छ । तर यी कारणहरू मध्ये आर्थिक कारण नै सबैभन्दा बढी प्रभावी रहेको मानिन्छ। इङ्गलिस वणिकवादी - (मर्केन्टिलिस्ट) - हरूको मतानुसार साम्राज्यवादीहरूले विभिन्न भौतिक तथा मानवीय स्रोतको उपयोगमा पिछाडिएका अधीनस्थ देशहरूका निम्ति स्तर उठाउने प्रयास गरेका

बुझिन्छ । तर आर्थिक स्तरको विकास नभएसम्म तिनीहरूका जीवन स्तर नउठ्ने हुनाले प्रथमतः आर्थिक तहमा साम्राज्यले ध्यान दिन्छ भन्ने सिद्धान्त स्थापित गरेका थिए। पछि यसबारे अर्थशास्त्री एडम स्मिथले साम्राज्यवाद सानो समूहको हितका निम्ति नभएर सम्पूर्ण राष्ट्रको हितका निम्ति हुन्छ भनेर विरोध पनि गरे । वस्तुतः यसबाट उपनिवेशवादीहरूले अन्यहरूमाथि निःस्वार्थ हित चिताउनु नभएर केवल स्वआर्थिक लाभको निम्ति मात्र आफ्ना उपनिवेश्यहरूमा विकासमूलक कार्यहरू गरेका थिए भन्ने बुझिन्छ ।

## 11.4 उपनिवेश र उपनिवेशवादका मान्यता

केही अध्येताहरूले उपनिवेशको अर्थ साम्राज्य शब्दको अर्थसँग धेरै नजिक रहेको मानेका छन् । समय र युगअनुरूप उपनिवेशकहरूले आफ्नो आधिपत्य र प्रभाव खड़ा गरेका देखिन्छन् भने साम्राज्यवादीहरू पनि आफ्नो साम्राज्य विस्तार गर्न नै चाहेको देखिन्छ । उपनिवेशकहरू र साम्राज्यवादीहरू दुवैको नीति वा अभिप्राय उस्तै रहेको मान्न सकिन्छ । त्यसैले शब्दहरूको विशेष प्रयोग र अर्थ लाग्ने यस युगमा कुनै शब्दको एउटै अर्थ वा विशेष अर्थ हुन्छ भन्ने कुरा स्वाभाविक मान्न पर्ने हुन्छ । अर्थहरू कहिले पनि स्वतन्त्र हुँदैनन। ती सन्दर्भमा आएर प्रकट हुने गर्दछ। शक्तिप्रदर्शन र नीतिले कुनै राष्ट्रलाई उपनिवेश बनाउनु र व्यक्तिको मानसिकता, भाषा र भिन्न संस्कृतिलाई उपनिवेश बुनाउनु रहेको मान्न सकिन्छ । वस्तुतः उपनिवेशको अर्थ वा उपनिवेशकै निकटवर्ती अर्थमा साम्राज्य शब्द र उपनिवेशवादको अभिप्रायमा साम्राज्यवादको प्रयोग भएको पाइन्छ तर यथार्थमा भने यी दुइ शब्दहरूमाझ कतिपय सादृश्यता

रहेको देखिन्छ। यसर्थ उपनिवेशवाद र साम्राज्यवाद माझको साम्य वैषम्यलाई बुझ्नु आवश्यक देखिन्छ ।

प्रथमत: उपनिवेशवाद र साम्राज्यवाद शब्दको प्रयोग समानार्थी शब्दको रूपमा प्रयोग गरिन्दै आएको देखिए तापनि यी दुवै एउटै होइनन् । कतिपय विद्वान् तथा चिन्तकहरूले ब्रिटिश भारतमा रहेको ब्रिटीश शासनलाई ब्रिटीश उपनिवेशवाद र कतिपयले भने ब्रिटीश साम्राज्यवाद भनेर नाउँ दिएका छन् । यसको मूल कारण वाणिज्यलाई मान्न सकिन्छ । व्यापार - वाणिज्य क्षेत्रको सन्दर्भमा यी दुइमाझ भिन्नता छुट्टयाउन गाह्रो पर्दछ । यस क्षेत्रमा उपनिवेशवाद र साम्राज्यवादमाझ अर्थगत् समस्याको सिर्जना हुन जान्छ । यसका अतिरिक्त विभिन्न क्षेत्रमा यी दुइमाझ पाइने प्रकृति पनि एक समान देखिँदैन। यद्धपि शब्दको उत्पत्तिगत् आधारमा हेर्दा उपनिवेशवाद र साम्राज्यवादमाझ अन्तर स्पष्ट हुन आउँछ ।

'उपनिवेशवाद' शब्दको उत्पत्ति लेटिन शब्द 'कोलनस' ( Coronus) - बाट भएको हो । यसको अर्थ किसान हुन्छ । यस सन्दर्भमा उपनिवेशवादअन्तर्गत कुनै खास जनसङ्ख्यालाई अर्को नयाँ भू - भागहरूतिरस्थानान्तरित गरेर त्यहाँ ती मानिसहरूका स्थायी बस्तीहरू बसाइने गरिएको बुझिन्छ । यस अतिरिक्त जुन बस्तीहरूमा बसो - बास गर्ने मानिसहरूका आफ्ना विशेष मुलुकसित राजनीतिक एवम् भावनात्मक सम्बन्ध भने रहिरहेका हुन्छन् भन्ने थाहा हुन्छ । त्यसरी नै 'साम्राज्यवाद' शब्दको व्युत्पत्ति लैटिन शब्द इम्पोरियम (Emporium) - बाट भएको हो । **ब्रिटानिका रेडी रेफेरेन्स इनसाइक्लोपिडिया**ले 'इम्पेरोर' शब्दको अर्थ पौराणिक कालमा रोमन सम्राटको प्रभुत्वको उपाधिसिजार , का अनिअगस्तस पहिलो रोमन सम्राट रहेयसै शब्दलाई पछिबाट आउने

विभिन्न युरोपेलीहरूले प्रयोग गर्ने गर्दथे ' भनी बताएको पाइन्छ । **अक्सफोर्ड डिक्सनरी एण्ड थेसारस**अनुसार 'इम्पोरियम' शब्दको अर्थ आदेश हो ,जसको सम्बन्ध मुख्य रूपमा शक्तिमाथि आधारित हुन्छ साथै जहाँ एउटा देशले अर्को देशमाथि स्थायी बस्तीहरू संप्रभुता ,तथा कुनै प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाहरूको माध्यम आफ्ना नियन्त्रण बनाइ राखेका हुन्छन्।

यसरी नै **प्रयोगात्मक नेपाली शब्दकोश**अनुसार 'साम्राज्यवाद' भन्नाले मुख्य देशले अन्य धेरै देशको आर्थिक, सांस्कृतिक वा राजनैतिक दृष्टिमाथि आफ्नो प्रभुत्व फैलाउने सिद्धान्त **प्रभुत्ववाद** जस्तै पनि बुझिन्छ । उदाहरणको निम्ति ब्रिटिस साम्राज्यवाद , अमेरिकी साम्राज्यवाद आदिलाई लिन सकिन्छ । मूलतः साम्राज्यवादको परिभाषा दिने क्रममा एनीया लुम्बाले शासकद्वारा गरिने शासन नै साम्राज्यवाद वा इम्पायरलिजक्म हो भनेका छन् । समष्टिमा एउटा देशले अर्को देशलाई आफ्नो नियन्त्रणमा राखी कुनै खास नीतिको आधारमा पराधीन देशलाई आफ्नो आर्थिक एवम् राजनैतिक आहारा बनाउँदछ भने त्यसैलाई साम्राज्यवाद भन्न सकिन्छ । कतिपय विद्वानहरूका धारणाअनुसार 'उपनिवेशवाद' - लाई उत्तरी अमेरिका, न्यूजील्याण्ड, अल्जीरिया, ब्राजील आदि पश्चिमी देशहरूमा यूरोपीय मानिसहरूलाई लिएर स्थापित गरिएका बस्तीहरूका सन्दर्भमा हेरिएको पाइन्छ। यस अतिरिक्त साम्राज्यवादले यूरोपीय आधिपत्यको सन्दर्भलाई पनि वहन गरेको बुझिन्छ । यूरोपीय आधिपत्यमा कुनै मानिसहरूलाई स्थानन्तरण नगरी अफ्रीका,एशिया , लैटिन अमेरिका आदि देशहरूतिर राजनैतिक र आर्थिक प्रभुत्व स्थापित गरिएको मानिन्छ । यसर्थ उपनिवेशवाद र साम्राज्यवादमाझको भिन्नतालाई स्पष्ट पार्दै एडवर्ड सईद भनेका छन् –" साम्राज्यवाद मुख्य रूपमा एउटा शक्तिशाली देशको राजधानी साथै मुख्य शहरको वैचारिक

शक्ति हो । यसको सम्बन्ध अन्य कुनै टाड़ोको मुलुकमाथिको शासनसित सम्बन्धित हुन्छ, जुन शक्ति सञ्चालित केन्द्रको व्यवहार।सिद् धान्त एवम् दृष्टिकोणमाथि आधारित रहेको हुन्छ।'' उनको विचारअनुसार साम्राज्यवाद एउटा शक्तिशाली देश हो भने उपनिवेशवाद चाहीँ त्यही देशको साम्राज्यवादकै परिणामको रूप हो । यही साम्राज्यवादको माध्यम टाड़ा - टाड़ाका क्षेत्रहरूतिर स्थायीरूपमा बस्तीहरूका स्थापना गरिने गरिन्छ ।

अभय प्रसाद सिंहले उल्लेख गरेअनुसार 'चिल्कोटे (सन् 2000) – को दृष्टिकोणमा साम्राज्यवाद एक व्यापारिक तथा वाणिज्यिक हितको अर्थभित्र जड़ित रहेका शब्द हो । उनको विचारमा मानिसहरूलाई व्यापार – वाणिज्यको क्षेत्रमा फाइदाजनक कार्य गर्नु नै वास्तवमा साम्राज्यवाद हो भन्ने बुझ्नुन्छ । उदाहरणको निम्ति यूरोपीय राष्ट्र तथा राज्यहरूले आफ्नो प्रभावलाई अफ्रीका एवम् लैटिनसफल भएका अमेरिकासम्म बढाउन- धटनालाई लिन सकिन्छ । यसरी नै कोहेन )1973 को दृष्टिकोणमा ( 'साम्राज्यवाद' भन्नाले एउटा देशले अर्को देशमाथि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा आफ्नो राजनैतिक ,आर्थिक नियन्त्रण गर्ने प्रक्रिया विशेष हो । उनको मतअनुसार साम्राज्यवाद वास्तवमा शासक र शासनको अर्थमा आधारित रहेको बुझ्न सकिन्छ । यसर्थ एर्डवर्ड सईदले साम्राज्यवादलाई एउटा वैचारिक शक्ति अनि उपनिवेशवादलाई चाहिँ त्यसको व्यवहारिक रूप मानेका छन् ।

वस्तुतः उपर्युक्त तथ्यहरूका आधारमा उपनिवेशवाद र साम्राज्यवाद दुवै रहेको माझ भौगोलिक क्षेत्र विस्तारको कुरो साझादेखिन्छ। यद्धपि यस प्रकारको भौगोलिक क्षेत्र विस्तारको प्रक्रिया पहिले भएकै थिएन भन्ने होइन तर प्राचीन कालमा रोम एवम् चीनको साम्राज्यको इतिहासलाई यस्तै भौगोलिक क्षेत्र विस्तारको उदाहरणका रूपमा लिन सकिन्छ । पछि

आधुनिक यूरोपीय साम्राज्यवाद र पूर्वीय साम्राज्यवादमाझ भने धेरै पक्षहरूमा सादृश्यता पाएको विद्वानहरूले स्वीकारेका छन् । पराम्परागतरूपमा हेर्नु हो भने साम्राज्य मूलतः एउटा विशाल क्षेत्रमा विस्तार भएको व्यवस्था विशेष हो। उदाहरणको रूपमा भियना देखि उत्तरी स्पेनसम्म फैलिएको मूर साम्राज्यको विस्तार प्रक्रियालाई लिन सकिन्छ। सोह्रौँ शताब्दीमा परम्परागत रूपमा चली आएका यस्ता भौगोलिक क्षेत्र विस्तारको प्रक्रिया आधुनिक एवम् विविध तकनीकी विकासको कारणस्वरूप परिवर्तन देखा परेको थियो । यही समयदेखि वाष्प चलित इंजिनको अविष्कारले समुद्री मार्गको खोजी गरिने कार्यमा विकास भएको देखिन्छ। यसरी नै मशीनहरूले चल्ने जहाजहरूका अविष्कारको फलस्वरूप टाड़ा - टाड़ामा रहेका मुलुकहरूबिचको दूरत्व घटेर नगिच हुन पुग्यो । यसको फलस्वरूप यूरोपदेखि धेरै टाड़ामा स्थित एशिता, अफ्रिका तथा सम्भव भए अमेरिका आदि क्षेत्रहरूतिर यूरोपीय प्रभुत्वको विस्तारर गयो । यसरी यस्ता ठूला - ठूला समुद्री जहाजहरूकामाध्यम अधिक स्तरमा जनसङ्ख्याहरूको स्थानन्तरण एक ठाउँदेखि अर्को ठाउँमा सजिलै गर्न सकिने भएको बुझिन्छ । यस सन्द्रभमा अभय प्रसाद सिंहले अमेरिकामा बसालिएको ब्रिटीश बस्तीहरूमा बस्ने मानिसहरू मूल रूपमा ब्रिटीश क्राउनकै प्रजा थिए भनेका छन् । वस्तुतः उपनिवेशवाद एवम् उपनिवेश माझको मान्यता वास्तविकताको तुलनामा सैद्धान्तिक एवम् अकादमिक नै अधिक रहेको मान्न सकिन्छ। मूलरूपमा उपनिवेस एउटा विशेष विचारधारामा क्रियाशील रहन्छ भने उपनिवेशवाद चाहिँ त्यही विचारधाराकै व्यवहारिक रूप रहेको कुरो बढी सार्थक प्रतीत हुन्छ ।

## 11.5 उपनिवेश र उपनिवेशवादका स्वरूप

उपनिवेशवादलाई प्रभावी तुल्याउने विभिन्न क्षेत्रको अन्य कारणहरू मध्ये मुख्य कारण औद्योगिक क्रान्ति मान्न सकिन्छ । प्रारम्भमा उत्पादन गरिएका सबै सामग्रीहरूको खपत आफ्नो देशमा सम्भव थिएन। ती माल - समानलाई बाहिर बेच्न आवश्यक थियो । यतिमात्र होइन कुनै पनि उद्योग धन्दा चलाउनका लागि कोइला, फलाम, इस्पात जस्ता काँचो सामानहरूको आवश्यक पर्दछ । पछि यही मालसमान बिक्री भएकोबाट पुँजी बढ्दछ साथै कुनै फाइदाजनक व्यवसायमा पुँजी लगाउने प्रवृति पनि बढ्दै जान्छ। मूलरूपमा सुरूमा आफ्नो देश उद्योग प्रधान बनेपछि पुँजी लगाउने क्षेत्र सबैलाई प्राप्त हुँदैनथ्यो । त्यहाँ पुँजी लगाउने धेरै फाइदा हुने आशा पनि गर्न सकिन्दैथ्यो। यसको विपरीत एसिया र अफ्रिकाका पिछडिएका देशहरूमा पुँजी लगाउँदा धेरै फाइदा रहेको उपनिवेशिकहरूले अनुभव गरेका थिए ।

उपनिवेशिकहरूलाई त्यहाँ व्यवसाय खोल्दा ज्याला कम दिनु पर्छ र कच्चा सामान पनि सस्तोमा नै प्राप्त हुन्छ भन्ने त्यससमय राम्ररी जानकारी रहेको थाहा गर्न सकिन्छ । कृष्ण गौतमअनुसार उपनिवेशकहरूको मुख्य लक्ष्य भन्नु नै आर्थिक उपलब्धि हो । यस लक्ष्यलाई हासिल गर्न पुँजीवादी देशहरू परस्पर प्रतिस्पर्धामा रहन्थे र आआफ्ना देशका सामानको - निकासीक निम्ति उपनिवेश्य देशको खोजीमा लागि पर्दथे । यसरी नै कार्ल मार्क्सले उपनिवेशवादको सिद्धान्तलाई विस्तार गरेको पाइन्दैन तर मार्क्सको पुँजीवादी सिद्धान्तगत विश्लेषणले उपनिवेशवादको आर्थिक स्वरूपलाई विस्तार गरेका थाहा पाइन्छ।

विशेष रूपमा पुँञ्जीपतिहरूले जब उपनिवेशमा उद्योग – व्यापार सञ्चालन गर्दछ, उनीहरूले आफ्नो शोषण प्रक्रिया चलाउन सुरू गर्दछन् । पुँञ्जीवादी समाजमा समय – समयमा ठूलो आर्थिक सङ्कट आइपर्दछ।

आवश्यकताभन्दा बढी उत्पादन भएर यदि मालको बिक्री भएन भने उत्पादित वस्तु बर्बाद हुन्छ वा कारखाना नै बन्द हुने स्थितिमा पुग्नसक्छ । परिणामस्वरूप मजदुरहरू बेकार हुन थाल्छन्। यसर्थ कृष्ण पोखरेलले यस्तो स्थितिमा यस व्यवस्थाभित्र मजदुरवर्गलाई सधैं उपनिवेशिकहरूले अज्ञानता र कष्टमा फँसिरहेका हुन्छन् भनेका छन् । यसरी मजदुरवर्गको अज्ञानता र कष्टमा फसिए नराम्रो दुर्दशा पुग्न सक्दछ । यतिमात्र नभएर आर्थिक कारणले गर्दा उनीहरूले सङ्घर्षको मैदानमा उत्रिन पनि विवश हुन्छन् । वस्तुतः यसरी उपनिवेशितहरूबाट आर्थिक शोषण गरी उपनिवेशवादीहरूले आफ्ना असीम स्वार्थ पूर्ति गर्ने पनि गर्छन् ।

साहित्यिक धारणाअनुसार उपनिवेशवादको स्वरूप भिन्नै रहेको पाइन्छ । **विगिनिङ् पोस्टकोलोनियालिज्म** नामक पुस्तकमा 'उपनिवेशवाद' - को परिभाषा साम्राज्यवादभित्र नै पर्ने एक थरिका अभ्यासको रूप हो भनी बताएको छ । एनीया लुम्बाले आफ्नो पुस्तक **कोलोनियालिज्म /पोस्टकोलोनियालिज्म**मा उपनिवेशवाद भन्नाले यूरोपीय शक्तिहरूद्वारा एशिया, अफ्रिका, अमेरिकाको विस्तार बुझिए तापनि यो मानव सभ्यताको इतिहासमा व्यापकतामा फैलिएको एउटा विशेषताको रूप हो भनी बताएका छन् । यसरी नै एडवर्ड सईदले साम्राज्यवाद एक थरिका विचारधाराको रूप हो भने उपनिवेशवाद त्यही विचारधाराको व्यावहारिक रूप हो भनी बताएका छन् । उपनिवेशवाद मानवीय सभ्यताको उत्थानदेखि नै उपनिवेशकहरूद्वारा परम्परागत रूपमा विश्वभरि फैलाएका साम्राज्यवादकै वैचारिक रूप हो । यसर्थ नेपाली साहित्यकार सञ्जीव उप्रेतीले कुनै शक्ति सम्पन्न मुलुकले आफ्ना उपनिवेशमा गरेको राष्ट्रियसांस्कृतिक र सामाजिक संरचनाको , व्यवस्था तथा स्वतन्त्रतामाथिको नियन्त्रण नै उपनिवेशवादको आधार स्वरूप होभनी बताएका छन् । यसरी नै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलअनुसार 'उपनिवेश युगमा लन्डन ,एम्स्टर्डयाम ,बर्लिन ,पेरिस ,

Notes

म्याड्रिट जस्ता युरोपेली महानगरहरूमा स्थापित सत्ताका ,लिस्वन ,साहित्य ,भाषा ,केन्द्रहरूद्वारा औपनिवेशिक मुलुकको संस्कृति ऐनकानुन आदि क्षेत्रहरूमा प्रभुत्व जमाएर शासन ,दर्शन ,समाजव्यवस्था गर्ने नीति तथा प्रणाली नै उपनिवेशवाद हो ' भन्ने बुझिन्छ । यसरी नै कृष्ण गौतमले उपनिवेशवाद शब्दको अर्थ उपनिवेश स्थापित गर्ने विचार नीति वा सिद्धान्त ,हो भनि बताएका छन् । उनले जब बलवान् देशले निर्बल देशमा उपनिवेश जमाउने नीति बनाउँछ तब त्यो नीति उपनिवेशवाद शब्दअन्तर्गत अर्थिन्छ पनि भनेका छन् ।

विभिन्न शब्दकोश, विद्वान् आदिको उपनिवेश र उपनिवेशवादबारे गरिएका मतहरूलाई समन्वय गरी सार प्राप्त गर्दा उपनिवेशकहरूले आफ्नो स्वको फाइदामा केन्द्रहरू मार्फत् आर्थिक सत्ता नियन्त्रित क्षेत्रहरूमा गरेका सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा शासन र शोषण गर्न हेतु तयार गरेका रूपरेखा, कार्य नीति तथा सिद्धान्त नै **उपनिवेशवाद** हो भन्ने प्रतीत हुन्छ । यसरी नै विभिन्न विद्वानहरूका साहित्यिक धारणाअनुसार 'उपनिवेश' - को परिभाषित स्वरूप पनि अवलोकन गर्न सकिन्छ। विभिन्न साहित्यकारहरूले आ - उपनिवेशलाई परिभाषित गरेका आफ्नो ढङ्गमा पाउँछौं । पाश्चात्य साहित्यकारजोहन म्याकलोएडअनुसार बिशौं शताब्दी पूर्व विकसित राष्ट्रहरूका साम्राज्यवादीहरूले आफ्ना समयमा विश्वका विविध प्रान्तहरूमा खड़ा गरेको विशाल व्यवस्था नै उपनिवेश हो । नेपाली साहित्यकार कृष्ण गौतमले पनि जोहन म्याकलोएडको मतलाई अनुसरण गर्दै बलिया देशले निर्धा देशमाथि स्थापित गरेको आधिपत्यलाई उपनिवेश भनेका छन् । उनले गाउँ नगर वा समाजमा आधिपत्य ,जमाउँनुलाई उपनिवेश मानेका छैनन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले 'उपनिवेश' - लाई परिभाषित गर्ने क्रममा सोह्रौँ शताब्दी पछि पश्चिमेली देश बेलायतद्वारा इष्ट इन्डिया कम्पनी र हल्यान्डद्वारा डच इस्ट इन्डिया कम्पनीको माध्ययम व्यापारवाणिज्यको - उद्देश्यले भारत जस्तो शक्ति विपन्न महाद्वीपमाथि अनि अमेरिकाले आफ्ना दुर्बल दक्षिणी प्रान्तमाथि र फ्रान्सले आफ्ना उत्तरतिरका क्षेत्र एवं त्यहाँ बसोबास गर्ने मानिसहरूमाथि गरेका शासन व्यवस्था नै वास्तवमा उपनिवेश हो । यसरी नै सञ्जीव उप्रेतीले सोह्रौँदेखि उन्नाइसौं शताब्दीसम्म आइपुग्दा ब्रिटेनस्पेन र पोर्तुगल जस्ता राष्ट्रहरूले ,फ्रान्स , ल क्षेत्रफलको नब्बे प्रतिशत भूभागलाई आफनो राजनीतिक र संसारको कु व्यापारिक नियन्त्रणमा लिंदै भारतकेन्या तथा फिलिपिन्स ,नाइजेरिया , व्यापार तथा प्रशासकीय निकायहरूको निर्माण ,जस्ता प्रदेशहरूमा सैन्य गरिने प्रक्रियालाई उपनिवेश भनी बताएका छन्।

**उपनिवेश** भन्नाले शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो भन्ने बुझिन्छ । अतः जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्नुको साथै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भन्न सकिन्छ । भारतको सन्दर्भमा हेर्नु हो भने उपनिवेश र उपनिवेशवादको निम्न स्वरूपहरू देख्न सकिन्छ । ती हुन् –

1. भारतीय सस्तो जनशक्ति उत्पादन गर्नु,
2. ब्रिटिश उपनिवेशलाई स्वीकार गर्नु
3. क्रिश्चियन धर्म प्रसार – प्रसार गर्नु र
4. भारत वर्षको परम्परागत मूल्य र मान्यतालाई तोड्नु ।

Notes

भारतमा इष्ट इण्डिया कम्पनीको मूल उद्देश्य यहाँको संस्कार - संस्कृतिलाई निमिट्यान्न गर्नु थियो । यस उद्देश्यलाई गभर्नर जनरल लर्ड डलहौजी (सन् 1848 – 56) - को वुड आयोगले गरेको सिफारिसमा सन् 1854 मा भारत भरी व्यापक रुपमा प्रचार - प्रसार तथा कार्यन्वयन गरियो । जुन पद्धतिले भारतीय जनतालाई वर्ण र वंशको हिसावले मात्र भारतीय विचार, ज्ञान र चिन्तनको हिसाले पाश्चात्य बनायो । यही रोगले तत्कालीन विश्वको एक मात्र प्राचीन इश्वरीय विशाल राज्य चीनलाई पनि छोयो । बढ्दै गएको 14 औं – 15 औं शताब्दीताका ब्रिटेनमा भएको पुनः जागरणले युरोपलाई औधोगिक क्रान्ति ल्याउन बल पुराएपछि विस्तारै साम्रज्यवादी सोँचको विकास गरायो । जसको कारण आफ्नो व्यापार विस्तारको लागि शक्ति प्रयोग गर्न थाले र औपनिवेश स्वीकार गराउन मानिसको आस्था र विचारमै आक्रमण गर्नु पर्ने भयो । यसैले विदेशीहरुको लागि कठोर नीति लिएको चीनलाई पनि तत्कालिन चिनीया मुल्य - मान्यता बोकेको कन्फ्युसियस - को शिक्षापद्दतिलाई त्यागेर सन् 1898 मा पाठ्यपुस्तकमा आमूल परिवर्तन गर्न वाध्य पारियो र 1905 सेप्टेम्बर 2 मा चीनको शिक्षा पद्धतिलाई पुरै परिवर्तन गराइयो । चीनका शिक्षक तथा स्वास्थ्यकर्मीहरुका सम्बन्धमा इतिहासकारहरु लेख्छन् – शिक्षक तथा स्वास्थ्यकर्मीहरु पहिला इसाई धर्म प्रचारक हुन्थे अनि मात्र शिक्षक र स्वास्थ्यकर्मी ।

नेपोलियन बोनापोर्ट (सन् 1769 – 1821) - को शैक्षिक सुधारका कारण तत्कालीन समयमा युरोपको साँस्कृतिक केन्द्र मानिएको फ्रान्स सन्सारका सबै मुलुकको आधुनिक शिक्षा पद्धतिको जग थियो । धर्म, कानुन, चिकित्सा, विज्ञान तथा साहित्य गरी पाँच क्षेत्रमा शिक्षा दिइने शिक्षा पद्धतिको लक्ष्य युद्धको लागि सैनिक बलको विकास गर्नु र फ्रान्सको

औपनिवेशिकता सबैलाई स्वीकार गराउनु थियो । तत्कालिन युरोपियन मुलुकको उद्देश्य आफ्नो व्यापार विस्तारको लागि नयाँ मुलुकलाई उपनिवेश बनाउनु थियो । जसका कारण शुरुमा मानिसको दैनिक आवश्यकीय वस्तु र सेवामा व्यापारिक कब्जा जमाउने त्यसो गर्न नसके जालझेल गरेर सम्बन्धित मुलुकको जनतालाई कुलतमा फसाउने चीनको अफिम युद्ध ) (यसको बलियो उदाहरण हो । उनीहरुको आस्था र मुल्यमान्यतामा अतिक्रमण गर्ने र अन्तमा राष्ट्र कब्जा गरेर इतिहासबाट विलीन बनाउने, नसके उपनिवेश बनाइ राख्ने, शोषण गरी राख्ने आम युरोपियन गोरा इसाईहरुको लक्ष्य थियो । जसको अवशेष अभैm पनि हरेक मुलुकमा छँदै छ ।

यही युरोपियन गोरा इसाईको सिको गर्दै नेपालका हिन्दु मुल्य–मान्यता बोकेका शिक्षाविद् तथा विद्वान भनौदाहरुले बनाएको नेपालको शिक्षा नीतिले गर्दा जातियताको देखाइमा नेपाली वा आदिवासी जनजाति भए पनि ज्ञान–विज्ञान, विचार, र दृष्टिकोण कि त युरोपियन गोरा क्रिश्चियनको छ, कि त भारतीय हिन्दुको । यसैले पढे, लेखेकाहरुबाट आमाबुबा, बजुबाजेले जे आस गर्छन् वा समाजले जे आशा गरेको हुन्छ त्यो पाउँदैनन् र पढेलेखेका मानिसहरुलाई मुर्खको संज्ञा दिन वाध्ये हुन्छन् । यो कटु यथार्थ हो ।

## 11.6 उपसंहार

उपनिवेश र उपनिवेशवाद उत्तर – आधुनिकतावादको एउटा सिद्धान्त हो । संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' - लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ। 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स' (फार्मर) – को रूपान्तरण किसान हो । यो अङ्ग्रेजी भाषामा 'कोलोनी' शब्दको

रूपमा प्रचलित हुँदै आएको छ। मूलरूपमा उपनिवेश भन्नाले कुनै एउटा स्थायी मानिएको व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले किनारीकृत गरेर आफ्नो आधिपत्य वा प्रभाव खडा गर्नु भन्ने बुझिन्छ ।

**उपनिवेशवाद** भन्नाले एउटा शक्तिशाली मुलुकले अर्को एक निर्बल मुलुकमाथि आफ्नो राजनैतिक सामार्थ्यको आड़मा पुँजी लगानी गरी आफ्ना तयार मालहरू बेच्ने अनि कच्चा माल र श्रमशक्ति प्राप्त हुने स्रोतको नीति एवं व्यवस्था हो भन्ने बुझिन्छ । संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' -लाई अङ्ग्रेजीमा **कोलोनीयल** (Colonial) भनिन्छ । यस शब्दमा 'इज्म' लागेर **कोलोनियालिज्म** शब्दको पर्यायको रूपमा नेपाली भाषामा 'उपनिवेशवाद' भनिने गरिन्छ, जसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् ।

'उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य वा प्रशासकीय संस्थाहरू, औनिवेशिक विचार, औपनिवेशिक संस्कृति वा सिद्धान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । यसवाट 'उपनिवेशवाद' मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ । मूलत: विभिन्न शब्दकोश, विद्वान् आदिको उपनिवेश र उपनिवेशवादबारे गरिएका मतहरूलाई समन्वय गरी सार प्राप्त गर्दा उपनिवेशकहरूले आफ्नो स्वको फाइदामा केन्द्रहरू

मार्फत् आर्थिक सत्ता नियन्त्रित क्षेत्रहरूमा गरेका सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा शासन र शोषण गर्न हेतु तयार गरेका रूपरेखा, कार्य नीति तथा सिद्धान्त नै **उपनिवेशवाद** हो भन्ने प्रतीत हुन्छ । यसरी नै विभिन्न विद्वानहरूका साहित्यिक धारणाअनुसार 'उपनिवेश' - को परिभाषित स्वरूप पनि अवलोकन गर्न सकिन्छ ।

## 11.7 सार

यस प्रखण्डमा **उपनिवेश र उपनिवेशवादका मान्यता एवम् स्वरूप**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ -

- संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ।
- 'उपनिवेश' भन्नाले कुनै एउटा स्थायी व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले थिचेर, डाकेर, किनारीकृत गरेर आफ्नो आधिपत्य जमाउँनु तथा प्रभुत्व खडा गर्नु भन्ने बुझिन्छ।
- 'उपनिवेश' वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो ।
- एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भनिने गरिन्छ।
- उपनिवेशहरू दुई प्रकारका हुन्छन् । ती हुन् -बिन्दु उपनिवेश र क्षेत्रीय उपनिवेश । 'बिन्दु उपनिवेश' भन्नाले विशाल समुद्रका बीचमा

रहेका साना टापु तथा ठूला महाद्वीपका साना प्रदेशहरू हुन् भने 'क्षेत्रीय उपनिवेश' आर्थिक तथा राजनैतिक कारणले नियन्त्रण गरिएको भू - प्रदेश हो।

- ❖ संस्कृत भाषाको 'उपनिवेश' शब्दमा 'वाद' जोड़ेर बनेको 'उपनिवेशवाद' अङ्ग्रेजी भाषाको 'कोलोनीयल' शब्दमा 'इज्म' लागेर 'कोलोनियालिज्म' शब्दको पर्यायको रूपमा नेपाली भाषामा चलिआएको शब्द हो।
- ❖ 'उपनिवेशवाद' को अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ। यो मूलरूपमा औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक संस्कृति व समाज, औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्ययम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया हो।
- ❖ मानव सभ्यताको प्रारम्भदेखि नै जीवविज्ञानको एक प्रतिपादन 'सर्भाइबल टू द फिटेस्ट' अर्थात् जो बलियाहरू छन् उही बाँच्तछन् भने झैं कतिपय अति महत्वाकाङ्क्षी जाति एंव साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको इतिहास पनि शुरू भएको मानिन्छ।
- ❖ प्रथमतः सुमेरू अनि पछि इजिप्सियन, फिनिसियन, इजियन, चिनियाँ, भारतीय, ग्रीक, पर्सियन र मङ्गोलहरूले प्राचीन तथा मध्ययुगमा अन्य मुलुकहरूमाथि विजय गर्दै आफ्नो प्रभुत्व बढ़ाए पछि ती जितेका क्षेत्रहरूमा आ-आफ्ना उपनिवेश कायम गर्दै गएको मानिन्छ ।
- ❖ मूलरूपमा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत आधारहरू नै औपनिवेशिकरण सन्दर्भका आधारहरू हुन्।

- आफ्नो आधिपत्य जमाउने उद्देश्यले कुनै कुरो जबरजस्ती थोप्नु नै 'औपनिवेशिकरण' हो । यसको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर व्यक्ति, समाज आदिको सोंच र मानसिकतामाथि पनि पर्दछ ।
- औपनिवेशकरणले एउटा क्षेत्र र सीमालाई मात्र प्रभाव नपारेर विविध क्षेत्रलाई पनि प्रभाव पार्दछ।
- **उपनिवेश** भन्नाले शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो भन्ने बुझिन्छ ।
- जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्नुको साथै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भन्न सकिन्छ ।

यस प्रखण्डको अध्ययनले **उपनिवेश र उपनिवेशवादका मान्यता एवम् स्वरूप**बारे बुनियाँदी जानकारी प्राप्त भयो । उपनिवेश र उपनिवेशवादको परिचय र यसको मान्यता साथै स्वरूप सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 11.8 अनुशीलनी

1. उपनिवेशको अवधारणाबारे चर्चा गर्दै यस प्रवृत्तिमा लेखिएको साहित्यलाई सविस्तार चर्चा गर्नु होस् ।

2. उपनिवेशवदाको अर्थ सम्बन्धि उल्लेख गर्दै यसबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

Notes

3. साहित्यमा उपनिवेसवादको महत्त्व, मूल्य र उपयोगिता के कस्तो रहेको देखिन्छ ? बताउनुहोस् ।

4. उपनिवेश र उपनिवेशवादको प्रमुख घटकहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

5. उपनिवेश र उपनिवेशवादबारे दिएका पाश्चात्य र पूर्वीय विद्वानहरूका मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

6. उपनिवेशवादलाई आधार गरी नेपाली साहित्यमा कस – कस लेखकले आफ्ना कृतिहरू लेखेका छन् ? विवेचना गर्नुहोस् ।

7. उपनिवेशवादलाई उत्तर – आधुनिकतावाद लेखनको किन प्रमुख अङ्ग मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

8. उपनिवेश र उपनिवेशवादी लेखनले नेपाली साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

9. उपनिवेश र उपनिवेशवादको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

10. नेपाली साहित्यमा उपनिवेश र उपनिवेशवादलाई मुल आधार गरी लेखिएको कृतिहरूबारे एउटा लेख लयार पार्नुहोस् ।

12. उपनिवेश र उपनिवेशवादमूलक साहित्यको अध्ययनबाट जन – साधारणले कस्तो शिक्षा हासित गर्न सक्दछ ? आफ्नो मनतव्य लेख्नुहोस्।

13. उपनिवेश र उपनिवेशवाद माझ के कस्तो साम्य र भिन्नता पाउन सकिन्छ ? तर्क दिनुहोस् ।

## 11.9 अतिरिक्त अध्ययन

१. ऋषिराज बराल - **मार्क्सवाद र उत्तर – आधुनिकतावाद ।**

२. कृष्ण गौतम -**अनेक रूप अनेक पठन ।**

३. कृष्ण पोखरेल -**विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू ।**

४. गोपाल शिवाकोटी -**आधुनिक राजनितिक विज्ञान ।**

५. दाहाल, रामकुमार – **सामाज्यवाद, राष्ट्रवाद तथा उपनिवेशवाद ।**

६. **इन्साइक्लोपिडिया अमेरिकाना ।**

७. मेलभिन, एस. (सम्पा.) - **कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल, कल्चर एण्ड पोलिटिकल इन्साइक्लोपिडिया ।**

८. सिंह, अभय प्रसाद - **भारत में उपनिवेशवाद ।**

९. दाहाल, रामकुमार र शिवकोटी, गोपाल - **आधुनिक राजनितिक विज्ञान ।**

१०. दाहाल, रामकुमार र शिवकोटी, गोपाल - **अन्तर्राष्ट्रिय राजनीति ।**

११. लुम्बा, एमीया - **कोलोनियालिज्म / पोस्टकोलोनियालिज्म ।**

१२. गान्धी, लीला - **पोस्टकोलोनियल थ्योरी ।**

१३. दास, गोविन्द – **उपनिवेशवाद, नयी उपनिवेशवाद ओ साम्राक्यवाद ।**

१४. मयाक्लोन, जोहन - **विगिनिङ् पोस्टकोलोनियालिज्म ।**

१५. हिमांशु, राजुप्रधान - **साहित्य परिचय ।**

१६. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

१७. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

१८. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

१९. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा** ।

२०. जैसी, श्यामराज – **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि** ।

यस अतिरिक्त **उपनिवेश** र **उपनिवेशवाद**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 11.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. उपनिवेशको अर्थ र परिभाषा ।

.............................................................................................

........

.............................................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. उपनिवेशवादको अर्थ र परिभाषा ।

.............................................................................................

........

.............................................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. उपनिवेश र उपनिवेशवादका मान्यताहरू ।

.......................................................................................

........

.......................................................................................

.......**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. उपनिवेश र उपनिवेशवादको स्वरूप ।

.......................................................................................

........

.......................................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२०. उपनिवेशवादका अवधारणाहरू ।

.......................................................................................

........

.......................................................................................

........

.......................................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 12, उत्तर - उपनिवेशवादका मान्यता एवम्  स्वरूप

**संरचना**


12.0 उद्देश्य

12.1 परिचय

12.2 उत्तर - उपनिवेशवादको अर्थ र परिभाषा

12.3 उत्तर - उपनिवेशवादका मान्यता

12.4 उत्तर - उपनिवेशवादका स्वरूप

12.5 उपसंहार

12.6 सार

12.7 अनुशीलनी

12.8 अतिरिक्त अध्ययन

12.9 मूल्यबृद्धिको निम्ति उत्तर


## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- उत्तर - उपनिवेशवादको सामान्य परिचय
- उत्तर - उपनिवेशवादको अर्थ र परिभाषा
- उत्तर - उपनिवेशवादका मान्यता

- उत्तर - उपनिवेशवादका स्वरूप

## 12.1 परिचय

उत्तर - उपनिवेशवादलाई उत्तर – आधुनिकतावादको एउटा सिद्धान्त मानिन्छ । नवीनता खोजी, पुरानोको प्रतिष्थापन र उच्छेदन नै उत्तर – आधुनिकतावादको विचार भएकोले उत्तर – उपनिवेशवादलाई बहुलवादी, पूँजीवादी, दलाली आदि विचारहरूको समन गर्ने नीति पनि मानिन्छ । उत्तर – आदुनिकतावादमा ज्ञानको व्यापकता, विश्व भूमण्डलीकरण, सूचना प्रविधिको विकास, सांस्कृतिक अन्तर्मिश्रण, बहुलवाद, मार्क्सवाद विरोधी अवधारणा, उपभोक्तावाद, औपनिवेशिक साम्राज्यवाद, विस्तारवाद आदि नीतिहरू विकास भएको पाइने हुनाले उपनिवेश र उपनिवेशवादलाई यसैको एउटा हाँगा मानिने गरिन्छ ।

उत्तर – उपनिवेशवादमा उपनिवेश बनाउने घटना र इतिहास हेर्दा कतिपय उपनिवेशकहरूले सैन्य शक्तिद्वारा उपनिवेश बनाएको, कतिले भाषा संस्कृति र धर्मको माध्यमबाट उपनिवेश खडा गरेका थिए भन्ने बुझिन्छ । भारतमा ब्रिटिस उपनिवेशकहरूले यी दुवै थरिका उपनिवेशीकरणको नीति अप्नाएको थाहा पाइन्छ । ब्रिटिसकालीन भारतमा दार्जीलिङ पहाडी क्षेत्र पनि यसै कुरोको चक्रान्तमा पिसिएको थियो । यस कुरो विविध ऐतिहासिक दस्तावेजहरूकृति आदिको , अध्ययनबाट सत्य र प्रामाणिक हुँदछ । मूल रूपमा औपनिवेशिक हित वा नीतिहरू, शोषण र शासनका कोल्टे नीतिका विरूद्धमा उदाएको नयाँ आधुनिक सिद्धान्त नै उत्तर – उपनिवेशवाद हो । यसलाई अङ्ग्रेजीमा पोस्ट कोलोनिज्म

भनिन्छ । वास्तवमा यो शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त पनि हो ।

विशेष गरेर उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्दान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ। ‘औपनिवेशिकरण’ भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ। यसर्थ प्रसाद सिंहले औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर , राजनैतिक संरचना जस्तै पुलिसनयाँ ,कानून ,संस्था ,राज्य , शैक्षिक नीति आदिको पनि विकास गर्दछ भनि बताएका छन् । औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

## 12.2 उत्तर - उपनिवेशवादको अर्थ र परिभाषा

संस्कृत भाषाको उपनिवेश शब्दमा ‘वाद’ जोड़ेर बनिएको ‘उपनिवेशवाद’ – मा लाई अङ्ग्रेजीको पोस्ट शब्द जोडिएर **पोस्ट कोलोनिज्म** (Post – Colonism) शब्द बनिएको छ । यसै शब्दको नेपाली रूपान्तरण **उत्तर – उपनिवेशवाद** हो । यसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उत्तर - उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् ।

'उत्तर - उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य, प्रशासनीय सस्थाहरू, औपनिवेशिक विचार र सिद्धान्तका माध्यम कुनै पनि निद्दष्ट क्षेत्रमा गरिने एउटा शासन समान हो । तथापनि उत्तर - उपनिवेशवादबारेको अर्थ र परिभाषालाई अध्ययन गर्दा विभिन्न शब्दकोष र विद्वानहरूले आ – आफ्नै ढङ्गमा यसको अर्थ र परिभाषालाई प्रष्टाएको पाइन्छ।

संस्कृतको उपनिवेश शब्दमा 'वाद' परसर्ग लागेर उपनिवेशवाद शब्द प्रचलन आएको हो । यसको अर्थ उपनिवेशकहरूले आफ्ना उपनिवेशहरूमा स्थापित गरेका विचारसिद्धान्त वा धारणा आदि ,नीति , भन्नेहुन्छ । यसरी नै 'उत्तर - औपनिवेशिक' शब्द अङ्ग्रेजी भाषाको **पोस्ट - कोलोनीयल** शब्दको नेपाली रूपान्तर हो, जसमा 'इज्म्' प्रत्यय गाँसिएर पोस्टकोलोनीयाइलिज्म् अर्थात् **उत्तर – औपनिवेशिकतावाद** शब्द बनिएको पाइन्छ । हिन्दी साहित्यका समालोचक प्रणय कृष्णले उल्लेख गरेअनुकार उत्तर - औपनिवेशिक शब्दको अर्थ कुनै उपनिवेशित मुलुकले स्वतन्त्रता पाएपछि तथा त्यससित सम्बन्धित हमजा अल्चीको दशक (सन् 1972 देखि सन् 1974 सम्म) – मा गुलाम र दासत्वको स्थितिबाट मुक्ति प्राप्त गरेपछि उदय भएको राससत्ता हो । यसबाट शोषण र दमनबाट उन्मुक्ति पाउँनु नै उत्तर - औपनिवेशिक हो भन्ने बुझिन्छ । मूलत: 'उत्तर-औपनिवेशिक' पद एउटा ऐतिहासिक पदक्षेप रहेको प्रतीत हुन्छ । यसरी नै हिन्दी साहित्यका अर्का समालोचक हरीश त्रिवेदीले उत्तर - औपनिवेशिकवादको चारवटा अर्थ बताएका छन् । ती हुन् –

१. 'उत्तर' शब्दको एउटा अर्थ बादको अवस्था हो, जसअनुसार उत्तर-औपनिवेशिकता पूर्वको औपनिवेशिक स्थितिको बादको अवस्था वा वर्तमान रूप हो ।

**Notes**

२. 'उत्तर' शब्दमा बादको अवस्थाले जसरी पूर्वको अवस्थादेखि छोड़िएको स्थितिलाई व्यक्त गर्दैन ठीक त्यसरी नै **उत्तर रामचरितमानस** नामक पुस्तकमा 'उत्तर' शब्दको प्रयोग पाइन्छ। अतः यस सन्दर्भमा उपनिवेशवादको 'बादको अवस्था वा उत्तर अवस्था हो, जसको एउटा अर्को नयाँ नव – उपनिवेशवाद हो ।

३. 'उत्तर' शब्दको प्रयोग उच्चत्तर, विकसित तथा अझ अधिक शब्दहरूका अर्थहरूमा पनि आधारित हुन्छ। यी अर्थहरू पनि उत्तर - उपनिवेशवाद शब्दको निकटवर्ती नव- उपनिवेशवादको समानार्थमा तुल्य छ ।

४. 'उत्तर' शब्दको अर्को प्रयोग उत्तर वा जवाब दिने क्रममा पनि हुन्छ । जस्तै - पूर्वपक्ष र उत्तरपक्ष।

वास्तवमा **उत्तर – उपनिवेशवाद** भन्नाले उपनिवेशवादको विपरीत प्रतिरोध तथा विरोध हो भन्ने बुझिन्छ । पाश्चत्य विद्वान् होमी के - भाभाको मतमा उत्तर .औपनिवेशिकता केवल साम्राज्यहरूको पतनपछिको समयलाई बुझाउने कालगत संज्ञा मात्र नभएर विचारात्मक दृष्टकोणले एउटा मुक्तिदायी अवधारणा अनि समकालीन विश्वव्यवस्थासित जड़ित एक सांस्कृतिक विमर्शको पद हो । समालेचक कृष्ण गौतमले भने उत्तर - औपनिवेशिकतालाई प्रतिरोध तथा विरोधकरण वा संशोधन त अस्वीकार आदि शब्द चित्रमा अर्थ्याउन सकिने बताएका छन् । उनको मतअनुसार उपनिवेशमा जुन मूल्य – मान्यताहरू आदर्शलाई स्थापित गर्नका निम्ति गरिएको हुन्छ, त्यसैको प्रतिरोध, विरोध र अस्वीकारलाई उत्तर – उपनिवेशवाद भन्न सकिन्छ । यसरी नै समालोचकद्वय खगेन्द्रप्रसाद लुइँटेल र मोहनराज शर्माले उत्तर - औपनिवेशिक शब्दको अर्थ आफैमा भ्रमपूर्ण रहेका बताएका छन्।

विभिन्न विद्वानहरूका विचारअनुसार औपनिवेशिक युगमा रचिएका कृतिहरू साथै आजसम्म रचिएका कृतिहरू दुवैलाई जनाँउनका साथै औपनिवेशिक संस्कृतिबारे जो सुकैले वा स्वयं औपनिवेशिक संस्कृति अनुसरण गर्नेहरूले रचेका कृतिहरूलाई बुझाउँछ भन्दै उत्तर - आधुनिकतावादअन्तर्गत पर्ने विनिर्माणवाद, नव माक्सवाद, नव इलिहासवाद, नारीवाद, नव मनोविश्लेशणवाद आदिसित घनिष्ठ सम्बन्ध रहेको हुन्छ । कृष्ण गौतमले देश स्वतन्त्र हुनुभन्दा पहिलादेखि नै उत्तर - औपनिवेशिक प्रवृतिहरू उठेका हुन्छन् र दरिला हुँदै गएपछि तिनले देशलाई स्वतन्त्रताको चुचुरामा पुर्याउँछन् भन्ने विचार पोखेका छन् । अतः प्रवृतिगत दृष्टिले उपनिवेशको विरोधको प्रचलन सुरू भएदेखि नै उत्तर - औपनिवेशिकताले पनि प्रवेश लिएको बुझ्न सकिन्छ ।

वस्तुतः औपनिवेशिक शक्तिको प्रभावलाई पन्छ्याउदै शिक्षा ,साहित्य , कभाषिक तथा बौद्धि ,राजनैतिक ,अर्थनीति ,संस्कृति ,कला अन्वेशषणका सम्पूर्ण क्षेत्रमा आफ्नै नवीन चिन्तन एवम् सैद्धान्तिक ढाँचा स्थापित गर्न थालिएको परिवेशलाई नै उत्तर - औपनिवेशिक युग भनेर मान्न सकिन्छ । दोस्रो महाविश्वसुद्धमा पनि देखा परेको यो सैद्धान्तिक विशेष नवीन चिन्तनधारालाई उत्तर - औपनिवेशिकतावाद भनेर चिन्न सकिन्छ । कृष्ण गौतमले ' औपनिवेशिकताको प्रमुख पहिचान पराधीनता हो भने उत्तरऔपनिवेशिकताको प्रमुख लक्षण स्वतन्त्रता हो '[60] भन्ने कुरासँग पनि सहमति जनाउँन सकिन्छ । **औपनिवेशिकतावाद** भन्नाले उपनिवेशवादको अन्त भएपछिको एक प्रकारको नव – उपनिवेशवाद रूपमा रहेको स्थितिलाई बुझिन्छ । उत्तर -औपनिवेशिक चिन्तक तथा विद्वानहरूअनुसार साम्राज्यवादी देशहरूले आफ्ना वैचारिक शक्तिकामाध्यम आफ्ना शासन व्यवस्थालाई न्यायोचित

तुल्याउने प्रयासमा हुन्छन्। जस्तै भारतको सन्दर्भमा ब्रिटिश सरकारले भारतमा आफ्ना शासनलाई 'सिविलाइजिङ्ग मिशन' को नाम दिएको तथ्यलाई लिन सकिन्छ ।

फ्रेंज फैननअनुसार 'उपनिवेशवाद केवल एक आर्थिक आधिपत्य व्यवस्था मात्रैको रूप होइन । यसको परिधि सम्पूर्णरूपले केन्द्रमाथि निर्भर हुन्छ । उपनिवेशवादले मानिसहरूका सोंच र विचारमाथि समेत नियन्त्रण गर्दछ ।  उत्तर - औपनिवेशिकतावादका प्रखर आलोचक एडवर्ड सइदलाई मानिएको छ । उनको यस  प्रवृत्तिको समालोचनात्मक ग्रन्थहरूमा **ओरियन्टालिज्म** (सन् 1978), **द क्वेश्चन् अफ प्यालेस्टाइन** (सन् 1979), **द वर्ल्डद टेक्सट् , एण्ड द क्रिटिक** (सन् 1983), **कल्चर एण्ड इम्पेरियालिज्म** (सन् 1993) आदि हिन् ।

मूलत: कतिपय कारणहरूका फलस्वरूप पूर्व - उपनिवेशित मुलुकहरूमाझ  उत्तर - औपनिवेशिक स्थितिको चित्रणमा भिन्नता आएको मान्न सकिन्छ। यद्धपि विगतमा उपनिवेशवादी देशहरूले गरेको चरम शोषणदमन र अमानवीय अत्यचारको विरूद्ध वर्तमानमा , विश्वभरीका अन्य उपनिवेशितप्रान्त, मुलुकहरूले पनि आफैलाई मुक्ति दिलाउने प्रक्रियामा सक्रीय भई मुक्ति सङ्घर्षको आवाज बुलन्द गरिरहेको मानिन्छ । हिजआज विश्व मानचित्रमा दैनिकरूपमा घटिरहेका जनआन्दोलनका विभिन्न घटनाहरूलाई उत्तर - औपनिवेशिकतावादको सङ्केतहरू मान्न सकिन्छ ।

## 12.3 उत्तर - उपनिवेशवादका मान्यता

उत्तर – उपनिवेशवादको मान्यता, धारणा र विचारहरूलाई पगरेल्नु भन्द अधि यसबारे अवधारणा प्रस्तुत गर्ने विभिन्न आलोचक, विद्वान, समालोचकहरूका मतहरूलाई निर्कोयल गर्नु उतित हुन्छ । समालोचक सइदले आफ्नो पुस्तककामाध्यम पश्चिमेलीहरू औपनिवेशिक लेखक तथा कृतिहरूको षड़यन्त्रपूर्ण मूल्याङ्कन गरेको तथ्यादिलाई उद्घाटित गर्दै स्वदेशी संस्कृति - मूल्य ,मान्यता तथा अवस्थानुसार कृतिको समालोचना गर्ने प्रवृतिद्वारा उत्तरऔपनिवेशिक समालोचनालाई समेत समृद्ध पारेका छन् । यस मध्ये सइदको **ओरियन्टालिज्म** (सन् 1978) नामक पुस्तकलाई उत्तर - औपनिवेशिकतावादको एउटा स्रोत पुस्तकको रूपमा मानिन्छ । यस कुरोलाई गायत्री स्पीभाकले स्वीकारेका कुरो लीला गान्धीले बताएका छन् ।

एडवर्ड सइदको पुस्तक **ओरियन्टालिज्म**मा बौद्धिक तथा तार्किक ढङ्गमा यूरोपेलीहरूले अयूरोपेलीहरूको झूठो र कपोल कल्पित, दुराग्रही, एकपक्षीय मत प्रकट गरेको बताएका छन् । यस तथ्यलाई खुलस्त पार्दै भालेरी केनेडीले पूर्वीय वाङमयवाद अन्तर्गत पश्चिमेलीहरूले गरेका षड़यन्त्रपूर्ण कृत्यको पर्दाफास सइदको **ओरियन्टालिज्म** पुस्तकमा गरेका छन् भनेको पाइन्छ । उत्तर – औपनिवेशिकलाई मूख्य आधार गरेर समालोचना गरिएको अन्य पुस्तकहरूमा बिल आस्क्रफ्टग्यारेथ ग्रिफिथ्स र हेलेन , टिफिनद्वारा सम्पादित**द एम्पायर राइटर्स ब्याकः थ्योरी एण्ड प्रयाक्टीस इन पोस्टकोलोनीयल लिट्रेचर्स**) 1989 ( र **द पोस्टकोलोनीयल स्टडीज रिडर** )1995 लाई मानिन्छ (। यसर्थ समालोचक मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले रेमन्ड स्वाबमेलिज्की ,डोरिथी ,जोहन डब्लु , आदिलाई उत्तर – औपनिवेशिक लेखनको अन्य आलोचक मानेका छन् । मूलत: उत्तर – औपनिवेशिकताको विविध स्रोतहरू हुन सक्छन् । यसबारे

**Notes**

हिन्दी साहित्यका समालोचक प्रणय कृष्णले मूख्य दुईवटा स्रोत रहेको बताएका छन् । ती हुन् –

क) अनुशालनिक स्रोत र ख) ज्ञानात्मक स्रोत ।

अनुशासनिक स्रोत अन्तगर्त कमनवेल्थ लिटरेचर एफ्रो ,सबाल्टर्न स्टडीज , -एशियाई साहित्य - अफ्रिकी ,अमेरिकेली आदि अश्वेत मुलुकहरू पर्दछन् । यसरी नै ज्ञानात्मक स्रोत अन्तर्गत उत्तर संरचनावाद र उत्तर - आधुनिकतावाद पर्दछन् । बीसौँ शताब्दीदेखि एउटा भिन्दै अवधारणाले जन्म लिएको मानिन्छ । यस समयदेखि कला ,विज्ञान ,दर्शन ,साहित्य , - सञ्चार ,राजनीति ,अर्थनीति ,समाजशास्त्रमाध्यम आदि क्षेत्रमा मात्र नभएर शासनतन्त्र र व्यापार – वाणिज्य आदिमा मान्छेले जन्माएका कैयौं अवधारणाआस्था र विश्वासहरू धराशयी भए ,मान्यता र एउटा भिन्दै अवधारणाले जन्म लिन पुग्यौ । यसलाई **उत्तर – औपनिवेशिकवाद** भन्न सक्छौँ ।

यस समयदेखि पूर्वऔपनिवेशिक देशहरूमा चिन्तन धाराको नयाँ ठोस लहर पनि देखा परेको मानिन्छ । यसको प्रभाव शिक्षा ,प्रशासन ,राजनीति , कला ,साहित्य ,व्यवसाय - व्यापार ,योजना ,आर्थिक ,व्यवस्था ,जिकसामा आदि क्षेत्रमा प ,संस्कृतिरेर गयो । पूर्व - औपनिवेशिक युगको समाप्तीसितै उत्तर- औपनिवेशिक सोंचको सुरूवात भए तापनि विकासका दृष्टिले सबै पूर्व उपनिवेशित् मुलुकहरू सक्षम थिएनन् । निदरल्याण्ड, पोर्तुगल र जर्मनी आदि देशहरूले उपनिवेश बनाएका मुलुकहरूका तुलनामा नाइजेरिया ,मलाया ,श्रीलङ्का ,वेलायती उपनिवेशिकका रूपमा रहेका भारत - न्याय ,प्रशासन ,आदि देशहरूका शिक्षाप्रणाली अर्थनीति ,यातायात , इत्यादि कुराहरूमा पछौटे नै थिए । यसको मूल कारण प्रारम्भिक शासन प्रणालीलाई मान्न सकिन्छ ।

विशेष गरेर उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्धान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ। 'औपनिवेशिकरण' भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ। यसर्थ प्रसाद सिंहले औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर , राजनैतिक संरचना जस्तै पुलिसनयाँ शैक्षिक ,कानून ,संस्था ,ज्यरा , नीति आदिको पनि विकास गर्दछ भनि बताएका छन् । औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

प्रणय कृष्णले ब्रिटिश अनि फ्रान्सीसी औपनिवेशिकरणको प्रक्रियाहरूमा पनि केही भिन्न्ता रहेको बताएका छन् । उनले ब्रिटिश शासकहरूले भारत जस्तो उपनिवेशमा संवैधानिक अनि प्रशासनिक सुधारहरूका माध्यम देशका गैर अङ्ग्रेजहरूलाई पनि औपनिवेशिक तन्त्रभित्र स्थान दिंदै कतिचोटी राष्ट्रवादी एवम् सामाजिक आन्दोलनरूपी मांगहरूलाई कानूनी अनि प्रशासन तन्त्रको स्तरबाट विचारेका थिए भनेका छन् । यस्तै औपनिवेशिक प्रक्रियाअन्तर्गत अफ्रीका महाद्वीपका काला मानिसहरूलाई धेरै शताब्दीसम्म दासको रूपमा विश्वका धेरै क्षेत्रहरूमा शोषण गरिएको पनि पाइन्छ। अठारौं - उन्नाइसौँ शताब्दीको फ्रेंचजर्मन एवम् ब्रिटीश , दार्शनिकहरूमाझ औपनिवेशिकरणको स्वरूपगत वैधतालाई लिएर चर्चाको महत्वपूर्ण मुद्दा विषयबनेको मानिन्छ । यससमय इमैनुअल कांट , वोल्टेयर आदि विद्वानहरू औपनिवेशिकरणको अत्याचारी र ,डेट्रायट बर्बरतामूलक स्वरूपको आलोचकका रूपमा रहेका थिए । यी आलोचकहरूले

Notes

विश्वका अन्य राष्ट्रहरूलाई यूरोपीय देशहरूले सभ्य बनाउने आफ्ना कर्तव्य ठानेका कुराप्रति सहमति जनाउँने पक्षमा नरहेको मानिन्छ । यसरी नै अर्कोपक्षका एडम स्मिथ,जेरमी बेंथम , जेम्स मिल जस्ता विचारकहरूले भने औपनिवेशिकरणको प्रक्रियालाई विश्वको अन्य देश झैं भारतको सन्दर्भमा पनि समर्थन जनाएको बुझ्न सकिन्छ ।

विशेषत: औपनिवेशिकरणको स्वरूपगत विशेषताबारे यी आलोचकहरूको अलग -अलग मापदण्ड रहेको थियो । उदाहरणको निम्ति आलोचक एडम स्मिथलाई लिन सकिन्छ । उनले आर्थिक कारणहरूका आधारमा औपनिवेशिकरणको प्रक्रियालाई विरोध गरेका थिए । मार्क्सवादी द्रष्टिकोणमा राजनैतिक एवं आर्थिक आधिपत्यका निम्ति निर्मित व्यवस्थाको रूप नै औपनिवेशिकरण हो भन्ने बुझिन्छ । यस्ता मार्क्सवादी आलोचकहरूमा कार्ल माक्स, हिल्डर फिह्ग, बुखारिन, लेनिल, रोजा लक्जमवर्ग, कार्ल कार्टस्की आदि प्रमुख थिए । यसर्थ उत्तर -औपनिवेशिकरणको स्वरूपगत विशेषतालाई अध्ययन गर्दा यसको केवल राजनैतिक र आर्थिक पक्ष मात्र नभएर समाजिक एवम् सांस्कृतिक प्रभावका पक्षहरू पनि रहेको पाइन्छ । सन् 1970 को दशकदेखि माइकल फूकोपार्थ ,रणजीत गुहा ,होमी भाभा ,गायत्री स्पीवैक ,एडवर्ड सईद , दीप चक्रवर्ती आदि चिन्तकहरूले ,ज्ञानेन्द्र पाण्डेय ,चटर्जी औपनिवेशिकरणको समाजिक एवम् सांस्कृतिक प्रभावका पक्षहरूलाई मानेका छन् । यी चिन्तकहरूले औपनिवेशिकरणलाई 'ज्ञान एवम् शक्ति' को परीसीमामा राखेर विश्लेषण गरेका छन् ।

यसरी विभिन्न समालोचक चिन्तकहरूले , विद्वान् ,आलोचक , औपनिवेशिकरण सन्दर्भका आधारहरूमाथि गरेका मान्यताविचार ,

आदिलाई अध्ययन गर्दाभारतीय औपनिवेशिकरणको प्रक्रियालाई निम्न सन्दर्भका आधारमा अध्ययन गर्न सकिन्छ । ती हुन् –

क) सामाजिक औपनिवेशिकरण

ख) राजनैतिक औपनिवेशिकरण

ग) आर्थिक औपनिवेशिकरण

घ) धार्मिक औपनिवेशिकरण

ङ) भाषिक तथा सांस्कृतिक औपनिवेशिकरण

च) नारी केन्द्रित औपनिवेशिकरण

समाजलाई मानिसद्वारा निर्मित एउटा व्यवस्था मानिन्छ। समाज कुनै पनि युगमा एक समान रहँदैन । यो व्यक्ति - व्यक्तिको व्यवस्थाद्वारा परिवर्तन भइ रहन्छ । यसरी मानव संसारमा समाज परिवर्तन सँगसँगै मानवमूल्य परम्पराहरू पनि परिवर्तन हुँदै जान्छन् । मूलतः ब्रिटिश औपनिवेशिकरणको कारण सामाजिक मूल्यहरूको सङ्घर्ष तथा सङ्क्रमणको अनेक स्थिति भारतीय समाजमा दृष्टिगोचर छन् । भारतीय समाजलाई अन्धविश्वास, रूढी, स्वर्ग - नर्कमा विश्वास राख्ने सामन्ती युगमा बाँचेको पछौटे समाज मान्न सकिन्छ । प्रारम्भमा यस भारत देशमा मूलरूपमा मुसलमान तथा हिन्दू जाति उपजाति बसोबास -गर्दथे । त्यसमय भारतीय समाज सानो – उँच ,ठूलो - नीच कस्ता जातीय भावना तथा शोषणमूलक भेदभावमा डुबेको थियो। साम्प्रदायिक इर्ष्या तथा द्वेष क प्रकारका सामाजिक कुरीतिहरूअस्पृष्यता र अनेले समाज विकृत बनेको थियो । वास्तवमा यिनै सामाजिक कुरीतिका कारण भारतीय समाजमा त्यससमय शैक्षिक, धारमिक तथा राजनैतिक जागरण आउन नसकेको मानिन्छ ।

यस समय भारतवर्ष आन्तरिक बेमेल तथा कलहमा डुबेको मानिन्छ । भारतीयहरू यसरी आन्तरिक कलहमा डुबेको मौका पाएर विदेशी अङ्ग्रेज उपनिवेशवादीहरूले भारतको विभिन्न भू - भागमाथि आफ्नो आधिपत्य जमाउन सफल भएका मान्न सकिन्छ । यसर्थ भारतीय समाजशास्त्री सत्यकेतु विद्यांलकरले भारतीयहरूमा ब्रिटिस उपनिवेशवादी दमन र शोषणको विरुद्ध स्वतन्त्रता आन्दोलनको तीव्र भावना उत्पन्न हुनुको मूल कारण ब्रिटिशहरूको भारतीयहरूप्रतिको आर्थिक र सामाजिक शोषणलाई मानेका छन् । उनको यस विचारअनुसार उपनिवेशवादको मूल तात्पर्य आर्थिक शोषण र सामाजिक शोषणमा निहित हुन्छ भन्ने बुझ्नुन्छ ।

भारतीय ब्रिटिशकालीन औपनिवेशिक समाजलाई अध्ययन गर्दा यस समय भारतमा वर्ण र जातीय भेदगत् नीतिहरूको उदय भएको देखिन्छ । यही वर्ण र जातीय भेदगत् नीति र विचारहरूलाई उपनिवेशकहरूले आफ्ना शोषणका मूल अस्त्र बनाएको पनि मानिन्छ । त्यससमय भारतीय समाज शिक्षा जस्तो क्षेत्रमा धेरै पछौटे भएको कारण उनीहरूलाई विभिन्न जातगत् विभेदहरू ब्रिटिश औपनिवेशिकहरूले सजिलै देखाउँन सक्थे । यस्तै सामाजिक औपनिवेशिकको शोषणमा अफ्रीका महाद्वीपका काला वर्णको मानिसहरू पनि पिसिएको मानिन्छ । यी काला वर्णका मानिसहरू धेरै शताब्दीसम्म दासको रूपमा विश्वका थुप्रै क्षेत्रहरूतिर पठाइएको उल्लेख प्रणय कृष्णले आफ्नो पुस्तक **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**मा गरेका छन् । उनले उत्तरी र दक्षिणी अमेरिकाको एउटा वृहत क्षेत्रफलमा यस्तै काला मानिसहरूका आवादी रहेको बताउँदै उनीहरूका पूर्वजहरूलाई अफ्रिकी महाद्वीपबाट दास बनाएर उपनिवेशकहरूले यी महाद्वीपहरूमा ल्याएका थिए भनेका छन् ।

यसरी उपनिवेशयुगीन घृणित सामाजिक व्यवसायको रूपमा दासव्यापार पनि रहेको थियो भन्ने थाहा लाग्छ। इतिहासअनुसार हइटीमा सन् 1502 मा सस्ता मजदुरको रूपमा प्रथम पटक अफ्रीकी दास ल्याइएको थियो । यी अफ्रिकी जातिहरू आफ्नै जातिबाट मानिसहरू निकालेर तिनलाई दासको रूपमा कैदी बनाउन परस्पर एका – अर्कामा लड्थे । त्यससमय डाहोमीका शक्तिशाली जनजातीय नेता तथा राजाले आफ्ना सैनिक पठाएर छिमेकी मुलुकका मानिसहरूलाई समाउँथे र तिनलाई दास बनाएर बेच्दथे । यस प्रसङ्दमा कृष्ण गौतमले र्यससमय 400 वर्षको दासव्यापारमा डेड़ करोड़ भन्दा बढ़ी निग्रोहरू बेचिएको बताएका छन् । उपनिवेशकालमा भारतीय समाजमा अङ्ग्रेजहरूले स्वयंलाई श्रेष्ठ सम्झन्थे भने भारतीयहरूलाई घृणाको दृष्टिकोणले हेर्ने गर्दथे । यसको उदाहरण दक्षिण अफ्रिकामा आफ्नो वाकालतीको अभ्यास गर्दा आफूसित रेलको प्रथम दर्जाको टिकट भएर पनि रङ्ग भेदको शिकार भएको माहत्मी गान्धीलाई लिन सकिन्छ । त्यस यात्रा समय तिनी तेस्रो दर्जामा गएर बस्नुपरेको थियो ।

यस अतिरिक्त भारतका विभिन्न होटल एवम् क्लबहरूमा अङ्ग्रेजहरूले भारतीयहरूको प्रवेश वर्जित गराएर भारतीयहरूमाथि चरम सामाजिक शोषण गरेका तथ्य विविध ऐतिहासिक विवरणहरूका अध्ययनबाट थाहा पाइन्छ । यसर्थ 'उपनिवेशकालमा अङ्ग्रेजहरूले भारतीयहरूमाझ जातगत विभाजनको नीति अप्नाएर अपमानजनक व्यवहार गर्थे' भनि विपिन चन्द्र पालले आफ्नो विचार पोखेका छन् । अत: यी सबै तथ्यहरूले भारतमा अङ्ग्रेजहरूले नर्चस्व विस्तारै बढदै गएको अनुभव हुन्छ । मूलरूपमा ब्रिटिश शासनकालमा भारतीय समाज विभिन्न वर्गमा विभाजित थियो । त्यससमय भारतीय समाजमा उच्चमध्य र निम्नवर्ग विद्यमान थियो। यही तीन वर्गका आधारमा तत्कालीन भारतीय समाजको

समाजिक स्थितिलाई अध्ययन -मनन गर्न सकिन्छ। यती मात्र नभएर भारत स्वाधीन हुनुभन्दा पहिले निम्नवर्गका मानिसहरू भारतीय समाजमा आर्थिक दृष्टिबाट कमजोर थिएआज पनि भारतीय समाजका निम्नवर्गीय , मानिसहरू आर्थिक दृष्टिबाट पछौटे नै रहेको देखिन्छ। समयको अन्तरालमा भारतीय समाजमा जमीन्दारपुँजीवादी आदिको ,महाजन , उत्पन्न भएर गयो । यी जमीन्दार पुँजीवादी आदिको उत्पन्न ,महाजन , भएपछि भारतीयहरू झन् शोषणको पन्जामा जाकिए । उनीहरूको पीड़ा शोषण झन् बढेर गयो।

त्यससमय भारतीय समाजमा निम्न वर्गका मानिसहरू अधिकांश कृषक थिए । उनीहरूका निम्ति खेती तथा अन्न उपार्जन नै आयको प्रमुख साधन थियो । तर जमीन्दार र महाजनहरूको समाजमा उत्पन्न भएपछि निम्न वर्गका किसानमजदुरहरूमाथि ठुलो आघात परे ,को मान्न सकिन्छ । किसानहरूमाथि कर तथा ऋण जमिन्दार भनाउणदोहरूले लिन थाले । पछि विभिन्न प्राकृतिक प्रकोपका कारण उब्जनीमा ह्रास एवम् दिनदिनै - नहरू झन्खेती समाप्त हुँदै गएपछि किसापीर र मर्कामा मात्र नपरेर शोषित पनि बन्दै गए । तत्कालीन भारतीय समाजमा साम्राज्यवादीहरूका शोषणको प्रथम लक्ष्य श्रमिकवर्ग नै रहेको मानिन्छ । भारतमा ब्रिटीश औपनिवेशिक शासनमा कृषकहरू झैं आदिवासीहरूको सामाजिक स्थिति पनि दयनीय रहेको जान्न पाइन्छ। त्यससमय ब्रिटिशहरूको सामाजिक शोषणगत नीतिहरूका कारणले आदिवासीहरूको घरजङ्गल एवम् , जमीनमाथि दिकुहरूको आधिपत्य बड़ेर गएको थियो । ‘दिकु’ आदिवासीहरूले बाहिरबाट आएका मानिसहरूलाई भन्ने गर्दथे । अभय प्रसाद सिंहको विचारअनुसार यी ‘दिकु’ तता अङ्ग्रेजहरूले उद्योग धन्धा खोल्ने निहुँमा आदिवासीहरूले गरी खाने जङ्गलको क्षेत्रलाई व्यापक

मात्रमा नाश गर्दै यिनीहरूको पारम्परिक कृषि शैली 'झूम कृषि' लाई समेत अन्त गर्ने कोशिश गरेका थिए ।

भारतीय समाजशास्त्रीद्वय शशी मोतिलाल र विजियलक्ष्मी नन्दीले भारतमा विविध जातिहरूका आआस्था र विश्वास आफ्नै सामाजिक- - प्रान्तप्रान्तमा भिन्नै रहेको मानेका छन् । उनीहरूको मतअनुसार विश्वास र आस्थाका भरमा मानवको विचार पनि भारतमा अडिएको छ । प्रारम्भमा भारतीय समाजको विभिन्न प्रान्तमा छुवाछुतजातिगत् , – बाल ,सती प्रथा ,विभेद विवाह जस्ता सामाजिक आस्था र विश्वास विधमान थियो । पछि सन् 1829 मा विलियम बैंटिकले सती प्रथा रोक कानुन , सन् 1834 मा लड डलहौजीले 'डक्ट्रोइन अफ ल्याप्स' नामक कानुनहरूको लागु गरेर भारतीय रीति रिवाजहरू एवम् आन्तरिक कुरोहरूमा हस्तक्षेप गरे। सामाजिक औपनिवेसिकरणको सन्दर्भमा भारतीय नेपालीहरूको समाजिक पृष्ठभूमिलाई पनि अध्ययन गर्न सकिन्छ । उन्नाइसौँ शताब्दीको पहिलो दशकसम्म भारतीय नेपालीहरू श्रमजीवि मै विद्यमान रहेको मान्न सकिन्छ । यसरी भारतमा राष्ट्रिय स्वतन्त्रता सङ्ग्रामको अवधि भारतीयहरूले क्षुब्द भएर अङ्ग्रेजी सामाजिक रीति रिवाजलाई तिरस्कार गरेका थिए । त्यससमय उनीहरूले स्वदेशी मूल्य र मान्यतालाई आत्मासात गर्दै विदेशी नीतिधारालाई तिलाञ्जली दिएका थिए। यसो हुनको मूल कारण उपनिवेशवादी अङ्ग्रेजहरूको यस्तै चरम सामाजिक शोषणकै परिणामलाई मान्न सकिन्छ ।

भारतीय उपमहाद्वीपमा1600टीश अधिदेखि ब्रि .पू .ई उपनिवेशवादको शुरूवातभएको मानिन्छ । भारतमा ब्रिटीश इष्ट इण्डिया कम्पनीलाई व्यापार गर्ने एकाधिकार प्राप्त भएदेखि यो एक व्यापारिक कम्पनीको रूपमा रहेर काम गर्न थालेको मान्न सकिन्छ । तर

Notes

कालान्तरमा मुगल साम्राज्यको पतन भारतमा भएपछि भने ब्रिटीश शासन झन् भारतमा मजबुत भएर गएको जान्न पाइन्छ। यस सन्दर्भमा सन् 1757 को पलासीको युद्ध र सन् 1765 मा बिहारबङ्गाल एवम् उड़ीसा भएको दिवानी अधिकारका घटनालाई लिन सकिन्छ । यही दुइवटै घटनाका कारण ब्रिटेनलाई भारतमा एक मजबुत राजनैतिक शक्तिको रूपमा स्थापित हुने मौका प्राप्त भएर गएको थियो ।

भारतमा उत्तर - औपनिवेशिक समयको अन्तरालमा ब्रिटिस सरकारको पूर्णरूपले अधिकार स्थापित भएर गयो । यस अधिकार प्राप्तपछि ब्रिटिस सरकारले आफ्नो शासन व्यवस्थालाई मजबुत बनाउनका निम्ति सन् 1757 देखि सन् 1935 सम्म विभिन्न प्रकारका नागारिक प्रशासन सम्बन्धी नीतिहरू भारतमा लागु गरेको पाइन्छ । त्यससमय ब्रिटिस सरकारद्वारा लागु गरिएका नीयम -नीतिहरूको लक्ष्य केवल कम्पनीको मूनफा ,बढोत्तरी ,आर्थिक लाभ अनि भारतमाथि ब्रिटिस पकड़लाई यथावत राख्नु थियो । यसरी सन् 1757 देखि 1765 सम्मसको अवधिमा अङ्ग्रेजहरूले बङ्गालबिहार र उडीसामा आफ्नो सत्ता स्थापित गरेपछि , भारतीय राजनीतिमाउमीहरूको चाख र चासो अझ धेरै बढेर गएको मान्न सकिन्छ । इतिहासकार राजेश गौतमले ततेकालिन भारतमा अङ्ग्रेजहरूको विशेषतः तीन क्षेत्र बम्बई मद्रास र कलकत्तामा लगाउ ,रहेको मानेका छन् । त्यससमय बम्बई वरिपरि अङ्ग्रेजहरूको दबदबा नभएर मराठाहरूको प्रभाव थियो । यसरी नै दक्षिण तर्फ मैसूर र हैदराबाद राज्य धेरै शक्तिशाली थिए । यही कारणले गर्दा अङ्ग्रेजहरूले त्यससमय सधैं दक्षिणतिर मराठामैसूरका शासक र हैदरावादको निजम ,हरूका गतिविधिमाथि नजर राख्ने गरेको जान्ना पाइन्छ । इतिहासअनुसार

अङ्ग्रेजहरूलाई उपर्युक्त तीन शक्तिहरूले सधैं नयाँ - नयाँ सन्धि गरेर हैरान समेत पारेका थिए ।

भारतमा एख समय हैदर अली र टीपू सुल्तानले फ्रान्सिसीहरूको सहायता लिएर अङ्ग्रेजहरूको प्रभाव समाप्त गर्नेतर्फ लागेका थिए । यतिमात्र नभएर अवध राज्यको नवाब जाट र ,रोहिला सरदार ,पछि गएर सिखहरूले पनि अङ्ग्रेजी सत्तालाई चुनौति दिएको मानिन्छ । अतः यी चुनौतिहरूको परिणामस्वरूप अङ्ग्रजहरूले यी सबै शक्तिहरूसँग सङ्घर्ष गर्नु परेको थियो । यसैको फलस्वरूप वारेन हेस्टिंग्सदेखि लिएर लर्ड डलहौजीसम्म सबै गभर्नर जनरलहरूले सैनिक शक्ति र कूटनीतिको सहाराहरूमा सन् 1771 को पंचवर्षीय बन्दोबस्तको योजना, सन् 1772 मा दवैध कानुन, सन् 1784 मा रेगुलेटिङ एक्ट, सन् 1793 मा स्छायी बन्दोवस्ता, सन् 1822 मा इन्डिया एक्ट, सन् 1853 मा महतवारी बन्दोवस्ता, सन् 1833 मा चार्टर एक्च तथा सन्य सिविल सेवा योजना र अधिनियमहरू आदि प्रयोग गरेका थिए । यही योजनाहरूका माध्यम भारतीय शासकहरूले अङ्ग्रेज प्रतिद्वन्द्वीहरूलाई परास्त गरी भारतमा आफ्नो साम्राज्य विस्तार तथा सुदृढिकरण गरेको मान्न सकिन्छ । अतः सन् 1757 देखि सन् 1857 को बीचमा अङ्ग्रेजहरूलाई सम्पूरण भारतको राजनैतिक स्वामीत्व प्राप्त भएर गएको थाहा पाइन्छ।

भारतमाथि आफ्नो राजनैतिक वर्चस्व कायम भएपछि स्वेच्छारी अङ्ग्रेजहरूले भारतीयहरूमाथि आफ्नो राजनैतिक शोषणको प्रक्रियालाई अझ तिव्र गरेर लगेको देखिन्छ। यस अन्तर्गत लड डलहौजीको **व्यपगत सिद्धान्त** (Doctrine of lapse) -लाई प्रमुख मान्न सकिन्छ। यस सिद्धान्तको साहारामा डलहौजीले सम्पूर्ण नैतिक एवम् राजनैतिक आदर्शहरूलाई पन्साएर गोद - निषेध नीति (Anti –adoption policy) लागु गरी भारतको सताराउदयपुर ,जैतपुर ,संभलपुर ,झांसी , नागपूर ,

Notes

स सामाज्यमाआदि राज्यहरूलाई बलपूर्वक ब्रिटिगाभेका थिए । लड डलहौजीको यस विलय नीतिले तत्कालिन भारतका सबै राजाहरूलाई त्रसित बनेको मानन्छ । त्यससमय विलय नगरिएका स -साना राज्य र रजौटाहरूका अस्तित्व सङ्कटमा रहेको भारतीय राजाहरूले पछि बुझ्न थाले । वास्तवमा अङ्ग्रेजहरूले यस नीतिलाई सिद्धान्त अनुरूप नभएर अनैतिक र बलपूर्वक सञ्चालन गरिरहेका तथ्य भारतीय शासकबरूले बुझ्न थाले । फलत: अङ्ग्रेजहरूको यस प्रकारको राजनैतिक शोषणबाट बाँच्नलाई उनीहरूले स्व - सुरक्षाको मार्ग खोज्न थाले । लड डलहौजीले भारतमा त्यससमय पदोन्नति र पेन्सन योजनालाई समेत समाप्त गरेको थियो।

यसैको फलस्वरुप भारतीयहरूमा असन्तोषको भावना फैलिएर गएको मानिन्छ । सन् 1856 मा लर्ड कैनिंगले मुगल शासनको नै समाप्तीको घोषणा गरिदिए पछि झन् तिब्ररूपमा अङ्ग्रेजहरूको विरूद्ध भारतीयहरूमा विद्रोहको भावना जागेर गएको मान्न सकिन्छ । अङ्ग्रेजहरूको राजनैतिक औपनिवेशिक नीतिहरूका शिकार स – साना राज्य – रजौटाका शासकहरू मात्र नभएर जनमान पनि भएका थिए । त्ययममय भारतीय जन्ताहरूलाई सरकारी नौकरीहरूबाट वञ्चित राखिन्थ्यो भने उनीहरूलाई अङ्ग्रेजहरूले अमानवीय एवम् अपमानजनक व्यवहार गर्दथे । फलतः जता -ततै बेकारी र भूखमरीको समस्याले भारत ग्रस्त थियो। वस्तुतः सन् 1757 देखि सन् 1857 को अवधिमाझ अङ्ग्रेज सञ्चालित कम्पनी सरकारले बल - छल ,प्रपञ्चद्वारा भारतमा अङ्ग्रेजी साम्राज्यको स्थापना गरेको बुझिन्छ। यस प्रयासमा भारतको अनेकौं राजवंश र राजपरिवारको अन्त्य भएको मानिन्छ । मूख्य गरेर अङ्ग्रेज सरकार वेलेस्लीको समय भारतमा जसलाई जब चाह्यो उसैलाई गद्दीमा बसाउँमे अनि नचाहेको खण्डमा हटाइदिने नीति रहेको थियो । यस नीतिले देशी राजाहरूका

शोषण एवम् उनीहरूको स्वतन्त्रताको अपहरण गर्ने कार्य गरेको बुझिन्छ। यद्धपि देशी राज्यहरूले विवशता र अनिच्छापूर्वक यस सन्धिलाई स्वीकार गरेका भए तापनि उनीहरूको मनमा असन्तोषको आगो विस्तारै – विस्तारै बविरहेको थियो । अत: कालान्तरमा भारतीयहरूको हृदयमा उठेको यही असन्तोषको भावनाका कारण ब्रिटिसहरूको राजनैतिक औपनिवेशिक शोषण भारतमा समाप्त भएको मान्न सकिन्छ ।

भारतमा ब्रिटिश औपनिवेशिक शासनको अवधि भारतीयहरूमाथि धेरै अत्याचारशोषण र दमन , भएको मानिन्छ । कार्ल मार्क्सले यस अत्यचारको मुख्य कारण आर्थिक कारणलाई मानेका छन् । आर्थिक शोषणमार्फत गरिएको अत्यचारले गर्दा ब्रिटिस औपनिवेशिक कालमा भारतमा गरीबी झन् बढेर गएको थियो । यही ब्रिटिसहरूको आर्थिक औपनिवेशिकरणको परिणाम देश गरीबमाथि झन् गरीब बन्दै गयो भने जनताहरू दास सरह भएर गयो । यसर्थ ब्रिटिश औपनिवेशिक भारतीय भू – भागभित्र बडिरहेको गरीबी र भूखमरीप्रति दादा भाई नौराजीले चिन्ता व्यक्त गरेका थिए । प्रारम्भमा इष्ट इण्डिया कम्पनी केवल एउटा व्यापारिक कम्पनी मात्र थियो । यस कम्पनीले भारतीय राजाहरूको सङ्गरक्षण एवम् अनुमति लिएर भारतमा व्यापार गर्दथे । त्यससमय कम्पनीको मूख्य व्यापार भनेको नै विदेशबाट सुन - चाँदी भारतमा ल्याउनु अनि भारतबाट मसाला सूतीको लुगा आदि विदेश लानु थियो । पछि यस व्यापारमार्फत् गतिलो मुनाफा भएको अङ्ग्रेजहरूले बुझे । यही मुनाफाका कारण सन् 1672 को अवधिमा भारतीय कारीगरहरूलाई यूरोपीय बजारहरूतिर उपयुक्त हुने थोकहरू बनाउने तालिम दिनलाई धेरै मात्रमा अङ्ग्रेज कारीगरहरूलाई भारतमा ल्याउने कार्य इष्ट इण्डिया कम्पनीले गरेको थियो ।

Notes

यसरी कारीगरको रूपमा भारत पसेका अङ्ग्रेजहरूले पछि सोझा – सीधा भारतीयहरू माथि व्यापारको नाममा शोषण गरेको मानिन्छ । यसलाई अङ्ग्रेजहरूद्वारा भारतमा गरिएको आर्थिक औपनिवेशिक भन्न सक्छौं । सत्रौँ शताब्दीको उत्तरार्द्धितिर अङ्ग्रेजहरूले भारतमा जमीनदारी प्रथालाई अझ शक्तिशाली बनाउँदै गएको मानिन्छ । यस अतिरिक्त किशानहरूमाथि नयाँ कर - नीति अङ्ग्रेजहरूले लागु गरे । यस नयाँ कर – नीतिको कारण स्वनिर्भर किसानहरूमाथि शोषणको नयाँ अध्याय शुरू भएको मान्न सकिन्छ । यसरी अङ्ग्रेजहरूकै विश्वासघाती कूटनीतिको फलस्वरूप भारतमा त्यससमय जमीनलाई सजिलैसँग किनबेच गर्न सकिने वितरण हुने र बन्धक राख्न सकिने ,भयो । जमीनलाई अन्यसित किनबेच गर्न सकिनेवितरण हुने र बन्धक राख्न , सकिने नियम सन् 1793 मा लर्ड कर्नवालिसले लागु गरेको मानिन्छ । यही अधिनियमको फलस्वरूप ठूलो सङ्खयामा स्वनिर्भर किसानहरूलाई आफ्नो भूमिदेखि उच्छेद गर्ने कार्य तिनताक अङ्ग्रेजहरूले गरेका थिए ।

स्वनिर्भर किसानहरूलाई यसरी विनाकारण आफ्नो भूमिदेखि उच्छेद गरिए पछि भारतीय किशानहरूमा शोषण मात्र नबडेर धरबार बिहिन भएको अनुभव गर्न सकिन्छ । भारतमा सन् 1931 सम्म भूमिहीन किसानहरूको सङ्ख्या 3,30,000पुगेको थियो । यहाँको मानव उर्जालाई अर्थनीतिको मूलधाराबाट च्यूत गरेर विस्थापित गर्दा अङ्ग्रेजहरूलाई त्यसको दोहोरो फायदा भएर गएको देखिन्छ । पहिलो परिणामअनुसार भारतमा ब्रिटिस औपनिवेशिक सत्ताको शक्ति तीव्र भएर गयो भने दोस्रो परिणाममा अङ्ग्रेज साम्राज्यवादी व्यवसायलाई विश्वभरि फैलाउने एजेन्ट मजदुरहरू प्रशस्त मात्रामा तयार भएर गयो । यसबाट आर्थिक शोषणकै भरमा अङ्ग्रेजहरूले भारतमा सुनियोजित ढङ्गमा औपनिवेशिक कब्जा

जमाउनमा सफल भएका प्रतीत हुन्छ । यसैको परिणामस्वरूप भारतीय ग्रामीण समाजको अर्थ व्यवस्था –पूर्णरूपमा ध्वस्त भएर गयो । त्यससमय जबसम्म भारतको ग्रामीण समाजको अर्थ व्यवस्थालाई - पूर्णरूपमा ध्वस्तगर्न सकिँदैन तबसम्म भारतमा आफ्नो उपनिवेशको जड़ बलियो रूपमा गाड़िन सम्भव छैन भन्ने गुढ सत्य अङ्ग्रेजहरूले बुझेक थिए । यसैअनुरूप भारतमा अङ्ग्रेजहरूले आफ्नो औपनिवेशिक शक्ति बढाउन हेतु विभिन्न कुटनीति, नियम, कानुन आदि बनाएको मान्न सकिन्छ ।

सरकारद्वारा भारतीय ब्रिटिश क्षमतालाई पूर्ण रूपमा हत्याउनका निम्ति ब्रिटिश उपनिवेशवादको मुख्य तीनवटा क्षेत्र रहेको देखिन्छ । ती हुन् – वाणिज्यिक, औध्यगिक र वित्तीय क्षेत्र । मूल रूपमा सत्रौं र अठारौं शताब्दीमा ब्रिटिस उपनिवेशवादको मुलभूत उद्देश्य भारतसित व्यापार सँगसँगै लूटपाट गर्नु पनि रहेको मानिन्छ । भारत स्वतन्त्रता पूर्वका अवधिसम्म पनि पुरानै परिपाटीको व्यापारिक र लूटजनीन कार्यलाई यथावत राख्दै भारतीय उपनवेशको प्रयोग ब्रिटेनमा उत्पादित थोकहरूलाई बिक्री गर्ने केन्द्रको रूपमा गरिएको देखिन्छ । पछि उन्नाइसौं शताब्दीको उत्तरार्ध अनि बिशौं शताब्दीको पूर्वार्द्धतिर भारतमा स्थित ब्रिटिस उद्योगपतिहरूले भारतमा पूँजी विनियोगको प्रक्रिया सुरू गरेको मान्न सकिन्छ । यसरी भारतमा पूँजी विनियोगको प्रक्रिया सुरू भएपछि झन् भारतीय श्रमिकहरू शोषणको शिकार हुन पुगेका थाहा पाइन्छ । यसरी ब्रिटिश उपनिवेशवादको चरम दमन, शोषण र अत्यचारबाट रूष्ट भएका भारतीयहरू उनीहरूका पञ्जाबाट मुक्त हुने हमेशा प्रत्यन र सजग हुन थालेका थिए ।

कालान्तरमा त्यही आर्थिक शोषणकै कारण भारतीयहरू ब्रिटिश उपनिवेशवादको साङ्ग्लोबाट मुक्ति हुन अनि स्वतन्त्रता प्राप्तिको तीव्र

भावनासँगै एक सङ्ग्रामी चेतना लिएर अग्रसर भएको मान्न सकिन्छ । ब्रिटिश औपनिवेशिकको विभिन्न कारणहरू मध्ये एउटा कारण ' धर्म ' लाई पनि मान्न सकिन्छ । सोह्रौँ शताब्दीमा भारतमा व्यक्तिसमाज तथा , राज्यलाई भन्दा धर्मलाई मानिसहरूले धेरै विश्वास गर्थे । त्यससमयका मानिसहरूले वर्तमान जीवनलाई भुलेर पुनःजन्म प्राप्त गरी मोक्ष प्राप्ति गर्ने उद्देश्य हृदयमा राख्थे । मूलतः त्यस समयको भारतीय समाज धर्म र यसको रूढिगत परम्पराहरूसित बाँधिएका मान्न सकिन्छ ।

## 12.4 उत्तर - उपनिवेशवादका स्वरूप

विश्वको मानचित्रमा शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमाथि उपनिवेश स्थापना गरी औपनिवेशिकरण प्रक्रियाको थालनी गरेका मानिन्छ । यो घटनालाई आधुनिक युगमा आएर मात्र भएको हो भन्न सकिँदैन । मानव सभ्यताको उद्भवदेखि नै यो घटना घटेको मान्न सकिन्छ । 'जो बलियाहरू छन् , उही बाँच्तछन्' भने झैँ कतिपय महत्वाकाङ्क्षी जाति तथा साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको थालनी साथै विकासको इतिहास शुरू भएको मान्न सकिन्छ। यसको उदाहरणको निम्ति सर्वप्रथम सुमेरूत्यस ,पछि इजिप्सियन,इजियन ,फिनिसियन , चिनियाँ ,भारतीय , ग्रीक पर्सियन ,अनि मङ्गोलहरूले प्राचीन तथा मध्ययुगमा अन्य मुलुकहरूतिर विजय गर्दै आफ्नो प्रभुत्व बढ़ाएको तथ्यलाई लिन सकिन्छ । यी देशहरूमा जितिएको क्षेत्रहरूमा आ - आफ्ना उपनिवेश कायम गरेका जानकारी विविध ऐतिहासिक विवरणहरूबाट स्पष्ट हुन्छ ।

विश्वका वर्चस्वशाली मुलुकहरूद्वारा निर्बल मुलुकहरूमाथि गरिएको औपनिवेशिकरणको प्रक्रियालाई अध्ययन गर्दा यसलाई दुईवटा स्वरूपमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती हुन् -

१. पौराणिक वा ऐतिहासिक स्वरूप

२. आधुनिक स्वरूप

औपनिवेशिकरणको पौराणिक वा ऐतिहासिक स्वरूपलाई अध्ययन गर्दा सुमेरहरू प्रथम पङ्क्तिमा रहेको पाइन्छ । यी सुमेरहरूले आफूहरूलाई 'कालो टाउको भएको मानिस' मान्थे । कालो टाउको भएका जाति सुमेरहरूले टाइग्रिस र युफ्रेटसको उपत्यकामा सभ्यताको जग बसाल्दै लेखनकलाको विकासराज्यसंयन्त्रहरूको रचना गरे ,वास्तुको निर्माण ,शहरको ,को मानिन्छ । उनीहरूले त्यस क्षेत्रको विकासमा ठूलो योगदान दिएका थिए । ती सुमेरहरू वास्तवमा अन्यत्र कतैबाटै त्यहाँ आई शासन गरेको मान्न सकिन्छ । समयको कालान्तरमा पछि अर्कै क्षेत्रबाट आएका अक्कडियन र बेबिलोनियनहरूले ती सुमेरहरूलाई हराएका थिए ।footnotes वास्तवमा बेबिलोनियन सभ्यतालाई सुमेर सभ्यतामै आधारित सभ्यता मान्न सकिन्छ ।

ऐतिहासिक जानकारीअनुसार मेसोपोटामिया भएको भूक्षेत्रले एकातिर भारतीय उपमहाद्वीपको सिन्धू सभ्यतालाई र अर्कोतिर इजिप्सियन सभ्यतालाई जोड्दथ्यो । यसरी नै चीनको साङ्गवंश काल (सन् 1523 देखि सन् 1028 सम्म), चाउवंश काल (सन् 1027 देखि सन् 256 सम्म), हानवंश काल (सन् 206 देखि सन् 220 सम्म) – मा ठूलो साम्राज्यको स्थापना भएको थियो । यस बाहेक टाङ्गवंश काल (सन् 618 देखि सन् 907 सम्म) – मा चीनले आफ्नो क्षेत्र विस्तार प्रक्रिया दुत्त गतिमा गरेको थियो । यसरी सुमेर र चिनीहरूद्वारा उद्भव भएको औपनिवेशिकरण भारतीय उपमहाद्वीपमा भिन्नै प्रसङ्गमा स्थापना भएको

मानिन्छ । सर्वप्रथम आर्यहरू सिन्धु घाटीमा आफ्नो संस्कृतिभाषा र , एधर्म लिएर आका थिए । यही समयदेखि भारतीय उपमहाद्वीप आर्यहरूको उपनिवेश बन्न पुगेको मान्न सकिन्छ ।

ऋगवेदकालीन भारतमा उपनिवेशको क्षेत्रविस्तारको निम्ति राजनैतिक सङ्गठन हुने प्रक्रिया र एकाअर्कामा शक्तिप्रदर्शनको निम्ति भिषण युद्ध समेत भएको इतिहासले बताउँछ । **ऋगवेद**मा दाशराज्ञ (7/33/2, 5/83/8) – मा दशवटा राज्यहरूबिच भएको युद्धहरूको वर्णन पाइन्छ । यो युद्ध मूलतः उत्तर - पश्चिम क्षेत्रमा बसोबासो गर्ने पूर्व-कालीन जनसमुदाय अनि ब्रह्मभावर्तको उत्तर कालीन आर्यहरूका माझमा राज्यविस्तारको निम्ति भएको मान्न सकिन्छ । ऋगवेदकालीन यस युद्धमा सबै जातीय समुदायहरू (जसमा अनार्यहरूपनि थिए) – ले यो विशाल युद्धमा भाग लिएका थिए। तत्कालिन समयमा सिन्धु नदीको पश्चिमका पाँच समुदाय मुख्य थिए । ती हुन् - अलिन (वर्तमानमा काफिर्स्तान), पक्थ ( वत्रमानमा पख्तू), भलान (बोलन दराका निवासीहरू), शिव र विषाजिन् । अस अतिरिक्त अन्य पाँच थरीका समुदायहरूमा अनुयपु ,तुर्वश ,द्रुहय , अनि पुरू रहेको मानिन्छ । पछि यसै युद्धको परिणामस्वरूप सुदास नामक राजाले विजय प्राप्त गरी ऋगवेदकालीन भारतको सर्वेपरि सम्राट बनेका थिए ।

समय बित्दै जादाँ पछिबाट भारतीय उपमहाद्वीपमा अलेक्जान्डर, महम्मद, च्याङ्गेज खाँ आदि ,महम्मद घोरी लडाकुहरूले भारतमाथि चढाइ गर्दै गए । उनीहरूले यहाँका मसिना राजा - रजौटाहरूलाई पराजित गर्दै गए तापनि त्यसको मूल उद्देश्य उपनिवेश कायम गर्नु नभएर लुटपाट गर्नु नै थियो । पछि भारतमा मुगलहरूले चढाइ गरेपछि भारत देश मुगलहरूको उपनिवेश बनेर गएको मान्न सकिन्छ । पन्ध्रौं शताब्दीदेखि विश्वका वर्चस्वशाली

मुलुकहरूले निर्बल मुलुकहरूमा आफ्ना औपनिवेशिक शासन प्रक्रियाको थालनी सुरू गरेको मानिन्छ । यस युगमा प्रमुख उपनिवेशक शासक मुलुकको रूपमा युरोप रहेको मान्न सकिन्छ । आधुनिक युगमा पोर्तुगल - स्पेनका खोजकर्ताहरू विश्वको खोजमा निस्केका थिए । उनीहरूले जतिवटा भूमि वा देशहरू पत्तो लगाउँदै गए, त्यहाँ आफ्नो उपनिवेश स्थापित गर्दै गएको मानिन्छ । इतिहासकार भीमहाजन .डी .ले पोर्तुगीजहरूले सन् 1419 मै माडिरा फेला पारेका थिए भनि बताएका छन् । उनको भनाइअनुसार सन् 1497 - 98 मा भास्को डी गामाले किङ्ग इमानुयलको सङ्गरक्षत्वमा पहिले मोजाम्बिक अनि पछि भारतीय उपमहाद्वीपको कालीकट नामक स्थान भेटे र पूर्व आउने बाटो पत्ता लगाउन सफल बनेका थिए ।

यसरी भास्को डी गामाले .भारतीय उपमहाद्वीपको पत्तो लघाएको हुनाले भारतीय उपमहाद्वीपमा रहेको गोवाआदि क्षेत्रहरूमा पोर्तुगलकै उपनिवेश रहेको मान्न सकिन्छ । सन् 1492 मा स्पेनका क्रिस्टोफर कोलम्बसले अमेरिकाको खोज गरेका थिए । उनले अमेरिकाको खोज गरेपछि सन् 1511 तिर कोलम्बियामा स्पेनिस बस्तीहरू बस्न थालेका ऐतिहासिक विवरणहरूबाट थाहा पाइन्छ। मेक्सिकोचिल ,पेरू ,भेनेजएला ,फेनाडोर ,ी आदिलाई परास्त गरेर यस कालमा स्पेन महत्वपूर्ण उपनिवेशक बनेको कुराहरू ऐतिहासिक घटनाका रूपमा पाइन्छ। यद्दपि उपनिवेश स्थापनामा बृहत् रूपले सफल हुने जातिहरू मध्ये अङ्ग्रेजहरूलाई मान्न सकिन्छ । इतिहासअनुसार भारतमा व्यापार गर्ने वैध अधिकार अङ्ग्रेजहरूलाई जहाँगीरले सन् 1618 मा दिएका थिए । यो अधिकार पाएपछि अङ्ग्रेजहरूले विस्तारै व्यापार सँगसँगै धर्म र भाषाको राजनीति भारतमा सुरू गरेको मान्न सकिन्छ । यसबिच डच इस्ट इन्डिया कम्पनीले पनि व्यापार गर्ने अधिकार पाए तापनि अङ्ग्रेजहरूकै प्रभुत्व भने कायम रहेको

थियो । सन् 1757 को पलासीको युद्धमा अङ्ग्रेजहरूले बङ्गालमा नवाब सिराजुद्दौलालाई जितेपछि भारतमा उनीहरूको प्रभुत्व स्थापित भएर गयो । यसरी बिस्तारै भारत अङ्ग्रेजहरूको उपनिवेश बन्न पुग्यो । पश्चिममा तेह्रवटा उपनिवेशहरूले सन् 1782 सम्म अङ्ग्रेजहरूसँग लड्दै स्वतन्त्रता प्राप्त गरिरहेको समयमा भारत देश अङ्ग्रेजहरूको उपनिवेश बन्ने स्वरूप प्राप्त गर्दै गरेको प्रतीत हुन्छ।

दोस्रो विश्वयुद्ध (सन् 1914 देखि सन् 1945 सम्म) पछि देखिएका थुप्रै औपनिवेशिक शक्ति परिणामहरूमध्ये एउटा स्पष्ट परिणाम पश्चिमेली सम्पन्न मुलुकहरूको जर्जरता हो भन्न सकिन्छ। यसको कारण एकातिर उपनिवेशवादी राष्ट्रहरूले आफ्ना अधिनस्थ उपनिवेशहरूमा वर्चस्व यथावत राख्न समर्थ नहुँदा वेलायतद्वारा उपनिवेशित् एशियाली प्रान्तको एउटा वृहत् मुलुक भारत 15 अगस्त सन् 1947 मा उपनिवेशमुक्त स्वतन्त्र देश बन्न पुग्यो । यसरी दोस्रो विश्वयुद्ध अवधि अघिपछि गरेर धेरै उपनिवे-शित देशहरू स्वतन्त्रता भएका देखिन्छ। यसर्थ समालोचक प्रणय कृष्णले उपनिवेशकहरूबाट शासित र शोषित हुने मुलुकहरूमा औपनिवेशिकरण प्रक्रियाको समाप्तीको एउटा ठोस अवधि दोस्रो विश्वको अन्त्य सन्) 1945 ( लाई एउटा सूचक कालको रूपमा स्वीकारेका छन् । अठारौँ शताब्दीको मध्यदेखि दोस्रो विश्वयुद्धको अन्तयसम्मको लगभग दुइसय वर्षको अवधि औपनिवेशिक युग रहेका थाहा लाग्छ। अतः कालक्रमको दृष्टिले विश्वइतिहासमा औपनिवेशिकरण प्रक्रियाको अन्त्य सन् 1945 अनि उत्तर -औपनिवेशिक युगको उदय त्यसै वर्षदेखि भएको प्रतीत हुन्छ। आजको सन्दर्भमा ठाँउ – ठाँउ र देश – प्रदेशमा भइरहेको चरम शोषणदमन र , अमानवीय अत्यचारकोविरूद्धमा विश्वभरिका शोषित मुलुकहरूले आफैलाई मुक्ति दिलाउने प्रक्रियामा सक्रीय भई मुक्ति सङ्घर्षको आवाज बुलन्द

गरिरहेका देखिन्छ । त्यसको प्रतिफलमा उब्जेका अनेकौं दृष्टान्त आदिका झलक विश्वमानचित्रमा दैनिकरूपमा घटिरहेका घटनाहरूबाट प्रत्यक्ष थाहा पाइन्छ ।

## 12.5 उपसंहार

उपनिवेश र उपनिवेशवाद उत्तर – आधुनिकतावादको एउटा सिद्धान्त हो । संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' - लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ। 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स' (फार्मर) – को रूपान्तरण किसान हो । यो अङ्ग्रेजी भाषामा 'कोलोनी' शब्दको रूपमा प्रचलित हुँदै आएको छ। मूलरूपमा उपनिवेश भन्नाले कुनै एउटा स्थायी मानिएको व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले किनारीकृत गरेर आफ्नो आधिपत्य वा प्रभाव खडा गर्नु भन्ने बुझिन्छ ।

**उपनिवेशवाद** भन्नाले एउटा शक्तिशाली मुलुकले अर्को एक निर्बल मुलुकमाथि आफ्नो राजनैतिक सामार्थ्यको आड़मा पुँजी लगानी गरी आफ्ना तयार मालहरू बेच्ने अनि कच्चा माल र श्रमशक्ति प्राप्त हुने स्रोतको नीति एवं व्यवस्था हो भन्ने बुझिन्छ । संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' - लाई अङ्ग्रेजीमा **कोलोनीयल** (Colonial) भनिन्छ । यस शब्दमा 'इज्म' लागेर **कोलोनियालिज्म** शब्दको पर्यायको रूपमा नेपाली भाषामा 'उपनिवेशवाद' भनिने गरिन्छ, जसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् । 'उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक

राज्य वा प्रशासकीय संस्थाहरू, औनिवेशिक विचार, औपनिवेशिक संस्कृति वा सिद्धान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । यसवाट ‘उपनिवेशवाद’ मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ ।

मूलत: विभिन्न शब्दकोश, विद्वान् आदिको उपनिवेश र उपनिवेशवादबारे गरिएका मतहरूलाई समन्वय गरी सार प्राप्त गर्दा उपनिवेशकहरूले आफ्नो स्वको फाइदामा केन्द्रहरू मार्फत् आर्थिक सत्ता नियन्त्रित क्षेत्रहरूमा गरेका सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा शासन र शोषण गर्न हेतु तयार गरेका रूपरेखा, कार्य नीति तथा सिद्धान्त नै **उपनिवेशवाद** हो भन्ने प्रतीत हुन्छ । **उत्तर – उपनिवेशवाद** भन्नाले उपनिवेशवादको विपरीत प्रतिरोध तथा विरोध हो भन्ने बुझिन्छ । यो वाद केवल साम्राज्यहरूको पतनपछिको समयलाई बुझाउने कालगत संज्ञा मात्र नभएर विचारात्मक दृष्टकोणले एउटा मुक्तिदायी अवधारणा अनि समकालीन विश्वव्यवस्थासित जड़ित एक सांस्कृतिक विमर्शको पद हो । उत्तर - औपनिवेशिकतालाई प्रतिरोध तथा विरोघकरण वा संशोधन त अस्वीकार आदि शब्द चित्रमा अर्थ्याउन  सकिन्छ । मूल रूपमा उपनिवेशमा जुन मूल्य – मान्यताहरू आदर्शलाई स्थापित गर्नका निम्ति गरिएको हुन्छ, त्यसैको प्रतिरोध, विरोध र अस्वीकारलाई उत्तर – उपनिवेशवाद भन्न सकिन्छ । यसैले उत्तर - औपनिवेशिक शब्दको अर्थ आफैमा भ्रमपूर्ण रहेका पनि मानिने गरिन्छ ।

विभिन्न विद्वानहरूका विचारअनुसार औपनिवेशिक युगमा रचिएका कृतिहरू साथै आजसम्म रचिएका कृतिहरू दुवैलाई जनाँउनका साथै औपनिवेशिक संस्कृतिबारे जो सुकैले वा स्वयं औपनिवेशिक संस्कृति अनुसरण गर्नेहरूले

रचेका कृतिहरूलाई बुझाउँछ भन्दै उत्तर - आधुनिकतावादअन्तर्गत पर्ने विनिर्माणवाद, नव माक्सवाद, नव इलिहासवाद, नारीवाद, नव मनोविश्लेशणवाद आदिसित घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

## 12.6 सार

यस प्रखण्डमा **उत्तर - उपनिवेशवादका मान्यता एवम् स्वरूप**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ -

‘उपनिवेश’ भन्नाले कुनै एउटा स्थायी व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले थिचेर, डाकेर, किनारीकृत गरेर आफ्नो आधिपत्य जमाउँनु तथा प्रभुत्व खडा गर्नु भन्ने बुझिन्छ।

‘उपनिवेश’ वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो ।

- ❖ बीसौँ शताब्दीदेखि एउटा भिन्दै अवधारणाले जन्म लिएको मानिन्छ । यस समयदेखि कला ,विज्ञान ,दर्शन ,साहित्य , - सञ्चार ,राजनीति ,अर्थनीति ,समाजशास्त्रमाध्यम आदि क्षेत्रमा मात्र नभएर शासनतन्त्र र व्यापार – वाणिज्य आदिमा मान्छेले जन्माएका कैयौं अवधारणाआस्था र विश्वासहरू धराशयी भए ,मान्यता र एउटा भिन्दै अवधारणाले जन्म लिन पुग्यौ । यसलाई **उत्तर – औपनिवेशिकवाद** भन्न सक्छौँ ।
- ❖ एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक

मुलुकको ‘उपनिवेश’ अनि शासकलाई चाहिँ ‘उपनिवेशक’ भनिने गरिन्छ।

❖ संस्कृत भाषाको ‘उपनिवेश’ शब्दमा ‘वाद’ जोड़ेर बनेको ‘उपनिवेशवाद’ अङ्ग्रेजी भाषाको ‘कोलोनीयल’ शब्दमा ‘इज्म’ लागेर ‘कोलोनियालिज्म’ शब्दको पर्यायको रूपमा नेपाली भाषामा चलिआएको शब्द हो।

❖ ‘उपनिवेशवाद’ को अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ। यो मूलरूपमा औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक संस्कृति व समाज, औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्ययम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया हो।

❖ मानव सभ्यताको प्रारम्भदेखि नै जीवविज्ञानको एक प्रतिपादन ‘सर्भाइबल टू द फिटेस्ट’ अर्थात् जो बलियाहरू छन् उही बाँच्तछन् भने झैं कतिपय अति महत्वाकाङ्क्षी जाति एंव साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको इतिहास पनि शुरू भएको मानिन्छ।

❖ प्रथमतः सुमेरू अनि पछि इजिप्सियन, फिनिसियन, इजियन, चिनियाँ, भारतीय, ग्रीक, पर्सियन र मङ्गोलहरूले प्राचीन तथा मध्ययुगमा अन्य मुलुकहरूमाथि विजय गर्दै आफ्नो प्रभुत्व बढ़ाए पछि ती जितेका क्षेत्रहरूमा आ-आफ्ना उपनिवेश कायम गर्दै गएको मानिन्छ ।

❖ मूलरूपमा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत आधारहरू नै औपनिवेशिकरण सन्दर्भका आधारहरू हुन्।

- ❖ आफ्नो आधिपत्य जमाउने उद्देश्यले कुनै कुरो जबरजस्ती थोप्नु नै 'औपनिवेशिकरण' हो । यसको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर व्यक्ति, समाज आदिको सोंच र मानसिकतामाथि पनि पर्दछ ।
- ❖ विशेष गरेर उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्दान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ।
- ❖ 'औप निवेशिकरण' भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ।
- ❖ औप निवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर , राजनैतिक संरचना जस्तै पुलिसनयाँ शैक्षिक ,कानून ,संस्था ,राज्य , नीति आदिको पनि विकास गर्दछ ।
- ❖ औप निवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

यस प्रखण्डको अध्ययनले **उत्तर - उपनिवेशवादका मान्यता एवम् स्वरूप**बारे बुनियाँदी जानकारी प्राप्त भयो । उपनिवेश र उपनिवेशवादको परिचय र यसको मान्यता साथै स्वरूप सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 12.7 अनुशीलनी

1. उत्तर - उपनिवेशवादको अवधारणाबारे चर्चा गर्दै यस प्रवृत्तिमा लेखिएको साहित्यलाई  सविस्तार चर्चा गर्नु होस् ।

2. उत्तर - उपनिवेशवदाको अर्थ सम्बन्धि उल्लेख गर्दै यसबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3.  साहित्यमा उत्तर - उपनिवेशवदाको महत्त्व, मूल्य र उपयोगिता के कस्तो रहेको देखिन्छ ? बताउनुहोस् ।

4.  उपनिवेशवाद र उत्तर - उपनिवेशवादको प्रमुख घटकहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

5. उपनिवेशवाद र उत्तर - उपनिवेशवादबारे दिएका पाश्चात्य र पूर्वीय विद्वानहरूका मत र विचारलाई सबिस्तार चर्चा  गर्नुहोस् ।

6. उत्तर - उपनिवेशवदालाई आधार गरी नेपाली साहित्यमा कस – कस लेखकले आफ्ना कृतिहरू लेखेका छन् ? विवेचना  गर्नुहोस् ।

7. उत्तर - उपनिवेशवदालाई उत्तर – आधुनिकतावाद लेखनको किन प्रमुख अङ्ग मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

8. उपनिवेशवाद र उत्तर - उपनिवेशवादी लेखनले नेपाली साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

9. उत्तर - उपनिवेशवदाको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

10. नेपाली साहित्यमा उत्तर - उपनिवेशवदालाई मुल आधार गरी लेखिएको कृतिहरूबारे एउटा लेख लयार पार्नुहोस् ।

12. उत्तर - उपनिवेशवदामूलक साहित्यको अध्ययनबाट जन – साधारणले कस्तो शिक्षा हासित गर्न सक्दछ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

13. उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ के कस्तो साम्य र भिन्नता पाउन सकिन्छ ? तर्क दिनुहोस् ।

## 12.8 अतिरिक्त अध्ययन


1. प्रणय, कृष्ण – **उत्तर औपनिवेशिकता के स्रोत ओर हिन्दी साहित्य ।**

2. त्रिवेदी, हरिश र दीक्षित, मीनाक्षी – **इण्डीया एण्ड पोष्ट कोलोनियल डिस्कोर्स ।**

3. बराल, ऋषिराज - **मार्क्सवाद र उत्तर – आधुनिकतावाद ।**

4. गौतम, कृष्ण - **अनेक रूप अनेक पठन ।**

5. पोखरेल, कृष्ण - **विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू ।**

6. शिवाकोटी, गोपाल - **आधुनिक राजनितिक विज्ञान ।**

7. दाहाल– रामकुमार , **सामाज्यवादराष्ट्रवाद तथा उपनिवेशवाद ।** ,

8. **इन्साइक्लोपिडिया अमेरिकाना ।**

9. मेलभिन - (.सम्पा) .एस ,**कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल कल्चर एण्ड ,पोलिटिकल इन्साइक्लोपिडिया ।**

10. सिंह, अभय प्रसाद - **भारत में उपनिवेशवाद ।**

11. दाहाल, रामकुमार र गोपाल, शिवकोटी - **आधुनिक राजनितिक विज्ञान ।**

12. दाहाल, रामकुमार र गोपाल, शिवकोटी - **अन्तर्राष्ट्रिय राजनीति ।**

13. लुम्बा, एमीया - **कोलोनियालिज्म / पोस्टकोलोनियालिज्म ।**

14. गान्धी, लीला - **पोस्टकोलोनियल थ्योरी ।**

15. दास, गोविन्द - **उपनिवेशवाद नयी उपनिवेशवाद ओ साम्राक्यवाद ।**

16. मयाक्लोन, जोहन - **विगिनिङ् पोस्टकोलोनियालिज्म ।**

17. हिमांशु , राजु प्रधान - **साहित्य परिचय ।**

18. लुइँटेल, खगेन्द्रप्रदास - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास।**

19. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

20. न्यौपाने, टङ्क प्रसाद - **साहित्यको रूपरेखा** ।

21. उप्रेती, सञ्जीव - **सिद्धान्तका कुरा** ।

22. जैसी, श्यामराज - **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि** ।

यस अतिरिक्त **उपनिवेश** र **उपनिवेशवाद**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 12.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. उत्तर - उपनिवेशको अर्थ र परिभाषा ।

.................................................................................

.......

.................................................................................

.......

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. उत्तर - उपनिवेशवादको अवधारणा ।

.................................................................................

.......

……………………………………………………………………………………

**…….(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. उत्तर - उपनिवेशवादका मान्यताहरू ।

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. उत्तर - उपनिवेशवादको स्वरूप ।

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२१. भारतमा ब्रिटिश उपनिवेशवादको स्थापना र विकास ।

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.4 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

# एकाइ – 13, उपनिवेशवाद र उत्तर - उपनिवेशवादमाझभिन्नत

## संरचना


13.0 उद्देश्य

13.1 परिचय

13.2 उपनिवेशवाद र उत्तर - उपनिवेशवादको सामान्य परिचय

13.3 उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ भिन्नता

13.4 उपनिवेशवाद र उत्तर - उपनिवेशवादको मूल्य र महत्व

13.5 उपसंहार

13.6 सार

13.7 अनुशीलनी

13.8 अतिरिक्त अध्ययन

13.9 मूल्यबृद्धिको निम्ति उत्तर


## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- उपनिवेशवादको सामान्य परिचय
- उत्तर – उपनिवेशवादको सामान्य परिचय
- उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ भिन्नता

- उपनिवेशवाद र उत्तर - उपनिवेशवादको मूल्य र महत्व

## 13.1 परिचय

**उपनिवेशवाद** भनेको कुनै एक भौगोलिक क्षेत्रका मानिसहरूद्वारा कुनै भौगोलिक क्षेत्रमा उपनिवेश स्थापित गर्नु हो । अङ्ग्रेजी भाषाको कलोनी शब्दबाट उत्पत्ति भएर यो उपनिवेशवाद वा कलोनिजम् भएको पाइन्छ । संसारको इतिहासमा प्राय: 15 औं शताब्दीदेखि 20 औं शताब्दीसम्मको समय अवधिलाई उपनिवेशवादको अवधि मानिने गरिन्छ । यस अवधिमा यूरोपका उपनिवेशिकहरूले विश्वको विभिन्न भाग व क्षेत्रहरूमा आफ्नो उपनिवेशिक अधिकार जमाएको विद्वानहरूले मानेका छन् ।

संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' - लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ। 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स' (फार्मर) – को रूपान्तरण किसान हो । यो अङ्ग्रेजी भाषामा 'कोलोनी' शब्दको रूपमा प्रचलित हुँदै आएको छ। मूलरूपमा उपनिवेश भन्नाले कुनै एउटा स्थायी मानिएको व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले किनारीकृत गरेर आफ्नो आधिपत्य वा प्रभाव खडा गर्नु भन्ने बुझिन्छ । मूलरूपमा **उपनिवेशवाद** भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य वा प्रशासकीय संस्थाहरू, औपनिवेशिक संस्कृति वा समाज, औपनिवेशिक वाचार वा सिद्धान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । यसवाट 'उपनिवेशवाद' मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ ।

कला - साहित्यको क्षेत्रमा अस्तित्ववाद, विसङ्गतिवादपछि उपनिवेशवादको जन्म भएको पाइन्छ । उत्तर – आधुनिकतावादका विभिन्न प्रवृत्तिहरू कालो साहित्य, नारी साहित्य, लैङ्गिकता, परिवेश विमर्श, विधा मिश्रण जस्तै यो उपनिवेशवाद पनि हो । यस वादको मुख्य उद्देश्य भने उत्तरआधुनिक भनिएका विचारलाई अथवा वादलाई, प्रवृत्ति र चेतनालाई हृदयदेखि गाली गर्दै यो त्यज्य धारणा माक्र्स, लेनिन, माओ आदिका विचार र वादहरूलाई मास्न त्यसका विरुद्ध आएको हो भन्ने सारांशमा टुङ्एिको प्रतीत हुन् छ। कतिपय आलोचकहरूले उत्तर – उपनिवेशवादलाई माक्र्सवाद समाप्त गर्न आएको बहुलवादी, पूँजीवादी, पश्चिमा, दलाली विचार हो भनेका छन् । विशेष गरेर उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्दान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ। ‘औपनिवेशिकरण’ भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ। यसर्थ प्रसाद सिंहले औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर , राजनैतिक संरचना जस्तै पुलिसनयाँ शैक्षिक ,कानून ,संस्था ,राज्य , नीति आदिको पनि विकास गर्दछ भनि बताएका छन् । औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

## 13.2 उपनिवेशवाद र उत्तर -उपनिवेशवादको सामान्य परिचय

Notes

संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' -लाई अङ्ग्रेजीमा **कोलोनीयल** (Colonial) भनिन्छ । यस शब्दमा 'इज्म' लागेर **कोलोनियालिज्म** शब्दको पर्यायको रूपमा नेपाली भाषामा 'उपनिवेशवाद' भनिने गरिन्छ, जसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् । 'उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू , राज्य औपनिवेशिकवा प्रशासकीय संस्थाहरूऔपनिवेशिक संस्कृति व , औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्ययम शासन र ,समाज शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । यसवाट 'उपनिवेशवाद' मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ ।

उपनिवेशवादबारेको अर्थ र परिभाषालाई अध्ययन गर्दा विभिन्न शब्दकोष र विद्वानहरूले आ – आफ्नै ढङ्गमा यसको अर्थ र परिभाषालाई प्रष्टाएको पाइन्छ। **इन्साइक्लोपिडिया अमेरिकाना**अनुसार उपनिवेशवाद भनेको उन्नाइसौँ शताब्दीको मध्यतिर युरोप अनि उत्तरी अमेरिकाका पुञ्जीवादी शक्तिहरूका आर्थिक स्वार्थ हो । यसरी नै **कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल कल्चर**अनुसरा उपनिवेशवाद भन्नाले ब्रिटिशहरूले अठारौँ शताब्दिको मध्यसम्म भारतमा सञ्चालित व्यापारसित सम्बन्धित व्यवस्था विशेषलाई बुझिन्छ । **लोक भारती बृहत प्रामाणिक हिन्दी कोश**ले उपनिवेशलाई आफ्नो अधीनमा राख्ने सिद्धान्त भनी अर्थ्याइएको पाइन्छ। **नेपाली वृहत शब्दकोश**अनुसार उपनिवेशवाद भनेको उपनिवेश बनाउने वा कायम गर्ने सिद्धान्त हो । **प्रयोगात्मक नेपाली शब्दकोष**ले 'शक्तिशाली

देशद्वारा अर्को देशलाई उपनिवेश बनाउने प्रवृति वा त्यस्तो सिद्धान्त , विस्तारवाद नै उपनिवेशवाद हो ' भनेर अर्थ्याइएको पाइन्छ। यसरी नै **शब्दार्थ नेपाली शब्दसागर**ले 'उपनिवेश तुल्याउने सिद्धान्त, साम्ज्यवादी विचार भनेर उपनिवेशवादको अर्थ लगाएको थाहा पाइन्छ ।

अतः उपर्युक्त शब्दकोशहरूको परिभाषाअनुसार शक्तिशाली मुलुकले कुनै निर्बल मुलुकमाथि आफ्नो उपनिवेश स्थापना गरेपछि वा प्रभुत्व जमाएपछि त्यहाँका वासिन्दाहरूमाथि राजनैतिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले शासन गर्न हेतु अपनाएका नीतिविचार तथा सिद्धान्त नै

उपनिवेशवाद हो भन्ने प्रतीत हुन्छ।**इन्टरन्यासनल इन्साइक्लोपिडिया अफ द सोसियल साइन्सेस**ले कुनै शक्तिशाली देशले सार्वभौम सत्ता - सम्पन्न अर्को देशमाथि आधिपत्य जमाउने प्रवृति नै उपनिवेशवाद हो भनि अर्थ्याएको पाइन्छ। **इन्साइक्लोपिडिया अफ सोसियोलजी**ले समाजशास्त्रीद्वय एडगर एफ .भी .बोरगट्टा अनि रोहोन्डा जे . मोन्टगोमेरीको बिचारलाई अनुसरण गर्दै उपनिवेशवाद एक यस्तो प्रक्रिया हो जहाँ साम्राज्यवादी राष्ट्रहरूले कुनै देशको अर्थतन्त्रमाथि आफ्नो नियन्त्रण कायम गरेपछि त्यस देशमाथि आर्थिक शोषण बढाउँदै लैजान्छ भनेको छ ।

**इनसाइक्लोपिडिया अफ सोसियल साइन्सेस**ले उपनिवेशवाद भन्नाले एउटा मुलुकले अर्को मुलुकमाथि आफ्नो प्रभुत्वको विस्तारआफ्ना उपनिवेशित ,

मुलुकहरूका मूख्आय - आर्जनका स्रोतहरू लगायत त्यहाँका श्रमिकहरू अनि व्यापारिक स्थलहरूलाई प्रयोग गर्नुउपनिवेशकहरूले ,

भन्ने उपनिवेशितहरूका तुलनामा आफ्ना मूल्य र मान्यताहरू उच्च छन् धारणा ग्रहण गर्नु भन्ने बुझिन्छ भनि बताएको पाइन्छ । उपनिवेशवादबारे चर्चा गर्दै **सोसियोलजी अफ इन्डियन सोसाइटी**मा समाजशास्त्री एमश्रीनिभा .एन .सले "इङ्ल्याण्डद्वारा सोझै नियन्त्रित

भारतीय उपमहाद्वीपमा अङ्ग्रेजहरूले आफ्नो शासनावधि ल्याएका संस्कार र आचारणलाई अधिकाङ्श भारतीयहरूले अनुसरण गरे एवम् परिणाममा भारतीय समाजभित्र एउटा नयाँ समाजिक तथा सांस्कृतिक परिवर्तन देखापरेको अनि जसलाई 'पाश्चात्यकरण' भनी बुझिन्छ" भनि बताएका छन् । वस्तुतः उपर्युक्त धारणाअनुसार 'उपनिवेशवाद' भन्नाले शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमाथि शाषण र शोषण हेतु प्रयोग गर्ने सामाजिक, आर्थिक अनि सांस्कृतिक र वैचारिक नीति विशेष हो भन्ने बुझिन्छ। यस्ता नीतिहरूलाई उपनिवेशितहरूले उपनिवेशित क्षेत्रका श्रमिकवर्गमुख्य -व्यापारिक केन्द्र अनि आर्थिक लाभार्जनका मुख्य , स्रोतहरूमाथि प्रयोग गर्ने नीति मान्न सकिन्छ ।

राजनैतिक विद्वानहरू कार्ल मार्क्स ,बुखारिन ,हिल्डरफिंग ,ब्लु इ .लेनिन , रोजा लक्जमबर्कार्ल कार्टस्की आदिले मार्क्सवादी परिप्रेक्ष्यमा उपनिवेशवादलाई एक राजनैतिक एवम् आर्थिक व्यवस्थाको रूपमा हेरेका कुरा उल्लेख पाइन्छ । मार्क्सवादी दृष्टिकोणअनुसार उपनिवेशवादलाई साम्राज्यवादको रूपमा बढ़ी मात्रमा बुझ्न सकिने राजनैतिक विद्वानहरूले बताएका छन् । यस दृष्टिकोणअनुसार उपनिवेशवादको चारवटा स्वरूपहरू रहेको गोपाल शिवकोटी र रामकुमार दाहालले बताएका छन् । गोपाल शिवाकोटीले राजनैतिक सन्दर्भमा उपनिवेशवादलाई पुञ्जीवाद शब्दको पर्यायको रूपमा बुझिने कुरो भनि बताएका छन् । राजेश गौतमकको बिचारअनुसार प्राचीन कालदेखि नै साम्राज्यवादी मुलुकहरूले आफ्ना उपनिवेशहरूबाट सुनचाँदी जम्मा गर्नु नै मुख्य ध्येय रहेको हुन्थ्यो भने आधुनिक युगमा आएर पनि पुँजीवादी साम्राज्यको उद्देश्य पुँजी लगाउने कच्चा माल ,मालसमान बेच्ने ,प्राप्त गर्ने र पिछाडिएको देशहरूमा बजार कायम गर्नु हो' भनि उपनिवेशवादको

परिभाषा दिएका छन् । यसरा नै राजनीतिज्ञ प्राणगोविन्द दासले उपनिवेशवादको परिभाषा दिने क्रममा यसो भनेका छन् –" कुनै दुर्बल देश तथा मुलुकहरूमाथि अधिकार या दखल गरी त्यसमाथि आफ्नो राजनैतिक र आर्थिक वर्चस्व कायम गर्नु नै उपनिवेशवाद हो ।"

वस्तुतः उपनिवेशवादबारे गरिएको उक्त विभिन्न विद्वान् र राजनैतिज्ञहरूका राजनैतिक धारणाअनुसार उपनिवेशवाद भन्नाले एउटा शक्तिशाली मुलुकले अर्को एक निर्बल मुलुकमाथि आफ्नो राजनैतिक सामार्थ्यको आड़मा पुँजी लगानी गरी आफ्ना तयार मालहरू बेच्ने अनि कच्चा माल र श्रमशक्ति प्राप्त हुने स्रोतको नीति एवं व्यवस्था हो भन्ने बुझिन्छ । उपनिवेशवादको उदय हुनामा राजनैतिक र धर्मिक कारणहरू रहेको मानिन्छ । तर यी कारणहरू मध्ये आर्थिक कारण नै सबैभन्दा बढी प्रभावी रहेको मानिन्छ। इङ्गलिस वणिकवादी - (मर्केन्टिलिस्ट) - हरूको मतानुसार साम्राज्यवादीहरूले विभिन्न भौतिक तथा मानवीय स्रोतको उपयोगमा पिछाडिएका अधीनस्थ देशहरूका निम्ति स्तर उठाउने प्रयास गरेका बुझिन्छ । तर आर्थिक स्तरको विकास नभएसम्म तिनीहरूका जीवन स्तर नउठ्ने हुनाले प्रथमतः आर्थिक तहमा साम्राज्यले ध्यान दिन्छ भन्ने सिद्धान्त स्थापित गरेका थिए। पछि यसबारे अर्थशास्त्री एडम स्मिथले साम्राज्यवाद सानो समूहको हितका निम्ति नभएर सम्पूर्ण राष्ट्रको हितका निम्ति हुन्छ भनेर विरोध पनि गरे । वस्तुतः यसबाट उपनिवेशवादीहरूले अन्यहरूमाथि निःस्वार्थ हित चिताउनु नभएर केवल स्वआर्थिक लाभको निम्ति मात्र आफ्ना उपनिवेश्यहरूमा विकासमूलक कार्यहरू गरेका थिए भन्ने बुझिन्छ ।

उत्तर - उपनिवेशवाद (Post Colonialism) – लाई अध्ययन एउटा यस्तो शाखा मानिन्छ, जसमा उपनिवेशवाद र साम्राज्यवादबाट उत्पन्न हुने सांस्कृतिक र सामाजिक प्रभावहरूलाई बुझ्न सकिन्छ । यसमा कुने

विदेशी शक्तिद्वारा कुने क्षेत्रप्रति कब्जा भएर स्थानीय मानिसहरूका जीवनमा होने विशेष प्रभावहरूलाई अध्ययन गरिने गरिन्छ । उत्तर - आधुनिकतावादका दृष्टिकोणले यी उपनिवेशी या भूतपूर्व उपनिवेशी क्षेत्रहरूमा सूचना वा ज्ञानका प्रसारलाई पनि अध्ययन गरिने गरिन्छ । यसले बाहरी शक्तिका बलमा स्थानीय मानिसहरूका मानसिकतामा हीन भावना उत्पन्न गरेर त्यसमा लामो समयसम्म नियन्त्रण पनि गर्ने गर्दछ । विदेशी साम्राज्यवादी शक्तिद्वारा शासक समाज र अधीन समाजका राजनैतिक, सांस्कृतिक र ऐतिहासिक छवीहरूलाई प्रस्तुत गर्ने शैलीहरूलाई पनि उत्तर – उपनिवेशवादमा हेरिने गरिन्छ । यसलाई विदेशी समाजद्वारा स्थानीय समाजलाई अधीनमा लिने एक महत्वपूर्ण साधन वा नीति पनि मानिने गरिन्छ ।

उत्तर - आधुनिकतावाद 20 औं शताब्दीको दोस्रो भागमा दर्शनशास्त्र, कला, वास्तुशास्त्र र आलोचनाका क्षेत्रहरूमा फैलिएको एक सांस्कृतिक आन्दोलन थियो, जसले आफु भन्दा पहिले प्रचलित आधुनिकतावादलाई चुनौती दिँदै सांस्कृतिक वातावरण स्थापित गरेको देखिन्छ । यही उत्तर – आधुनिकतावादको विभिन्न सिद्धान्तहरू मध्ये एउटा हो - उत्तर – उपनिवेशवाद । नवीनता खोजी, पुरानोको प्रतिष्थापन र उच्छेदन नै उत्तर – आधुनिकतावादको विचार भएकोले उत्तर – उपनिवेशवादलाई बहुलवादी, पूँजीवादी, दलाली आदि विचारहरूको समन गर्ने नीति पनि मानिन्छ । उत्तर – आदुनिकतावादमा ज्ञानको व्यापकता, विश्व भूमण्डलीकरण, सूचना प्रविधिको विकास, सांस्कृतिक अन्तर्मिश्रण, बहुलवाद, मार्क्सवाद विरोधी अवधारणा, उपभोक्तावाद, औपनिवेशिक साम्राज्यवाद, विस्तारवाद आदि नीतिहरू विकास भएको पाइने हुनाले उपनिवेश र उपनिवेशवादलाई यसैको एउटा हाँगा मानिने गरिन्छ ।

संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' – मा लाई अङ्ग्रेजीको पोस्ट शब्द जोडिएर **पोस्ट कोलोनिज्म** (Post – Colonism) शब्द बनिएको छ । यसै शब्दको नेपाली रूपान्तरण **उत्तर – उपनिवेशवाद** हो । यसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उत्तर - उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् ।

'उत्तर - उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य, प्रशासनीय सस्थाहरू, औपनिवेशिक विचार र सिद्धान्तका माध्यम कुनै पनि निद्दष्ट क्षेत्रमा गरिने एउटा शासन समान हो । तथापनि उत्तर - उपनिवेशवादबारेको अर्थ र परिभाषालाई अध्ययन गर्दा विभिन्न शब्दकोष र विद्वानहरूले आ – आफ्नै ढङ्गमा यसको अर्थ र परिभाषालाई प्रष्टाएको पाइन्छ । संस्कृतको उपनिवेश शब्दमा 'वाद' परसर्ग लागेर उपनिवेशवाद शब्द प्रचलन आएको हो । यसको अर्थ उपनिवेशकहरूले आफ्ना उपनिवेशहरूमा स्थापित गरेका विचार ,नीति , सिद्धान्त वा धारणा आदि भन्नेहुन्छ । यसरी नै 'उत्तर - औपनिवेशिक' शब्द अङ्ग्रेजी भाषाको **पोस्ट - कोलोनीयल** शब्दको नेपाली रूपान्तर हो, जसमा 'इज्म्' प्रत्यय गाँसिएर पोस्टकोलोनीयाइलिज्म् अर्थात् **उत्तर – औपनिवेशिकतावाद** शब्द बनिएको पाइन्छ । हिन्दी साहित्यका समालोचक प्रणय कृष्णले उल्लेख गरेअनुकार उत्तर - औपनिवेशिक शब्दको अर्थ कुनै उपनिवेशित मुलुकले स्वतन्त्रता पाएपछि तथा त्यससित सम्बन्धित हमजा अल्चीको दशक (सन् 1972 देखि सन् 1974 सम्म) – मा गुलाम र दासत्वको स्थितिबाट मुक्ति प्राप्त गरेपछि उदय भएको राससत्ता हो । यसबाट शोषण र दमनबाट उन्मुक्ति पाउँनु नै उत्तर -

Notes

औपनिवेशिक हो भन्ने बुझिन्छ । मूलत: 'उत्तर – औपनिवेशिक पद एउटा ऐतिहासिक पदक्षेप रहेको प्रतीत हुन्छ ।

विशेष गरेर उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्दान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ। 'औपनिवेशिकरण' भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ। यसर्थ प्रसाद सिंहले औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर , राजनैतिक संरचना जस्तै पुलिसनयाँ शैक्षिक ,कानून ,संस्था ,राज्य , दिनीति आको पनि विकास गर्दछ भनि बताएका छन् । औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

वास्तवमा **उत्तर – उपनिवेशवाद** भन्नाले उपनिवेशवादको विपरीत प्रतिरोध तथा विरोध हो भन्ने बुझिन्छ । पाश्चत्य विद्वान् होमी केभाभाको मतमा . - उत्तरऔपनिवेशिकता केवल साम्राज्यहरूको पतनपछिको समयलाई बुझाउने कालगत संज्ञा मात्र नभएर विचारात्मक दृष्टकोणले एउटा मुक्तिदायी अवधारणा अनि समकालीन विश्वव्यवस्थासित जड़ित एक सांस्कृतिक विमर्शको पद हो । समालेचक कृष्ण गौतमले भने उत्तर - औपनिवेशिकतालाई प्रतिरोध तथा विरोघकरण वा संशोधन त अस्वीकार आदि शब्द चित्रमा अर्थ्याउन सकिने बताएका छन् । उनको मतअनुसार उपनिवेशमा जुन मूल्य – मान्यताहरू आदर्शलाई स्थापित गर्नका निम्ति गरिएको हुन्छ, त्यसैको प्रतिरोध, विरोध र अस्वीकारलाई उत्तर –

उपनिवेशवाद भन्न सकिन्छ । यसरी नै समालोचकद्वय खगेन्द्रप्रसाद लुइँटेल र मोहनराज शर्माले उत्तर - औपनिवेशिक शब्दको अर्थ आफैमा भ्रमपूर्ण रहेका बताएका छन् ।

विभिन्न विद्वानहरूका विचारअनुसार औपनिवेशिक युगमा रचिएका कृतिहरू साथै आजसम्म रचिएका कृतिहरू दुवैलाई जनाँउनका साथै औपनिवेशिक संस्कृतिबारे जो सुकैले वा स्वयं औपनिवेशिक संस्कृति अनुसरण गर्नेहरूले रचेका कृतिहरूलाई बुझाउँछ भन्दै उत्तर - आधुनिकतावादअन्तर्गत पर्ने विनिर्माणवाद, नव माक्सवाद, नव इलिहासवाद, नारीवाद, नव मनोविश्लेशणवाद आदिसित घनिष्ठ सम्बन्ध रहेको हुन्छ । कृष्ण गौतमले देश स्वतन्त्र हुनुभन्दा पहिलादेखि नै उत्तर - औपनिवेशिक प्रवृतिहरू उठेका हुन्छन् र दरिला हुँदै गएपछि तिनले देशलाई स्वतन्त्रताको चुचुरामा पुर्याउँछन् भन्ने विचार पोखेका छन् । अतः प्रवृतिगत दृष्टिले उपनिवेशको विरोधको प्रचलन सुरू भएदेखि नै उत्तर - औपनिवेशिकताले पनि प्रवेश लिएको बुझ्न सकिन्छ ।

वस्तुतः औपनिवेशिक शक्तिको प्रभावलाई पन्छयाउदै शिक्षा , भाषिक तथा बौद्धिक ,राजनैतिक ,अर्थनीति ,संस्कृति ,कला ,साहित्य अन्वेशषणका सम्पूर्ण क्षेत्रमा आफ्नै नवीन चिन्तन एवम् सैद्धान्तिक ढाँचा स्थापित गर्न थालिएको परिवेशलाई नै उत्तर - औपनिवेशिक युग भनेर मान्न सकिन्छ । दोस्रो महाविश्वसुद्धमा पनि देखा परेको यो सैद्धान्तिक विशेष नवीन चिन्तनधारालाई उत्तर - औपनिवेशिकतावाद भनेर चिन्न सकिन्छ । कृष्ण गौतमले ' औपनिवेशिकताको प्रमुख पहिचान पराधीनता हो भने उत्तरऔपनिवेशिकताको प्रमुख लक्षण स्वतन्त्रता हो '[60] भन्ने कुरासँग पनि सहमति जनाउँन सकिन्छ । **औपनिवेशिकतावाद** भन्नाले उपनिवेशवादको अन्त भएपछिको एक प्रकारको नव – उपनिवेशवाद रूपमा रहेको स्थितिलाई बुझिन्छ । उत्तर - औपनिवेशिक चिन्तक तथा

विद्वानहरूअनुसार साम्राज्यवादी देशहरूले आफ्ना वैचारिक शक्तिकामाध्यम आफ्ना शासन व्यवस्थालाई न्यायोचित तुल्याउने प्रयासमा हुन्छन्। जस्तै भारतको सन्दर्भमा ब्रिटिश सरकारले भारतमा आफ्ना शासनलाई 'सिविलाइजिङ्ग मिशन' को नाम दिएको तथ्यलाई लिन सकिन्छ ।

## 13.3 उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ भिन्नता

उपनिवेशवाद – उत्तर – उपनिवेशवाद एउटै रूखबाट उम्रिएका फलहरू भए तापनि यी दुई माझ अवश्ये कोही वैशम्यता पाइन्छन् । 'उपनिवेशवाद' शब्दको उत्पत्ति लेटिन शब्द 'कोलनस' ( Coronus) - बाट भएको हो । यसको अर्थ किसान हुन्छ । यस सन्दर्भमा उपनिवेशवादअन्तर्गत कुनै खास जनसङ्ख्यालाई अर्को नयाँ भू – भादहरूतिर स्थानान्तरित गरेर त्यहाँ ती मानिसहरूका स्थायी बस्तीहरू बसाइने गरिएको बुझिन्छ । यस अतिरिक्त जुन बस्तीहरूमा बसो - बास गर्ने मानिसहरूका आफ्ना विशेष मुलुकसित राजनीतिक एवम् भावनात्मक सम्बन्ध भने रहिरहेका हुन्छन् भन्ने थाहा हुन्छ ।

तर उत्तर - औपनिवेशिक सिद्धान्तभित्र जीवन जगतका विभिन्न पक्षका – चर्चाहरू पनि पर्दछन् । दासत्व – दमन, प्रतिरोध, देशान्तरण, प्रतिनिधित्व मत, वैभिन्नता, जाति र लिङ्ग, स्थान, भाषा, इलिहास आदिमाथि साम्राज्यवादी युरोपीय वक्तव्यमाथि प्रतिक्रिया आदि जस्ता कुराहरू यसमा पर्दछन्। यद्यपि औपनिवेशिक र उत्तर - औपनिवेशिक अध्ययनलाई युरोपीय साम्राज्यवादको ऐतिहासिक तथ्यमा आधारित वस्तु मान्न सकिन्छ। यसले साम्राज्यवाद अनि उपनिवेशवादका परिणामस्वरूप जन्मिएका घटनाक्रमको अध्ययन गर्नु नै मूललक्ष्य राखेको हुन्छ । पछि

उत्तर - औपनिवेशिक राष्ट्रहरूका उदय भएपछि त्यहाँका बौद्धिक समाजले त्यो दमनकारी औपनिवेशिक अतीतलाई साहित्यमा नयाँ परिवेशको सृजना गरी चित्रण र वर्णन गरेको विद्वानहरूले बताएका छन् । यस्तो साहित्यमा औपनिवेशिक संस्कृतिको प्रभाव पर्दछ । अतः समयको गतिसितै इतिहास , ,संस्कृति ,साहित्यभाषा सबै क्षेत्रमा एउटा नयाँ दृष्टिकोणको आवश्यकता वोध हुदँछ ।

औपनिवेशिक संस्कृतिले स्वदेशीय संस्कृति, भाषा, साहित्य आदिको देशी व्याख्या र चित्रणलाई समेत अंकित गर्दछ । वास्तवा यसै नयाँ अन्वेषणभित्र नै उत्तर - औपनिवेशिकतावादको दर्शन पनि केन्द्रित रहेको मान्न सकिन्छ । उपनिवेशमा खस्किएको नारीको स्थिति, थिचिएका निम्नवर्ग, दबिएएका कलाहरू, शोषित जाति र उपजातिहरू, लिङ्ग र रङ्गका आधारमा निर्ममरूपमा दबाइएका वर्ग, जाति आदिको चित्रण गरिन्छ भने यी कुराहरूलाई उत्तर - औपनिवेशिक समीक्षाले विश्लेषण गरेर प्रकाशमा ल्याउने कार्य गरेको मानिन्छ । जोह्न म्याकलियोडअनुसार उत्तरऔपनिवेशिक अध्ययनले इतिहासको कुनै युग वा अवधिमा युरोपेली औपनिवेशिक शक्तिका घेराभित्र बाँधिन पुगेका देशहरू तथा संस्कृतिहरूद्वारा निर्मित साहित्यिक कृतिहरूको विश्लेषणलाई जनाउँदछ भने औपनिवेशिक अध्ययनले चाहिँ त्यस प्रकारका साहित्यिक रचना कृतिहरू मात्रलाई नभएर सांस्कृतिक समूह, सङ्कथन आदिका विषयहरूलाई समेत अध्ययन गरिन्छ भनेका छन् ।

उपनिवेशकहरूले आफ्नो नीजि स्वार्थ उपभोगका निम्ति आफ्ना उपनिवेशहरूलाई विविध प्रकारले शोषण गर्ने गरेको विद्वानहरूले बताएका छन् । कुनै उपनिवेशबाट भौतिक वस्तु प्राप्तिको निम्ति, कुनै उपनिवेशबाट मानव श्रम उपभोगको निम्ति उपनिवेशकहरूले शोषण, अन्याय र अत्यचार गरेको मानिन्छ । उपनिवेशवादका विभिन्न प्रकारहरू मध्ये

आवासीय उपनिवेशवाद भन्नाले कुनै एउटा मुलुकबाट कुनै नयाँ मुलुकमा वृहत सङ्ख्यामा मानिसहरू बँसाई सर्नुलाई बुझिन्छ । वास्तवमा आवासीय उपनिवेशवाद भनेको नै एउटा निद्रष्ट मुलुकमा गरिने शोषण हो । आफु पिता – पुर्खादेखि बसिआएको मुलुक तथा भूमिमा अन्य शक्तिद्वारा गरिने अन्य र अत्यचारलाई पनि आवासीय उपनिवेशवादको एउटा नमुना मानिन्छ । एक मुलुकदेखि अर्को मुलुकमा मानिसहरू बँसाई सर्ने मूख्य कारणहरूमा धार्मिक राजनैतिक ,तथा आर्थिक पक्षहरू रहेको मान्न सकिन्छ ।

शोषणमूलक उपनिवेशवाद भन्नाले साधारण र सोझा मानिस तथा जनताहरूमाथि निर्दयपूर्वक गरिने अन्यायलाई बुझिन्छ। यस उपनिवेशवादमा उपभोग र शोषण नै मुख्य लक्ष्य रहेको हुन्छ। उपनिवेशवादको यस प्रक्रियामा केही उपनिवेशवादीहरूले महानगरहरूमा निर्यातका स्रोतहरूलाई लक्ष्य गरी कार्य सञ्चालन गर्ने गर्छन्। उदाहरणको निम्ति पोर्तुगाली साम्राज्यवादीहरूले सर्वप्रथम अमेरिकामा दासहरू निर्यात गर्ने कार्य गरेका थिए भने पछिबाट स्पेनिसफ्रान्सेली अनि ,डच , ब्रिटिसहरूले गरेका थिए । उद्योग – धन्दाको माध्ययमद्वारा उपनिवेशितहरूमाथि गरिने शोषणलाई कृषि – उधोगपरक उपनिवेशवाद भनिन्छ । यो विशेष किशानहरूमाथि गरिने शोषण हो । मालिक भनाउँदाहरूले साधारण किशानहरूलाई पैंसाको बलमा शोषण गरिरहेका हुन्छन् । ती निमुखा किशानहरूको पसिना र रगतको मूल्यलाई कुनै कदर नगरी मालिकहरूले अप्रत्यश्र रूपमा शोषण गर्ने गर्छन् । कृषि – उधोगपरक उपनिवेशवादमा उपनिवेशवादी शक्तिहरूले शोषणमा जलवायु अनि भौगोलिक साधानहरूलाई उपभोगको मुख्य स्रोतका रूपमा लिइएको पनि मानिन्छ ।

उपनिवेशवाद र उत्तर – उपनिवेशवादमा सास्कृतिक आन्दोलन भन्ने कुरा पनि मुल रूपमा रहेको पाइन्छ । यो वैचारिक आन्दोलन हो । यो निश्चित विचारधाराका जगमा अडिएर चल्छन, चलाइन्छन् । जुन विचारधारा अनुसार सांस्कृतिक आन्दोलन चलाइन्छ त्यसको समग्र जीवनमा त्यस अनुरूपको सङ्गति हुनुपर्छ । त्यसो हुन सकेन भने विचलन जन्मन्छ । विचारधारात्मक रूपमा नेकपाले आफूलाई माक्र्सवादी, लेलिनवादी भनेको छ । यसले यस आधारमै सांस्कृतिक आन्दोलनलाई पनि सञ्चालन गर्नुपर्छ । यसो हुन नसक्दा समस्याहरू जन्मन्छन् । कतिपयले टिप्पणी गर्ने गरे जस्तै सांस्कृतिक आन्दोलनमा विचारधारात्मक सङ्गतिको समस्या छ । यो समस्या संस्कृतिको क्षेत्रमा मात्र होइन अन्यत्र पनि छ । यसैकारण विरोधाभास पनि देखिने गरेको छ । सिद्धान्तको बुझाइ र प्रयोगमा उग्रवामपन्थी, मध्यपन्थी, क्रान्तिकारी, दक्षिणपन्थी धाराहरु हुन्छन् र छन् तर पनि त्यस अनुरूपको विचारधारात्मक सङ्गति आन्दोलनमा हुन्छ र हुनुपर्छ । व्यक्ति अनुसार साहित्य, कला, संस्कृतिलाई परिभाषित गर्ने काम भएको छ । फरक फरक बुझाई, फरक फरक व्याख्या छन् । इतिहास, परम्परा, सभ्यता, संस्कृति, धर्म, आदिलाई हेर्ने दृष्टिकोणका नै अनेक रङ र वान्कीहरू छन् । पुरातन र नयाँ, पश्चगामी र अग्रगामी, यथास्थितिवादी र परिवर्तनकारी विचारहरूको सङ्गम स्थल जस्तो लाग्छ - सास्कृतिक आन्दोलन । यस्तो स्थितिका माझ जुन विचार, दृष्टिकोण, प्रवृत्ति र पात्रका विरुद्ध संङ्घर्ष गरेर , आज तिनैलाई नायक र आर्दश मानेर हिडनुपर्ने स्थिति बन्दै छ ।

कतिपय आलोचकहरूले उपनिवेशवाद र उत्तर – उपनिवेशवादलाई वैचारिक युद्ध पनि मानेका छन् । यसैले कुनै पनि देशमा उत्तर - आधुनिकतावादी चिन्तनको बीजारोपण हुन सकेन भने हामी सबै ‘जनता’ मात्र हुनेछौँ र कुनै अविवेकी उत्तेजनाको बाढीले हाम्रो प्राण लिनेछ । अबको प्रत्येक

Notes

भाषाको रक्षा, जातिको रक्षा, जातीय, क्षेत्रीय अधिकार विविधतापूर्ण हुनुपर्छ । वर्तमानमा महाआख्यानिक परम्परा ढल्दैछ, अब लघु - आख्यानहरूको जन्म हुँदैछ । यसैको परिणाम स्वरूप नेपाली देशमा माओवादीहरूले माक्र्सवाद ढुट्याउँदै, माओवाद ढुट्याउँदै प्रजातान्त्रिक समाजवादको लागि ठूलो योगदान पुरायाएको पाइन्छ र आज यो परिवर्तन देख्न पाइएको पनि छ । माक्र्सवादले आह्वान गरेको अग्रगामिता धेरै पुरानो समयको, भिन्न भूगोल र संस्कृतिको कुरा थियो। आज त्यो क्युरिओजस्तो भएको छ। अझै पनि केही मित्रहरू त्यसैको बिस्कुन सुकाउँछन्, पिस्छन्, धुलो उडाउँछन्। त्यस्ता कुरा राजनीतिमा एकछिनलाई काम लाग्छन्। किनभने त्यहाँ धुरवीकरणको भ¥याङ चढ्ने खुड्किला हुन्छन् र माथि पुगेर प्रयोग गर्ने केही ‘प्याटेन्ट’ शब्दहरू र विम्बहरू हुन्छन्। तर आजको मानिस सालखोल भएको छ, वर्गीकरणले। एउटा सिद्धान्तले नछुने, अनेक पक्षले दृष्टिले, विचारले मनोविज्ञानले हेरिनुपर्ने। अब रू सपाट छैन। अहिलेका चुनावहरू हेर्नाेस् नभोट हाल्दा कोही जाति भएर !, कोही वर्ग भएर, फेरि लिङ्ग भएर, फेरि धर्म भएर, कोही क्षेत्र भएर, कोही पेशा भएर चिराचिरामा विभक्त हुन्छ, फेरि कतै जोडिन्छ। राजनीति त एउटा अन्तिमको कम्पोनेन्ट भइसक्यो। डेमोक्रेसी आएपछि राजनीति मधुरो हुन्छ।

मूलरूपमा उत्तर – आधुनिकतावादी साहित्यमा उत्तर संरचनावाद, उत्तर नारीवाद, कलावाद, डायास्पोरा, पर्यावरण, विद्धुतीय संस्कृति, लैङ्गीकता आदि प्रवृत्तिहरू भित्रिए पछि साहित्य उत्तर – उपनिवेशवादमा यथास्थिति पूर्ण ढल्किएको देखिन्छ । नयाँ समयका बहुलविधा पक्रेर त्यहाँ काम गर्दैछन्। नारी, जनजाति, पर्यावरण, सवाल्टर्न यस्ता अनेकैं विषयहरूप्रित साहित्य ढल्किरहेको बेला उत्तर - आधुनिकतावादले परिकल्पना गरे जस्तो यो लेखन होइन । हिजो - आजको प्रत्येक एनजीओले दलित, महिला,

पिछडिएका, जनजाति, शोषित, गरीब आदिको विषयमा कुरा गरिरहेको देखिन्छ । यसर्थ उत्तर – उपनिवेशवादको मूल लक्ष्य पनि जगतबारेको चेतना मात्र नबढाएर सयौँ वर्षको रुढीवादीबाट फुकालेर मानिसलाई एक नयाँ र असुरक्षित मैदानमा ल्याउँछ। हुन त संसारमा नयाँ विचारलाई काम लागुन्जेल फक्रिने, नलागे फ्याक्ने र फेरि नयाँ खोज्ने चेतना चाहिन्छ । त्यसैले 'नट द लेटर बट द स्पिरिट' भनेझैँ शब्दको रटानले, अधिक प्रयोगले, सिद्धान्तको हिटेड डिस्कशनले लेखनको "उज्यालो" आउँदैन। मान्छे शब्दजालमै बेरिएर रहन्छ। कुनै लेखकलाई सिकाएर, पढाएर हुँदैन। हुनुछ भने आफैँ हुन्छ। तर रुढता बसिरह्यो भने लेखन पनि त्यस्तै होला र जगतलाई परिवर्तित दृष्टिले हेर्न नसक्ला भन्ने चिन्ताले उत्तर – आधुनिकतावादको उपनिवेशवादका सहारा खोजेको देखिन्छ ।

उत्तर – उपनिवेशवदाले शोषितहरूको पक्षमा वकालत गर्ने र सीमामा दबेर रहेका स्वरहरूलाई वाचाल बनाउने काम गर्दछ । नेपालमा पनि त्यो भयो। तर साथसाथै कतिपय अवस्थामा जातीय विद्वेष र फाटो पनि बढेर गएको देखिन्छ । आज विश्वको प्रत्येक उपनिवेशिक मूलकहरूमा ठूलो परिवर्तन आएको महसूस हुन थालेको समय छ। कतिपय कुल्ली, श्रमिक र मजदूर दुखी छन् । तर मानिसले अब हेपेर बोल्न छोडेको छ। सबैको सम्मान बढ्दैछ। आमूल परिवर्तनको समय छ, तर सुदूरमा शिक्षा छैन, चेतना छैन। कुसंस्कारको लामो इतिहास बद्लिन युगौँ लाग्ने रहेछ। यता सिद्धहस्तहरूबीच ठूला कुरा, चर्का नारा, अन्तर्राष्ट्रिय डिस्कोर्श हुन्छन् । तर धेरैजसो ती एलिट वर्ग वरिपरि चल्छन्। यद्यपि सरकार पनि सकारात्मक भएकाले वञ्चितको पक्षमा कानूनी अडान लिएर उभिएकाले अब परिवर्तनको तीव्रतालाई महसूस गर्न थालिएको छ। 'पहिचानको सर्वोच्चता' सबै व्यक्ति र जातिलाई हुन्छ । यसैले संसारको जुनै पनि साहित्यका कथा, कविता, नाटक जहाँ पनि उनीहरू पहिचानको अधिक प्रयोग गर्दैछन्।

तर केवल पहिचानलाईमात्रै जोड नदिएर आफ्नो सांस्कृतिक परिवेश र ऐतिहासिक नोष्टाल्जियालाई प्रत्येक साहित्यले ध्योतन गर्न सक्नुपर्दछ ।

साहित्य त्यो मात्र होइन। मुख्य त राष्ट्र हो अनि अर्थो थोक आफ्नो स्वत्व पनि हो। यसरी हामीले मानेको सिद्धान्तले लेखनको, सिर्जनाको नयाँ शक्तिलाई सिथिल बनाउने हो कि भन्ने चिन्ता छ। जातीयता ठूलो कुरा तर सार्विकता झन् ठूलो हो। हाम्रो सिर्जना युनिभर्सल ह्युमन भ्याल्युरहीत भएको छ । यसैले उत्तर – उपनिवेशवादमा **डायिस्पोरा** शब्द पनि मेल खाने देखिन्छ । कारण आफ्नो पैतिक भूमिमा उपनिवेशिकहरूमा पञ्जामा फसेर दासुत्वको जीवन बिताएकाहरू यसबाट बाच्नका निम्ति अन्त कतै भाग्ने पनि गर्छन् , मुक्ति चाहान्छन् । भारत र नेपालबाहिर बसेर लेख्ने कतिपय नेपालीहरू अस्थायी प्रवासी हुन् , मुलुक फेरिरहन्छन्, उताका नागरिक पनि होइनन्, र नेपाललाई पूर्णतामा छोडेका पनि होइनन्। यिनीहरूलाई पनि "डायस्पोरा" मा समेटिएको पाइन्छ। यो त सैद्धान्तिक विचलन भएन र ? यिनीहरूलाई कसले डायस्पोरामा समेट्यो थाहा छैन। अन्य देशका डायस्पोराको साहित्य हेर्दा गृहदेशमा लेखिएको साहित्यभन्दा पनि उच्चस्तरको साहित्य उनीहरूले लेखिरहेको पाइन्छ। नेपाली डायस्पोराको साहित्यले, अपवादबाहेक, खासै स्तरीयता ग्रहण गरेको देखिँदैन। मूल रूपमा गाँस, बास र जीवनको न्यूनतम लक्ष्य पूरा गर्ने उद्देश्यले वर्षौंसम्म अराजकता र अधिनायकवादले पिसिएको, राजनीतिक अस्थिरताले निलेको मुलुकबाट निस्केर त्राण खोज्दै अनेक मुलुक पुगेका नेपाली धन्य छन्। तर सबै नेपाली जाति "न्यू डायस्पोरा" हुन् ।

विशेष गरेर उपनिवेशवाद र उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्धान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका

नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ। 'औपनिवेशिकरण' भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ। यसर्थ प्रसाद सिंहले औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर ,राजनैतिक संरचना जस्तै पुलिस ,संस्था ,राज्य , नयाँ शैक्षिक नीति आदि ,कानूनको पनि विकास गर्दछ भनि बताएका छन् । औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

## 13.4 उपनिवेशवाद र उत्तर -उपनिवेशवादको मूल्य र महत्व

संसारका विभिन्न क्षेत्र र मूलकहरूमा उपनिवेशकारीहरूले आफ्नो समयमा लामो अन्तरालसम्म उपनिवेशिक अधिकार जमाएको देखिन्छ । यसरी दिर्घ दिनसमम्म अन्यको अधिन र पञ्जामा जाकिएर कारूणिक जीवन बिताएको सत्य कथाको चित्रण भने उत्तर – आधुनिकतावादाको नयाँ सिद्धान्त उत्तर – उपनिवेशवादले गर्ने गर्दछ । उपनिवेशिक मुलुकहरूका दर्दनाक र यथार्थको चित्रण पनि यस प्रकारको वाजले गर्ने हुनाले उपनिवेश र उत्तर – उपनिवेशिकवादको मूल्य र महत्व सर्वेपरी रहेको देखिन्छ ।

हामीले अन्य देशका जाति, भाषा र साहित्यलाई नहेरेर प्रथमत आफ्नै देश भारत साथै हामी नेपालीहरू बसेको किपट दार्जिलिङमा रहेको औपनिवेशकाललाई हेर्न सक्छौं । भारतवर्षमा दुईसय वर्ष भन्दा अधिक राज गर्ने उपनिवेशक अङ्ग्रेजहरूको दार्जीलिङ पहाड़मा रहेको प्रशासनिक

व्यवस्था तथा भारतवर्ष स्वतन्त्रता आन्दोलनको पूर्वार्द्धकोको अवधिसम्ममा औपनिवेशिक वर्चस्वको रहेको थियो । यसरी नै दार्जीलिङ पहाड़का दुई - चार स्वार्थ अभिप्रेरित व्यक्तिहरूलाई प्रलोभन दिएर उनीहरूकै आडमा अङ्ग्रेजहरूले आफ्नो शोषण तन्त्र जारी राखेको मानिन्छ । अङ्ग्रेजहरूको चापलुसी गर्दै उनीहरूको हुकुम अघि सदैव शीर निहुर्‍याएर साकिलो बन्नेहरूको तमाशालाई स्थानीय सोझा सर्व -साधारणहरूले भने पशु - प्राणीहरू झैं मुक दर्शक भई टाढ़ा - टाड़ाबाट अवलोकोन गर्नु पर्ने वाध्यता थियो । मूलतः उपनिवेशकहरूको उद्देश्य नै उपनिवेशितहरूका श्रममा आफूलाई पोस्याउनु हो । चिया उद्योग खड़ा गरेर अङ्ग्रेजहरूले दार्जीलिङमा उद्योग व्यवसाय बडाउँनुको सट्टा शोषणको ताण्डव खेलेका थिए भन्ने सकिन्छ ।

दार्जिलिङ पहाडमा अङ्ग्रेजहरूले बाटो - घाटो निर्माण गरी रेलको उद्योगसितै होटल व्यवसायको धन्दा पनि चलाएको मानिन्छ । वस्तुतः आर्थिक र सामाजिक स्थितिले पिसिएका स्थानीय वासिन्दाहरूलाई भने अङ्ग्रेजहरूले नोकर - चाकरको रूपमा नभए आफ्नो उपभोग्य वस्तुहरूको जोहो गर्ने स्रोतको रूपमा प्रयोग गर्ने गर्थे । यसर्थ अङ्ग्रेजहरूकै सुख - सुविधाको निम्ति मात्र यस्ता होटलहरूको निर्माण दार्जिलिङ पहाडमा भएका थियो भन्ने बुझिन्छ । अङ्ग्रेजहरूले दार्जिलिङमा दुई - चार स्कूल पनि खोलिदिएका थिए तर यसको उद्देश्य पनि आफ्नो साम्राज्यवादी संस्कृति अनि धार्मिक प्रसारको उद्धेश्यलाई बढ़ावा दिनु मात्र थियो भन्ने बुझिन्छ । कमानका लाटा- सोझा मानिसहरूका निम्ति शिक्षा केवल बाबुगिरी निर्माण गर्ने साधन थियो भन्ने थाहा पाइन्छ । औंलामा गन्न सकिने नेपालीहरू अङ्ग्रेजहरूको अघि साकिलो भएर समाजमा केही हुने खानेको दर्जा पुगेका थिए ।

म औपनिवेशिकतावादलेहिलाहरू औपनिवेशिक राष्ट्र र समाजहरूमा साम्राज्यवादी तन्त्र र पुरूष तन्त्र दुवैबाट दोहोरी रूपमा शोषित भएको तथ्य स्वीकार्दछ । अतः अभयप्रसाद सिंहअनुसार भारतीय औपनिवेशिक सन्दर्भमा महिलाहरू विधवा पुनर्विवाहसती , - बहु ,बाल विवाह ,प्रथाविवाहदि कुरोहरूले स्त्री शिक्षा इत्या , परम्परागत रूपले प्रताड़ित रहेका थिए । वस्तुतः प्रस्तुत उपन्यासको मुख्य पात्रा महगली त्यस्तै दोहोरी तन्त्रबाट प्रभावित अनि शोषित भएकी छन् । लगभग दुईसय वर्षसम्म भारतमा औपनिवेशिक प्रभुत्व जमाएर बसेका अङ्ग्रेज शासकहरूले पहाड़ी इलाका दार्जीलिङमा चिया उत्पादन गरेका थिए । यसलाई तिनीहरूको नितान्त नौलो औद्योगिक परियोजना मान्न सकिन्छ । यसरी दार्जीलिङ क्षेत्र वरिपरि चिया उद्योगसित सम्बन्धित यो परियोजना सप्रिन थाले पछि चियाका बुट्टामा चाँदी टिप्न पाइने परिकल्पना बुन्दै दार्जीलिङ पहाड़ी क्षेत्रमा गाँस र बासको खोजीमा घेरै मजदुरहरू आए । यसरी पैंसा कमाउन आएका सोझा मजदूरहरू दार्जीलिङ पहाड़मा चिया कमानका स्वेच्छचारी अङ्ग्रेज प्रबन्धकहरूको अत्यचार र शोषणको शिकार हुनपुगे ।

ब्रिटिश औपनिवेशिक शासनमा दार्जीलिङ्गे चियाकमानमा कार्यरत कमानमा कुल्लीरूमाथि अङ्ग्रेज प्रबन्धकहरूको दमन मजदूरह ,चौकीदार , र अत्यचारले प्रताड़ित भएको यथार्थ घटनाहरूलाई अङ्कन गरिएको पाइन्छ। त्यससमय कमानका नेपालीहरूले सानो भूत गरे तत्कालै ‘हट्टाबाहर’ गरिने प्रथा अङ्गेरजहरूको थियो । भारतीय विद्वान् तथा समालोचक मोहन पी. दाहालले हट्टाबहार दार्जीलिङ, डुवर्स र तराई अञ्चलका चिया कमानका मजदुरहरूमाथि गरिने साह्रै अन्यायपूर्ण दण्ड प्रथा रहेको बताएका छन् । दार्जीलिङमा ‘हट्टाबाहर’ वा ‘हट्टाबाहिर’ अनि डुवर्स, तराई क्षेत्रहरबाट हट्टाबहार गरी काम खारेज गरिने अर्थ एकै नै

थियो । दिउँसो होस् वा राति कुनै समयमा पनि आरोपित व्यक्तिले हट्टाबाहारको दण्ड पाउँथ्यो अनि 24 घण्टाभित्र सपरिवारले कमान छोड्नु पर्थ्यो । यसरी नै अर्थशास्त्री तथा इतिहासकार मानस दास गुप्तअनुसार ब्रिटिसकालीन दार्जीलिङका चियाकमानहरूको व्यवस्था अत्याधिक क्रूर तथा कष्टदायक रहेको थियो । यस्ता व्यवस्थादेखि विरक्तिएर अधिकाङ्श मजदूरहरूले कमान छाड्ने निर्णय गरे पनि सरकारद्वारा सन् 1865 मा पारित गरिएको कानून बमोजिम कमानका म्यानेजरहरूलाई आफ्ना कमानभित्रका सम्पूर्ण मजदूरहरूमाथिको शासन र देख - रेखको लगाम स्वेच्छासित पालन गर्ने अधिकार प्राप्त थियो , जसलाई तिनीहरूले आफूखुशी मजदूरहरूमाथि लागू गर्दथे । यसर्थ यी सत्य कुराहरूको समुद्घाटन उपनिवेश र उत्तर – उपनिवेशिक साहित्यमा हुने हनाले यी दुवैको मूल्य र महत्व विशेष रूपमा रहेको पाइन्छ ।

ब्रिटिशकालीन दार्जीलिङको चिया कमानका मजदूरहरूमाथिको औपनिवेशिक शोषण तथा दूरवस्थाको यथार्थ अङ्कन सन् 1945 मा स्थापित दार्जीलिङ जिल्ला चियाकमान मजदूर युनियनको स्थितिसँग मिल्दो थियो । यस सन्दर्भको जानकारी दिदै मोहन पी. दाहालले चिया कमानहरूमा युनियन बनिनु भन्दा अघि मजदूरहरूको हालत नरकमा बास गरेको बराबर ठानेका छन् । दाहालअनुसार दिनको हाजिरा वा 'रोज' केवल तीन आना चौध पैसा मात्र थियो । कमानका साहेबले बात - बातमा हट्टाबाहर कुल्लीहरूलाई गर्ने गर्थे, कमाको ठेक्का मनपरि तोकिएको थियो। कुल्लीहरूलाई मनपरि गाली गर्नु औ हिर्काउनु एउटा मामूली बात थियो । कुनै - कुनै कमानमा कमानका साहेबहरूले हाम्रा दिदी - बहिनीहरूलाई राम्री देखे भने बलात्कार र बेइज्जत गर्न चाहन्थे । त्यस विषयमा यदि कसैले विरोध गऱ्यो भने हट्टाबाहरको दण्ड भोग्नु पर्थ्यो । त्यससमय

कमानको म्यानेजर कम्पनीले राखेको एउटा हेड चौकिदार मात्र चिया कमानमा हुन्थे । कमानमा काम गर्ने  साधारण कुल्ली वा नेपालीहरूमाथि आइलागेका जुलुमहरूको विरोध गर्ने, आफ्नो सङ्गठन बनाउने हक र कानून छ औ मालिकहरूले कानून अनुसार माग दिएनन् भने सरकारमा त्यो कुरा पुऱ्याउने हक छ भन्ने कुरा आदिको जानकारी उनीहरूमा थिएन। भनौं त्यससमय कमानका मजदूरहरू कमाराको जीवन बिताउँथे भन्न सकिन्छ । उनीहरूलाई मजदूर सम्बन्धी बनिएका कानूनहरू, ट्रेड युनियन एक्ट फेक्टरी ल इत्यादिको राम्रो जानकारी थिएन ,। मूलत: अङ्ग्रेजहरूका आधिपत्यमा फैलिएका दार्जीलिङे पहाड़ी इलाकामा तत्कालीन चियाकमानहरूमा अङ्ग्रेज म्यानेजरहरू आफूलाई आफ्नो इलाकामा सर्वेसर्वा मानी मजदूरहरूलाई बोलेर नै ऐन - कानूनको रूपमा शासन गर्दथे भन्ने बुझिन्छ । यस शासनलाई ब्रिटिसहरूको औपनिवेशिक नीतिको परिणाम मान्न सकिन्छ । यसर्थ उपनिवेशिकवादले कमानका गोरा म्यानेजरहरूको औपनिवेशिक शोषण र अन्यायप्रति मानिसहरूमा रोष उत्पन्न हुँदै गरेको दमित विरोधपूर्ण आभासका सङ्केतहरू दिने गर्दछ । उपनिवेशक गोरा म्यानेजरहरूको एकक्षत्रे रजाइँ र अमानवीय अत्यचारअनुसार दार्जीलिङ पहाड़ी भेकका प्रायः सबैजसो चिया कमानहरू त्यसताक अङ्ग्रेज मालिकका अधीनमा थियो । तिनीहरूको कानून अनुसार कमान इलाकाभित्र कुनै बाहिरी मानिस पस्न निषेध  थियो । वास्तवमा कमानभित्रबाट गएका जिल्ला बोर्डका निजी बाटाहरूबाट पनि कुनै बाहिरी मानिस हिँड़डुल गर्नमा म्यानेजरहरूले नियन्त्रण गर्थे । पराधीन भारतमा अङ्ग्रेजहरूद्वारा भारतीयहरूलाई गरिएको यसप्रकारको सोझो प्रतिशोधात्मक अमानुषिक व्यवहारको उदाहरण अरू कुनै उद्योग - धन्दामा थिएन । यसको दुइवटा कारण मान्न सकिन्छ । पहिले, निरक्षर र बाहिरी मजदूरहरू अति पछौटे भएको कारण सम्पूर्णरूपमा अलग थिए अनि दोस्रो,

Notes

कमानका अङ्ग्रेद म्यानेजरहरूले आफ्नै इच्छाअनुसार मजदूरहरूलाई गिरफ्तार गर्नसक्थे अनि तथाकथित न्यायअनुसार जेल पठाइदिन पनि सक्थे। भारतीय फौजदारी कानून चिया कमानहरूमा प्रभावहीन थियो ।

15 अगस्त सन् 1947 मा भारतवर्षले ब्रिटिसहरूको औपनिवेशिक साङ्लोबाट मुक्त भई स्वतन्त्रता प्राप्त गरेपछि अङ्ग्रेजहरू बेलायत फर्केर गएको मानिन्छ । यसरी सन् 1947 मा ब्रिटिसहरूको औपनिवेशिक साङ्लोबाट मुक्त भए तापनि भारतीय समाजलाई भने तिनीहरूले छाड़ेका औपनिवेशिक नीतिहरूको प्रभावले ग्रसित तुल्याइ रहेको मान्न सकिन्छ । अङ्ग्रेजहरूको कुटनीति ' कसैलाई लाखा त कसैलाई पाखा ' गरेर आफ्नो स्वार्थ पूरा गर्ने थियो । गोरा अङ्ग्रेजहरूको यस नीतिले पछि भारतीय समाजका हरेक वर्गमा प्रभाव पारेर लगेको बुझिन्छ । यसरी ब्रिटिस उपनिवेशकहरूले 'विभाजन गर अनि शासन गर' नीतिको आधारमा भारत वर्षमा शासन र शोषण गरेको मानिन्छ । कालान्तरमा यसको प्रभावले भारतीय समाज ग्रसित बनेर गएको देखिन्छ । ब्रिटिस उपनिवेशकहरूले बिषेश धर्म , जाति ,वर्ण र भाषाको आधारमा भारतीयहरूमाथि शोशण रहेका थिए । यसको प्रमाण भारत र पाकिस्तान तथा भारत र चीनमाझ भएको युद्ध र वैमन्षयताले दिदंछ । सम्भवतः यसै वैमनश्यताको कारण उत्पन्न भएको सङ्कटको परिणामस्वरूप भारत र पाकिस्तान दुवै क्षेत्र विकासदेखि वञ्चित भएको पनि मान्न सकिन्छ ।

अघिका उपनिवेशित देशहरूसहित विश्वका अन्य गरीबी मुलुकहरूलाई एउटै छत्र - छाँयामुनि राखेर पूर्व - उपनिवेशक र सम्पन्न मुलुक समूहले आफूलाई पहिलो विश्वको मुकुट पहिराएको मानिन्छ । यस सम्बन्धमा समालोचक एनिया लूम्बाले तेस्रो विश्वमाथि आर्थिक ,राजनीतिक सामरिक वर्चस्वसित नव - उपनिवेशवाद (Neo –Colonialismm) – को प्रक्रिया

अनुरूप आधुनिक कालमा आरम्भ भएको हो भनेका छन् । उनले विस्वका अधिकतर भागमाथि नै आफ्नो निर्णय थोप्ने अनि एकाधिपत्य कायम गर्ने जस्तो नव - उपनिवेशिकताका विविध रूपहरू हुन् भन्ने मनतव्य पनि पोखेका छन् । यसरी विश्वका महाशक्ति भनेर चिनिने अमेरिका अनि रूसका यस्तै नव - उपनिवेशवादी नीतिका कारण सन् 1947 मा भारत र पाकिस्तान स्वतन्त्र भएर पनि भारत - पाकिस्तान र भारत -चीन बाहेक विश्वमा अनेकौं स्वतन्त्र राष्ट्रहरू पिढ़ीत रहेको देखिन्छन् । ब्रिटिस शासकहरूले दीर्घकालीन औपनिवेशिक शासन भारतवर्षमा स्थापित गरेको मानिन्छ । देशले स्वतन्त्रता प्राप्त गरेपछि पनि उक्त औपनिवेशिकरणको तितो स्मृति भारतीय जनमानसमा आलै रहेको थियो । अठाह्रौँ शताब्दीको उत्तरार्द्धतिर अर्थ व्यवस्थाको नाममा व्यापारिक ढाँचानिवेशको नाउँमा अविकसित औद्योगिक उत्पाद तथा पूँजी , राजनीतिक एवम् सांस्कृतिक वर्चस्व स्थापित भएर ,देशहरूमा आर्थिक गएको बुझिन्छ ।

अभय प्रसाद सिंहले जनाएअनुसार आर्थिक साम्राज्यवादलाई कुनै पनि राष्ट्रका विकासको आवश्यक तत्त्वको रूपमा मान्न सकिन्छ । यसै औपनिवेशिक दासत्वले भारतवर्षमा महामारी, आर्थिक ह्रास, भुकमारी, गरीवा, सामाजिक विषमता जस्ता विसङ्गतिहरूलाई जन्म दिएको हो । यसरी विसङ्गतिहरूलाई जन्म दिए तापनि ब्रिटिश लेखकहरूले उपनिवेशवादको स्थापनापछि यसको औचित्यलाई सिद्ध गर्दै ब्रिटिस शासनले अविकसित मुलुकहरूका पछौटे मानिसहरूलाई आधुनिक परिस्थितिहरूसँग जुझ्नलाई तैयार बनाउने तथा सभ्यताको नयाँ पाठ पढाउने कार्य गरेको मानेका छन् ।

नेपाल देशमा सन् 1816 को सुगौली सन्धि पश्चात् अर्ध - औपनिवेशिक अवस्थामा बदलियो र राणा शासनकालसम्म आउँदा अर्धसामन्ती

Notes

अवस्थामा फेरियो । अहिले नेपाल अर्ध - सामन्ती तथा अर्ध - औपनिवेशिक मात्र होइन, नव–औपनिवेशिक अवस्थामा समेत परिणत हुन पुगेको छ । देशलाई यसप्रकारको नव - औपनिवेशिक अवस्थाबाट मुक्त गर्नका लागि सामन्तवाद र साम्राज्यवाद÷विस्तारवादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न अनिवार्य रूपमा आवश्यक छन् । नयाँ जनवादी क्रान्ति जनवादको प्रश्नसित मात्र होइन, राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नसँग पनि अभिन्न रूपमा गाँसिएको छ । देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न सामान्यतः साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादी प्रभुत्व तथा हस्तक्षेपसित जोडिएको छ । नेपाल भारतीय शासक वर्गद्वारा विभिन्न रूपमा उत्पीडित रहिआएको छ । यस सन्दर्भमा सन् 1950 मा गरिएको असमान सन्धिदेखि विभिन्न प्रकारका व्यापार तथा परिवहन सन्धि, कोशी - गण्डकी सम्झौता हुँदै अहिलेसम्म गरिँदै आएका उपल्लो कर्णाली, अरुण तेस्रो, बिप्पा लगायतका सम्झौताहरू उल्लेखनीय रहेका छन् । यस प्रकारका असमान सन्धि सम्झौताहरू मार्फत् भारतले नेपालमाथि आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा सामरिक हरेक क्षेत्रमा आफ्नो प्रभुत्व कायम गर्दै आएको छ ।

भारतद्वारा अनेकौँ ठाउँमा सीमा अतिक्रमण गरिएको छ र कालापानी क्षेत्रमा सैन्य टुकुडीहरू राखिएको छ । सीमा क्षेत्रहरूमा बाँध बाँधेर नेपालका भूभागहरूलाई डुबानमा पार्दै आउने काम गरिएको छ । अहिले भारतीय शासक वर्ग नेपालमा दलाल पुँजीपति वर्ग मार्फत् आफ्नो हित साधन गर्नका लागि अनवरत प्रयास गर्दै आएको छ । यो उत्पीडनको नयाँ तरिका हो र यसबारे गम्भीर बन्न जरुरी छ । भारतीय शासक वर्गले नेपाललाई भारतको अभिन्न अङ्ग मान्दै आएको छ । 2007 सालतिर भारतका उपप्रधानमन्त्री तथा गृहमन्त्री सरदार पटेलले भारतीय सेना

पठाएर नेपाललाई आफ्नो अधिकारमा लिने कुरा गरेका थिए । भारतीय शासक वर्गले भारतीय सीमा हिमालसम्म मान्दै आएको छ । 2011 सालमै नेहरूले नेपालको स्वतन्त्र सार्वभौम राष्ट्रको हैसियतमाथि गम्भीर आघात पु¥याउँदै नेपालमा भारतको “विशेष पोजिसन” वा “विशेष सम्बन्ध” को कुरा गरेका थिए । नेपालका भारतपरस्त नेता तथा दलाल पुँजीपति वर्गले नेपाललाई भारतकै प्रशासनिक एकाइ ठान्ने गरेको कुरा पनि जगजाहेर छ ।

नेपालका देशभक्तहरूका साथै मुख्यतः कम्युनिस्ट क्रान्तिकारीहरूले देशको राष्ट्रिय स्वाधीनताको पक्षमा सशक्त आवाज उठाउँदै आएका र कुनै खास कालखण्डका नेपाली कम्युनिस्ट आन्दोलन दलाल नेताहरूले भारतीय विस्तारवादका सामु आत्मसमर्पण गरेका कुरा पनि सुस्पष्ट छन् । पछिल्लो अवधिमा देशको राष्ट्रिय स्वाधीनताको रक्षाको पक्षमा नेकपा (माओवादी)- ले सशक्त आवाज उठाउँदै आएकोमा अहिले माओवादी वृत्तबाटै कमरेड बाबुरामको नेतृत्वमा बिप्पा सम्झौता गरिनु र अध्यक्ष कमरेडबाटै भारत तथा नेपालका बिच “विशेष सम्बन्ध” रहेको सार्वजनिक अभिव्यक्ति दिइनुले स्थिति झनै गम्भीर बन्दै गइरहेको कुरा स्पष्ट देखिन्छ । यो सबै सच्चा देशभक्त तथा क्रान्तिकारी कम्युनिस्टहरूका लागि गम्भीर चिन्ताको विषय हो ।

परन्तु, चिन्ता गरेर मात्र हुँदैन र चिन्तनशील पनि बन्नुपर्दछ । नेपालको इतिहास देशभक्तिको भावधारा र देशका लागि प्राणको आहुति दिन सक्ने वीरवीराङ्गनाहरूको कीर्तिमानले समृद्ध इतिहास हो । त्यति ठूलो भारतलाई अङ्ग्रेज–साम्राज्यवादले कब्जा गरी उपनिवेश बनाएको र यति सानो नेपाल त्यस प्रकारको साम्राज्यवादका विरुद्ध लडेर आफ्नो राष्ट्रिय अखण्डतालाई बचाउन सफल भएको इतिहास कसैका आँखाबाट छिपेको छैन । हामीले इतिहासप्रति गर्व एवम् गौरव गर्नुपर्दछ र इतिहासले

देखाएको बाटोमा दृढ सङ्कल्पका साथ अगाडि बढ्नुपर्दछ । जस्तो कि हामीले माथि नै नव–उपनिवेशवादको कुरा गरिसक्यौँ । अहिले नेपाल नव - औपनिवेशिक अवस्थामा छ । **नव - उपनिवेशवाद** भनेको नयाँ प्रकारको उवपनिवेशवाद हो । पुरानो उपनिवेशवादमा ठाडो फौजी हस्तक्षेप गरिन्छ भने नव - उपनिवेशवादमा आफ्ना एजेन्डा वा आफुले चाहेका काम दलालहरू मार्फत् वा आफ्नो कठपुतली सरकार मार्फत् लागु गराउने र सम्बन्धित देशलाई आर्थिक, राजनीतिक, सांस्कृतिक तथा सामरिक रूपले उत्पीडन जारी राख्ने गरिन्छ ।

अहिले भारतीय विस्तारवादद्वारा नेपालमा ठिक यही काम भइसकेको छ । अन्ततः भारतद्वारा नेपाललाई सिक्किम बनाउने गुरुयोजना अन्तर्गत काम हुँदै गइरहेको देखिन्छ । हामी यस प्रकारको स्थितिप्रति अत्यधिक रूपमा सतर्क रहन जरुरी छ । वस्तुस्थितिको यसै गम्भीरतामाथि ध्यान दिंदै पार्टी एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)- को केन्द्रीय समितिको पालुङ्गटारमा सम्पन्न विस्तारित बैठक र त्यसको लगत्तै बसेको केन्द्रीय समितिको बैठकमा देशको प्रधान अन्तर्विरोधको स्थितिमा परिवर्तन आएको कुरा स्वीकार गरिएको थियो । तदनुसार बहुमतद्वारा दलाल तथा नोकरशाह पुँजीपति एवम् सामन्त वर्ग मिलेर बनेको घरेलु प्रतिक्रियावाद तथा भारतीय विस्तारवाद घुलमिल भएर एउटा कित्ता र आम नेपाली जनता अर्को कित्तामा ध्रुवीकृत भई नयाँ प्रधान अन्तर्विरोध पैदा हुन गएको कुरा अङ्गीकार गरिएको थियो । अहिले पनि पार्टीको आधिकारिक तथा औपचारिक निर्णय यही नै कायम रहेको छ । परन्तु, जहाँसम्म त्यसको कार्यान्वयन गर्ने र त्यसलाई व्यवहारमा उतार्ने कुरा हो त्यो हुन सकिरहेको छैन किनभने पार्टीका अध्यक्ष कमरेड त्यस निर्णयबाट धेरै पछाडि हटिसक्नुभएको छ । यो हाम्रा लागि धेरै दुःखको विषय हो ।

आज विश्वमा उत्तर - उपनिवेशवाद र उत्तर - माक्र्सवादका प्रवक्ताहरूले आफ्नो शब्दकोशबाट 'साम्राज्यवाद' शब्दलाई खारेज गर्नुपर्ने कुरा बताउँदै आएका छन् र उनीहरूका दृष्टिमा अब राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्कृतिका बिचको विभेद समाप्त भइसकेको छ । लाग्छ, आज सामान्यतः नेपाली कम्युनिस्ट आन्दोलन र विशेषतः नेपाली क्रान्तिकारी कम्युनिस्टहरूमा पनि सामान्य ढङ्गको संशोधनवाद होइन, गम्भीर रूपमा उत्तर–उपनिवेशवाद र उत्तर - माक्र्सवाद प्रभावी बन्दै जान थालेको छ । यसबारे सच्चा क्रान्तिकारी कम्युनिस्टहरू मौकामै सतर्क बन्न जरुरी छ । हामीले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि दस वर्षसम्म महान् जनयुद्ध सञ्चालित गर्यौं । अहिले संविधानसभा मार्फत् नयाँ संविधान निर्माणको प्रकृया अगाडि बढेको छ । परन्तु, यो समग्र प्रक्रियामा सामान्यतः साम्राज्यवादी र मुख्यतः विस्तारवादी शक्तिबाट गम्भीर प्रकारका व्यवधान पैदा हुँदै आएका छन् । सामान्यतः संविधान निर्माण गर्ने प्रश्न जनवादसँग सम्बन्धित प्रश्न हो, परन्तु यो राष्ट्रिय स्वाधीनताको प्रश्नसँग पनि अभिन्न रूपमा गाँसिन पुगेको छ ।

वास्तविक अर्थमा जनताको संविधान निर्माण गर्नका लागि मजदुर तथा किसान सहित उत्पीडित वर्ग, जनजाति, महिला, दलित, मधेसी तथा मुस्लिम समुदाय, कर्णाली, सेती तथा महाकाली लगायतका उत्पीडित क्षेत्रका समस्याहरूको समुचित ढङ्गले सम्बोधन गर्न अनिवार्य रूपमा आवश्यक छ । यसका लागि व्यवस्थापिकामा सबैको समानुपातिक एवम् समावेशी प्रतितिनिधित्व, जातीय पहिचानलाई प्राथमिकता दिंदै राज्यको पुनःसंरचना, महिला, दलित तथा मुस्लिम समुदायका निम्ति विशेषाधिकारको व्यवस्था गर्न जरुरी छ । परन्तु अहिले यी सबै विषयबाट ध्यान हटाई जातीय सदभावलाई खल्बल्याउने, वर्गीय पहिचानलाई ओझेलमा पार्ने र जनसमुदायलाई आपसमा लडाइँ प्रतिक्रियावादी

Notes

स्वार्थसिद्ध गर्ने गम्भीर प्रकारका षड्यन्त्र भइरहेका छन् । यसरी हेर्दा जनताको पक्षमा संविधान बन्न सक्ने स्थिति देखिँदैन । राष्ट्रिय स्वाधीनता र जनवाद परस्पर सम्बन्धित हुन्छन् । जब राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न खतरामा परेको हुन्छ त्यो बेला जनताको जनवादी अधिकारलाई स्थापित गर्ने प्रश्न पनि स्वतः खतरामै पर्न जान्छ । आन्तरिक वा बाह्य दुवै अर्थमा राष्ट्रियताको कुरालाई पन्छाएर जनवाद वा लोकतन्त्रको प्राप्ति कदापि सम्भव हुन सक्तैन ।

तसर्थ, जनवादी क्रान्तिलाई पूर्णता दिन र यो बेला विभिन्न पार्टी, समुदाय, सङ्घसंस्थामा आबद्ध सबै सच्चा देशभक्त, गणतन्त्रवादी तथा वामपन्थीहरू विना कुनै पूर्वाग्रह देश र जनताको राष्ट्रिय स्वाधीनताको रक्षा गर्नका लागि एकताबद्ध हुन जरुरी छ । साथै, यो बेला देशको माया गर्ने बुद्धिजीवी तथा युवा समुदायले पनि गम्भीर जिम्मेवारीबोधका साथ सोच्न आवश्यक छ । नेपालमा नयाँ जनवादी क्रान्ति र राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अभिन्न रूपमा गाँसिएका छन् । आत्मनिर्णयको अधिकारमा ताला ठोकेर हाम्रो आवाज ठण्डा पार्ने जुक्तिले टाउको उठाइसकेको बेला जस्तो 1988 मा उता गायत्री चक्रवर्ती स्पीभाकले Can the subaltern speak ? भनेर सोधिसकेका थिए।

स्पीभाकले उत्तर - औपनिवेशिक सैद्धान्तिकीलाई खुल्ला मैदान प्रदान गर्दै सबाल्टर्नको धारणालाई बहसको टेबलमा ल्याइसकेका थिए। त्यो बेला हाम्रो बोली फुट्दै थियो। हामी जस्तै मूलधाराबाट धकेलिएकाहरूलाई लिएर आफ्नो चिन्तनको, सैद्धान्तिकीको मूलबाटो पक्रिने स्पीभाकले Can the subaltern speak ? भनेर सोधिरहेको बेला यता राजनैतिक आवाज उठेर सेलाउँदै गरेको थियो। अहिलेसम्म हामी थाहा मात्र गरिरहेका छौं त्यतिबेला हाम्रो ठाउँबाट को बोलिरहेका थिएछन्। अहिले आएर फेरि

हामीले राजनैतिक मञ्चबाट बोल्न शुरू गरिरहेका छौँ। तर अघिसम्म स्पीभाकले देखेको सबाल्टर्नलाई हामीले साहित्यमा सचेतरूपले थाहा गरेका थिएनौं। उत्तर - उपनिवेशवादी चिन्तक एडवर्ड सइदले मार्क्सको उपनिवेशवादी धारणालाई तिखो आलोचना गर्दै लेखेका पुस्तक **ओरिण्टलिज्म**को सन्दर्भमा स्पीभाकले मार्क्सवाद ग्राम्यपन्थी सैद्धान्तिकीबाट मौनतालाई फुटाउन सबल्टर्न अवधारणालाई प्रयोग गर्दै सवल्टर्न बोल्न सक्छन् अनि उनीहरूको निम्ति बोलिन्छन् भन्ने निचोड़ दिएका थिए। स्पीभाकको सबाल्टर्न जस्तै अहिले दार्जीलिङबाट कवि मनप्रसाद सुब्बा अनि रेमिका थापाले देशको मूलधाराबाट सँधै बाहिर राखिएका नेपाली भाषी गोर्खा नागरिकहरू पनि बोल्न सक्छन् अनि उनीहरू यसरी बोल्छन् भन्न **किनाराका आवाजहरू** काव्य पुस्तक प्रकाशित गरेका छन्। उनीहरूले यस पुस्तकमा किनारीकरण र किनारीकृत सैद्धान्तिकीलाई प्रमुखता दिएका छन्। यो सैद्धान्तिकी यताकै हुनुपर्ने उनीहरूको आग्रह देखिएको छ। नेपाली साहित्यमा किनारीकरण शब्दलाई सोद्देश्य र सचेत रूपले प्रयोग गर्ने कविहरू पनि उनीहरू नै प्रथम हुन्।

किनारीकरणको धारणालाई अघि राखेर अहिलेसम्म सचेतरूपले नछुएको पर्यावरण साहित्यभित्र पनि किनारीकरणको सम्भाव्य थोकहरू हेरेर उनीहरूले गतिलै बहसको ठाँउ छोड़ेका छन्। सन् 1986 – 88 मा हाम्रो इतिहासमा निक्कै ठूलो स्वरमा बोलेको र बोलेको त्यो आवाजलाई शाषकले राजनैतिक प्रपञ्चभित्र खाँदेर दबाउन खोज्दै गरेको मिथको - हामी दबिएको रूपमा यहाँ हेरिन्छ।, थिचिएको, मिचिएको बोध त्यतिबेला सबैले थाहा पाएका थियौं,लाग्छ। हामीले त्यसबेला जातीय उन्मुक्तिलाई शीरमा राखेका थियौं। हामी बोल्न सक्छौंलाई चिनाएका थियौं। हामीले - ठूलो स्वरमा बोल्न थालेको प्रारम्भ विन्दु थियो त्यो। यहाँ बोल्नु, कुनै एक व्यक्तिको न्यायको निम्ति होइन तर सामुहिक र सर्वसमावेशी छ।

किनाराका आवाजहरू पुस्तकमा जातीय उन्मुक्ति मात्र होइन, सांस्कृतिक, राजनैतिक , भाषिक उन्मुक्तिसित नै प्रकृति दोहनबाटको उन्मुक्तिको प्रश्न अघि राखिएको छ,लाग्छ। यता दोस्रो चोटि फेरि जातीय मुक्तिको आवाज बुलन्द बन्दै गरेको बेला, लेखक, साहित्यकार, कविहरू जातीय उन्मुक्तिको आवेगले रापिएर रोषको, विद्रोहको, आलापको, रोदनको र नाराको कविता लेखनमा झुत्तिरहेको बेला लामै लेखकीयसित अनि किनारीकरण सम्बन्धी थुप्रै प्रस्तावनाहरू अघि राखेर किनाराका आवाजहरू बजारमा दुइ संस्करण र अङ्ग्रेजी भाषामा अनुवादमा आउँदा हाम्रा समालोचकहरू भ्रममा परेको पनि देखिन्छ ।

प्रस्तावकहरूको किनारीकरणको विचारलाई गलतरूपमा इन्टरप्रिटेशन गर्ला अथवा कतिले गरिसकेकै भय भन्ने सचेतताले मनप्रसाद सुब्बा अनि रेमिका थापा दुवैले लेखनमा किनारीकरण देखाउनुभित्र मलाई गतिलै बहसको मसला लुकेको लागेको छ। लेखनमा किनाकीकरणको विभिन्न प्रस्तावना राख्ने दुवै कविहरूको विचारलाई एकपल्ट आजको आवश्यक पाठकोरूपमा ग्रहण गरेर त्यसलाई चिरफार गर्ने समालोचकहरू खै? आफ्नो धारणालाई गलतरूपमा इन्टरप्रिटेशन गगिदेला भन्ने भय प्रस्तावक कविहरूलाई किन? कवि मनप्रसाद सुब्बाले दुइएक वरिष्ट लेखकहरूले किनारीकरणलाई केवल गोर्खाहरूको चिन्हारीको सङ्कटसम्म मात्र जोड्न खोजेको र आफूहरूलाई गतलबुझेको बताउन खोज्दै किनारीकरणभित्र लुकेको सम्भावनाहरूको चर्चा गरेका छन्। अचम्म लाग्दो विषय हो भारतीय नेपाली साहित्यको क्षेत्रमा समालोचकहरू नहुनु। हामी छौं भन्ने समालोचकहरूले के उनीहरूको उपस्थिति दिन कुनै प्रमाणिक कार्य गरिरहेका छन्? कति भयो सर्जकहरू चिहानमा कराउन थालेको ? अहिले यसै पनि हामीसित कति समालोचक छन् ? यो प्रश्न तड़कारो बनेको

समयमा उहिल्यैदेखि समालोचकको लेबल टाँसेर बस्नेहरू भ्रममा परेर कविहरूको प्रस्तावलाई गलत अर्थ नदिइयोस्को त्रासमा कवि म-नप्रसाद सुब्बा अनि रेमिका थापाले भटाभट लेखनमा किनारीकरणको कुरा गर्न परेको, पढ्दा छ्याङ्गै होइन्छ।

स्पीभाकको सबल्टर्न र उपनिवेशवाद, उत्तर - उपनिवेशवाद, दलित साहित्य, नारी लेखन, डेरिडा र उत्तराधुनिकता पढ्नेहरू धेरै छन् । मूलतरूपमा किनारीकरणको सैद्धान्तिकी नयाँ होइन कि, यो मार्क्सवाद, दलित लेखन, नारीवाद, उत्तराधुनिकतावाद, सबल्टर्न, उपनिवेशवाद, उत्तर - उपनिवेशवाद इत्यादिबाट लिइएका ज्ञानु सासन हो कि भन्ने छ । तर किनारीकरणले समताको कुरा गर्छ, विश्वमा अलगै पहिचान स्थापनाको सचेतता यसमा छ, लाग्छ । यसैले किनारीकरणलाई उत्तर – उपनिवेशवादको एउटा हाँगा पनि मान्न सकिन्छ । यसरी नै दलित साहित्य पनि यस उपनिवेसवादकै एउटा उपज हो । भारतमा दलित साहित्यमा स्वानुभूति सहअनुभूति (दलित) बीचको द्वन्द्व (गैरदलित) सेलाउन सकेको छैन। यसमाथि अझ व्यापक बहस चलिरहेको नै छ तरै पनि दलित साहित्य विश्वभरि नै पढ़िने गरेको छ।

## 13.5 उपसंहार

उपनिवेश र उपनिवेशवाद उत्तर – आधुनिकतावादको एउटा सिद्धान्त हो । संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' - लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, त्य आदिको रूआधिपपमा प्रयोग गरिन्छ। 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स' (फार्मर) – को रूपान्तरण किसान हो । यो अङ्ग्रेजी भाषामा 'कोलोनी' शब्दको रूपमा प्रचलित हुँदै आएको छ। मूलरूपमा उपनिवेश भन्नाले कुनै एउटा स्थायी मानिएको व्यवस्थालाई नयाँ

Notes

प्रभावशाली व्यवस्थाले किनारीकृत गरेर आफ्नो  आधिपत्य वा प्रभाव खडा गर्नु भन्ने बुझिन्छ । अघिका उपनिवेशित देशहरूसहित विश्वका अन्य गरीबी मुलुकहरूलाई एउटै छत्र - छाँयामुनि राखेर पूर्व - उपनिवेशक र सम्पन्न मुलुक समूहले आफूलाई पहिलो विश्वको मुकुट पहिराएको मानिन्छ । यस सम्बन्धमा समालोचक एनिया लूम्बाले तेस्रो विश्वमाथि आर्थिक ,राजनीतिक सामरिक वर्चस्वसित नव - उपनिवेशवाद (Neo – Colonialismm) – को प्रक्रिया अनुरूप आधुनिक कालमा आरम्भ भएको हो भनेका छन् । उनले विस्वका अधिकतर भागमाथि नै आफ्नो निर्णय थोप्ने अनि एकाधिपत्य कायम गर्ने जस्तो नव - उपनिवेशिकताका विविध रूपहरू हुन् भन्ने मनतव्य पनि पोखेका छन् ।

**उपनिवेशवाद** भन्नाले एउटा शक्तिशाली मुलुकले अर्को एक निर्बल मुलुकमाथि आफ्नो राजनैतिक सामार्थ्यको आड़मा पुँजी लगानी गरी आफ्ना तयार मालहरू बेच्ने अनि कच्चा माल र श्रमशक्ति प्राप्त हुने स्रोतको नीति एवं व्यवस्था हो भन्ने बुझिन्छ । संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' - लाई अङ्ग्रेजीमा **कोलोनीयल** (Colonial)  भनिन्छ । यस शब्दमा 'इज्म' लागेर **कोलोनियालिज्म** शब्दको पर्यायको रूपमा नेपाली भाषामा 'उपनिवेशवाद' भनिने गरिन्छ, जसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा वुद्धिजीविहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन् । 'उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य वा प्रशासकीय संस्थाहरू, औनिवेशिक विचार, औपनिवेशिक संस्कृति वा सिद्धान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । यसवाट 'उपनिवेशवाद' मूलरूपमा शासन

र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ ।

मूलत: विभिन्न शब्दकोश, विद्वान् आदिको उपनिवेश र उपनिवेशवादबारे गरिएका मतहरूलाई समन्वय गरी सार प्राप्त गर्दा उपनिवेशकहरूले आफ्नो स्वको फाइदामा केन्द्रहरू मार्फत् आर्थिक सत्ता नियन्त्रित क्षेत्रहरूमा गरेका सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा शासन र शोषण गर्न हेतु तयार गरेका रूपरेखा, कार्य नीति तथा सिद्धान्त नै **उपनिवेशवाद** हो भन्ने प्रतीत हुन्छ । **उत्तर – उपनिवेशवाद** भन्नाले उपनिवेशवादको विपरीत प्रतिरोध तथा विरोध हो भन्ने बुझिन्छ । यो वाद केवल साम्राज्यहरूको पतनपछिको समयलाई बुझाउने कालगत संज्ञा मात्र नभएर विचारात्मक दृष्टकोणले एउटा मुक्तिदायी अवधारणा अनि समकालीन विश्वव्यवस्थासित जड़ित एक सांस्कृतिक विमर्शको पद हो । उत्तर - औपनिवेशिकतालाई प्रतिरोध तथा विरोघकरण वा संशोधन त अस्वीकार आदि शब्द चित्रमा अर्थ्याउन सकिन्छ । मूल रूपमा उपनिवेशमा जुन मूल्य – मान्यताहरू आदर्शलाई स्थापित गर्नका निम्ति गरिएको हुन्छ, त्यसैको प्रतिरोध, विरोध र अस्वीकारलाई उत्तर – उपनिवेशवाद भन्न सकिन्छ । यसैले उत्तर - औपनिवेशिक शब्दको अर्थ आफैमा भ्रमपूर्ण रहेका पनि मानिने गरिन्छ ।

विभिन्न विद्वानहरूका विचारअनुसार औपनिवेशिक युगमा रचिएका कृतिहरू साथै आजसम्म रचिएका कृतिहरू दुवैलाई जनाँउनका साथै औपनिवेशिक संस्कृतिबारे जो सुकैले वा स्वयं औपनिवेशिक संस्कृति अनुसरण गर्नेहरूले रचेका कृतिहरूलाई बुझाउँछ भन्दै उत्तर - आधुनिकतावादअन्तर्गत पर्ने विनिर्माणवाद, नव माक्सवाद, नव इलिहासवाद, नारीवाद, नव मनोविश्लेशणवाद आदिसित घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

## 13.6 सार

यस प्रखण्डमा **उपनिवेश र उत्तर – उपनिवेशवाद माझ भिन्नता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- ❖ मूलतः उपनिवेशकहरूको उद्देश्य नै उपनिवेशितहरूका श्रममा आफूलाई पोस्याउनु हो ।
- ❖ 'उपनिवेश' वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो ।
- ❖ 'उपनिवेश' भन्नाले कुनै एउटा स्थायी व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले थिचेर, डाकेर, किनारीकृत गरेर आफ्नो आधिपत्य जमाउँनु तथा प्रभुत्व खडा गर्नु भन्ने बुझिन्छ।
- ❖ 'उपनिवेश' वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो ।
- ❖ औपनिवेशिक दासत्वले भारतवर्षमा महामारी, आर्थिक ह्रास, भुकमारी, गरीवा, सामाजिक विषमता जस्ता विसङ्गतिहरूलाई जन्म दिएको हो ।
- ❖ यसरी विसङ्गतिहरूलाई जन्म दिए तापनि ब्रिटिश लेखकहरूले उपनिवेशवादको स्थापनापछि यसको औचित्यलाई सिद्ध गर्दै ब्रिटिस शासनले अविकसित मुलुकहरूका पछौटे मानिसहरूलाई आधुनिक परिस्थितिहरूसँग जुझ्नलाई तैयार बनाउने तथा सभ्यताको नयाँ पाठ पढाउने कार्य गरेको मानेका छन् ।

- बीसौँ शताब्दीदेखि सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक आदि क्षेत्रहरूमा एउटा भिन्दै अवधारणाले जन्म लिन पुग्यौ । यसलाई **उत्तर – औपनिवेशिकवाद** भन्न सक्छौँ ।
- एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भनिने गरिन्छ।
- संस्कृत भाषाको 'उपनिवेश' शब्दमा 'वाद' जोड़ेर बनेको 'उपनिवेशवाद' अङ्ग्रेजी भाषाको 'कोलोनीयल' शब्दमा 'इज्म' लागेर 'कोलोनियालिज्म' शब्दको पर्यायको रूपमा नेपाली भाषामा चलिआएको शब्द हो।
- 'उपनिवेशवाद' को अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ। यो मूलरूपमा औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक संस्कृति व समाज, औपनिवेशिक विचार वा  सिद्धान्तहरूका माध्ययम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया हो।
- कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत आधारहरू नै औपनिवेशिकरण सन्दर्भका आधारहरू हुन्।
- आफ्नो आधिपत्य जमाउने उद्देश्यले कुनै कुरो जबरजस्ती थोप्नु नै 'औपनिवेशिकरण' हो । यसको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर व्यक्ति, समाज आदिको सोंच र मानसिकतामाथि पनि पर्दछ ।
- विशेष गरेर उत्तर – उपनिवेशवादका मान्यता, अवधारणा, सिद्दान्तहरूलाई अवलोकन गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई

शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत नियम वा नीतिहरू भन्ने बुझिन्छ।

❖ औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर , राजनैतिक संरचना जस्तै पुलिसनयाँ शैक्षिक ,कानून ,संस्था ,राज्य , नीति आदिको पनि विकास गर्दछ ।

❖ औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ ।

❖ **नव - उपनिवेशवाद** भनेको नयाँ प्रकारको उवपनिवेशवाद हो । पुरानो उपनिवेशवादमा ठाडो फौजी हस्तक्षेप गरिन्छ भने नव - उपनिवेशवादमा आफ्ना एजेन्डा वा आफुले चाहेका काम दलालहरू मार्फत् वा आफ्नो कठपुतली सरकार मार्फत् लागु गराउने र सम्बन्धित देशलाई आर्थिक, राजनीतिक, सांस्कृतिक तथा सामरिक रूपले उत्पीडन जारी राख्ने गरिन्छ ।

यस प्रखण्डको अध्ययनले **उपनिवेश र उत्तर – उपनिवेशवाद माझ भिन्नता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । उपनिवेश र उपनिवेशवादको परिचय र यसको भिन्नता, मूल्य र महत्व सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 13.7 अनुशीलनी

1. उपनिवेशवादको अवधारणाबारे चर्चा गर्दै यस प्रवृत्तिमा लेखिएको साहित्यलाई सविस्तार चर्चा गर्नु होस् ।

Notes

2. उपनिवेश र उत्तर - उपनिवेशवदाको अर्थ सम्बन्धि उल्लेख गर्दै यसबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. साहित्यमा उपनिवेश र उत्तर - उपनिवेशवदाको महत्त्व, मूल्य र उपयोगिता के कस्तो रहेको देखिन्छ ? बताउनुहोस् ।

4. उपनिवेशवाद र उत्तर - उपनिवेशवादको प्रमुख घटकहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

5. उपनिवेशवाद र उत्तर - उपनिवेशवादबारे दिएका पाश्चात्य र पूर्वीय विद्वानहरूका मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

6. उपनिवेश र उत्तर - उपनिवेशवदालाई आधार गरी नेपाली साहित्यमा कस – कस लेखकले आफ्ना कृतिहरू लेखेका छन् ? विवेचना गर्नुहोस् ।

7. उत्तर - उपनिवेशवदालाई उत्तर – आधुनिकतावाद लेखनको किन प्रमुख अङ्ग मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

8. उपनिवेशवाद र उत्तर - उपनिवेशवादी लेखनले नेपाली साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

9. उपनिवेश र उत्तर - उपनिवेशवदाको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

10. नेपाली साहित्यमा उपनिवेश र उत्तर - उपनिवेशवदालाई मुल आधार गरी लेखिएको कृतिहरूबारे एउटा लेख लयार पार्नुहोस् ।

12. उपनिवेश र उत्तर - उपनिवेशवदामूलक साहित्यको अध्ययनबाट जन – साधारणले कस्तो शिक्षा हासित गर्न सक्दछ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

13. उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ के कस्तो साम्य र भिन्नता पाउन सकिन्छ ? तर्क दिनुहोस् ।

## 13.8 अतिरिक्त अध्ययन

1. प्रणय, कृष्ण – **उत्तर औपनिवेशिकता के स्रोत ओर हिन्दी साहित्य ।**

2. त्रिवेदी, हरिश र दीक्षित, मीनाक्षी – **इण्डीया एण्ड पोष्ट कोलोनियल डिस्कोर्स ।**

3. बराल, ऋषिराज - **मार्क्सवाद र उत्तर – आधुनिकतावाद ।**

4. गौतम, कृष्ण - **अनेक रूप अनेक पठन ।**

5. पोखरेल, कृष्ण - **विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू ।**

6. शिवाकोटी, गोपाल - **आधुनिक राजनितिक विज्ञान ।**

7. दाहाल– रामकुमार , **सामाज्यवादराष्ट्रवाद तथा उपनिवेशवाद । ,**

8. **इन्साइक्लोपिडिया अमेरिकाना ।**

9. मेलभिन - (.सम्पा) .एस ,**कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल कल्चर एण्ड ,पोलिटिकल इन्साइक्लोपिडिया ।**

10. सिंह, अभय प्रसाद - **भारत में उपनिवेशवाद ।**

11. दाहाल, रामकुमार र गोपाल, शिवकोटी - **आधुनिक राजनितिक विज्ञान ।**

12. दाहाल, रामकुमार र गोपाल, शिवकोटी - **अन्तर्राष्ट्रिय राजनीति ।**

13. लुम्बा, एमीया - **कोलोनियालिज्म / पोस्टकोलोनियालिज्म ।**

14. गान्धी, लीला - **पोस्टकोलोनियल थ्योरी ।**

15. दास, गोविन्द - **उपनिवेशवाद नयी उपनिवेशवाद ओ साम्राक्यवाद ।**

16. मयाक्लोन, जोहन - **विगिनिङ् पोस्टकोलोनियालिज्म ।**

17. हिमांशु , राजु प्रधान - **साहित्य परिचय** ।

18. लुइँटेल, खगेन्द्रप्रदास - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**।

19. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

20. न्यौपाने, टङ्क प्रसाद - **साहित्यको रूपरेखा** ।

21. उप्रेती, सन्जीव - **सिद्धान्तका कुरा** ।

22. जैसी, श्यामराज - **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि** ।

यस अतिरिक्त **उपनिवेश** र **उपनिवेशवाद**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 13.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. उपनिवेशवादको सामान्य परिचय ।

.............................................................................................

.......

.............................................................................................

.......

.............................................................................................

.......

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. उत्तर - उपनिवेशवादको सामान्य परिचय ।

.............................................................................................

.......

.............................................................................................

.......

...............................................................................

.......

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.3 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. उपनिवेशवाद र उत्तर – उपनिवेशवाद माझको भिन्नता ।

...............................................................................

.......

...............................................................................

.......

...............................................................................

.......

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. उपनिवेशवाद र उत्तर - उपनिवेशवादको मूल्य र महत्व ।

...............................................................................

.......

...............................................................................

.......

...............................................................................

.......

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. किनारीकरण र दलित साहित्य ।

…………………………………………………………………………………

…….

…………………………………………………………………………………

…….

…………………………………………………………………………………

…….

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.5 कै खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 14, साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति

## संरचना

14.0 उद्देश्य

14.1 परिचय

14.2 उपनिवेशवाद र उत्तर - उपनिवेशवादको अवधारणा

14.3 साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति

14.4 साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादको महत्व

14.5 नेपाली साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्रयोग

14.6 उपसंहार

14.7 सार

14.8 अनुशीलनी

14.9 अतिरिक्त अध्ययन

14.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- उपनिवेशवाद र उत्तर - उपनिवेशवादको अवधारणा
- साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति

साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादको महत्व

- नेपाली साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका

## 14.1 परिचय

संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' - लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ। 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स' (फार्मर) – को रूपान्तरण किसान हो । यो अङ्ग्रेजी भाषामा 'कोलोनी' शब्दको रूपमा प्रचलित हुँदै आएको छ। मूलरूपमा उपनिवेश भन्नाले कुनै एउटा स्थायी मानिएको व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले किनारीकृत गरेर आफ्नो आधिपत्य वा प्रभाव खडा गर्नु भन्ने बुझिन्छ। मूलतः उपनिवेश कायम गर्ने घटना आधुनिक युगको नीति होइन। यसले मानवीय सभ्यताको उठानकालदेखि नै आफ्नो लक्षण देखाउँदै आएको पाइन्छ। उपनिवेश बनाउने घटना र इतिहास हेर्दा कतिपय उपनिवेशकहरूले सैन्य शक्तिद्वारा उपनिवेश बनाएको, कतिले भाषा संस्कृति र धर्मको ,माध्यमबाट उपनिवेश खडा गरेका थिए भन्ने बुझिन्छ। भारतमा ब्रिटिस उपनिवेशकहरूले यी दुवै थरिका उपनिवेशीकरणको नीति अप्नाएको थाहा पाइन्छ। ब्रिटिसकालीन भारतमा दार्जीलिङ पहाडी क्षेत्र पनि यसै कुरोको चक्रान्तमा पिसिएको थियो । यस कुरो विविध ऐतिहासिक दस्तावेजहरूकृति आदिको , अध्ययनबाट सत्य र प्रामाणिक हुँदछ ।

उपनिवेश र उपनिवेशवाद उत्तर – आधुनिकतावादको एउटा सिद्धान्त हो । उत्तर - आधुनिकतावाद भनेको विचारको नवीनता हो, पुरानोको प्रतिष्थापन हो, उच्छेदन हो । यो अन्त्यको अभावको पक्षधर, स्थिरताको विरोधी र यथास्थितिको बैरी रहेछ। यसलाई माक्र्सवाद समाप्त गर्न आएको

Notes

बहुलवादी, पूँजीवादी, पश्चिमा, दलाली विचार पनि मानिने गरिन्छ । उत्तर – आदुनिकतावादमा ज्ञानको व्यापकता, विश्व भूमण्डलीकरण, सूचना प्रविधिको विकास, सांस्कृतिक अन्तर्मिश्रण, बहुलवाद, मार्क्सवाद विरोधी अवधारणा, उपभोक्तावाद, औपनिवेशिक साम्राज्यवाद, विस्तारवाद आदि नीतिहरू विकास भएको पाइने हुनाले उपनिवेश र उपनिवेशवादलाई यसैको एउटा हाँगा मानिने गरिन्छ ।

**उपनिवेशवाद** भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य वा प्रशासकीय संस्थाहरू, औपनिवेशिक संस्कृति वा समाज, औपनिवेशिक वाचार वा सिद्धान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । यसवाट 'उपनिवेशवाद' मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त भन्ने बुझ्न सकिन्छ । उपनिवेश बनाउने घटना र इतिहास हेर्दा कतिपय उपनिवेशकहरूले सैन्य शक्तिद्वारा उपनिवेश बनाएको, कतिले भाषा संस्कृति र धर्मको माध्यमबाट उपनिवेश खडा गरेका थिए भन्ने बुझिन्छ। भारतमा ब्रिटिस उपनिवेशकहरूले यी दुवै थरिका उपनिवेशीकरणको नीति अप्नाएको थाहा पाइन्छ। ब्रिटिसकालीन भारतमा दार्जीलिङ पहाडी क्षेत्र पनि यसै कुरोको चक्रान्तमा पिसिएको थियो । यस कुरो विविध ऐतिहासिक दस्तावेजहरूकृति आदिको अध्ययनबाट सत्य र प्रामाणिक हुँदछ ।

## 14.2 उपनिवेशवाद र उत्तर - उपनिवेशवादको अवधारणा

विभिन्न शब्दकोश, विद्वान् आदिको उपनिवेश र उपनिवेशवादबारे गरिएका मतहरूलाई समन्वय गरी सार प्राप्त गर्दा उपनिवेशकहरूले आफ्नो स्वको फाइदामा केन्द्रहरू मार्फत् आर्थिक सत्ता नियन्त्रित क्षेत्रहरूमा गरेका सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा शासन र शोषण गर्न हेतु तयार गरेका रूपरेखा, कार्य नीति तथा सिद्धान्त नै **उपनिवेशवाद** हो भन्ने प्रतीत हुन्छ । यसरी नै विभिन्न विद्वानहरूका साहित्यिक धारणाअनुसार 'उपनिवेश' - को परिभाषित स्वरूप पनि अवलोकन गर्न सकिन्छ। विभिन्न साहित्यकारहरूले आ – आफ्नै ढङ्गमा उपनिवेसवादको परिभाषा दिएका हुनाले यसको अवधारना यसै परिभाषामा खुट्याउन सकिन्छ ।

पाश्चात्य आवोचक जोहन म्याकलोएड अनुसार बिशौँ शताब्दी पूर्व विकसित राष्ट्रहरूका साम्राज्यवादीहरूले आफ्ना समयमा विश्वका विविध प्रान्तहरूमा खड़ा गरेको विशाल व्यवस्था नै उपनिवेश हो । नेपाली साहित्यकार कृष्ण गौतमले पनि जोहन म्याकलोएडको मतलाई अनुसरण गर्दै बलिया देशले निर्धा देशमाथि स्थापित गरेको आधिपत्यलाई उपनिवेश भनेका छन् । उनले गाउँ नगर वा समाजमा आधिपत्य जमाउँनुलाई उपनिवेश मानेका छैनन् । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले 'उपनिवेश' - लाई परिभाषित गर्ने क्रममा सोह्रौँ शताब्दी पछि पश्चिमेली देश बेलायतद्वारा इष्ट इन्डिया कम्पनी र हल्यान्डद्वारा डच इस्ट इन्डिया कम्पनीको माध्ययम व्यापारवाणिज्यको उद्देश्यले भारत जस्तो शक्ति विपन्न महाद्वीपमाथि - अनि अमेरिकाले आफ्ना दुर्बल दक्षिणी प्रान्तमाथि र फ्रान्सले आफ्ना उत्तरतिरका क्षेत्र एवं त्यहाँ बसोबास गर्ने मानिसहरूमाथि गरेका शासन व्यवस्था नै वास्तवमा उपनिवेश हो ।

यसरी नै सञ्जीव उप्रेतीले सोह्रौँदेखि उन्नाइसौं शताब्दीसम्म आइपुग्दा ब्रिटेन, पर्तुगल जस्ता राष्ट्रहरूले संसारको संसारको कुल क्षेत्रफलको नब्बे प्रतिशत भूभागलाई आफ्नो राजनैतिक र व्यापारिक नियन्त्रणमा लिएर

भारत, केन्या, नाइजेरिया, फिलिपिन्स जस्ता देशहरूमा उनीहरूद्वारा गरिने व्यापर, प्रशासकीय प्रक्रियालाई उपनिवेश भनेका छन् । **उपनिवेश** भन्नाले शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो भन्ने बुझिन्छ । अतः जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्नुको साथै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भन्न सकिन्छ ।

'उत्तर - उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य, प्रशासनीय सस्थाहरू, औपनिवेशिक विचार र सिद्धान्तका माध्यम कुनै पनि निदृष्ट क्षेत्रमा गरिने एउटा शासन समान हो । तथापनि उत्तर - उपनिवेशवादबारेको अर्थ र परिभाषालाई अध्ययन गर्दा विभिन्न शब्दकोष र विद्वानहरूले आ – आफ्नै ढङ्गमा यसको अर्थ र परिभाषालाई प्रष्टाएको पाइन्छ।

संस्कृतको उपनिवेश शब्दमा 'वाद' परसर्ग लागेर उपनिवेशवाद शब्द प्रचलन आएको हो । यसको अर्थ उपनिवेशकहरूले आफ्ना उपनिवेशहरूमा स्थापित गरेका विचार सिद्धान्त वा धारणा आदि भन्ने ,नीति ,हुन्छ । यसरी नै 'उत्तर - औपनिवेशिक' शब्द अङ्ग्रेजी भाषाको **पोस्ट - कोलोनीयल** शब्दको नेपाली रूपान्तर हो, जसमा 'इज्म्' प्रत्यय गाँसिएर पोस्टकोलोनीयाइलिज्म् अर्थात् **उत्तर – औपनिवेशिकतावाद** शब्द बनिएको पाइन्छ । हिन्दी साहित्यका समालोचक प्रणय कृष्णले उल्लेख गरेअनुकार उत्तर - औपनिवेशिक शब्दको अर्थ कुनै उपनिवेशित मुलुकले स्वतन्त्रता पाएपछि तथा त्यससित सम्बन्धित हमजा अल्चीको दशक (सन् 1972 देखि सन् 1974 सम्म) – मा गुलाम र दासत्वको स्थितिबाट मुक्ति प्राप्त

गरेपछि उदय भएको रासस‌त्ता हो । यसबाट शोषण र दमनबाट उन्मुक्ति पाउँनु नै उत्तर - औपनिवेशिक हो भन्ने बुझिन्छ । मूलतः 'उत्तर-औपनिवेशिक' पद एउटा ऐतिहासिक पदक्षेप रहेको प्रतीत हुन्छ । यसरी नै हिन्दी साहित्यका अर्का समालोचक हरीश त्रिवेदीले उत्तर - औपनिवेशिकवादको चारवटा अर्थ बताएका छन् । ती हुन् –

५. 'उत्तर' शब्दको एउटा अर्थ बादको अवस्था हो, जसअनुसार उत्तर-औपनिवेशिकता पूर्वको औपनिवेशिक स्थितिको बादको अवस्था वा वर्तमान रूप हो ।

६. 'उत्तर' शब्दमा बादको अवस्थाले जसरी पूर्वको अवस्थादेखि छोड़िएको स्थितिलाई व्यक्त गर्दैन ठीक त्यसरी नै **उत्तर रामचरितमानस** नामक पुस्तकमा 'उत्तर' शब्दको प्रयोग पाइन्छ। अतः यस सन्दर्भमा उपनिवेशवादको 'बादको अवस्था वा उत्तर अवस्था हो, जसको एउटा अर्को नयाँ नव – उपनिवेशवाद हो ।

७. 'उत्तर' शब्दको प्रयोग उच्चत्तर, विकसित तथा अझ अधिक शब्दहरूका अर्थहरूमा पनि आधारित हुन्छ। यी अर्थहरू पनि उत्तर - उपनिवेशवाद शब्दको निकटवर्ती नव- उपनिवेशवादको समानार्थमा तुल्य छ ।

८. 'उत्तर' शब्दको अर्को प्रयोग उत्तर वा जवाब दिने क्रममा पनि हुन्छ । जस्तै - पूर्वपक्ष र उत्तरपक्ष।

वास्तवमा **उत्तर – उपनिवेशवाद** भन्नाले उपनिवेशवादको विपरीत प्रतिरोध तथा विरोध हो भन्ने बुझिन्छ । पाश्चत्य विद्वान् होमी के . - भाभाको मतमा उत्तरऔपनिवेशिकता केवल साम्राज्यहरूको पतनपछिको समयलाई बुझाउने कालगत संज्ञा मात्र नभएर विचारात्मक दृष्टकोणले एउटा मुक्तिदायी अवधारणा अनि समकालीन विश्वव्यवस्थासित जड़ित एक सांस्कृतिक विमर्शको पद हो ।

समालेचक कृष्ण गौतमले भने उत्तर - औपनिवेशिकतालाई प्रतिरोध तथा विरोघकरण वा संशोधन त अस्वीकार आदि शब्द चित्रमा अर्थ्याउन सकिने बताएका छन् । उनको मतअनुसार उपनिवेशमा जुन मूल्य – मान्यताहरू आदर्शलाई स्थापित गर्नका निम्ति गरिएको हुन्छ, त्यसैको प्रतिरोध, विरोध र अस्वीकारलाई उत्तर – उपनिवेशवाद भन्न सकिन्छ । यसरी नै समालोचकद्वय खगेन्द्रप्रसाद लुइँटेल र मोहनराज शर्माले उत्तर - औपनिवेशिक शब्दको अर्थ आफैमा भ्रमपूर्ण रहेका बताएका छन् ।

विभिन्न विद्वानहरूका विचारअनुसार औपनिवेशिक युगमा रचिएका कृतिहरू साथै आजसम्म रचिएका कृतिहरू दुवैलाई जनाँउनका साथै औपनिवेशिक संस्कृतिबारे जो सुकैले वा स्वयं औपनिवेशिक संस्कृति अनुसरण गर्नेहरूले रचेका कृतिहरूलाई बुझाउँछ भन्दै उत्तर - आधुनिकतावादअन्तर्गत पर्ने विनिर्माणवाद, नव माक्सवाद, नव इलिहासवाद, नारीवाद, नव मनोविश्लेशणवाद आदिसित घनिष्ठ सम्बन्ध रहेको हुन्छ । कृष्ण गौतमले देश स्वतन्त्र हुनुभन्दा पहिलादेखि नै उत्तर - औपनिवेशिक प्रवृतिहरू उठेका हुन्छन् र दरिला हुँदै गएपछि तिनले देशलाई स्वतन्त्रताको चुचुरामा पुर्याउँछन् भन्ने विचार पोखेका छन् । अतः प्रवृतिगत दृष्टिले उपनिवेशको विरोधको प्रचलन सुरू भएदेखि नै उत्तर - औपनिवेशिकताले पनि प्रवेश लिएको बुझ्न सकिन्छ ।

वस्तुतः औपनिवेशिक शक्तिको प्रभावलाई पन्छ्याउदै शिक्षा ,कला ,साहित्य , भाषिक तथा बौद्धिक ,राजनैतिक ,अर्थनीति ,संस्कृतिअन्वेशषणका सम्पूर्ण क्षेत्रमा आफ्नै नवीन चिन्तन एवम् सैद्धान्तिक ढाँचा स्थापित गर्न थालिएको परिवेशलाई नै उत्तर - औपनिवेशिक युग भनेर मान्न सकिन्छ

। दोस्रो महाविश्वसुद्धमा पनि देखा परेको यो सैद्धान्तिक विशेष नवीन चिन्तनधारालाई उत्तर - औपनिवेशिकतावाद भनेर चिन्न सकिन्छ । कृष्ण गौतमले ' औपनिवेशिकताको प्रमुख पहिचान पराधीनता हो भने उत्तरऔपनिवेशिकताको प्रमुख लक्षण स्वतन्त्रता हो '[60] भन्ने कुरासँग पनि सहमति जनाउँन सकिन्छ । **औपनिवेशिकतावाद** भन्नाले उपनिवेशवादको अन्त भएपछिको एक प्रकारको नव – उपनिवेशवाद रूपमा रहेको स्थितिलाई बुझिन्छ । उत्तर - औपनिवेशिक चिन्तक तथा विद्वानहरूअनुसार साम्राज्यवादी देशहरूले आफ्ना वैचारिक शक्तिकामाध्यम आफ्ना शासन व्यवस्थालाई न्यायोचित तुल्याउने प्रयासमा हुन्छन्। जस्तै भारतको सन्दर्भमा ब्रिटिश सरकारले भारतमा आफ्ना शासनलाई 'सिविलाइजिङ्ग मिशन' को नाम दिएको तथ्यलाई लिन सकिन्छ ।

## 14.3 साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति

इतिहासअनुसार सन् 1960 को दशकमा राष्ट्रमण्डल साहित्यको स्थापना कालदेखि सन् 1980 को दशकसम्म भएको लेखनकार्यलाई उत्तर - औपनिवेशिक साहित्यको विकाशकाल मान्न सकिन्छ । यस समय उत्तर - औपनिवेशिक साहित्य लेखनको गन्ध रहेको कृतिहरू क्रमैले दक्षिण अफ्रिकाली उपन्यासकार डोरिस लेसिङ्गको **द ग्रास इज् सिङ्गिङ्**) 1950 ( , नाइजेरियाली उपन्यासकार चिनुवा आचवेको **थिङ्गस फल अपार्ट्** )1958 (, ट्रिनिडाडका उपन्यासकार भी नयपालको .एस .**अ हाउस फर मिस्टर विस्वास** )1961 (, नोबेल पुरस्कार विजेता नाइजेरियाली नाटककार ओल सोयिन्काको **द लायन एण्ड द ज्वेल** (1963), दक्षिण अफ्रिकाली नाटककार एथल फुगार्डको **सीजवी बन्साई इज् डेड्**) 1972 (,

टोनी मेरिसनको उपन्यास **सुला** )1973 (, अफ्रिकी उपन्यासकार नुगी वा थियोङ्गोको **पेटल्स इन – व्लड** (सन् 1977) आदि प्रकाशित भएको थियो।

उत्तर - औपनिवेशिक साहित्यको चिन्तन र सिर्जनामा देखापरेका भारतेली साहित्यकारहरू आर. अनिता, सत्मान रूसदी, मिलकराज आनन्द, नारायण देसाई, अरून्धती राय, झुम्पा लहरी, रमेश गुणशेखर साथै अमेरिकाली साहित्यकाहरूमा जोरा निल हस्टर्न, रिचार्ड राइट, इलिजन डेरिक, जेम्स बल्डविन आदि पर्दछन् । सन् 1813 देखि ईसाई मिशनरीहरूको आगमन भारतमा भएको मानिन्छ। यी मिशनरीहरूको भारतमा आगमन भएपछि दिन प्रतिदिन-भारतमा धार्मिक क्रिया कलापसितै ईसाई धर्मको प्रभाव बढेर गएको देखिन्छ । इतिहासअनुसार सन् 1837 को महामारीको समयमा धेरै भारतीयहरूलाई अङ्ग्रेजहरूले ईसाई बनाएको मानिन्छ । यसरी यी मिशनेरीहरूको गतिविधिहरू विस्तारै स्कूल ,जेल ,अस्पताल ,बजार आदि हरेक क्षेत्रमा फैलिएर गएको देखिन्छ । यस अतिरिक्त ईसाई मिसनेरिहरूद्वारा त्यससमय खुल्ला रूपमा हिन्दू र मुस्लिम धर्महरू निन्दा पनि गरिन्थ्यो । घर्मको निन्दा गर्नु मात्र नभएर अन्य धर्मका भारतीयहरूलाई अङ्ग्रेजहरूले लोभ र लालच देखाइ धर्म परिवर्तन गर्ने दिशामा समेत प्रेरित गर्दथे । अङ्ग्रेज अधिकारी विलियम बैन्टिकले लागु गरेको कानूनअनुसार कुनै पनि भारतीयले यदि ईसाई धर्म स्वीकार गर्दछ भने उसलाई उसको पैतृक सम्पतिको पनि हकदार घोषित गरिन्थ्यो । त्यससमय ईसाई धर्म अप्नाउने हिन्दू तथा मूस्लिमहरूलाई सरकारी नोकरी दिने गरिन्थे भन्ने जानकारी इतिहासकार शेखर बंद्योपाध्यले दिएका छन् । यसरी सरकारी नोकरी पाउँने लोभमा फसिएर त्यससमय धेरै हिन्दू र मुस्लिम धर्मका अनुयायीहरू ईसाई

धर्ममा पसेको मानन सकिन्छ । ईसाई मिशनेरीले स्कूलहरूतिर हिन्दू धर्मलाई किनारा गर्दै ईसाई धर्मकै शिक्षा दिने कार्यलाई विशेष जोड़ दिंदै बाइबलीय शिक्षालाई अनिवार्य गरिएको कुरो थाहा पाइन्छ । यसबाट शिक्षा जस्तो पवित्र बस्तुमा पनि ईसाई मिशनेरीले धर्मको कुटनीति खेलेको मान्न सकिन्छ । वस्तुतः अङ्ग्रेज मिशनेरीहरूका यस प्रकारको धार्मिक औपनिवेशिकरणगत गतिविधिहरूका कारण भारतीयहरू क्षुब्द बन्दै गएको पनि मानिन्छ ।भारतेली विद्वानहरूले नारीहरूमाथि गरिने सती प्रथा जस्तो कुप्रथालाई कानून बनाई रोक्ने प्रक्रियामा अङ्ग्रेजहरूको हिन्दू धर्मको सक्दो आलोचना र ईसाई धर्म प्रचार र प्रसारको अभिष्ट रहेको देखिन्छ । इतिहासकार राधा स्वामीले बताएअनुसार सती -प्रथा जस्तो अमानवीय रूढीलाई अङ्ग्रेज शासकहरूले कानुनी चश्माले जाँच्दै 'जबर्जस्ती सती दिलाउनु' र 'आफ्नै स्वेच्छाले सती जानु' भन्ने दुई भिन्नभिन्न कुराहरू - हुन्भनेका छन् । अङ्ग्रेज शासकहरूको यस्तो विवास्पद तर्कको कारण सती -प्रथालाई रोक्ने अभियानमा लागी परेका राजराम मोहनराय जस्ता अन्य थुप्रै भारतीय समाज सुधारकहरूलाई क्षुब्द बनेको मान्न सकिन्छ । वस्तुतः भारतीय औपनिवेशिक शासनलाई 'सभ्यताकरणको उद्देश्य' भनेर किटान गर्ने बाठा अङ्ग्रेजहरूले सती -प्रथा जस्तो अमानवीय कुरोलाई रोक लगाउनु भन्दा उल्टो धार्मिक आलोचनाको विषय बनाइदिएको बुझिन्छ । यसकै मार्फत् अङ्ग्रेजहरूले कसरी हुन्छ हिन्दू धर्मको सक्दो आलोचना गरी हिन्दू धर्मको तुलनामा आफ्नै ईसाई धर्मलाई उच्च र सभ्य ठहर गर्ने प्रयत्नलाई सफल तुल्याउँने प्रयास गरेको बुझिन्छ । यसर्थ अभय प्रसाद सिंहले भारतीय समाजमा ईसाई धर्मको प्रचार र प्रसारमा दिन रात एक गरी जुटेका तिनै ईसाई पादरीहरूले एकातिर सती प्रथाको विरोध जनाए झैं गरी यस प्रथाबाट बाँच्ने एक मात्र उपाय ईसाई धर्म नै हो भनेको बताएका छन् ।

सती प्रथालाई रोकथाम गर्ने प्रक्रियामा यसलाई कानुनी तर्कको माध्ययम आलोच्य विषयअङ्ग्रेजहरूले बनाएका थिए । अङ्ग्रेजहरूको यस कूटनीतिले एकातिर भारतीय समाज सुधारकहरूसितै अन्य धार्मिक विश्वासीहरूलाई चरम दुःखी तुल्याएका मानिन्छ । फलतः अङ्ग्रेजहरूको शासनमा आफ्नो राजकीय सङरक्षण तथा सम्मान गुमाइ सकेका मुल्ला , - समेत विभिन्न टोल पुरोहित तथा साधु आदिहरूले ,मौलवीटोलहरूतिर गएर अङ्ग्रेजहरूका यस्ता धार्मिक आस्था र विश्वासका पक्षहरूमाथिको हस्तक्षेप जस्ता अनुचित क्रियाकलापहरूकाबारे मानिसहरूमा अङ्ग्रेजहरूका विरूद्ध जागरण फैलाउन थाले । साथै यसको विरोध गरिनु पर्ने जस्ता आह्वानमूलक विचार पनि उनीहरूले भारतीयहरूको हृदयमा फैलाउने कार्य गरेका थिए । यसरी कालान्तरमा अङ्ग्रेजहरूको यसै धार्मिक औपनिवेशिकरणको नीतिले पिढ़ित भारतीयहरूको हृदयमा अङ्ग्रेजहरूको औपनिवेशिक शासनको विरूद्ध विद्रोहको लहर उर्लेर आएको र त्यसले स्वाधीनता सङ्ग्रामको विराट रूप धारण गरेको थियो भन्ने प्रतीत हुन्छ । कुनै पनि राष्ट्र वा जातिका कला - कौशलबौद्धिक , विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ । समाजमा परम्परागत रूपमा चली आएको भाषा र स्व - सांस्कृतिक अभ्यासका प्रक्रियालाई यदि अन्य स्रोतबाट तुच्छ दृष्टिकोणले मूल्याङ्कन गरिन्दै अर्कै नयाँ भाषा र संस्कृतिलाई थोपी शोषण गरिने प्रयास गरिन्छ भने त्यसलाई भाषिक सांस्कृतिक औपनिवेशिकरण भन्न सकिन्छ । वर्तमानमा उपनिवेशवादको प्रभाव अन्य सन्दर्भमा भन्दा सांस्कृतिक सन्दर्भमा बढी रहेको देखिन्छ । शक्तिशाली राष्ट्रले निर्बल राष्ट्रमाथि उपनिवेश वा प्रभुत्व जमाउनकालागि अपनाएका नीतिविचार र धारणाहरूले भौगोलिक सीमा वा परिधिलाई मात्र नभएर संस्कृतिक

जीवनलाई नै अर्को प्रवाहमा बगाउन सक्छ । यस प्रकार उपनिवेशवादमा सांस्कृतिक पक्षका बिषयहरू चर्चा योग्य हुने देखिन्छ । थोमस बेबिङ्टन मेकाउलेले सन् 1834 मा ब्रिटिस संसदमा **माइन्युट अव् इन्डियन एजुकेसन** नामक कार्यपत्र पेस गरेका थिए । यस कार्यपत्रले ब्रिटिश उपनिवेशकालीन भारतमा चलेको ब्रिटिस शिक्षानीतिलाई परिवर्तन गर्नमा अहम भूमिका निर्वाह गरेको मान्न सकिन्छ । यसैको परिणाम स्वरूप सन् 1834 पछि भारतीयहरूलाई अङ्ग्रेजी भाषा र संस्कृतिको तालिम दिने ढाँचा तयार भएको पनि मानिन्छ ।

कलान्तरमा गएर मेकाउलेको यसै सुझाउअनुसार लागू गरिएको शिक्षा - पद्धतिको फलस्वरूप नै भारतीय मूलकमा तथाकथित बाबु भनिएर सम्बोधन गरिन पर्ने 'मध्यश्रेणी' का व्यक्तिहरूको समाज निर्माण गर्दै केही हजार ब्रिटिसहरूले करोड़ौं भारतीयहरूमाथि अझ कसिलो गरी राजनैतिक र आर्थिक प्रभुत्व जमाउन समर्थ भएका कुरो सञ्जीव उप्रेतीले जनाएका छन् । यसरी अङ्ग्रेजी भाषा र संस्कृतिको प्रभावले भारतीयहरू पाश्चत्य संस्कृतिमा होमिन्दै गए । यसरी पाश्चात्य संस्कृतिमा मुछिएपछि आफ्नो परम्परागत संस्कृतिलाई भारतीयहरूले राम्रोसँगले उपभोग गर्न नसकेको मान्न सकिन्छ । फलतः भारतीयहरूमा युरोपीय संस्कृतिप्रति पछि घृणा उत्पन्न गयो । परतन्त्र देशको संस्कृति राजनीतिबाट स्वतन्त्र रहन नसक्ने हुनाले भारतमा स्वाधीनताको समयमा तीन थरीका मानिसहरू संस्कृतिलाई मान्ने समाजमा विद्यमान थिए। यसरी औपनिवेशिक संस्कृतिभित्र आफ्नो परिचय सधैं कुण्ठित रहेको हुन्छ भन्ने धारणा बुझाउँदै उपनिवेशवादी अङ्ग्रेजहरूका विरूद्ध भारतीय स्वतन्त्रताको आन्दोलनमा गान्धीजीले अङ्ग्रेजी भाषा र संस्कृतिको अनुकरण गर्न छोड़ी स्वदेशी तथा आफ्नै मुलुकका सर्वसाधारणहरूले लगाउने भेषभूषाहरू लगाउन आह्वान गरेको थाहा पाइन्छ ।

नेपाली आलोचक मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले औपनिवेशिकदेखि उत्तर - औपनिवेशिक कालसम्म आइपुग्दा अङ्ग्रेजी भाषामै लेखिएका कृतिहरूले मात्रै बढ़ी सम्मान महत्व र चर्चा पाएको बताएका छन् । यसो हुनको मूल कारण त्यससमयको अङ्ग्रेज औपनिवेशलाई मान्न सकिन्छ । अङ्ग्रेजहरूले आफ्नो शक्तिको भरमा अन्य भाषाका साहित्यसंस्कृतिलाई दबाउँदै आफ्नो भाषा र संस्कृतिको मात्र महत्व दिने गर्थे । अङ्ग्रेज उपनिवेशकहरूले भारतमा मात्र नभएर सम्पूर्ण विश्वमा नै आफ्नो शक्ति प्रदशन गरेको मानिन्छ । यसको उदाहरणको रूपमा केन्याली लेखक न्गुगीलाई लिन सकिन्छ । केन्याली लेखक न्गुगी आफ्ना अङ्ग्रेजी उपन्यासहरूका लेखनद्वारा विश्वमा चर्चित बनिसकेका थिए । तर उनको लेखनमाथि अङ्ग्रेज उपनिवेशकहरूले रोक लगाएको मानिन्छ । यसर्थ न्गुगीले आप्नो अफ्रीकी भाषामा नै अफ्रीकी साहित्य लेख्नु पर्ने कुरोलाई समर्थन जनाउँदै यसको लागि चरम सङ्घर्ष गरे साथै सन् 1977 देखि अङ्ग्रेजी भाषामा आफ्ना लेखन कार्यलाई समेत तिलाञ्जली दिएका थिए । यसबाट उपनिवेशकहरूले कसरी आफ्ना उपनिवेशहरूमा भाषिक अतिक्रमण गरेका थिए अनि पछि औपनिवेशिक राष्ट्रहरूले स्वतन्त्रता प्राप्तगरेपछि त्यहाँका बौद्धिक समाजले विगतको दमनकारी औपनिवेशिक अतीतलाई भूल्न चाहँदै आफ्नो साहित्य सिर्जनाको क्षेत्रमा नयाँ परिवेशको परिकल्पना गर्न थालेको भन्ने कुरालाई पुष्टि गर्दछ ।

उपनिवेशिक राष्ट्रहरूले आफ्नो निजी स्वार्थको निम्ति प्रयोग गरेका इतिहास र व्याख्या आदिलाई पछिबाट उपनिवेशित मुलुकका विद्वान् , गवेशकहरूले संस्कृति तथा भाषा साहित्यको महत्व र मूल्यलाई बुझाउँदै त्यस विषयहरूको अध्ययन गरेको पाइन्छ । उपनिवेशवादका दीर्घगामी

सांस्कृतिक प्रभावका कारणले कैयौं मानिसको मनमा अझसम्म पनि युरोपेली संस्कृति र साहित्य हाम्रा आफ्ना सांस्कृतिक परिपाटी र साहित्यभन्दा उच्च छन् भन्ने धारणा विद्यमान रहि आएको देखिन्छ । भारतीय स्वतन्त्रता सङ्ग्रामको समयमा ब्रिटेनका सांस्कृतिक तथा व्यापारिक वस्तुहरूको बहिस्कार गरिने कार्य भए तापनि वर्तमानमा इन्टरनेटबाट मानिसहरू धेरै प्रभावित, इमेल र सेटेलाइट, टेलिभिजन र खानपानका तरिकाहरूप्रति झुकाउ रहेको देखिन्छ । यसका साथै बालक - बालिकाहरू पढ्न जाने नर्सरी स्कूलहरूको स्थापनाको सङ्ख्यामा दैनन्दिन बड़ोत्तरी हुँदै आउने घटनाहरूले पश्चिमेली सभ्यता आफ्ना स्थानीय परम्पराभन्दा बढी सभ्य र राम्रा छन् भन्ने विचारबाट औपनिवेशिक संस्कृतिकै एकाधिकार कायम रहेको बुझ्न सकिन्छ । अतः सांस्कृतिक औपनिवेशिकताका पुराना स्वरूपहरू आज पनि पूर्णरूपमा विलिन नभएर केवल परिमार्जित र रूपान्तरित मात्र भएका छन् भन्ने सकिन्छ ।

## 14.4 साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादको महत्व

साहित्य र कलालाई राजनीतिदेखि अलग हुनुपर्दछ भन्दछ । यस भनाईमा त शोषक र प्रतिक्रियावादी वर्गकै सबभन्दा ठूलो राजनीतिक चालबाजी घुसेको छ । राजनीति कुनै एउटा अनौठाको जनावर त हैन । राजनीति भनेको प्रत्येक वर्गले आफ्नो वर्गका स्वार्थ रक्षाका निम्ति बनाएको दृष्टिकोण हो । शासक र शासित या शोष्क र शोषित दुई वर्गको अलगअलग वर्गस्वार्थको विचारधारा हो । जब समाजमा अलगअलग वर्गहरू छन् भने त्यहाँका साहित्यकार र कलाकारहरू पनि विनाअपवाद कुनै न कुनै वर्गमा अवश्य पर्दछन्, त्यसैले उनीहरूले निर्माण गरेको

साहित्य र कलामा पनि उनीहरूका आफ्नोआफ्नो वर्ग हितका कुरा सचेतन वा अचेतन रुपमा अवश्य नै पर्दछन् र अर्को कुरा कला र साहित्यको राजनीतिसँग सम्बन्ध हुन्छ या हुँदैन भन्नुको बाहिरी अर्थ समस्यामूलक हुन्छ या काल्पनिक उडानमा आधारित हुन्छ भन्नु हो ।

समस्यामूलक साहित्य प्रष्टतः राजनीतियुक्त हुन्छ र काल्पनिक उडानको साहितयमा बाहिरबाट त राजनीतिक छाप देखिन्न तर त्यस्तो साहित्य जनतालाई भुलभुलैयामा पार्न शोषक वर्गद्वारा तयार गरिने हुँदा स्वतः एउटा राजनीतिक चालबाजी  हो । त्यसैले राजनीतिदेखि बिलकुल अलग र स्वतन्त्र साहित्य र कलाको रचना हुनै सक्तैन । तर शोषकवर्गमा वकिलहरू भने अगाडिदेखि नै सचेत छन् । उनीहरूलाई यो कुरा राम्ररी थाहा छ कि श्रमजीवी जनताको राजनीतिले लैस भएका साहित्य र कलाको सिर्जना हुन थाल्यो भने त्यसले शोषक वर्गका विरुद्ध हुने क्रान्तिका निम्ति जनतालाई ठूलो मद्दत मिल्नेछ । आजसम्मको धार्मिक साहित्यमा जात, पात, वर्ण, सम्प्रदाय, भाग्यवाद, पूर्व - पुनर्जन्मवाद, लोक - लोकान्तरवाद, ईश्वर, देवी - देवता आदिको अनेक रहस्यवादी भ्रम सिर्जना गरेर जनतलाई फुटाएर शासन र शोषक गर्नको निम्ति सिर्जिएको चालबाजी के शोषक वर्गको राजनीति हैन ? के यसै उद्देश्यका निम्ति जनतालाई अन्योलमा पार्न बनाइएका लाखौँलाख मन्दिरहरू र देवीदेवताका मूर्तिहरू जनता ठग्ने कलाात्मक साहित्य र कलाको घुम्टोमा आफ्नो राजनीति घुसाएर शोषण गर्दै आएको छ भने पूँजीवादीहरू–स्वच्छन्दतावादी व्यक्तिवादी, स्वतन्त्रावादी (फ्रायडवादी), वर्ग समन्वयवादी, अमूर्तवादी, भाववादी आदिआदि अनेक भ्रमपूर्ण साहित्य र कलाको सिर्जना गरी क्रान्तिकारी चेतनशील श्रमिकवर्गलाई अन्योलमा पार्ने र बहकाउने राजनीति खेलिरहेका छन् । अर्कातिर श्रमिक शोषित जनताले पनि

द्वन्द्वात्मक भौतिकवादी, प्रगतिवादी, यथार्थवादी, विकासवादी, वर्गसङ्घर्षवादी आदिआदि साहित्य र कलाको सिर्जना गरी क्रान्तिका निम्ति र शोषणबाट मुक्तिको राजनीतिलाई अगाडि बढाइरहेछन् ।

**कला कलाकै निम्ति** हो । यो भनेको कलाको कुनै उद्देश्य नहुनाले कलाको उद्देश्य कला नै हो । यो त ज्यादै आश्चर्यलाग्दो कुरा हो । त्यसो भए त कला र मानिसको कुनै सम्बन्धै भएन । मूर्ति मूर्तिकै लागि हुनेभयो, त्यसलाई सबले देख्ने ठाउँमा राख्ने आवश्यकर्त    भएन । नाटक नाटककै लागि, दर्शकको लागि हैन । किताब किताबकै लागि, विद्यार्थीको लागि हैन । यस्ता कुरालाई त हामी खुस्केका दिमागको करतूत भन्दा बढी केही पनि भन्न सक्तैनौँ । यस्ता खालका परिभाषा गर्ने विचारहरूले काव्य, नाटक आदिका पात्र - पात्राहरूको चुनावको पनि निर्देशन गर्दछन् । उनीहरूका अनुसार काव्य, नाटक आदिका पात्र - पात्राहरू कुलीन, राजवंशी, धीरोदात्त, धीरललित आदि हुनुपर्छ । यसको अर्थ हो - काव्य या नाटक आदिका पात्र - पात्राहरू माथिल्ला वर्गका मानिस मात्र हुन सक्छन् । वास्तवमा कला कलाको निम्ति, वर्गहरू भन्दा माथिको कला, राजनीतिबाट अलग वा स्वतन्त्र कला भन्ने केही कुरा छैन । सर्वधारावादी साहित्य र कला सम्पूर्ण सर्वहारावादी क्रान्तिकारी उद्देश्यका एक भाग हुन् । लेनिनले भने झैँ - ती सम्पूर्ण क्रान्तिकारी मेशिनका 'दाँती र पेच - किला' हुन् । त्यसैले आज हामीले साहित्य र कलाको उद्देश्य र महत्वबारे कुनै भ्रममा नपरी प्रष्ट धारणा बनाउनैपर्छ । आज नेपालका प्रतिक्रियावादी वर्गले राष्ट्रिय संस्कृतिको नाममा सामन्तवर्गको संस्कृति जनतामाथि लाद्दै छ । उसले संस्कृतिलाई शाश्वत र वर्ग - निरपेक्ष रुपमा पेश गरी जनतालाई अन्योलमा परिरहेको छ । अतः आज हामीले राष्ट्रिय संस्कृतिको पनि सही परिभाषा बुझ्नुपर्छ । यस कुरालाई नयाँ जनवादी कार्यक्रममा प्रष्ट गरिएको छ ।

आजका प्रत्येक क्रान्तिकारी साहित्यकार र कलाकारले नेपालको भोकोनाङ्गो, कालोमैलो र शोषित - पीडित वर्गका मुक्तिको राजनीति बुझ्नै पर्दछ अनि आफना साहित्य र कलाजस्ता सम्पूर्ण संस्कृतिका अङ्गहरूलाई त्यस वर्गीय चेतनाले (सामन्तवाद र साम्राज्यवादका विरुद्ध नयाँ जनवादी राजनीतिक चेतनाले) लैस पारी आफ्ना दुस्मनहरूलाई लड्ने सशक्त हतियारको रुपमा तयार गर्नै पर्दछ । हामीले विश्वका क्रान्तिकारी जनताका अनुभवको अध्ययन गरी साहित्य र कलालाई क्रान्तिको निम्ति बढीभन्दा सशक्त र उपयोगी कसरी बनाउन सकिन्छ भन्ने कुरामा प्रयास गर्नुपर्छ । "साहित्य र कला मनोरञ्जनका विषय मात्र हुन्, यी काल्पनिक र बसिबियाँलो गर्ने कुरा हुन् । राजनीतिदेखि बिलकुल अलग कुरा हुन्" इत्यादि रुपमा फटाहा शोषकवर्गले फिँजाएको जाल तुरुन्तै च्यात्नुपर्छ र साहित्य र कला आदि संस्कृतिका अङ्गहरूलाई निर्विवाद रुपले क्रान्तिका साधनको रुपमा प्रयोग गर्नुपर्छ । यस्तै धारणा उपनिवेशवाद र उत्तर – उपनिवेशवादी साहित्यले राख्ने गर्दछ ।

समाजमा शासित र शोषक वर्ग हुन्छन् । यसर्थ साहित्यकार र कलाकार छुट्टै किसिमका काल्पनिक संसारका अलौकिक प्राणी हुन् । उनीहरूभित्र एउटा छुट्टै अहम्, महत्वकाङ्क्षा र आत्मसम्मानको भावना हुन्छ । उनीहरूलाई कुनै पनि किसिमका सामाजिक विधान, निमय र अनुशासनका बन्धनमा रहन मन पर्दैन । त्यसैले उनीहरू स्वच्छन्द, मनमौजी र अद्र्धसिल्ली किसिमका हुन्छन् । समाजप्रति उनीहरूको खास कुनै उत्तरदायित्व छैन, तर तिनीहरू कल्पनिक संसारका निर्माता र मनोरञ्जनका साधन हुनाले समाजका अरू वर्गको भन्दा उनीहरूको बढी सम्मान गर्नुपर्छ' इत्यादि । उनीहरूको यसो भन्नुको उद्देश्य श्रमिक वर्गकै लेखक–कलाकारलाई वर्गीय अडानबाट बहकाउनको निम्ति हो र यस्तै भ्रम

एवम् बहकाउको शिकार भएर साँच्चै नै आफूलाई अलौकिक र अजीव प्राणीको रुपमा प्रदर्शित गर्न खोज्ने साहित्यकार र कलाकारको पनि कमी छैन । हामी सांस्कृतिक क्षेत्रका काम गर्नेहरू कवि, लेखक, चित्रकार, मूर्तिकार, शिल्पकार, गीतकार, सङ्गीतकार, नृत्यकार, गायक, शिक्षक आदि जोसुकै भए तापनि समाजकै एक - एक अङ्ग हौँ ।

आज हामी क्रान्तिकारी सांस्कृतिक योद्धाहरूको परिवर्तनको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थितिको मूल्याङ्कन गरेर आफ्ना कलाको पनि समय सुहाउँदो रचना गर्नुपर्छ । आज हाम्रो राष्ट्रमा सामन्ती, अद्र्धसामन्ती र अद्र्धउपनिवेशमाथि स्थिति छ र त्यसका विरुद्ध आमजनतामा नयाँ जनवादी क्रान्तिकारी दृष्टिकोण विकसित हुँदै गएको छ । अर्कातिर सम्पूर्ण विश्वस्तरमा हेर्ने हो भने एकातिर जर्जर पुरानो मक्किएको थोत्रो विश्वलाई टिकाएर शोषक, शोषिक, धनी, गरिब, मालिक, नोकर, सभ्य–असभ्य, छूत–अछूत, कुलीन, गैरकुलीन आदिले भरिएको नारकीय सामाजिक व्यवस्था कायम राखी आफू मालिक बन्न गौरव ठान्ने सामन्ती, पूँजीवादी, उपनिवेशवादी, साम्राज्यवादी र संशोधनवादी जस्ता प्रगतिविरोधी दृष्टिकोण लिएका शक्तिहरू छन्, जो लड्दालड्दा हार खाई विनासको ओरालोतिर लाग्दै छन् । तर अर्कातिर विश्वका सम्पूर्ण असमानता, शोषण र भेदभाव समाप्त गरी भाइचारको संसार निर्माण गर्न मनपर्ने र कसैका कमारा भएर बस्न नरुचाउने विकासोन्मुख प्रगतिशील शक्तिहरू जनवाद, समाजवाद र साम्यवादको पक्षमा सङ्घर्षरत रही विजयपछि विजय पाउँदै प्रगतिको शिखरतिर लम्किँदै छन् ।

सामन्ती पूँजीवादी र साम्राज्यवादीहरूले फिँजाएका भ्रम र कम्युनिष्ट सङ्गठनमा संशोधनवादी नेतृत्वले ल्याएको अन्योल आदिले गर्दा आज पनि आमक्रान्तिकारी श्रमवर्गीय जनतामा पूरा वर्गीय चेतना र क्रान्तिकारी एकताको पूर्ण विकास हुन सकेको छैन । आज पनि हामी

Notes

देख्दै छौँ - शोषिकत वर्गका कैयौँ साहित्यकार र कलाकारहरू (तीमध्ये कतिपय माक्र्सवादको नाम लिएता पनि) वर्गीय चेतनाको अभावले शोषक वर्गले फिँजाएका भ्रमजालमै रुमल्लिइ रहेछन् । आज पनि उनीहरूले शोषक वर्गले फिँजाएका भ्रमहरूलाई नै आफ्नो दृष्टिकोण बनाएर क्रान्तिकारी कला र साहित्यको विरोध गर्दै आफ्नो घाँटीमा बाँधिएको दाम्लो आफैं कस्दै लगिरहेका छन् । मानव समाज आदि मातृसत्तात्मक साम्यवादी युगबाट अघि बढेर पितृसत्तात्मक दासयुगका पुग्दा समाजमा शासक र शासित एवम् मालिक र कमारा दुई वर्ग देखापर्छन् । त्यसै युगमा नै सामूहिक सम्पत्तिको ठाउँमा निजी सम्पत्ति र निजी उत्तराधिकारीको व्यवस्था सुरु हुन्छ । पुरुष वर्ग स्वामीको स्थानमा र नारी दासी र लोग्नेकै सम्पत्तिको रुपमा परिणत हुन्छन् । समाजको त्यही वर्गस्थिति र शोषण एवम् दमनलाई कायम गर्न र राज्यसत्तालाई बलियो पार्न नै शासकवर्गले भाग्यवाद र पूर्व - पुनर्जन्मवादको आविष्कार गरेको हो । यही क्रम बढ्दै गएर ईश्वरवाद र ब्रम्हावादसम्म पुग्यो ।

हामी नेपालको मात्र हैन, जुनसुकै पनि अध्यात्मवादी साहित्यको विश्लेषण गरेर हेर्यौं भने जहाँ पनि व्यक्तिगत सम्पत्तिको सुरक्षामा जोड दिइएको, शासित वर्गलाई अनेक किसिमबाट भ्रममा अल्झाइएको र सामाजका सारा शोषण, उत्पीडन, अन्याय, अत्याचार र असमानताहरूलाई पूर्वजन्मका भाग्यको फलबाट भएको हो भननी अनेक किसिमका रहस्यवादी कथाहरूबाट घुमाईफिराई समर्थन गरेको देखिन्छ । ती सम्पूर्ण साहित्यकारहरू समाजका शोषकहरूको वर्गचरित्रमा पर्दा लगाइदिन्छन् र उनीहरूलाई सूर्यचन्द्रका वंश र ईश्वरका अवतारसम्म बनाएर छोडिदिन्छन् । तिनका हुकुम चलाउने राजा, धनी, जमिनदार आदि बन्नु वा गरिब, सुमुम्बासी बन्नु यसै समाजका माथिल्ला वर्गले कायम गरेको शोषणको

अन्यायपूर्ण व्यवस्थाको कारणले हो भन्ने वास्तविक तथ्यलाई बडो चतुर्याइँसाथ ढाकिएको हुन्छ र तिनीहरूको सम्पत्ति र ऐशआराममाथि आँखा लगाउनेलाई अर्को जुनीमा यस्तो, उस्तो दुःख पाउनुपर्छ र नरकमा यस्तोयस्तो याता दिइन्छ भन्ने गफ बेलिविस्तारमा हाँकिएको हुन्छ । शासकवर्गबाट जनता ठग्न रचिएका यस्ता साहित्यलाई यिनै शोषकहरूले लेखेका झुट्टा कुरा हो भनेर जनताले विरोध गर्लान् भन्ने डरले— "यी हामीले हैन, ईश्वरले रचेका (अपौरूषेय) कुरा हुन् र त्यसै हुनाले यी सधैँ सत्य त्रिकाल सत्य छन्" भनी न्याय र अधिकारको निम्ति बोल्न खोज्ने जनताका मुखमा अगाडिबाट नै ताल्चा ठोक्ने प्रयास गरिएको हुन्छ ।

भारतीय वेदहरूमा वेदान्त, न्याय, वैसेषिक, मीमांसा आदि सारा सामन्ती दर्शनहरूले अपौरूषेय भनेर ढोल पिट्दै आएका छन् । ईशाई धर्मका जन्मदाता ईशामशीले आफूले अज्माएका कुरालाई ईश्वरको प्रेरणाले पाएको ज्ञान भनेका छन् र त्यही कुरा नै पारसी धर्ममा आचार्य जरथुस्त्र, यहुदी धर्मका आदि गुरु अव्राहिक एवम् इस्लाम धर्मका प्रवर्तक मुहम्मद साहबजे पनि समानरुपले भनेका छन् । त्यही आधारमा नै आजसम्म पनि हिन्दू शासकहरू 'वेद', ईशाईहरू 'बाइबल', पासरीहरू 'जेन्दावस्ता', यहूदीहरू 'प्रोवब्स' र मुसलमानहरू 'कुरान' लाई ईवरकृत रचनाको दुहोलो दिँदै आएका छन् । तर दुर्भाग्य, रुसको जारशाहीलाई ईश्वर अवतार सिद्ध गर्ने 'ईश्वरकृत धर्मग्रन्थहरू र चीनका जनतालाई रनभूल्लमा पार्न लेखिएका कन्फ्यूसियस परम्पराका कृतिहरू जनक्रान्तिको आगोमा भष्म खरानी भए । मानिसको सृष्टि ईश्वरले गरेको हैन, यो पशुजगत्बाट विकसित प्राणी हो" भन्ने डार्विनको सिद्धान्तलाई आज पनि अमेरिकाका कतिपय धार्मिक विश्वविद्यालयहरूमा पढ्न दिइन्न । अरू त अरू, स्वयम् ईशामसीहलाई नै बहुदेवतावाद र सामाजिक असमानताका विरुद्ध बालेवापत् रोमन सम्राटहरूले सूलीमा चढाएर मारेका थिए । नेपालमा पनि

Notes

"पशुपतिनाथ ढुङ्गाको मुर्ति हो" भन्ने माधवराज शास्त्रीलाई राणाहरूले प्रतिदिन पशुपतिनाथको दर्शन गर्नैपर्ने सजाय दिएका थिए । यस्ता उदाहरण विश्वको इतिहासमा असङ्ख्य छन् ।

## 14.5 नेपाली साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्रयोग

नेपाली साहित्यमा उपनिवेशवाद र उत्तर – उपनिवेशवादलाई लिएर नेपाल देश भन्दा पनि भारतको दार्जिलिङबाट धेरै कृतिहरू लेखिएको पाइन्छ । यी वादको प्रयोग गरे लेखिएको नेपाली साहित्यिक कृतिहरूलाई यहाँ अध्ययन – मुल्याङ्कन गर्ने जमर्को गरिएखो छ ।

नेपाली साहित्यमा गध्याख्यानकार इन्द्र सुन्दासका कृतिहरूमा उपनिवेशवादको विशेष प्रयोग भएको पाइन्छ । ब्रिटिस औपनिवेशिक सन्दर्भलाई नै आफ्नो उपन्यासको विषयवस्तु बनाएर उपन्यास लेख्ने भारतीय नेपाली उपन्यासकारहरूमा उनको नाम अघिल्लो पङ्क्तिमा लिन सकिन्छ । उनको **रानी - खोला** (सन् 1967) र **रोमन्थन** (सन् 1989) कथा सङ्ग्रहभित्रका कतिपय कथाहरू अनि उनका चारैवटा उपन्यासहरू क्रमैले **मङ्गली** (सन् 1958), **जुनेली रेखा** (सन् 1979), **नियति** (सन् 1982) र **सहारा** (सन् 1995) भित्र मूलरूपमा ब्रिटिशकालीन दार्जीलिङमा अङ्ग्रेजहरूको औपनिवेशिक वर्चस्वको चित्रण स्पष्ट रूपमा देख्न पाइन्छ । उनको **रानी खोला** ( सन् 1966 ) कथा सङ्ग्रह भित्रको तेस्रो कथा हो 'गाड़ीमान' । ब्रिटीशहरूको शासन व्यवस्थामा प्रताड़ित दार्जिलिङ क्षेत्रका वरिपरि गोरूगाड़ी हाँकेर आफ्नो दैनिक गुजारा गर्ने गाड़ीमानहरूको जीवनमा देखापरेका आर्थिक तथा सामाजिक औपनिवेशिकरणको स्थितिको झलक प्रस्तुत गर्न यो कथा सफल भएको छ । यस कथाभित्र गाँस -

बास र कपासको खोजमा नेपालबाट मुगलानतिर पलायन भएका नेपालीहरूमाथिको राजनैतिक औपनिवेशिकरण साथै तत्कालीन ब्रिटिशहरूबाट दार्जीलिङको निम्नवर्गीय समाजले झेल्नु परेको आर्थिक औपनिवेशिकरण र सङ्कटको यथार्थ चित्रण पनि पाइन्छ ।

कथाकार सुन्दासको **रोमन्थन** (सन् 1989) कथा सङ्ग्रहमा पहिलो कथाको रूपमा रहेको कथा 'शेरसिंह गोरखा' हो । यस कथाका सम्पूर्ण घटनाहरू कथाकै मुख्य पात्र शेरसिंह गोरखाको चरित्रमा केन्द्रित रहेको छ । ब्रिटीश औपनिवेशिकरणको वर्चस्वको फलस्वरूप सङ्क्रमित भएका भाषिक र सांस्कृतिक अतिक्रमणका पक्षहरूलाई कथाकार इन्द्र सुन्दासले शेरसिंह गोरखाको चरित्रको माध्यम प्रष्टयाउन चाहेका छन् । प्रस्तुत कथा 'शेरसिंह गोरखा' को कथावस्तुले देश स्वतन्त्रपूर्व ब्रिटीश उपनिवेशकालीन दार्जीलिङको परिवेश तथा तिनताकका वासिन्दाहरूमा अङ्ग्रेजी भाषा र संस्कारको प्रभावलाई प्रकाश पारेको छ । यस अतिरिक्त दोस्रो विश्वयुद्धको उत्तरार्द्ध सन् 1950 र 60 को दशकबिचको अवधिलाई पनि कथावस्तुले समटेको पाइन्छ । कथाको मुख्य पात्र शेरसिंह गोरखाको स्वभावलाई नियाल्दा अनि उसलाई बाटोमा प्रथमपल्ट देख्दा तीनछक्क पर्ने मिशनेरी स्कूलका शिक्षक दिलबाहदुरको मानसिक उथुल पुथुलको स्थितिलाई उपनिवेशवादी दृष्टिले नियाल्न उपयुक्त हुन्छ ।

इन्द्र सुन्दासको **मङ्गली** (सन् 1958), **जुनेली रेखा** (सन् 1979) , **नियति (**सन् 1982) र **सहारा** (सन् 1995) गरी जम्मा चारवटा उपन्यास प्रकाशित छन् । यी उपन्यासहरूमा मूख्य गरेर ब्रिटिस औपनिवेशिक शोषण तन्त्रको उजागर भएको पाइन्छ । उपन्यासकार सुन्दासले आफ्ना उपन्यासहरूकामाध्यम दार्जीलिङका सोझा, निमुखा जनताहरूमाथि ब्रिटिसहरूले आफ्नो उपनिवेश कालमा गरेको अत्यचार एवम् षडयन्त्रपूर्ण कृत्यहरूका पर्दाफास गरेका छन् । औपनिवेशिक दृष्टिकोणले उपन्यासकार

Notes

इन्द्र सुन्दासको चारैवटा उपन्यासहरूलाई प्रस्तुत अध्यायमा निम्नप्रकार विश्लेषण गरिएको छ ।

सन् 1947 सालमा भारत स्वतन्त्र हुन भन्दा पूर्व दार्जीलिङमा ब्रिटिसहरूको औपनिवेशिक शासनको अवधिलाई **मङ्गली** उपन्यास राम्ररी चित्रण गर्न उपन्यासकार सुन्दाल सफल रहेको छन् । यस उपन्यासलाई औपनिवेशिक भारतको दार्जीलिङे नेपाली जातिको आर्थिक सामाजिक सांस्कृतिक अनि शैक्षिक जीवनको दस्तावेजको रूपमा पनि मान्न सकिन्छ । अङ्ग्रेजहरूको औपनिवेशिक शोषणले पिरोलिएका भारतवर्षका अन्य प्रान्तहरूमा झैं दार्जीलिङका वासिन्दाहरूको स्थिति सन्तोशजनक थिएन । यसै कुरोलाई प्रस्तुत उपन्यासमा शोषक अङ्ग्रेजहरू र चिया कमानमा कार्यरत शोषित मजदूरहरू बस्ने वास गृहहरूको चित्रणले पुष्टि गरेको पाइन्छ । भारतवर्षमा दुईसय वर्ष भन्दा अधिक राज गर्ने उपनिवेशक अङ्ग्रेजहरूको दार्जीलिङ पहाड़मा रहेको प्रशासनिक व्यवस्था तथा भारतवर्ष स्वतन्त्रता आन्दोलनको पूर्वार्द्धकोको अवधिसम्ममा देखिएको औपनिवेशिक वर्चस्वको चित्रण प्रस्तुत उपन्यासमा उपन्यासकार सुन्दासले राम्ररी गरेका छन् ।

उपन्यासकार इन्द्र सुन्दासको सन् 1958मा **मङ्गली** उपन्यास प्रकाशन भएको लगभग 21 वर्षपछि सन् 1979 मा उनको दोस्रो उपन्यास **जुनेली रेखा** प्रकाशन भएको हो । यस उपन्यासमा ब्रिटिसकालीन दार्जीलिङको औपनिवेशिक परिवेशको यथार्थ चित्रण पाइन्छ । प्रस्तुत उपन्यासमा मूलतः ब्रिटिस साम्राज्यमा दार्जीलिङ पहाड़ी क्षेत्र वरिपरिका चियाकमानहरूमा चियापत्ती टिपेर दैनिक गुजारा गर्ने चिया मजदूरहरूमा ब्रिटिस शासकले गरेको अन्याय, अत्यचार र शोषणको साँचो चित्र पाइन्छ । यी ब्रिटिस शासकहरूले चियाकमानतिर आफूखूसि चलाएका विशेष हट्टा

बाहर जस्तो अमानवीय प्रथाको उदाङ्गो चित्रण **जुनेली रेखा** उपन्यासमा विशेष रूपमा भएको छ । प्रस्तुत उपन्यासको प्रकाशन सन् 1979 मा भए तापनि यसले ऐतिहासिक विषयलाई लिएको हुँदा ब्रिटिस शासनको समाप्तिभन्दा अघिको समय यस उपन्यासमा वर्णित छ । पहिलो विश्वयुद्ध भन्दा पछि र दोस्रो विश्वयुद्ध भन्दा अगाड़िको समयमा उपन्यास लेखिएको पाइन्छ । विषेशगरेर पहिलो विश्ययुद्ध भोगि सकेका र दोस्रो विश्वयुद्ध नदेखेका मानिसहरूको कथा यस उपन्यासले बयान गरेको हुनाले **जुनेली रेखा** उपन्यासको समय यिनै दुई विश्वयुद्ध माझको समय वर्णित पाइन्छ । भारतको स्वाधीनता आन्दोलनका सङ्ग्रामी महात्मा गान्धीको प्रसङ्ग (पृ. सं. 31) ले यसको पुष्ट गर्दै उक्त कुरालाई सघाउ पनि दिन्छ । स्वाधिनतापछि हट्टाबाहिरको प्रथा हट्दै गएकाले अनि यस उपन्यासको एउटा मूल विषय हट्टाबाहिर नै भएकाले **जुनेली रेखा** उपन्यासको समय निश्चित रूपले भारत स्वाधीन हुनु भन्दा पहिलेको हो भन्न सकिन्छ । स्वयं उपन्यासकार सुन्दासले **जुनेली रेखा** उपन्यासको समयबारे 'यथार्थवादमा आधारित यो उपन्यासको पृष्ठभूमि छ' भनेका छन् ।

उपन्यासकार इन्द्र सुन्दासको तेस्रो उपन्यास **नियति** सन् 1982 मा नेपाली ग्रन्थ प्रकाशन दार्जिलङबाट प्रकाशन भएको हो । जम्मा 220 पृष्ठमा लेखिएको प्रस्तुत उपन्यास मोठ 22 वटा अध्यायहरूमा विभाजित छ । प्रस्तुत उपन्यासले समेटेको काल अवधिबारे ईश्वर बरालले यसो भनेका छन् - " **नियति** दार्जीलिङ अञ्चलमा पर्ने पर्वतीय वन्य एवं ग्राम्य परिसरको फारस बस्ती र त्यसका वरिपरिमा बसोबासो गर्ने नेपाली अधिजनको साधारण सन् 1960 - 80 का दशकको गाथा हो । यस दशकका केही प्रमुख ऐतिहासिक घटना उत्तर - पश्चिमी प्रान्तमा चीनको आक्रमण भारत र पाकिस्तानमाझ युद्ध आदिले यी अधिजन कतिसम्म प्रभावित भए भन्ने कुरो यस उपन्यासमा परोक्षत इङ्गित छ ।"

बरालको उपर्युक्त मतअनुसार प्रस्तुत उपन्यासमा सन् 1960 देखि सन् 1970 को दशकभित्रको समयावधिलाई लिइएको बुझिन्छ । यस उपन्यासको पृष्ठभूमि वा प्रसङ्गका रूपमा स्वाधीन भारत दुइ भागमा विभाजन गरिएका वर्णन पाइन्छ । प्रस्तुत उपन्यासभित्र पहिलो अध्यायमा वर्णित घटना - चित्रणमा आंशिक रूपमा दार्जीलिङ भेकमा सन् 1881 मा रेल चल्न शुरू भएदेखि पूर्वको अवधिको चर्चा रहेको पाइन्छ । प्रस्तुत उपन्यास **नियति**मा ब्रिटिस उपनिवेशकहरूको चङ्गुलबाट भारतले स्वतन्त्रता प्राप्त गरे तापनि स्वतन्त्रोत्तर भारतीय परिवेशमा परिलक्षित औपनिवेशिक प्रभावमा भारतीय नेपाली समाज पनि पिसिएको सत्यतालाई देखाएका छ । स्वतन्त्र भारतमा आर्थिक अनि बौद्धिक शोषणको मारले अन्य ठाउँको भारतीयहरू सरह दार्जीलिङे नेपालीहरू अक्रान्त छन् ।

उपन्यासकार इन्द्र सुन्दासको चौंथौ उपन्यास **सहारा** पाइका पब्लिकेशन्स दार्जीलिङबाट सन् 1995 प्रकाशित भएको हो । **सहारा** उपन्यासलाई औपनिवेशिक सन्दर्भमा अध्ययन - विश्लेशन गर्दा इन्द्र सुन्दासको अन्य उपन्यासहरू मध्ये यस उपन्यासमा आधिक्यरूपमा औपनिवेशिक सन्दर्भ पाउन सकिन्छ । सन् 1947 सालमा भारतवर्ष स्वतन्त्र हुनुभन्दा अघिको समायवधिलाई प्रस्तुत उपन्यासको पृष्ठभूमि बनाइएको छ । मूलतः यस उपन्यासको पृष्ठभूमिले पनि सोझै ब्रिटिश उपनिवेशवादलाई इङ्गित गर्दछ । यसर्थ दार्जीलिङ पहाड़ी क्षेत्रको चियाकमानतिर ब्रिटिस औपनिवेशिकरणको शोषण तन्त्रको अवस्थालाई प्रस्तुत उपन्यासले राम्ररी समेटेको छ भन्न सकिन्छ । यस उपन्यासमा तत्कालीन दार्जीलिङ पहाडको विभिन्न चिया कमानहरूमा कसरी ब्रिटिश तथा अङ्ग्रेजहरूले नेपाली सोझा जनताहरूलाई शोषण र अत्यचार गर्थे भन्ने कुरालाई देखाइएको छ । एउटा सानो निहु वा भुल पाए अङ्ग्रेज साहेबहरूले

कमानबाटै सधै भरीको निम्ति निकाला गर्थे , जसलाई त्यस समय 'हट्टाबहार' भनिन्थ्यो ।

भारतेली साहित्यलाई आधुनिक कालमा धकेल्ने प्रथम स्रष्टा रूपनारायण सिंहका कृतिहरूमा उपनिवेशवाद केही मात्रमा भए पनि झल्किएको पाइन्छ । सिंहको कथाहरूको सङ्ग्रहित रूप भने अङ्ग्रेजहरूको औपनिवेशिक शासनबाट भारतले स्वतन्त्रता प्राप्त गरेको ठीक तीन वर्षपछि सन् 1950 मा **कथा नवरत्न**को नाउँ लिएर प्रकाशित भएको पाइन्छ। उनले थोरै कथा लेखे पनि उत्कृष्ट कथाहरू लेखेर प्रसिद्धिको गरिमा पाएका देखिन्छ। विशेष दुइवटा विश्वयुद्धपछि भारतीय नेपाली समाज र जनजीवनमा देखा परेका नव जागरण र परिवर्तनको रूप उनका कथाहरूमा अंकित भएका थाहा पाइन्छ। उनको विभिन्न कथाहरू मध्ये **मिस्टर एच. बी. व्यास्नेट** कथाको माध्यम औपनिवेशिक दार्जिलिङ्गे नेपाली जीवन उद्घाटन भएको छ । मिस्टर एच. बी. ब्यास्नेट जस्तो पात्रको माध्यम औपनिवेशिक कालमा दार्जीलिङ्गे नेपाली समाज र यहाँका वासिन्दाहरूको रहन-सहनको उद्घाटन गरिएको जान्न पाइन्छ। प्रस्तुत कथामा आफ्नो विद्यार्थी जीवनदेखि नै सहपाठीहरू माझमा लबरपाँड़ेको नामले प्रसिद्ध मिस्टर एच. बी. ब्यास्नेटलाई झुठ बोल्नुमा सिपालु अनि सिधा-सोझा मानिसहरूलाई सोझै आफ्नो वाग्जालमा फँसाउन सक्ने समाजको एक असत् पात्रको रूपमा उभिएको थाहा पाइन्छ।

कथाकार हाइमनदास राई किराँतका **चौकीदार** कथाको कथावस्तुको रूचिक्षेत्र कमाने जीवनको चित्रण रहेको अनि यसको रीतिक्षेत्र आर्थिक औपनिवेशिकरण रहेको थाहा पाइन्छ। ब्रिटीशकालीन भारतमा जन्मी हुर्केका दार्जीलिङ तथा डुवर्स भूमितिरका कमाने जीवनलाई आफ्नै आँखाले देखेका एवम् भोगेका कथाकार किरातले प्रस्तुत कथामार्फत् कमाने पृष्ठभूमिमा निम्नवर्गीय तथा शोषित समुदायको विपन्नताको कारणस्वरूप

कसरी त्यसले तिनीहरूको नीजि नैसर्गिक सम्बन्धमा समेत प्रभाव तुल्याएका थिए भन्ने कुरोलाई चित्रण गरेका थाहा लाग्छ। कथाकार किरातको 'चौकिदार' कथाले ब्रिटीश कालीन दार्जीलिङ पहाड़ी भेकतिर कमानमा कठोर मजदुरी गरी जीवन धान्ने मानिसहरूका जीवनमा आर्थिक र सांस्कृतिक औपनिवेशिकरणको परिणामको रूपमा जन्मिएका प्रभावहरूको चित्रण गर्न सफल रहेका थाहा पाइन्छ।

कथाकार शिवकुमार राईको **फ्रण्टीयर** (सन् 1951) कथासङ्ग्र भित्र सङ्ग्रहित 'माछाको मोल' कथा संघर्ष, आर्थिक अवस्थाले पिढीत, शोषित र अभावग्रस्त जीवन जीउन बाध्य समाजका एक निम्नमध्यमवर्गीय मछुवारे पेशाले आफ्नो जीवन धान्ने पात्रको अति मर्मस्पर्शी घटनालाई आत्मसात् गरी लेखिएको पाइन्छ। दलित र दयनीय तथा उपनिवेशित नेपाली जीवनको उत्कृष्ठ नमूनाको रूपमा पाइने 'माछाको मोल' कथाको नायक रने ग्रामाञ्चलको श्रमजीवी एक माझी रहेका देखिन्छ। अविश्राम दैनिक परिश्रम उसको दैहिक र मानसिक चरित्रको अङ्गीभूत वस्तु रहेका पाइन्छ। उसका एकाकी जीवनयात्राको एक मात्र सम्बल औ सहाय हो - माछाबाट हुने अर्थार्जन। भारतका भन्दा पनि विशेष दार्जीलिङ क्षेत्रका भाव-भूमिलाई छुँदै कथा लेख्ने शिवकुमार राईले यहींका निम्न वर्गीय मानिसहरूलको सामाजिक-आर्थिक र मानसिक स्थितिहरूको यथार्थ चित्रण गरेका थाहा लाग्छ। अङ्ग्रेजहरूको शोषण र शासनदेखि भारतले स्वतन्त्रता पाउञ्जेलसम्मपनि दार्जीलिङका अधिकांश नेपाली जन मानस समाजिक तथा आर्थिक संकट्कै समस्याले पिरोलिएका अनि परम्परागत औपनिवेशिक साम्राज्यवादी शोषणको घानमा परेका जान्न पाइन्छ।

कथकार एम. एम. गुरूङको कथासङ्ग्रह **टिस्टा बग्छ सधैंजस्तो** (सन् 1982) - मा यही शीर्षकमा रहेको प्रस्तुत कथा अत्यन्त मर्मस्पर्शी रहेको

पाइन्छ। प्रस्तुत कथामा मैचाङले दश रूपियाँको अभावमा मण्डल जेठालाई एउटा जक्खु भाले बन्दकी राख्नु नै लोग्ने-स्वास्नी निमा र मैचाङको झगड़ाको कारण बनेको थाहा पाइन्छ। निमाले यति सानो कारणको निम्ति आफ्नी सहधर्मिनी मैचाङलाई नकुटेको भए हुन्थ्यो, कारण यसको समाधान सजिलो थियो। अङ्ग्रेजहरूको औपनिवेशिक शोषणले पिढ़ीत दार्जीलिङको नेपाली जनमानस अधिकांश श्रमजीवी र सर्वहारा रहेका अनि चरम आर्थिक र सामाजिक समस्याहरूले अक्रान्त रहेको झलकलाई सम्झना गराउने खालका वस्तुस्थितिको चित्रण र दृष्टान्त कथामा रहेको पाइन्छ । प्रस्तुत कथाभित्र कहिल्यै पुगीसरी नरहेका नेपाली जनमानसमाजमा अठाह्रौं शताब्दीको अङ्ग्रेजहरूकै पालादेखि महाजन वा दालचामलका व्यापारी र सूदखोरहरूकहाँ आफ्नो वस्तुभाव धितो राखी कर्जा लिने तथा रूपियाँ पैसा आदि सापटी लिने प्रवृति यथावत रहीआएको समेत उल्लेख पाइन्छ। यस सन्दर्भमा कुमार प्रधानअनुसार 'ऋणले विशेष चियाकमानका श्रमिकहरू र सरदारहरू ग्रस्त भएको समकालीन उल्लेख छ।

कथाकार इन्द्रबहादुर राईका कथाहरूमा उपनिवेशवाद विशेष झल्किएको पाइन्छ । विश्वका अन्य मुलुकहरूमा झैं भारत देशले पनि 15 अगस्त सन् 1947 मा उपनिवेशकहरूको शासन र शोषणको थिचाईबाट मुक्ति पाएतापनि विगतका त्यही औपनिवेशिकरणको शोषण र शासनको स्वरूप सम्पूर्ण नहराएर त्यसले केवल अर्को काँचुली मात्र फेरेको अनि जसको चरणमुनि परेर पुनः थिचाई र मिचाई सहँदै स्वतनत्र्योत्तरकालपछि पनि भारतीय समाज व्यवस्था, अर्थव्यवस्था, राष्ट्रियता, संस्कृति, कला, साहित्य, सङ्गीत आदि क्षेत्रहरू प्रभावित बनेका थाहा लाग्छ। प्रस्तुत कथा **विश्व तिम्रा चरणमा**को शीर्षकले नै यस कुरातर्फ सङ्केतिक अर्थवोध गरेको थाहा पाइन्छ। आफू जहिल्ये उचाईँमा बसी तल जमीनमा बसेका

निमुखाहरूमाथि शासन गर्नु नै उपनिवेशकहरूको चरित्र रहेको पाइन्छ। उपनिवेशवादीहरूले आफूले आर्जन गरेको सभ्यताको विकासमूलक लाभहरू एकातिर सबैलाई बाँड़े जस्तो गरी अर्कोतिर भने आफ्नै सभ्यता र संस्कृतिको फुइँ उपनिवेशितहरूमाथि जहिले पनि थोप्ने अभ्यास गरेको जान्न पाइन्छ। वस्तुतः देशले स्वतन्त्रता प्राप्त गरेपछि पनि आजको समाजमा बेलायती उपनिवेशकहरूले छोड़िराखेको त्यही अभ्यासको जड़ 'सामासिक संस्कृति' (Composite Culture) को रूपमा विद्यमान रहेको थाहा पाइन्छ। अतः जुन सामासिक संस्कृतिको परिणामस्वरूप आज स्वतन्त्र देशको स्वतन्त्र समाजमा पनि यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा हरेक क्षेत्रमा उपनिवेशवादी प्रभाव प्रत्यक्ष रहेको उद्घाटन प्रस्तुत कथाभित्र कथावाचकले यसरी गरेको थाहा पाइन्छ- 'देख्छु : तीन देवीहरू, सामग्रीहरूको लामो टेबलपछि उभेका, हेरिरहेका। कुनको हो वाणी, कसतिर हुनुपर्ने मेरो शरणागति, जान्ने जुक्ती थिएन। फेरि धड़ले उनिराखेको कोट हेरें। ट्विडको, खरानी रंगको, धर्के बुनाइको। बाहिरी पाकेटहरू। सिलाइ-काम सब हातको। छेवैमा आइछन्। निलो साड़ी, ब्लाउज, टीका।

कथाकार बद्रीनारायण प्रधानको कथा सङ्ग्रह **संगत** (सन् 2002)- मा जम्मा एघारवटा विविध भावभङ्गी कथयविषय प्रधान कथाहरू सङ्गृहीत रहेका देखिन्छन्। प्रस्तुत सङ्ग्रह सन् 1992 को जुन महिनामा निर्माण प्रकाशन सिक्किमद्वारा प्रकाशित भएका पाइन्छन्। प्रस्तुत कथा 'बोनस'- मा चियाकमानको वर्गसङ्घर्षलाई केन्द्रीय पृष्ठभूमिमा राखी चिया कमानका निम्न आर्थिक अवस्थालाई अति कोमल-मर्मस्पर्शी ढङ्गमा चित्रण गरिएको पाइन्छ। कथाका पात्र-चरित्रहरू शोषक र शोषितवर्गका प्रतिनीधिहरूमाझ वर्गीकृत रहेका भेटिन्छन्। एकातिर चिया श्रमिकहरूमाथि

चरम आर्थिक शोषणको मार रहेको देखिन्छ भने अर्कातिर कमान मालिकको हुकुमतको अधिन रात-दिन एक गरेर कमानमा खट्दापनि जुखुरेको बाबु जस्ता पात्रले कमानबाट प्राप्त हुने निम्न आय-स्रोतको भरमा पारिवारिक भरण-पोषणमै सम्झौता गर्नु पर्ने अनि वर्षमा कमानबाट प्राप्त हुने बोनसले आफ्नो सामान्य आवश्यकताको पुर्ती धरी गर्न नसक्नु जस्ता चरम अभावको चित्रण पाइन्छ।

यसरी कमानतिर श्रमिकहरूले सुखिलो भएर वर्षदिनमा एक पल्ट आउने चाढ़-बाड़ मनाउनु त परै जावोस कमानबाट पाइने रासिनमा धरि प्रोराटा अर्थात् कमानमा नागा नबसी दैनिक हाजीर रहेमा हप्ता वा महिनामा पाइने हाजीराबाटै रासिनको पैसा काटिने नत्र कुनै कारणवश् काममा अनुपस्थित रहेको खण्डमा हाजिरा त जान्थ्यो नै त्यसमाथि कमानबाट दिइने रासिन पनि पैसा तिरेर मात्र पाइने जस्ता नियमहरूको मार झेल्नु परेको बुझिन्छ। यसरी नै कथामा जुखुरेको बाबु, चिया श्रमिकहरू अनि श्रमिकहरूलाई आफ्नो हक-हित दिलाउनहेतु प्रतिनीधित्व गर्ने श्रमिक सङ्गठन (यूनियन) - का नेताहरू जेठ खड्का, सानो भाइहरू शोषितवर्गलाई प्रतिनीधित्व गर्ने सफल र जीवन्त प्रतिनीधि पात्रहरू रहेका पाइन्छन्। अर्कातिर शोषकवर्गका सदस्यहरूमा कमानको म्यानेजर साहेब, चिया कम्पनीका निर्देशक मिस्टर सिंघानीया रहेका देखिन्छ।

कथाकार असीत राईको कथा सङ्ग्रह **सन्त्रास जिजीविषा** (सन् 2006)- मा जम्मा बत्तीसवटा विविध आयामका कथ्यविषय प्रधान कथाहरू सङ्गृहीत रहेका देखिन्छन्। प्रस्तुत सङ्ग्रह सन् 2006 मा निर्माण प्रकाशन, नाम्ची, सिक्किमद्वारा प्रकाशित भएका पाइन्छन्। प्रस्तुत 'सन्त्रस्त जिजीविषा' कथासङ्ग्रहमा सङ्ग्रहीत कथाहरूमध्ये 'चिरहरित चियाबारीको चित्कार' शीर्षक कथामा चियाबगानको वर्गसङ्घर्ष, शोषकले शोषितमाथि गरेको अन्याय, अत्यचार र शोषणका मूल सन्दर्भहरूलाई कथ्य वस्तुको रूपमा

टिपिएको थाहा लाग्छ। मूलतः भारतवर्ष स्वतन्त्रपूर्व अङ्ग्रेज मालिकहरूले शोषण र शासन गरेका दार्जीलिङ पहाड़ी क्षेत्रका कमानहरूमा भारतवर्ष स्वतन्त्रोत्तर पछि पनि कमान मालिकहरूको कमानभित्रका निमुखा श्रमिकहरूमाथिको अत्यचार र शोषण भने यथावत नै रहेको एवम् मजदूरहरूमा यस्ता अत्यचारहरूको विरूद्ध विरोधको चेतना सम्म जागृति हुँदै गरेको स्थितिलाई चित्रण रहेको पाइन्छ। प्रस्तुत कथामा श्रमिकहरूमाथि चरम आर्थिक शोषणको मार रहेको देखिन्छ भने अर्कातिर कमान मालिकको हुकुमतको अधिन बिहानदेखि बेलुकीसम्म एक गरेर कमानमा खट्दापनि चम्पा र बलबहादुर जस्ता मजदूरहरूलाई कतैबाट जस भने पाइएको देखिन्दैन, उल्टो बिहान गन्तीमा पुग्नमा केही ढिलो भएमा म्यानेजरको हप्काई त सुन्नु नै पर्छ भएन दिनै भरीको हाजिरादेखि हात धुनु पर्ने स्थितिको चित्रण रहेको पाइन्छ।

## 14.6 उपसंहार

संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' - लाई नेपाली भाषामा प्रभाव , आधिपत्य आदिको रूपमा प्रयोग गरिएको पाइन्छ ,प्रभुत्व। 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स (किसान वा फार्मर) शब्दबाट बिकसित भएको 'कोलोनी' शब्दको रूपान्तर हो । मूलरूपमा यी व्यवस्थालाई नयाँ प्रकारले थिचेर, मिचेर आफ्नो अधिपत्य जमाउनुलाई उपनिवेशवाद भन्न सकिन्छ । उपनिवेश कायम गर्ने घटना आधुनिक युगको नयाँ नीति होइन । यसले मानवीय सभ्यताको उद्भवदेखि नै आफ्नो लक्षण देखाउँदै आएको हो । उपनिवेश बनाउने - बसाल्ने घटना इतिहास अध्ययन गर्दा कतिपय उपनिवेशकहरूले सैन्य शक्तिद्वारा उपनिवेश बनाएका - बसालेको देखिन्छ।

भारतको प्रसङ्गमा ब्रिटिस उपनिवेशकहरूले यी दुवै थरीका उपनिवेशीकरणको नीति अप्नाएका देखिन्छन् । अत: ब्रिटिसकालीन भारतमा दार्जीलिङ क्षेत्र पनि ब्रिटिश उपनिवेशीकरणको चक्रान्तमा पिसिएको तथ्यहरू विविध ऐतिहासिक दस्तावेजहरूको अध्ययनबाट थाहा पाइन्छ । विभिन्न शब्दकोशहरूअनुसार **उपनिवेश** भन्नाले कुनै नयाँ क्षेत्रको बासिन्दा तथा कुनै नयाँ मुलुकमा आएर बसोबासो गर्न सुरू गरेपछि पछिबाट त्यही क्षेत्र वा मुलुक स्थायी बासिन्दाहरूमाथि शासन गर्नुलाई बुझिन्छ । वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो । मूलतः जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भनिने गरिन्छ ।

विभिन्न विद्वानहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख अथवा विदेशी राजनैतिक शासन कै रूपमा मानेका भए तापनि उपनिवेशवाद मूलरूपमा औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक विचार वा सिधान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशिल रहने प्रक्रिया विशेष हो । विश्वको औपनिवेशिक इतिहासलाई अध्ययन गर्दा शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमा उपनिवेश स्थापना गरी औपनिवेशिकरण प्रक्रियाको थालनीको घटना आधुनिक युगमा आएर मात्र प्रारम्भ भएको होइन । मानव सभ्यताको प्रारम्भदेखि नै जीवविज्ञानको एक प्रतिपादन 'सर्भाइबल टू द फिटेस्ट' अर्थात् **जो बलियाहरू छन् , उही बाँच्तछन्** भने झैँ कतिपय अति महत्वाकाङ्क्षी जाति एंव साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको इतिहास पनि शुरू भएको मानिन्छ।

Notes

मूलरूपमा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत आधारहरू नै औपनिवेशिकरण सन्दर्भका आधारहरू भन्ने हुन् । अतः आधिपत्य जमाउने उद्देश्यले कुनै कुरो जबरजस्ती थोप्नु नै 'औपनिवेशिकरण' हो ।

## 14.7 सार

यस प्रखण्डमा **साहित्यमा उपनिवेशवाद र उत्तर – उपनिवेशवादका प्राप्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ -

❖ 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स (किसान वा फार्मर) शब्दबाट बिकसित भएको 'कोलोनी' शब्दको रूपान्तर हो ।

❖ उपनिवेश कायम गर्ने घटना आधुनिक युगको नयाँ नीति होइन । यसले मानवीय सभ्यताको उद्भवदेखि नै आफ्नो लक्षण देखाउँदै आएको हो ।

❖ भारतीय उपमहाद्वीपलाई उपनिवेशको रूपमा लगभग दुई सय वर्षसम्म शासन गर्ने अङ्ग्रेजहरूको प्रभाव यहाँको समाजमा रहिआएको पाइन्छ।

❖ **उपनिवेश** भन्नाले कुनै नयाँ क्षेत्रको बासिन्दा तथा कुनै नयाँ मुलुकमा आएर बसोबासो गर्न सुरू गरेपछि पछिबाट त्यही क्षेत्र वा मुलुक स्थायी बासिन्दाहरूमाथि शासन गर्नुलाई बुझिन्छ ।

❖ यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो ।

❖ जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति

प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भनिने गरिन्छ ।

- ❖ भारतभित्रै पश्चिम बङ्गाल राज्यको रूपमा रहेका दार्जीलिङ पहाड़ी क्षेत्रलाई पनि अङ्ग्रेजहरूले भारतीय अन्य क्षेत्रहरूमा झैं आफ्ना उपनिवेशको रूपमा शासन र शोषण गरेका इतिहास पाइन्छ।
- ❖ भारतीय नेपाली साहित्यका अधिकाङ्श कृतिहरूका विषयवस्तुमा उक्त अङ्ग्रेजी औपनिवेशिक शासनकै झलकहरूलाई समावेश गरिएका वोध हुन्छ।
- ❖ ब्रिटिसकालीन औपनिवेशिक चित्रणलाई आफ्नो रचनाहरूमार्फत प्रकाश पार्ने इन्द्र सुन्दास, रूपनारायण सिंह, हायमनदास राई 'किरात', शिवकुमार राई, एम. एम. गुरूङ, इन्द्र बहादुर राई, बद्रीनारायण प्रधान, लैनसिंह बाङ्देल, रविन्द्र कुमार मोक्तान, सुवास, असित राई अनि प्रकाश 'कोविद' आदि प्रमुख रहेका पाइन्छन्।
- ❖ आजको साहित्य अध्ययन र अध्यापनको क्षेत्रमा उनका कृतिहरूलाई औपनिवेशिक सन्दर्भमा जोखेर अध्ययन र मूल्याङ्कन गर्न आवश्यकीय र महत्वपूर्ण ठहर्दछ।

यस प्रखण्डको अध्ययनले **साहित्यमा उपनिवेशवाद र उत्तर – उपनिवेशवादका प्राप्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । परिवेश विमर्शको परिचय र यसको स्वरूप साथै प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 14.8 अनुशीलनी

1. उपनिवेशवादको अवधारणालाई स्पष्ट पार्दै यस वादमा लेखिएको नेपाली साहित्यलाई  सविस्तार चर्चा गर्नु होस् ।

2. उत्तर - उपनिवेशवदाको अर्थ सम्बन्धि उल्लेख गर्दै यसबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवदाको महत्त्व, मूल्य र उपयोगिता के कस्तो रहेको देखिन्छ ? बताउनुहोस् ।

4. उपनिवेशवाद र उत्तर - उपनिवेशवादको प्रमुख घटकहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

5. उपनिवेशवाद र उत्तर - उपनिवेशवादबारे दिएका पाश्चात्य र पूर्वीय विद्वानहरूका मत र विचारलाई सबिस्तार चर्चा  गर्नुहोस् ।

6. उत्तर - उपनिवेशवदालाई आधार गरी नेपाली साहित्यमा कस – कस लेखकले आफ्ना कृतिहरू लेखेका छन् ? विवेचना  गर्नुहोस् ।

7. उत्तर - उपनिवेशवदालाई उत्तर – आधुनिकतावाद लेखनको किन प्रमुख अङ्ग  मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

8. उपनिवेशवाद र उत्तर - उपनिवेशवादी लेखनले नेपाली साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

9. उपनिवेशवाद र उत्तर - उपनिवेशवदाको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

10. नेपाली साहित्यमा उत्तर - उपनिवेशवदालाई मुल आधार गरी लेखिएको कृतिहरूबारे एउटा लेख लयार पार्नुहोस् ।

12. उत्तर - उपनिवेशवदामूलक साहित्यको अध्ययनबाट जन – साधारणले कस्तो शिक्षा हासित गर्न सक्दछ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

13. उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ के कस्तो साम्य र भिन्नता पाउन सकिन्छ ? तर्क दिनुहोस् ।

## 14.9 अतिरिक्त अध्ययन


1. प्रणय, कृष्ण – **उत्तर औपनिवेशिकता के स्रोत ओर हिन्दी साहित्य ।**

2. त्रिवेदी, हरिश र दीक्षित, मीनाक्षी – **इण्डीया एण्ड पोष्ट कोलोनियल डिस्कोर्स ।**

3. बराल, ऋषिराज - **मार्क्सवाद र उत्तर – आधुनिकतावाद ।**

4. गौतम, कृष्ण - **अनेक रूप अनेक पठन ।**

5. पोखरेल, कृष्ण - **विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू ।**

6. शिवाकोटी, गोपाल - **आधुनिक राजनितिक विज्ञान ।**

7. दाहाल– रामकुमार , **सामाज्यवादराष्ट्रवाद तथा उपनिवेशवाद । ,**

8. **इन्साइक्लोपिडिया अमेरिकाना ।**

9. मेलभिन - (.सम्पा) .एस ,**कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल कल्चर एण्ड ,पोलिटिकल इन्साइक्लोपिडिया ।**

10. सिंह, अभय प्रसाद - **भारत में उपनिवेशवाद ।**

11. दाहाल, रामकुमार र गोपाल, शिवकोटी - **आधुनिक राजनितिक विज्ञान ।**

12. दाहाल, रामकुमार र गोपाल, शिवकोटी - **अन्तर्राष्ट्रिय राजनीति ।**

13. लुम्बा, एमीया - **कोलोनियालिज्म / पोस्टकोलोनियालिज्म ।**

14. गान्धी, लीला - **पोस्टकोलोनियल थ्योरी ।**

15. दास, गोविन्द - **उपनिवेशवाद नयी उपनिवेशवाद ओ साम्राक्यवाद ।**

16. मयाक्लोन, जोहन - **विगिनिङ् पोस्टकोलोनियालिज्म ।**

17. हिमांशु , राजु प्रधान - **साहित्य परिचय ।**

18. लुइँटेल, खगेन्द्रप्रदास - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास।**

19. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श ।**

20. न्यौपाने, टङ्क प्रसाद - **साहित्यको रूपरेखा ।**

21. उप्रेती, सञ्जीव - **सिद्धान्तका कुरा ।**

22. जैसी, श्यामराज - **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि ।**

यस अतिरिक्त **उपनिवेश** र **उपनिवेशवाद**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 14.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. उपनिवेशवादको अवधारणा ।

..............................................................................

.......

..............................................................................

.......

..............................................................................

.......

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. उत्तर - उपनिवेशवादको अवधारणा ।

..............................................................................

.......

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. साहित्यमा उपनिवेशवाद र उत्तर – उपनिवेशवादको प्राप्ति ।

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादको महत्व ।

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

……………………………………………………………………………………

…….

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१०. नेपाली साहित्यमा उपनिवेशवाद र उत्तर – उपनिवेशवादका प्रयोग ।

...............................................................................

.......

...............................................................................

.......

...............................................................................

.......

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.6 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**